ISSN 2350-8523

इसिलिम

ISILIM

(Half Yearly Dumee Language Magazine)

(अर्धवार्षिक दुमी भाषिक पत्रिका)

२०७० वर्ष १५ अंक १५ छिरियाम्लो (शरदकालिन: उधौली) September 2013

मान्य नेपाल तारा
क्या. श्री मान बहादुर राई

पर्ज बहादुर दुमीराई
अतमसरी दुमीराई

चन्द्रछिरिङ दुमीराई
रामशोभा दुमीराई

नक्छो
अष्ट बहादुर दुमीराई

समाजसेवाका अग्रणी व्यक्तित्वहरु

पोखाएर मनको श्रद्धा भावविव्हल हुदै,
श्रद्धाञ्जलीका शब्द थुङ्गा शिर पाउ राखी दिदै,
सुम्नीम पारु रीमेमसँग बिन्ती पुकार हरपल गर्दै,
मृतात्माले चिर शान्ति पाओस् कामना हाम्रो सधै-सधै !!

हार्दिक श्रद्धाञ्जली

जन्म १९८०/११/१९

देहवसान २०७०/०२/०२

स्व. बालमाया मुरह दुमीराई

दुमी भाषाका वक्ता श्रद्धेय पूर्खा स्व. बालामाया मुरह ब्रस्मा दुमी जो लाम्दिजा क्षेत्रमा जीवनभर अनवरत रूपले दुमी भाषालाई माया गरी बोलीरहनु हुने हाम्रा ममतामयी आमा, पिपीको देहवसानले हामीलाई अपूरणीय क्षती पुऱ्याउनुका साथै अत्यन्तै शोकाकुल बनाएको छ । यस दुःखद घडीमा हामीलाई साथ दिनुहुने आफन्तजन इष्टमित्र, नरनाता प्रति हार्दिक आभार प्रकट गर्दै मृतात्माको चीर शान्तिको लागि सुप्तुलु युङ्खुलु साखेल् नागीलेम् सबैसंग प्रार्थना गर्दछौं ।

लन्चुप्चु/देल्मेमुल् (छोरा बुहारीहरु)
रेक बहादुर मुरह (ब्रसमि, ब्रसपा) दुमी
रत्नकुमारी हदि दुमी
रत्न माया हदि दुमी
मिच्मुचुमुल् (छोरीहरु)
लक्ष्मीमाया मुरह (रकसु) दुमी
रेनुका मुरह (लुप्पो) दुमी
टिकामाया मुरह (हदि) दुमी
मनकला मुरह (लिम्बु) दुमी
चाचुमेमुल् (नातिनीहरु)
तेजमाया मुरह दुमी
रूबिना मुरह दुमी
सर्मिला रङकशु दुमी
शान्तिकला लुप्पो दुमी
प्रमिशा लिम्बु
इक्शा लिम्बु
चाचुमुल् (नातीहरु)
सुरेश मुरह दुमी
विकास मुरह दुमी
आशिष मुरह दुमी
राजेन्द्र रकशु दुमी
अमित हदि दुमी
पुष्पराज हदि दुमी
दयाराज हदि दुमी
शशि कुमार रकुशु दुमी
प्रदीप (राम) लुप्पो दुमी
श्याम लुप्पो दुमी
खाम्बोङसा
मक्चुमुल् (ज्वाईहरु)
खड्ग बहादुर रंकसु दुमी
प्रकाशमान याक्सो
चाचुमे नमे/देल्मेमुल् (नातिनि बुहारीहरु)
दिपकला दिम्मचु दुमी
प्रमिला थुलुङ्
सुस्मा लिम्बु
कियो/कियोमी (पनाती/पनातिनीहरु)
नसिल, आसिन, बिपासा, अञ्जु, नुपुमा, रोज्लीन बिपन, बिज्ञान, बिशाल, संसार, प्रज्वल, प्रवेश, प्रविका, रिमेमा

इसिलिम *ISILIM*

अर्धवार्षिक दुमीराई भाषिक पत्रिका

वर्ष १५ अंक १५ २०७०

जि. प्र. का. द. नं. ४५/०५६, काठमाडौं

संरक्षक:

क्या. श्री नैनबहादुर दुमीराई $(MM)^2$

प्रमुख सल्लाहकार:

सह.प्रा. चतुरभक्त राई

सल्लाहकार:

पू. सांसद श्री टंक दुमीराई

समाजसेवी श्री रामबहादुर दुमीराई

क्या. श्री पर्जबहादुर दुमीराई

प्रधान सम्पादक:

नेत्रमणि हलक्सु दुमीराई

सम्पादक:

नृप सत्म दुमीराई

तेजमाया मुरह दुमीराई

सहजीत हजुरचु दुमीराई

मौलीधन छाचुङ दुमीराई

व्यवस्थापक:

ऋषिश्वर सरचु दुमीराई

प्रतिनिधी:

शुक्रराज दुमीराई U.K.

धौलवीर दुमीराई U.K.

प्रकाशक:

दुमी किरात राई फन्सीकीम

कम्प्यूटरकला

इश्वर दाहाल (कविजी)/निर्मल धिताल (निमेश)

कभर फोटो

तेजमाया मुरह दुमीराई

मुद्रण:

राईलिंक सपोर्ट अफसेट प्रेस

फोन/फ्याक्स: ४४६०९०६

आवरण:

रावाखोला र तापखोलाको संगमस्थल

(माक्पा, जालपा र सप्तेश्वरको फेदी)

पत्राचार

इसिलिम दुमी भाषिक पत्रिका

पो.ब.नं. २०२११, कोटेश्वर, काठमाडौं

फोन/फ्याक्स : ९७७-१-४९१५७२६, ४९१५०७२

E-mail: info@dumikiratrai.org

www.dumikiratrai.org

मूल्य: ने.रू. १००/- भा.रू १००/- H.K.$ 20,

सिंगापुर/ब्रुनाई $5/-, U.K£.2/-

विषय सूची

शीर्षक	लेखक	पृष्ठ
केही दुमी ऐतिहासिक	चतुरभक्त राई	१
तोमा, खेमा (तायामा	रत्नमाया (साम्पाङ) दुमीराई	१८
भाषा : संक्षिप्त विश्वमानचित्र......	नेत्रमणि राई, राजेन्द्र ठोकर	२२
केहि समयको अन्तरालपछि....	सरिता (कोयु)दुमी राई	३१
भाषाका कुरा	प्रा.डा. नोबलकिशोर राई	३५
Ongoing Research........	Marion/Alban	३८
नेपालका मातृभाष..........	प्रा.डा. माधव प्र. पोखेल	४१
नेपालका राई किरात.......	प्रा.डा. दानराज रेग्मी	४६
हामी किरात सन्तान........	कुमारसिंह दुमीराई	५४
Linguisting Diversity	Dr. Mark Turin	५७
मातृभाषाको महत्व..........	सुएयाशी तोवा	६०
Team Building Policies....	अमर राई दुमी	६२
किरात राईको...............	प्रा.डा. विष्णु एस. राई	६४
निजामति सेवा..........	सहजीत राई	६७
सीमान्त सौन्दर्य	डा.लाल स्याकारेलु रापचा	७१
महिला र सिडअ	अधिवक्ता शान्तिकुमारी राई	७६
Lexican Similarities	तारामणि राई	८०
वाम्बुले साहित्य...........	गणेश वाम्बुले राई	८४
किराती मातृभाषाबीच..........	पदम राई	८९
दुमी किरात राई	मौलिधन दुमी राई	९३
देउसी भैलो कार्यक्रम..........		९६
दुमकिम धरान............	भूमिराज दिम्मचु दुमीराई	९८
फु:ली छी..........	तेजमाया मुरह दुमीराई	१०६
राघेलुङ्.........	चाप्चा राई	१०९
मेरो पहिचान	उत्सव खबचु दुमीराई	११०
गीत...........	हर्कधन रत्कु दुमीराई	१११
समलाको संघर्ष...........	तेजमाया मुरह दुमीराई	११२
रंकसु सत्म..............	चतुरभक्त सत्म दुमीराई	११४
मातृभाषा बचाउमा.......	पि.के.सत्म दुमीराई	११९
फन्सीकीमका अग्रज जगा......	चतुरभक्त राई	१२२
फन्सीकीमका जग्गादाताका...	,, ,,	१२६
समाजसेवाको अर्को...	नूप दुमीराई	१३०
दुकीराफ.............	,, ,,	१४०
किरात बंशवृक्षमा........	वि.आर. माईला	१४४
उ त्यसरी नै..........	गुणराज हजुर दुमीराई	१४८
तिमी भूमिपुत्र	कृष्ण दुमी राई	१५१
यथार्थ..................	सत्म अनिला राई	१५३
सारसमाचार		१५९
धरानबासी दुमीहरू......		१६१
केपिलासगढीमा थप..........	,, ,,	१६२
माक्पाली किरात		१६७
शब्दकोश विमोचन	नूप सत्म दुमीराई	१७२
परदेशीको पत्र............	प्रसाद दुमी राई	१७४
प्रतिक्रिया.....................		१७५

छीरीयाम्लो २०७० तोसी (सकला उघौली) चाडको

शुभ अवसरमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं
सुम्निमा – पारूहाङले सबैको रक्षा गरून् ।

दुमी किरात राई फन्सिकिम केन्द्रीय कार्य समिति
दुमी किरात राई फन्सिकिम, दुमकिम काठमाडौ
तथा
इसीलीम परिवार

छीरीयाम्लो २०७० तोसी (सकला उघौली) चाडको

शुभ अवसरमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं
सुम्निमा – पारूहाङले सबैको रक्षा गरून् ।



क्या. नैनबहादुर सत्म दुमीराई (MM²)
श्रीमती रत्नमाया (साम्पाङ) दुमीराई
तथा स-परिवार
सप्तेश्वर-९, थानागाऊँ, खोटाङ
हालः महारागञ्ज, काठमाडौं

केही दुमी ऐतिहासिक सांस्कृतिक नामहरू: एक चर्चा

- चतुरभक्त राई
सह-प्राध्यापक
पाटन संयुक्त क्याम्पस

१.पृष्ठभूमि

संसारमा त्यस्तो कुनै वस्तु छैन होला जसको नाम नरहेको होस । उक्त नामसँग बस्तुको पहिचान हुन्छ र त्यसले त्यस वस्तुको विशेषतालाई परिभाषित गर्दछ । उक्त नाम रहनको पछाडि कुनै न कुनै कारण जोडिएको हुन्छ जुन कारणले उ लोकसँग परिचित हुन्छ । यो उसको पहिचान हो । पहिचान सबैको लागि प्यारो हुन्छ र यसलाई अहिलेको राजनीतिक मुद्धामा अधिकारको विषय बनाउन खोजिएको छ । कसैले पहिचानलाई अधिकारमा बदल्न खोज्यो भने त्यो अश्वभाविक ठान्ने नेपालको ठूला संभ्रान्त शासकीय जातिहरूको अति जातिवादी हैकमको कारणले आज पहिचानको लडाई जारी छ । शासकहरू टसको मस भएका छैनन् । पहिचान गुमाएर प्राप्त गरेको उपलब्धि शीर विनाको शरिर हो र गौरब विनाको आत्मा हो । तसर्थ पहिचान ऐतिहासिक गौरबसँग सम्बन्ध छ । यही परिवेशलाई आधार बनाएर दुमी वस्तीहरूमा रहेका विभिन्न गाउँ, ठाउँ, पानी पँधेरो, ढुङ्गा, खोलानालाहरूको ऐतिहासिक सांस्कृतिक नाम र त्यसका अर्थहरूको वारेमा पाएजत्ति प्रस्तुत गर्ने उद्देश्यले यो लेख तयार गरिएको हो ।

२. लेखनको पद्धति

यो लेख तयार गर्दा स्थानीय क्षेत्रका जानकार व्यक्तिहरू, नक्सो र तायाहरू र धेरै अगाडिदेखि एउटा आख्यानको रुपमा रहँदै आएको किंवदन्तीलाई आधार बनाइएको छ । केही द्वितीयक आँकडाहरू प्रकाशित लेख रचनाहरूबाट लिइएका छन् ।

३. अध्ययनको सीमा

दुमी वस्तीहरूमा रहेका खास दुमी नाम र संस्कारहरूसँग सम्बद्ध विषयसँग मात्र यो लेख सीमित रहेको छ । दुमीको सामाजिक सांस्कृतिक तथा राजनीतिक लिखित इतिहास नभएकाले यसमा उल्लेख भएका मिति तथा समय गणना गर्दा केवल पुस्तालाई आधार बनाइएको छ । यस अनुसार एक पुस्ताको गन्ती इतिहासकारहरूको मापनमा २५ देखि ३० वर्ष मानिएकाले २५ वर्षलाई एकपुस्ता मानिएको छ र लगभग शब्दलाई प्रयोग गरिएको छ । यो केवल जानकारीको निमित्त लेखिएका हुन तसर्थ पुस्तामा परिवर्तन आउँदा समय तलमाथि हुने पनि जानकारी गराइएको अनुरोध छ ।

४. तथ्यहरूको प्रस्तुती र विश्लेषण

समग्र दुमी क्षेत्रलाई 'खाजाबासमा हौ' भन्ने शुत्र प्रयोग गर्दा नै क्रमबद्ध हुने हुनाले यस लेखमा पनि सोही अनुसार प्रस्तुती र विश्लेषण गरिएको छ । अर्को कुरा अपवादको रुपमा चुचुदह र राईसिंगे बासपानी र राईसिङ्गे हौंचुर गाविसमा पर्ने भएता पनि पाछा र उत्पत्ति अनुसार खार्मी र जाल्पामा राखिएको छ ।

१. खार्मी गा.वि.स.मा पर्ने ऐतिहासिक सांस्कृतिक भूमिहरु

खारम्बु नामका पुर्खाको नामबाट खार्मी भएको हो । खारम्बु आजभन्दा लगभग १८ पुस्ता वा ४५० वर्ष अगाडिका पुर्खा मानिन्छन् र ति पुर्खा हरसी, दिम्मचु, सरचु, वालक्पा र हमरुचु पाछासँग जोडिन्छन् । अहिले खार्मीमा हरसी, दिम्मचु, सरचु, वालक्पा र तुरचु दुमी राईहरू रहेका छन । अन्य जातिहरूमा नेवार, तामाङ, क्षेत्री, कामी, दमाई आदि रहेका छन् ।

१.१. महभीर

'मह' र 'भीर' शब्द मिलेर महभीर भएको हो । यो साप्रु र ससरकाको वीचमा लुम्जुखोलामा साप्रुपट्टि पर्छ । पहिले त्यहाँ माहुरी बस्थ्यो र मह काढेर खान्थे तर अहिले छैन । यो महभीर छाचुङ् पाछाको उत्पत्तिथलो मानिएको छ । (इसिलिम, २०६२, वर्ष ७, अङ्क ८, पृप् ४५-४९)

१.२. रुदालुङ

खार्मी गाविसमा पर्ने रुदालुङ, 'रुदाबु' र 'लुङ्' शब्द मिलेर 'रुदालुङ' भएको तथ्य रुदालुङवासी जगतबहादुर राईले बताएकाछन् । उनका अनुसार 'रुदाबु' भनेको भालेचिउरीको बोट हो जसको फल फल्दैन त्यस्तो भालेचिउरी भएको ढुङ्गेनी जग्गा भएकाले यसको नाम रुदाबुलुङ हुदै रुदालुङ हुन पुगेको हो । अहिले यस गाउँमा दिम्मचु, सरचु दुमी राई र अन्य जातिहरूमा कामी, दमाई रहेका छन् ।

१.३. बिखेर्कु

खार्मी गाबिसकै एक गाउँको नाम बिखेर्कु हो । यो 'बि' र 'खर्क' मिलेर बिखर्कु हुँदै बिखेर्कु हुन गएको हो । 'बि' को अर्थ 'गाई 'र 'खर्क' भन्नाले पशुपालनको लागि बनाइएको वर्षेखर्क वा गोठ बस्ने ठाउँ भन्ने जनाउँछ । अघि गाईगोठ राखियो र पछि त्यही ठाउँमा घर बनाई बस्न शुरु गरेबाट यसको नाम बिखर्कु वा गाइखर्क हुँदै बिखेर्कु भएको हो भन्ने कुरा जगतबहादुर राईले बताएका हुन् ।

१.४. तुर्खा

खार्मी गाबिसकै एक प्रख्यात गाउँको नाम तुर्खा हो । यो तुरु+खो बाट 'तुरुखो' हुँदै तुर्खा भएको हो । (उनै जगतबहादुर राई) । शब्दार्थको दृष्टिले 'तुरु' को अर्थ ढुङ्रेबाँस र 'खो' को अर्थ 'भाँडा' भन्ने अर्थ लाग्छ । तसर्थ ढुङ्रेबाँसको एकापट्टि आँख्लो राखेर बनाएको पानी खाने तथा सामल-तुमल राख्ने ढुङ्रो भन्ने जनाउँछ । त्यसैगरी बाँसको दुबै आँख्लो राखेर वीचमा खोली बनाएको खानाखाने भाँडोको प्रलन चलीआएको हुनाले तुरुखो हुँदै तुर्खा भएको स्पष्ट देखिन्छ । प्राचीन समयमा जब धातुहरूको उत्पादन र प्रचलन आएको थिएन त्यस जमानामा मानिसहरू बाँस वा ढुङ्रेबाँसको आँखो काटेर भात खाने थाल र पानीभर्ने थिरी वा ढुङ्ग्रो बनाउँथे । त्यसैले तुर्खा त्यो आदिम जमानाको एक ज्वलन्त इतिहासको नाम हो । तुरुखोमा खाने यहाँका राईहरू बाघका सन्तान थिए । उनीहरूले किरात राईको इतिहास संस्कार संस्कृतिमा साकेलाको स्थापना गरेका थिए जो खोटाङ् उत्तरीक्षेत्रका प्रख्यात साकेला मानिन्छ । यहाँ अहिले दिम्मचु,बलक्पा र सरचुहरू रहन्छन् ।

१.५. चुचुदह

खार्मीले राईका पुर्खा बुसुरुहरू र त्यसपछि चोचुपहरूले शिकार खेल्दा बाघ हुने दहलाई चोचुपदह भनियो र यसैलाई अपभ्रंश रुपमा चुचुदह भन्न थालिएको हो । यो आजभन्दा १९ पुस्ता अगाडि वा ४७५ वर्षभन्दा अगाडिको सांस्कृतिक इतिहासको कुरा हो । चुचुदह अहिले बास्पानी गाउँ विकास समितिको पोखरी गाउँमुनी पर्दछ । यो चुचुदह 'चोचुप' र 'दह' मिलेर चुचुदह भएको हो । अर्को अर्थमा चुचु भनेको बाजे हो । ति बाजेहरूले नुहाई दुहाई गर्ने, पानी खाने, वस्तुलाई पानी ख्वाउने र शिकार खेल्नलाई बाघको शक्ति प्राप्त गर्न पौडी खेल्ने दह भन्ने जनाउँछ । यसलाई बुसुरुहरूले एउटा 'भ्लह' मानेका छन् । तिधाम, छिदाम तथा छमदम गर्दा धामीहरू बाटो खेद्दै जाँदा यो भ्लह वा सांस्कृतिक दह पुग्ने गरेका छन । यो दहलाई केलासी दह पनि भनिन्छ । यसको अर्थ यो केलासीक्षेत्रमा पर्ने भएकाले केलासी भन्ने नाम राखिएको हो । चुचुदह, दुङ्कुलु जस्ता सांस्कृतिक क्षेत्रहको संरक्षण गर्नुपर्ने टढ्कारो आवश्यकता छ । तर भिङाको टाउको जत्रो चित्त लिएर हिड्ने हाम्रो हैसियतको कारणले केही गर्न सकिएको छैन ।

१.६. छेकुखोला

खार्मी गाबिसमा नै पर्ने यो खोला छिर्कु वा छोर्कुम बाट अपभ्रंश भई छेकु भएको हो । छिर्कु भनेको

पानीको स्रोत वा पानी पलाउने ठाउँ र छोर्कुम भनेको झर्ना भन्ने अर्थ लाग्छ। छेकु पनि यस्तै स्रोत भएको खोला हो जसले विभिन्न ठाउँमा ठाडो झर्ना बनाई बगेको पाइन्छ। त्यसैले यसलाई छेर्कुम वा छोर्कुम खोला भन्दा भन्दै छेकुखोला भन्न थालिएको हो।

१.७. देखुमेखोला

खार्मी र पाथेका वीचको सिमानामा पर्ने यो खोलाको नाम 'दुखुमे' बाट देखुमे भएको हो। 'दुखुमे' को अर्थ दुःखदिने भन्ने अर्थ लाग्छ। यो खोलाले हिउँद वर्षा नै दुःख दिन्छ। ठूला-ठूला चट्टानको ढाँडभित्रबाट पानी बग्ने भएकाले मानिस तथा पशु कुनै बगाएमा पाउन कठिन हुन्छ। पानीको आवाज पनि त्यस्तै डरलाग्दो छ। धेरैको हलगोरु, गाई भैसी यसरी नै देखुमेमा परीसकेको हुनाले यो खोलालाई दोखुमे खोला वा दोखी खोला पनि भन्छन्।

१.८. खुदुखोला

खार्मी गाबिसमा नै पर्ने यो खोला 'खुदु' बाट खुदुखोला भएको हो। खुदु भनेको लिस्नु वा भऱ्याङ् भन्ने बुझिन्छ। यसको बगाई हेर्दा विभिन्न ठाउँमा झर्ना बनाउँदै भऱ्याङ् जस्तै बनाउँदै बगेको पाइन्छ। त्यसैले जस्तो काम त्यस्तै नाम पुर्खाहरूले राखीदिएछन्- खुदुखोला।

१.९. कुमदेल

खार्मी गाविसकै एक प्राचीन गाउँको नाम कुमदेल हो। यो शब्द 'कुम' र 'देल' बाट कुमदेल भएको हो। 'कुम' को अर्थ खरीढुङ्गा भन्ने हुन्छ र 'देल' भनेको गाउँ हो। अत त्यो गाउँ जहाँ खरी प्रशस्त पाइन्थ्यो त्यसलाई कुमदेल वा खरीगाउँ भनिएको हो। यहाँ एक साकेला थान रहेको छ र कुनै जमानामा एक प्रख्यात पोखरी पनि थियो।

चोचुपले तुर्खा पोखरीबाट एक चुङ्गे पानी र एकमुठी माटो उघाएर कुमदेलमा ल्याई खन्याउँदा त्यही सालको वर्षायामदेखि आफ्सेआफ पोखरी निर्माण भएको किवदन्ती पाइन्छ। उक्त पोखरी निर्माणपछि दुइटा माछा पनि त्यहाँ आफ्सेआफ नै जन्म्यो। त्यसपछि खार्मीमा थामी नसक्नु अन्न फल्न थाल्यो। अन्न खाइनसकेर कुहयो, फ्याक्नु पऱ्यो। अन्न डढाएर फाल्नुपऱ्यो जहाँबाट एउटा ढिकुरा नै बन्न पुग्यो। तापखोला छेउमा उठेको एक ढिकुरालाई अन्न डढाउँदा बनेको ढिकुरा मानेका छन्। यसरी अन्न फलेर उल्का भयो। यो केले यस्तो गऱ्यो भनी सोल्माबाट जान्ने धामी ल्याई देखाउँदा माछाको उन्पत्तिको कारणले भएको हो भन्ने जोखाना खुट्याए।

माछालाई मार्नुपर्छ भनेर गाउँलेले सल्लाह दिए। धामीले मानेन। फेरी पनि कर गरे तैपनि धामीले मानेन। अन्त्यमा हत्ते नै भएपछि धामीले लौ मलाई पाप नलागोस भनी दुइटा प्वाँख र चामल मन्त्र गरेर के फालेका थिए माछाको एउटा-एउटा आँखामा गाडिएपछि माछा अलप भयो। उक्त साल नै कुमदेल पोखरी फुटेर पहिरो गयो र दुइटा ढुङ्गा पनि साथैमा लड्दै झऱ्यो र केही तल अडियो। यसलाई लुवालु भन्छन। अहिले यसै लुवालुलाई माछाको प्रतिक मानिन्छ। त्यससालदेखि अन्न पनि फल्न छाड्यो। खार्मीलेलाई अहिले न्याउरी मारी पछितो भएको छ। यत्ति मात्र होइन कुमदेलमा जत्ति पनि सर्प देखिन्छ त्यसको एउटा आँखा हुदैन भन्ने भनाई सबैले गर्छन।

२.जाल्पा गाविस क्षेत्रका केही ऐतिहासिक सांस्कृतिक भूमिहरू

एकखाले हिन्दूदेबीको नामबाट गाबिसको नाम जाल्पा राखिएको हो। किरातीहरूलाई हिन्दूकरण गर्ने यो एउटा अभियान थियो। यो भन्दा पहिला ससर्का नामले चिरपरिचित थियो र अहिले लगभग र उक्त ऐतिहासिक नाम लोप भैसकेको छ। वर्तमान पुस्ता समाप्त भएपछि ससर्का नाम रहने कुनै छाँट छैन। ससर्का ससल्का शब्दबाट ससर्का भएको हो भन्ने भनाई रहेको छ। जमिन धस्केर सलल-सलल बग्ने ठाउँ भएको हुनाले त्यसकै नामबाट 'ससल्का' हुँदै ससर्का नाम रहन

गाएको पुर्खाहरू बताउँछन् । यस गाबिसमा अहिले हमरु, राइचु, खबचु, रिप्लचु, तरचु र छाचुङ् पाछाका दुमी राईहरू रहेका छन । यसबाहेक खालिङ, थुलुङ राईहरू र अन्य जातिहरूमा नेवार, तामाङ, शेर्पा, कामी, दमाई र एकघर क्षेत्री पनि रहेका छन् ।

२.१. कादेल

जाल्पा गाविसमा पर्ने कादेल 'कावा' र 'देल' दुई शब्द मिलेर 'कावादेल' हुँदै 'कादेल' भएको हो । 'कावा' को अर्थ खोला र 'देल' को अर्थ गाउँ हो । तसर्थ नेपाली भाषामा 'खोलागाउँ' वा 'खोलाछेउको गाउँ' भन्ने अर्थ बुझिन्छ । हालको कादेलको भौगोलिक अवस्थिति हेर्दा तापखोलाको छेउमा नै उक्त गाउँ रहेको छ । यो कादेल अघि पहिरो गएर सुल्किदै झरेकाले पनि ससल्काबाट ससर्का भएको हो भन्ने कतिपयको भनाई छ । साँच्चै अहिले हेर्ने हो भने ससर्कागाउँबाट अहिले पनि ठूलैपाटा सुल्किएर झर्दै गरेको देखिन्छ । हाल यहाँ हमरु, राईचु र खालिङ राईहरू बस्तछन् ।

२.२.खरबारी

जाल्पा गाविस अन्तर्गत रहेको खरबारी खर र बारी मिलेर खरबारी भएको भएता पनि यती सीमित अर्थमा मात्र बुझियो भने त्यस ठाउँको इतिहासप्रति ठूलो वेवास्ता गरेको ठहर्छ । तसर्थ वास्तविकता के हो भने 'खर' भनेको चिण्डो र 'देल' भनेको गाउँ हो । अत चिण्डो फल्ने गाउँ वा ठाउँलाई खरदेल भनिएको हो । यहाँ मुख्यगरी खबचु र रिप्लचु दुमी राईहरू रहेका छन् । खबचुहरूको आगमन खोलुँक्षेत्र भई हौंचुर हुँदै खरदेल आई बसोवास गरेको र त्यहाँ नै साकेला स्थापना गरेको इतिहास रामबहादुर राई, श्यामबहादुर राई तथा नक्षो पदमबहादुर खबचु राईहरूले बताउँदै आएको पाइन्छ ।

२.३. राईसिङ्गे

राइचु राईहरूको पुरानो बसोवास भएको क्षेत्र राइसिंगे हो । यो हौंचुर गाविसमा पर्दछ । किंबदन्ती अनुसार अघि हौंचुरको पोखरी गाउँको पोखरी वीचमा एउटा बाँझोको रुख थियो । त्यसमा एउटा टोढ्का थियो । त्यही टोढ्कामा लेलेदुम नामका बनदेवता विशेष वनवासी मानिसले एउटा बच्चा हुर्काएको थियो । उक्त बच्चा खबचुले फेला पारे र पाल्न लगे । त्यो बच्चा हुर्की बढी समारात भएपछि खबचुले खपतेम नाम गरेका आफ्नै छोरी वा बहिनी दिएर ज्वाई बनाए । आफ्नो वंशमा राख्न नमिल्ने हुनाले एउटा नयाँ पाछा रायनाम्चु नाम दिएर दुमीको एउटा नयाँ वंशको बिजारोपण गरे । यो आजभन्दा लगभग १३ पुस्ता अथवा ३२५ वर्ष अगाडिको हो । आज राइचु वंश जाल्पा लगायत बाह्य जिल्ला र विदेशतिरसमेत फैलिएर बसेका छन् ।

३. बाक्सिला गाविस क्षेत्रमा पर्ने ऐतिहासिक तथा सांस्कृतिक भूमिहरू

कोङ्खेखोलापारीको एउटा चपलेटी ढुङ्गा वा सिलामा सिद्धिकर्ण पाध्येले बाघ पछारेर मारेपछि त्यसैको नामबाट बाक्सिला भएको हो भन्ने भनाई लप्टन भीमलसिंह -बाक्सिला हाल्कुम), धनरुप र वीरवहादुर राई (चिउरीखर्क) हरूले सुनाउदै आएका हुन । तर बाक्सिला लङ्खा निवासी मैधाने राईले यो भनाईलाई सत्य नभएको बताउँदै भन्छन्- सुङ्देले धिरुलहरूले बाघ मार्ने बिष राख्दा त्यही विष बाघले खाई ढुङ्गामाथि मर्न पुगेछ । त्यो मरेको बाघ पहिलो पटक त्यही नजिकै गोठ हुने सिद्धिकर्ण पाध्येले भेटेछ । र, त्यसरी बाघ मरेको ढुङ्गा भएको हुनाले त्यो ढुङ्गाको नाम बाक्शिला हुन गयो । पछि त्यो ढुङ्गा मात्र होइन समग्र क्षेत्रको नाम नै बाक्शिला हुन गयो । अहिले बाक्शिला लेख्दा पातलो स प्रयोग गरेर बाक्सिला लेख्ने चलन रहेको छ ।

यो बाक्सिला नामको ढुङ्गा हेर्नेलाई बाक्सिलाबाट सुङ्देल जाँदा कोङ्खेखोला तरेपछि सुङ्देलपट्टि एउटा ठूलै खेतको प्लट छ त्यसैलाई बाक्सिला खेत भनिन्छ ।

त्यहाँ नै बाक्सिला ढुङ्गा उपलब्ध छ । अघि पञ्चायत स्थापना हुनु अगाडि यो बाक्सिला क्षेत्रमा नै पर्थ्यो तर पछि पञ्चायतको सीमाना कायम हुँदा कोङ्खे खोलालाई सीमाना बनाइएको हुनाले उक्त बाक्सिला खेत हाल सुङ्देलमा पर्न गएको छ ।

३.१. लामदिजा

बाक्सिलाको पुरानो नाम लामदिजा हो । यसले कोङखेपारीको क्षेत्रलाईसमेत समेट्थ्यो । लाम वा लामदि को अर्थ बाटो वा लामो बाटो र जा को अर्थ भात वा धान फल्ने क्षेत्र वा धानको भात खान पाइने क्षेत्र भनिए बाट लामदिजा भनिएको हो । यो भनाई स्वर्गीय लप्टन भीमलसिंह मुरह राईको हो ।

यो लामदिजाको दुइटा अर्थ छ- १. अघि लामदिजा क्षेत्रबाट भोजपुर, बाला, याम्दाङ, सङ्खुवासभा जाने बाटो फेदीबाट शुरु भई डाँडैडाँडा चढेर केपिलासगढी, चिनागढी हुँदै हिले, फलाँटे, चिलिमढुङ्गा, लौरे, साल्पा तथा मैयु उत्तर हुँदै जाने लामो बाटोलाई जनाउँथ्यो । शत्रुको पिछा गर्दा त्यही बाटो हिड्थे र माकुराको जालो फाटे नफाटेको अवस्थाबाट शत्रु त्यो बाटो गएको छ वा छैन भनेर पत्ता लगाउँथे । २ लामदिजाको अर्को अर्थ रावाखोलाले बनाएको लामो खेत क्षेत्रलाई लामदिजा भनिएको हो ।

३.२. लङ्खा, अङ्खा, जरङ्खा

यी तीनै शब्द किरात भाषी शब्द हुन र तीनवटै शब्दको पछाडि 'खा' शब्द जोडिएकाले एउटा अचम्म लाग्दो अर्थ हुनु पर्दछ । यसबारे केही बुढापाकालाई सोधपुछ गरियो तर केही पत्ता लागेन । अनुमान त लङ्खा शब्द 'लुङ्खा' र 'खम' बाट 'लुङ्खाखम' हुँदै 'लुङ्खा' पछि लङ्खा हुन पुगेको देखिन्छ । 'लुङ्खा' भन्नाले 'मर्चा' र 'खम' भन्नाले केन्द्र भन्ने जनाउँछ । तसर्थ मर्चा बनाउने ठाउँलाई 'लुङ्खाखम' भनियो र पछि अपभ्रंश हुँदा 'लङ्खा' हुन पुग्यो । बाक्सिलामा राईहरूको पुरानो बस्तीमा लङ्खा एउटा पुरानो बस्तीमा गणना हुन्छ । यहाँ भगिवन्त सखिवन्त जस्ता प्रख्यात राई तालुकीहरू थिए र उनीहरूले किरातको किपट थाम्नलाई सिद्धिकर्ण पाध्येको विरुद्धमा काठमाडौं रानीपोखरी इटाचपली न्यायालयसम्म पुगेर मुद्दा लडेका थिए ।

अङ्खावारे अहिले नै केही भन्न सकिन्न । तर जहाँसम्म 'जरङ्खा' भन्ने नाम र गाउँ छ यस क्षेत्रको पुरानो नाम 'मुक्तालु' वा 'मुक्ताकु' हो । यो मुक्तालु भनेको कमेरो वा 'कमेरोढुङ्गा' भन्ने जनाउँछ । धामीले मुद्दुममा मुक्तालु र मुक्ताकुको वारेमा रिसीय गाउँछन् । जरङ्खामा सिद्धिकर्ण पाध्येको गोठ थियो । बाक्सिला विर्ता पाएको निहुँमा सिद्धिकर्णले यो किरात किपटलाई अतिक्रम गरी बसेका थिए । अहिले यहाँ मुक्तालु नामको एउटा पानीधारा रहेको छ- जरङखा परी खानीगाउँ माथि । त्यहाँ धामीहरू ऋषितर्पनी वा जनैपूर्णे जसलाई दुमी भाषामा चियोपा चियोमा पूर्णे' वा नागनगेनी नुहाउने चाड भन्दछन् त्यहाँ नुहाउन सालन्ने जान्छन् । यो चियोपा चियोमा शब्द चियम बाट आएको हो जसको अर्थ दुमी भाषामा भदौ महिना भन्ने जनाउँछ । यो चियोपा चियोमा पूर्णे अघि देवताहरू जमिनमुनी अल्पिएर बस्छन् र पूर्णेका दिन पृथ्वीबाहिर आउँछन् भन्ने भनाइले गर्दा त्यसदिन दर्शनका निमित्त मुक्तालु, बरमे, साल्पा, साप्सु जस्ता तीर्थस्थलहरूमा धामीहरू दलबलसहित नाच्दै गीतगाउँदै नुहाउन पुग्छन् ।

मुक्तालुको माथितिर पश्चिममा अहिले पनि खरीढुङ्गा पाइन्छ । त्यसबेला संभवत मुक्तालु वरीपरी प्रशस्त कमेरो वा खरी पाइने भएकाले यो नाम रहन गएको हुनसक्छ । त्यसैगरी रिसीयमा भनिने 'मुक्ताकु' मुक्तालुकु शब्दको अपभ्रंशित रुप हो । अत खरी वा कमेरो पाइने ठाउँमा पानी कुवा (कु) पनि थियो त्यसैले त्यसलाई मुक्तालुकु वा कमेरेपानी भनियो । यही मुक्तालुकु शब्द जनजिब्रोमा भिज्दैजाँदा मुक्तालु र मुक्ताकु भन्न थालिएको हो ।

जरङ्खा भन्ने शब्द धेरै पछि नामाकरण भएको हो । जरङ्खा 'जरङ्' र 'खम' शब्द मिलेर जरङ्खा भएको अनुमान लाग्छ । या त गुरुङ् र खम मिलेर गुरुङ्खम वा गुरुङ बस्ने गाउँ वा केन्द्र अपभ्रंस रुपमा गुरुङ्खम हुँदै जरङ्खम र अन्त्यमा जरङ्खा हुन पुगेको हो कि भन्ने एउटा परिकल्पना गर्न सकिन्छ । परिकल्पनालाई अनुसन्धानले सही र गलत के हो छुट्याउन सक्छ भन्ने कुरा अनुसन्धानको सिद्धान्त भित्र पर्ने भएकाले एउटा अनुमान मात्र गरिएको हो ।

बाक्सिलामा नेपाल एकिकरणकालपछि गुरुङ र तामाङ्को बस्ती बसेकाले ति जातिसँग केही न केही अर्थ लुकेको हुन सक्छ । र, एउटा इतिहास के पनि सत्य हो भने राई तालुकि भगिवन्त सखिवन्तले किपट संरक्षणका निमित्त सिद्धिकर्ण पाध्येसँग काठमाडौं रानीपोखरी इटाचपली न्यायालयमा मुद्धा लड्दा लागेको खर्च गुरुङ, तामाङ, र खत्रीलेसमेतले सघाउनी गरेकाले त्यसवापत मुद्धा जीतेपछि सोह्रानामा हेमन्त लामा (जरङखाली लामा गुरुङ्हरूको पुर्खा), कुइसाङ तामाङ, कालुखत्रीलाई पैसा फर्काउनको सट्टामा जग्गा उपलब्ध गराएको चाहीं कागज नै पाउन सकिन्छ ।

मुद्धा जीतेपछि भगिवन्त सखिवन्तले जरङ्खामा रहेको सिद्धिकर्ण पाध्येको घर वस्ती उठाएको घट्नाहरू पनि मौखिक इतिहासमा पाउन सकिन्छ । त्यसपछि सिद्धिकर्ण दाम्खु गएर बसे । दाम्खुमा पनि बस्न नरुचाएकाले पुन : पत्करु बसाईसरी गएको सामाजिक इतिहास पुर्खाहरू बताउँछन् ।

३.३. हाल्कुम

बाक्सिलाको एकगाउँको नाम हाल्कुम हो । हाल्कुम शब्दले पृथ्वी वा भूमि भन्ने जनाउँछ । हाल्कुम शब्दले समेट्ने भूमि भनेको शिकार खेलेपछि पूजागर्ने थलो वा हिजोआज भूमे गर्ने ठाउँ वा पवित्र भूमिलाई जनाउन प्रयोग गरिएको हो । भौगोलिक स्थितिलाई हेर्दा सप्तेश्वरको हल्कु र बाक्सिलाको हाल्कुम नामको जग्गा उस्ता उस्तै डाँडा परेको देखिन्छ । सप्तेश्वरको हल्कुमा पूजा गर्न्थियो तर अहिले त्यस्तो छैन तर बाक्सिलाको हाल्कुममा भने अहिले पनि धुमधामकासाथ साकेला पूजा गरिन्छ । यहाँ धेरै अगाडिदेखि साकेला मान्दै आएको भएतापनि साझा साकेला भने आजभन्दा चारदशक अगाडि नागिरे टेकबहादुर मुरह राई, तायामी लप्टन भीमलसिंह मुरह राई र हाल्कुमवासी किरात राईहरूले स्थापना गरेका हुन । अहिले यहाँ हदी, मुरह, थुलुङ राई र दमाइहरू बसोबास गर्दछन् ।

३.४. घलेगाउँ

बाक्सिला निवासी घले गुरुङहरूको गाउँलाई घलेगाउँ भनिन्छ । नेपाल एकिकरणकालमा पृथ्वीनारायण शाहको फौजसँग लड्दै भिड्दै आउने क्रममा बाक्सिलामा आईपुग्ने पहिलो घले जय घले थिए । यो भनाई समाजसेवी तथा राजनीतिक नेता स्वर्गीय सेरबहादुर घलेको हो ।

३.५. सिपुलुङ

बाक्सिला गाविसको एउटा गाउँको नाम सिपुलुङ हो । यो शब्द 'सिपुमा' र 'लुङ' मिलेर सिपुलुङ भएको हो । सिपुमा भनेको तितेपाती र लुङ भनेको ढुङ्गा हो । अत ढुङ्गेनी जग्गामा तितेपातीको घारी भन्ने अर्थ लाग्छ । यहाँ दिम्मचु, वालक्पा राईहरू रहेका छन् । उनीहरू खार्मीबाट घाम ताप्ने, वस्तु बाख्रा चराउने, खर्क राख्ने सिलसिलामा यहाँ आएर ढढ्डेन तितेपाती घारी फडानी गरे, ढुङ्गा अन्साई पन्साई गरे र रस्तीवस्ती बसाए । यसर्थ यसको नाम कालान्तरमा सिपुलुङ रहन गयो । अहिले नाछिरिङ राईहरू पनि वसेका छन् । पूर्वको प्रख्यात रसुले धामी जयवहादुर वलक्पु यही सिपुलुङ गाउँका निवासी हुन । उनी र गाउँलेको बलमा साल्पालाई सिपुलुङमा ल्याउने प्रयत्नस्वरुप दुईचार वर्ष सिपुलुङमा साल्पा बजार लागेको थियो तर पछि किरातीहरूको झगडाले समाप्त भयो ।

३.६. चोखुम

बाक्सिला-७ मा पर्ने चोखुम, 'चोक' वा 'चोकचम्बु' र 'खम' शब्द मिलेर चोकखम वा चोक्चम्बुखम हुँदै चोखुम भएको हो। चोक नेपाली शब्द हो यसको अर्थ चारैतिरको भेट्ने केन्द्र वा किलो गाडिएको ठाउँ भन्ने अर्थ लाग्छ। 'चोक्चम्बु' को अर्थ काप्राको रुख भन्ने लाग्छ। खम भनेको गहिरो पार्नु, किलो गाड्नु, खाँबो गाड्नु, रुसुखम गाड्नु भन्ने अर्थ लाग्छ। अहिलेसम्म पाइएको जानकारी अनुसार हालको चोखुमका दिम्मचु, सरचु र हरसीहरू खार्मीबाट बसाई सरी आएका हुन। यसरी चोखुम आउनुका पछाडि दुइटा कारणहरू थिए- पहिलो कारण घाम ताप्नु र दोस्रो वस्तुको खर्क राख्नु। घाम यस कारणले कि त्यस समयमा जङ्गल ज्यादी भएको र खार्मी देब्रे जग्गा भएकाले चोखुम जस्तो घमाइलो जग्गामा घाम ताप्ने ठाउँको खोजी गर्दै यहाँ आए। यसै सिलसिलामा गाइवस्तुसमेत साथै लगेर चोक बनाई राख्न थाले र भन्न- 'थाले यो मेरो चोक र त्यो तिम्रो चोक।' यही अर्थबाट चोकखम हुँदै चोखुम हुन पुग्यो। अर्को अर्थमा कुनै काप्राको रुख (चोक्चम्बु) लाई आडपारेर वस्तुको चोक वा गोठ बनाई पशुपालन गर्न थालिएबाट चोखुम हुन गएको बुझिन्छ।

३.७. सिम्पानी

सिम्पानीको पुरानो नाम दुम्देल हो। सिम्पानी 'सिम' र 'पानी' शब्दबाट सिम्पानी भएको हो।' त्यस्ता पानीहरू यहाँ तीन-चार ठाउँहरुमा रहेका छन् तर यो त धेरै पछि राखिएको नयाँ नाम हो। तसर्थ सिम्पानीको इतिहास खोज्दा दुङ्कुलुबाट खोज्नु पर्दछ। अनीमात्र दुम्देल पुगिन्छ।

३.८.दुङ्कुलु र दुम्देल

बाक्सिला अन्तर्गत सिम्पानी गाउँको एक ऐतिहासिक सांस्कृतिक पवित्र दुङ्कुलु ढुङ्गाको नामबाट दुमीको उत्पत्ति भएको मानिन्छ। यो दुङ्कुलु शब्द 'दुङ्कु', 'दुङ्की' वा 'दुम्का' र 'लु' मिलेर 'दुङ्कुलु' वा 'दुङ्किलु' वा 'दुम्कालु' भएको हो। 'दुङ्कु', 'दुङ्की' वा 'दुम्का' भनेको 'अकस्मात भेट भएको वा भयौं' र 'लु' भनेको 'ढुङ्गा' हो। अतः त्यो ढुङ्गा जहाँ तत्कालीन शिकारी मानिसहरू एक्कासी त्यही ढुङ्गामा भेट भए र त्यसपछि बारम्बार भेटभई सँगै यहिँ बस्न लागेको अवस्थाबाट दुङ्कीलु वा दुङ्कुलुको बदलामा दुम्कीलु, दुम्कुलु वा दुम्कालु हुँदै अपभ्रंश हुँदा दुमीलु हुन गयो। पछि लु शब्द लोपभई दुमी मात्र रहन गयो र त्यसक्षेत्रमा रहने जतिपनि मानिसहरू छन् उनिहरू दुमी कहलाउन लागे। अत दुमीलुमा बस्नेहरू सबै दुमी भए। यी दुमीहरू धेरै संख्यामा फैलिई बस्दा देल वा गाउँको विकास भयो र दुमीको गाउँलाई दुमीदेल भनियो र यो नाममा पनि संक्षिप्तता आउँदा दुम्देल मात्र रहन गयो।

यसर्थ यस ठाउँको दुमीका पुर्खाहरू सबै वारी पारी फैलिए। डिवुपेलका सन्तानहरु लुप्पो बाक्सिला सिमपानीमा बसे। गान्पा र रतेपा माक्पा पुगेर ठूलो रस्ती बस्ती बसाए। कोयु, खालिङ र साम्पाङ्हरू पनि यतैबाट छुट्टिएर गएको भन्ने भनाई छ। चिउरीखर्कवासी रिदुहाङ् सत्महरू सिम्पानीबाटै चिउरीखर्क गएको र पाँचथर रबिका रङ्कासु, हदीहरू पनि यतैबाट गएका हौं भन्छन्।

३.९. बरमेधारा

बाक्सिलाको प्रख्यात बरमेधारा भरररम-भरररम वा बरररम-बरररम वा लश्करै-लश्कर भएर पानीखान आउने बँदेल, वा घोरलको सङ्ख्यालाई इङ्गित गर्दा 'भरररम्मे' भन्ने शब्दबाट भरमे हुँदै बरमे भएको हो भन्ने लप्टन भीमलसिंह राईको भनाई थियो। मुद्दुममा 'बरासु' शब्दले घोरलको मासु या मोदाम (पितृलाई चढाउने चोखो पवित्र मासु) लाई बुझाउने भएकाले पनि बरासुमे बाट बरमे हुन आएको हो भन्ने पनि अनुमान गर्न सकिन्छ। बरमे एउटा ऐतिहासिक सांस्कृति पवित्र पानीधारा हो जहाँ तादिप्पुले बरमेक्षेत्रमा बँदेल

मारी त्यसको ढाडे पहिलो चोटी कोसेलीको रुपमा दुम्देल डिबुपेलको घरमा लगेको सांस्कृतिक इतिहास पाइन्छ । यो आजभन्दा लगभग २० पुस्ता अघिको घटना हो ।

पुर्खाहरूको भनाईमा - पूर्वबाट शिकार खेल्दै आएका तोदिप्पु बोब्ले ओडारमा शिकार खेल्दै बस्थे । एकदिन बेलुकीपख एक्कासी तल दुम्देलमा एउटा लामो श्वर निस्क्यो-"ए ! तोदिप्मा ! बोलो : किम पिनिम्येई हेम्पा हाम्मोता ? छिट्टो घर आइज है कहाँछस ?" भन्ने बोलावट सुनें । यी मेरै नाम गरेका कन्या को रहेछ भनी भोली यसो चियोगर्न दुम्देल गाउँ झर्दा तोदिप्मुसँग पहिलोचोटी भेट भयो । तोदिप्मुलाई खुबै मन पराए र मगनी गर्न गए । तर डिबुपेलले उनका शत्रु छाचुङ्का पुर्खा दाम्चोलाई मारीदिने भएमा मात्र छोरी दिने कबोल गरे । तोदिप्मु पाउने गौरबमा तोदिप्पु तयारी भए । उता दाम्चो पनि आफ्नो खाईखेली आएको खुवामा हकडक गरी बसेको किन टेर्थे, उनी पनि तयारी भए । लडाई हुने भयो । तोदिप्पु युद्धको खरखजाना धनुकाँड लिई सिम्पानीडाँडामा उभिए । दाम्चो पनि बसे-बतासेडाँडामा । बाण छोड्न लागे । पहिले दाम्चोले 'सेन्दाम्येई' हेर है भन्दै बाणछोडे । वाणले झण्डै तोदिप्पुको टाउकै उडायो । उनी अलिकति छलिए, वाण गयो कानकै छेउबाट हुइकिएर । तोदिप्पुले पनि वाण छोडे अनिमात्र भने 'सेन्दामुकाम्येइ' हेर है त भनेर । तोदिप्पुले वाण छोडेपछि मात्र "हेर है त" भनेकाले छलिनै नपाई बाणले दाम्चो ढले । यहाँ तोदिप्पुले युद्धको नियम भङ्ग गरेका थिए तर यत्ति नगरी युद्ध जित्न पनि सक्तैनथे ।

दाम्चो मारेपछि तोदिप्पु गए तोदिप्मु मगनी गर्न दुम्देल । डिबुपेलले भने- "कोसेली लिएर आउ, सम्मानपूर्ण रीतको लागि ।" तोदिप्पु फेरी तुरुन्त शिकारमा निस्के र शिकार खोज्दै जाँदा अहिलेको बरमेधारा माथि भररम (धेरै भन्ने अर्थमा) बँदेल देखे र त्यसमध्ये एउटालाई मारे र पोलपाल गरे । अनी, त्यही भररम्मे बँदेलले पानीखाने कुवामा धोइपखाल गरेर एउटा ढाडे डल्लै कोसेली सशुराली लगे । यही रीत बुझाएकाले यो रीत त्यसपछि किरात राईको विवाहमा चलेको भन्ने भनाई रहेको पाइन्छ ।

तोदिप्पु र तोदिप्मुको विवाह भयो । तादिप्पुले तोदिप्मु लिएर आफ्नै गाउँतिर गए । तोदिप्पुको घरमा नयाँ चलन बसीसकेको थियो रे -बुहारीले विहान बेलुका साशुको गोडा ढोग्नु पर्ने, मोल्नु पर्ने । अत भनौ हिन्दुचलन । तोदिप्मुलाई त्यो चलन पटक्कै मन परेन । उनी माइत जान्छु भनेर तोदिप्पुसँग भन्न थालिन । तोदिप्पुले फेरी दुम्देल ल्याए तोदिप्मुलाई र उनी चाहिं फर्केर उतै गए । तोदिप्मु दोजिया भइसकेकी थिइन र माइतीमा नै एक छोरा जन्म्यो । डाँडापरीबाट गर्भमा ल्याएको हुनाले छोराको नाम वाप्रु राखियो । वाप्रु बढेर ठूलो भयो तर तोदिप्पु फर्केर आएनन् । डिबुपेलले आफ्ना भानिज वा कसैले नाती पनि भन्छन् उनलाई छोरा सरह अंश दिएर राखे । उनै वाप्रुका नातीहरू हुन- रत्कु, हदी र रङ्कासु ।

आज बरमेधारा चारैपट्टिबाट अतिक्रमण भएको छ । माथिबाट विद्यार्थी, शिक्षक र बजारेले दिशा, पिसाव गर्छन, तलबाट घर बनाउनेले ढुङ्गा झिक्छन्, जलाधार क्षेत्रबाट बस गुडाउँन बाटो खन्छन्, पवित्र पानी सुक्लाकि भन्ने कसैको चिन्ता छैन । अरुले वास्ता नगरे पनि रत्कु, हदी र रङ्कासुहरूले बुझ्नु पर्ने हो तर उनीहरूले पनि बुझेनन् ।

३.१०. चाङ्देलखानी डाडाँखानी

लगभग सयवर्ष अघिसम्म बाक्सिलाको चाङदेलखानी, डाँडाखानी आदिमा फलामको खानीबाट फलाम झिकिदै थियो । चाङ्देल र खानी शब्द त्यसबेलाकै उपज हो । चाङ्देल शब्द 'चयाङ' र 'देल' मिलेर चयाङदेल हुँदै चाङ्देल भएको हो । चयाङ्को अर्थ भाँडाकुडा राख्ने ठाउँ र देल भनेको गाउँ हो । खानी भनेको फलाम पाइने ठाउँ भनिएको हो । संभवत 'चयाङ'

शब्दले भाँडाकुडा राख्ने ठाउँ मात्र होइन फलाम वा धातुका भाँडाकुडा बनाउने ठाउँ भन्नेसमेत बृहत अर्थ बताउँछ। किनकी त्यस समयमा फलामको कोदाली, दिउरे, ताप्के, कराई, भात पकाउनेभाँडा, डाडु, पन्यु, कर्केलीलगायत खुकुरी, हँसिया, खुँडा, तरवार, धनु काँड, बन्दुक आदि बनाइन्थ्यो। यी खानीहरूमा झिकिएको फलाम ऐसेलुखर्क बजारमा समेत विक्रिको लागि आफैले लगेको यथार्थता स्वर्गीय जहानसरी राईले बताएका थिए। डाँडाखानी यस्तै अर्को खानी हो। खार्मीमा पनि यस्तै फलामको खानी थियो र यी खानीहरूबाट निकालिएको फलाम उत्कृष्ट थियो। अहिले पनि फलामका किटहरू पाइन्छन्। पछि भारतबाट फलाम ल्याउन थालेपछि स्थानीय फलाम निकाल्न छाडियो।

४.ब्लड्गु :

सिपुलुङ र बतासे डाँडा मुनिका तापखोलदा क्षेत्रका जग्गाहरुलाई ब्लड्गु भनिन्छ। तोदिप्पु र दाम्चोको युद्ध हुँदा दाम्चो मारिएपछि छट्पटाउँदै ब्लड्ग ब्लड्ग लड्दै तापखोला छेउमा झरेर देह त्याग गरेछन्। त्यहि ठाउँलाई पछि ब्लड्गु भनियो। यहाँ यस क्षेत्रकै सबभन्दा पुरानो रुख एउटा सिमल थियो। त्यसको जरामा निगुहाङ र रोकोबासी लुकेर बसे र पृथ्वी नारायण साहको फौजलाई मारी धनु र ढाल खोसेको ऐतिहाँसिक बस्तुहरु अहिले पनि ढालचाहिँ गाउँमा रहेको छ।

४.सप्तेश्वर गा.वि.स. क्षेत्रका ऐतिहासिक सांस्कृतिक भूमिहरु

सर्वप्रथम सपनामा देखिएको भगवानलाई सप्नेश्वर भनियो र यही सप्नेश्वरबाट सप्तेश्वर भएको मानिन्छ। अथवा सपना + इश्वर = सप्नेश्वर हुन्छ। यो सप्नेश्वर उ नै भगवान शङ्कर थिए। यो सप्नेश्वर प्रथमपटक पुण्यै सन्नेसीको सपनामा प्रकट भयो। सपना अनुसार सप्नेश्वर महादेवको मन्दिर खोजीगर्दा रावाखोला र तापखोला फेदीको दोभानमा रहेको एउटा सानो ढिकुरामा फेला पारे। त्यसपछि श्रद्धापूर्वक यसको पूजा हुन थाल्यो। उक्त मन्दिर जानको लागि तत्काल एउटा ठूलो दलदले आहाल र झाडी पार गर्नुपर्थ्यो। भन्ने गर्छन- त्यस दलदले झाडीमा ठूला-ठूला सर्पहरू थिए त्यसैले पूजागर्न सजिलो थिएन। अनी सप्नेश्वरको मन्दिर त्यस ढिकुराबाट सारेर सन्नेसी गाउँकै नजिकमा ल्याइयो।

पहिले त्यो सारिएको स्थान राम्रो थियो होला तर अहिले फोहर घारीमा अवस्थित छ। त्यत्ति मात्र होइन यो सप्नेश्वरलाई २०३० सालमा पञ्चायतलाई कतै गाभ्ने,कुनै फोर्ने, कतै नाम परिवर्तन गरी हिन्दुकरण गर्ने नाममा ससर्का पञ्चायत र दारेगौंडा पञ्चायत एकठाउँमा गाभ्दा यसको नाम सप्नेश्वर हुन पुग्यो। यो सप्नेश्वर पनि खोटाङ् दिक्तेल सदरमुकाम कार्यलय पुगेपछि सरकारी कर्मचारीको लापरवाही र गैर जिम्मेदारीपनको कारणले वा जानेर वा नजानेर 'सप्नेश्वर' लाई 'सप्तेश्वर' बनाई लेखापढी गरि दिएछन्।

त्यत्तिखेरका वारीगाउँ पारीगाउँका जान्ने जानकार अग्रज भनौदाहरू चुँ सम्म गर्न सकेनन् र त्यसैलाई शिरोधार्य गरे। 'न' लाई 'त' भनेर लेख्दा र पढ्दाखेरीको यो नियतिले आज पनि मनलाई कता कता नमीठो गरी पोल्छ। के यसलाई पुण्यै सन्नेसीको सप्नेश्वर बनाउन सकिदैन ? नत्र भने सप्नेश्वरको अर्थ नै नबोक्ने सप्तेश्वर भनेर रटान किन गरिराख्ने ? अर्कोतिर सप्तेश्वर नामको गाउँ विकास समिति खोटाङ्मा दुइटा छ। मानिसहरू यो नामले त्यसै अलमल पर्छन। यो बिग्रेकोलाई सपार्न के सकिदैन ? होइन भने पुरानो गाउँ पञ्चायतको नाम दारेगौंडा थियो यसैलाई कायम गर्दा के फरक पर्ला।

सप्तेश्वरमा सत्म राईहरूको बाक्लो बस्ती रहेको छ। यसपछि अम्बोले, बाहिङ, नाछिरिङ राईहरू बस्तछन्। अन्य जातिहरूमा क्षेत्री, बाहुन, कामी, दमाई, भुजेल, सन्नेसी बसोबास गरिरहेका छन्। भारत,

बेलायत, खाडीमुलुक, जानु खेती बाहेक दोस्रो पेशा भएको छ। पूजापाठ गर्ने एउटा पनि पुरेत छैनन्। आजभन्दा चालीस वर्ष अगाडिसम्म सार्कीहरू पुख्यौंली पेशा गरि वस्थे। तर नयाँ जुत्ता चप्पल आउन थालेपछि त्यो पेशा धरापमा पऱ्यो र उनीहरू ऐसेलुखर्के नेवारको भारी बोक्न थाले त्यो पनि धान्न नसकेपछि सप्तेश्वरबाट सार्की पलायन भएकाले समाज विकासको एकखण्ड दुःखलाग्दो ढङ्गले सदाका लागि अन्त्य भएको छ।

४.१.दारेगौंडा

ठाउँको नाम पनि कस्तो कस्तो ? दारेगौंडा। एकातिर दाँत उछिटिएको 'दारे' र अर्को चारैसुरको भेट्ने ठाउँ 'गौंडा' बाट दारेगौंडा भएको। त्यसो भए के दारेदाँत भएकाहरूको भेट्ने गौडा हो त ? हुनचाहीं हो तर मानिस चाहीं होइन दारेमिर्ग चाहीं हो। स्वर्गीय मास्टर तायामी धनरुप राई भन्ने गर्थे-अहिलेको दारेगौंडा पानी पँधेरो वरीपरी उसबेला घना जङ्गल थियो। त्यहाँका जन्तुहरू दारेमिर्ग (बोका मिर्ग) आदि पानी खान त्यही पँधेरोमा लश्करै आउँथे। त्यत्तिखेर मानव शिकारी होस वा बाघले शिकार गर्ने राम्रो मौका पाउँथ्यो। तसर्थ त्यही चारैतिरको दारेमिर्ग भेट्ने केन्द्रीय पानी पँधेरोलाई दारेगौंडाँ भन्न थालियो। पछि यही पँधेरो वरीपरी मानववस्ती बढ्न थाल्यो र यही पँधेरोको नाम दारेगौंडाबाटै गाउँको नामसमेत दारेगौंडा हुन पुग्यो। यो पानी पँधेरोलाई मुद्दुममा अल्दकु सुबुकु भनिन्छ।

दोस्रो कारण खोजीगर्दा दारेगौंडा हुनको पछाडि दुमी समुदायको महत्वपूर्ण राजनीतिक इतिहास लुकेको पाइन्छ। यो 'दारेगौंडा' शब्द 'द्वार' र 'गौंडा' दुइवटा शब्द मिलेर 'द्वारगौंडा' हुँदै 'द्वारेगौंडा' र यसपछि अपभ्रंस भई 'दारेगौंडा' भएको हो।

दुमीको अलिखित इतिहासले के देखाउँछ भने नेपाल एकिकरण अगाडि नै केपिलास वा कविलासगढी र चिनागढी नामका दुइटा गढीहरू सप्तेश्वर र बाक्सिलाको थाप्लोमा स्थापित थिए जो अद्यावदी रुपमा केपिलासगढीलाई चाहीं दुमी किरात राई फन्सिकिमले सुरक्षा गरिराखेको छ र चिनागढीलाई पनि सुरक्षाका निमित्त सरकारलाई जग्गा अधिकरण गर्न दवाव दिने तर्खरमा लागेको छ। त्यस गढीमा दुमीका पुर्खाहरू स्थानीय शासक वा राजाभई शासन गर्दथे। सुङ्देल निवासी बृद्धा बेदमाया राई भन्छन् -"त्यो गढीमा साम्पाङ पनि राजा वा पदाधिकारी थिए।" किनभने १८२५ तिर निगुहाङ रोकोवासी र पृथ्वीनारायण शाहवीचको लडाइमा भागेर गएका साम्पाङतर्फको एउटा सरदार बास्पानीडाँडामा मारिएका थिए।

यो केपिलासगढीलाई दुमीको मुद्दुममा 'पिपिरी पिरीरिचो' भनिन्छ। त्यही शासकीय गढीको संरक्षणका निमित्त एउटा मुल प्रवेशद्वार आजकलको दारेगौडाको थर्पू माध्यमिक विद्यालय बसेको ठाउँमा बनाइएको थियो। यो सबैको गौंडा वा केन्द्र पर्ने भएकाले यसलाई गौंडा भनियो। गौंडा भनेको शासकीय प्रयोजनका निमित्त निर्माण गरिएको एउटा किल्ला वा कार्यालय हो। तसर्थ गौंडा रुङ्ने पाले पहराको रुपमा रहने द्वारे र गौंडा मिलेर दारेगौंडा भएको यथार्थता झल्कन्छ।

यो द्वार गौडा भएर जो कोही नयाँ मानिसहरू त्यहाँबाट सजिलै आवत जावत गर्न सक्तैनथे। द्वारमा बसेको द्वारे वा ढोकेहरूलाई जनाएर फर्साएर मात्र आउन जान पाइन्थ्यो। स्मरणीय छ यही गौंडाबाट आफ्नो मित निगुहाङ्लाई भेट्न जाने निहुपारी खार्पाको हरिनन्द पोखेल र पृथ्वी नारायणका सिपाहीहरू प्रवेश गरे र केपिलासगढी चिनागढीलाई एकैरातमा स्वाहा पारेका थिए।

यो गौंडामा थर्पु पनि बारिएको थियो। थर्पु भनेको एउटा छाप्रो हो। तर यो छाप्रोको राजनीतिक अधिकार थियो। यो थर्पु स्थानीय शासन प्रयोजनकै लागि निर्माण गरिएको एउटा किरात सरकारी कार्यालय थियो। थर्पूका कारिन्दाहरूलाई थरी भनिन्थ्यो। आज त्यही थर्पु बसेको कारणले थर्पुडाँडा भन्न थालियो र

त्यही डाँडामा २०१९ सालमा एउटा प्राइमरी स्कूल स्थापना गरियो र त्यो आज थर्पुडाँडा माध्यमिक विद्यालयको नामले चिरपरिचित रहेको छ। मुहुमी भाषामा थर्पुडाँडा क्षेत्रलाई चन्तलु धिरिति भनेर नागी सेलेहरूले बखान्ने गर्दछन्। यहाँ सत्म, हदी, अम्वोले, बाहिङ, थुलुङ राईहरू बस्तछन् अन्य जातिहरूमा क्षत्री, कामी, दमाईको पनि बसोवास रहेकोछ।

४.२. भुतेसी, बुताप्सु

दारेगौंडा र चिउरीखर्क वीचको भूमि। भुत, ननिको, मसान, मुर्कुट्टा वा प्रेतात्मा चलखेल गर्ने ठाउँ। यसलाई भुताप्सु, बुताप्सु, भुतेसी आदि नामले चिनिन्छ। भूत +सु = भुतसु अथवा भुतले मान्छेको मासु खाने ठाउँ, भुतले आगो ताप्दै मासु पोलेर खानेठाउँ भुतेसी भन्ने अर्थ दिन्छ। त्यहाँ दारेगौंडा क्षेत्रबाट सुत्केरी महिला मरेमा, लडीपडी मरेमा, पाँचवर्षभन्दा मुनीको बच्चा मरेमा वा अप्राकृतिक मरण परेमा दबाउनको लागि ल्याउने प्रचलन अद्यावदी छँदैछ। त्यसैले धेरै प्रेतात्माहरू बस्ने ठाउँको नाम भुतेसी हो। आजकल पनि रातविरातमा एकलै कोही पनि हिड्डुल गर्दैनन् कारण भुतले तर्साउँछ वा खान्छ भन्ने चलन रहेको छ। राती सिटा बालेर हिड्दा भुतले आगो ताप्न हातका औंलाहरू आगोमा ल्याउँछन् भन्ने आहान गर्छन। भरिसक्ये सिटा बाल्न नै दिदैन मारिहाल्छ भन्ने पनि गर्दछन्। जे होस यो ठाउँ भुत बस्ने ठाउँ हो। पाखावारी र बनक्षेत्र रहेको यो ठाउँ भुत खेल्ने बस्ने भए तापनि यहाँबाट पलाएको पानीले मालदेल, चिउरीखर्क र दारेगौंडालाई खानेपानीको अभाव पूर्ति गरेको छ। मालदेललाई त धानरोप्न पनि काम दिएको छ। ठाउँ पऱ्यो भुत खेल्ने तर यहाँको प्राकृतिक उपहार पानीले जीवित मानव समाजको प्राण बचाएको छ।

यही भुतेसीमा जाल्यातिरबाट राईचु, जिपु, रिप्लचुहरूले प्राकृतिक रुपमा मरण भएको मानिसको आत्मालाई बास बस्नको लागि पठाउने बलमदेल पनि भएको छ। (इसिलिम, २०६३, अङ्क ९) त्यसैले यसलाई पारीखोलेको बलमदेल पनि भन्ने चलन रहेको छ।

आजभन्दा ५० वर्षभन्दा अगाडि भुतेसी चौतारो जहाँ अहिले एउटा बरको रुख रहेको छ त्यहाँ रातको बजार लाग्थ्यो। वल्लगाउँ पल्लागाउँका छोरीचेली बाबुमाइती भेटेर खामादिमा पिउँदै हाक्पारे गाउँथे। तर पछि लडाई झगडाको कारणले त्यो बन्द हुन पुग्यो।

४.३. फेदी

रावाखोला र तापखोला दोभान क्षेत्रलाई फेदी भनिन्छ। फेदमा भएको जमिनलाई फेदी 'भनिन्छ फेद सबैको हुन्छ जस्तो रुखको फेद। त्यस्तै सिलिचुङ, साल्पा, लौरे, हिले, फँलाटे, रंकाचु, गढीडाँडा, थानागाउँ, थर्पुडाँडाको फेद फेदी हो। यसलाई मुहुमी भाषामा डाकुर भनिएको छ। फेदीको इतिहास निकै पुरानो छ। अघि ख्वालुङबाट सिक्तेल, दिक्तेल हुँदै किरात राईका पुर्खाहरू आउँदा फेदीमा आइपुगेका थिए र त्यहाँबाट केही सोलु, नेचा, मुक्ली, देउसातिर लागे तिनीहरू खालिङ्गे, थुलुङ्गे बाहिङ्गे थिए। केही खालिङ्गे त धेरै समयसम्म दुमी र कोयीसँगै बसे। त्यसैले यिनीहरूको केहि हदसम्म भाषा मिल्छ। कोयीहरू पनि यहीबाट रावाखोला पछ्याउँदै चुइखा पुगे। र, एक वंश दिप्सुङ लागे अनी एक वंश चाही सोदेल वा सुङ्देल पुगे। ति सोदेल पुग्ने पहिलो पुर्खा सिउरीमे थिए। उनले त्यहाँ पुगेर सिकारको लागि गाडेको ढुङ्गा अझै पनि सुङ्देल टारमा छँदैछ। त्यही सिउरीमेको नामबाट उनी बस्ने गाउँ वा 'देल' लाई सिउरीमेदेल भन्दा भन्दै सोदेल हुन पुग्यो र सोदेलपछि सुङ्देल भएको हो।

दुमीहरू पनि केही वंश फेदीबाटै सर्दै-सर्दै बाक्सिला, ससर्का, चिउरीखर्क आएका हुन। त्यसैले आज पनि दुमीको मुरह पाछाको बलमदेल फेदीको एकभाग जसलाई तुल्सिङटार, मटेउली,

दख आदि भनिन्छ त्यहाँ पर्छ र त्यस ठाउँलाई मुट्टमा लेन्जेलु भनिन्छ ।

४.४. खोप्पादेल

खोप र देल मिलेर खोपादेल भएको हो । अहिले खोपादेल भन्नु भन्दा खोप्पादेल भन्ने प्रचलन बढेको छ । दुमी भाषामा खोप भनेको धामको किरण नपर्ने वा परे पनि ढिलोगरी पर्ने, खोपिल्टा वा गहिरा परेको ठाउँलाई जनाउँछ र देल भनेको गाउँ हो । खोप्पादेलको भौगोलिक बनावट पनि त्यस्तै छ । त्यहाँ १० बजेतिर मात्र घाम लाग्छ । यहाँ हदी, सत्म, नाछिरिङ, खालिङ राईहरू बसोवास गर्दछन् । खोप्पादेल मुनीको लिक्पादेल सत्म राईहरूको बलमदेल हो ।

४.५. छेराडाँडा

सप्तेश्वर २ मा पर्ने छेराडाँडा 'छ्वाँरा' र 'डाँडा' मिलेर 'छ्वाँराडाँडा' हुँदै अपभ्रंसित रुप 'छेराडाँडा' भएको हो । दुमी भाषामा 'छ्वाँरा'को अर्थ 'बाखा' हो र यही 'बाखा' राख्ने डाँडालाई 'छ्वाँराडाँडा' भनियो र पछि-पछि 'छेराडाँडा' भन्न थालियो । तत्काल विशेषगरी खोप्पादेल र त्यसपछि डुङडुङ, चप्लेटी आदिको गोठ राख्ने, बाखा खर्काउने, नून ख्वाउने थलोको रुपमा रहेको छ्वाराडाँडा २००७ सालदेखि सप्तेश्वर र बाक्सिलाको पहिलो प्रशासनिक केन्द्र बन्न थाल्यो । तत्कालीन जल्दोबल्दो खोप्पादेलका महाजित हदी राई जो सातसालमा ओखलढुङ्गामा राणाहरूको विरुद्ध लड्ने क्रान्तिकारीहरूलाई चामल, चिउरा, घिउ र दाल भरिया लगाएर पठाउँथे उनैले २०१५/१६ सालतिर छेरामा प्रशासनिक केन्द्रको स्थापना गरेका थिए । २०१७ सालपछि यो ठाउमाँ पञ्चायत वस्यो । पञ्चायतबाट महाजित राईले स्थानीय न्यायिक अदालतको काम गर्थे । स्थानीय मुद्धाहरू छिन्ने काम यही छेराको पञ्चायतले गर्थ्यो । तत्कालीन महाजित राई सरकार र स्थानीय जनताको वीच पुलको काम गर्ने एक स्थानीय नेता थिए । उनले त्यहाँ पहिलो पटक स्कूल पढाउन शुरु गरे । थानागाउँको रामबहादुर राईलाई मास्टर नियुक्त गरेका थिए । रामबहादुर तत्काल सन १९४७ सालमा बेलायती सेनाबाट जागिर छाडी आएका थिए । उनले त्यहाँ ८ महिना पढाए । पछि फेरी छेराको पञ्चायत बाक्सिलामा सर्‍यो । रामबहादुर पनि बाक्सिलामा नै पढाउन शुरु गरे । यो स्कुल बाक्सिला गैरीगाउँमा पर्ने थर्पु भन्ने ठाउँमा स्थापित थियो । अहिले पनि उक्त ठाउँलाई थर्पु नै भनिन्छ ।

बाक्सिलामा पहिलो पञ्चायत भवन अहिलेको प्रहरी कार्यालय वसेको ठाउँमा थियो.त्यो पनि महाजित राईले नै बनाउन लगाएका थिए । पहिले पञ्चायत भवनमा नै प्रहरी कार्यालयलाई पनि संयुक्त रुपमा राखिएको थियो । यो भवन २०२६। २७ सालसम्म नै जीर्ण रुपमा मान्छेलाई ठिङुरा ठोक्ने भवन थियो र पछि पञ्चायतले यो भवन र जग्गा प्रहरी कार्यलयलाई छोडी अन्तै अलग हुँदा यो भवन प्रहरीहरूले भत्काई अहिलेको नयाँ संरचना निर्माण गरेका हुन ।

४.६. थानागाउँ

सप्तेश्वर गाबिस ६ मा पर्ने थानागाउँ थाना र गाउँ मिलेर थानागाउँ भएको हो । यसको इतिहास पनि गढिडाँडासँगै रहेको पाइन्छ । ताया तथा मास्टर धनरुप राईको भनाइमा तत्काल अन्तिम राजा निगुहाङ शासन गरिरहेको बेलासम्म थानागाउँ केपिलासगढी र चिनागढीको सुरक्षार्थ बसेको एउटा अर्को महत्वपूर्ण किल्ला थियो जसलाई थाना भनिन्थ्यो । पछि निगुहाङको राज्य समाप्त भएपछि पनि त्यसलाई थानागाउँको नामले नै बोलाउन थालियो । अद्यावदी थानागाउँमा सत्म राईहरूको केही घरहरू छदैछ र यहाँबाट केपिलासगढी पुग्नलाई पुरै एक घण्टाको उकालो बाटो चढ्नु पर्दछ ।

४.७. बरबोट

बरको रुख भएको ठाउँलाई बरबोट भनिन्छ । हाल यो सप्तेश्वरको चिउरीखर्कमा नै पर्दछ । यहाँ

विरमान रत्कु राईले रोपेको आजभन्दा पाँचपुस्ता अगाडिको एउटा बरको रुख रहेको छ। पिपल मरिसक्यो। वीरमान राई दशकते गाउँका हदीका भाञ्जा हुन। मावलीको जग्गामा रस्तीबस्ती बसाउने वीरमान रत्कु राईले रोपेको बर आज लगभग १५० वर्षपछि पनि जीवीतै देख्न पाइन्छ। यो बर यस क्षेत्रकै पुरानो बर मानिन्छ। चिउरीखर्कको मालिका देवी प्राइमरी स्कूल २०२१ सालमा यहाँ नै स्थापित थियो। पछि खप्टेढुङ्गामा सारियो।

४.८. मालदेल

तायामी धनरुप राईको भनाईमा राणाकालीन समयमा जग्गाको कर संकलन गर्ने ठाउँ वा गाउँ जो हाल सप्तेश्व गाबिसको वडा ७ मा पर्दछ यसलाई मालदेल भनिन्थ्यो। यसको सोझै सम्बन्ध ओखलढुङ्गा मालसवालसँग थियो। संभवत राणाकालभन्दा अगाडि देखि नै जग्गाको कर उठाउने गाउँको रुपमा हालको मालदेल थियो। 'माल' भनेको जग्गाको आधिकारिक काम गर्ने कार्यालय र 'देल' भनेको 'गाउँ' हो। यीनै दुई शब्दको संयोगबाट 'मालदेल' भएको हो। चिउरीखर्क पदमबहादुर राई लगायत गाउँका पुर्खाहरू भन्छन् -मालदेलको जेठाबुढा नमरेसम्म राईहरूका धैरै कामहरू उनैले गर्थे। उनी राईचु राई थिए। तमसुक लेख्ने, मिलापत्र लेख्ने, लगत लेख्ने, चिना बनाउने, चौतारोको ढुङ्गा खोप्ने, बही लेख्ने, पात्रो हेर्ने, जन्तर बाँध्ने काम उनैले गर्थे। त्यो क्षेत्रको अन्तिम जेठाबुढा उनै राई थिए जसको बोली ८ वर्षपछि मात्र खुलेको थियो भन्ने कहावत पाइन्छ। अहिले पनि जेठाबुढाले लेखेको कागजपत्र चिनाहरू त्यसक्षेत्रमा पाउन सकिन्छ।

मालदेल वारे अर्को पनि भनाई रहेको पाइन्छ। यो मालदेल होइन मानदेल हो। कुनै मान वा माने नाम गरेको मानिसको देल वा गाउँ भएको हुनाले मानदेल भनिएको हो। मालदेलवासी राईहरू ससरकाबाट आजभन्दा ६ पुस्ता अगाडि अदिल राई मालदेल आएका थिए। सम्भवत: उनैको नाम अदिलमान थियो कि भन्ने लाग्छ। अहिले यहाँ राईचु, बाहिङ राई, हमरुचु राई र क्षत्रीहरू बसोवास गर्दछन्।

४.९. हल्कु

हल्कु भनेको रगत चुहाएर पूजा गर्ने थलो भन्ने अर्थ लाग्छ। दुमी भाषामा हल्कु, हल्कुम, हाल्कुम या हाल्खुम भनेको जमिन या पृथ्वी भन्ने अर्थ लाग्छ। जमिन त जतातती छ तर विशेष खालको जमिनलाई हल्कु, हल्कुम वा हाल्कुम भनिन्छ। त्यो भनेको चाहे शिकारी दिबुमी होस या सिमेभूमे पूज्ने ठाउँ वा त्यस्तो जमिनलाई हल्कु, हल्कुम, हाल्कुम वा हाल्खुम भनियो। नायम जन्मेको भूमि वा माटोलाई हाल्कुम पुखु भनेर नक्षोले बखान्छ। मालदेलभन्दा माथि अवस्थित रहेको यो हल्कु पनि यसै सन्दर्भसँग जोडिन्छ। संभवत त्यस समयमा शिकार खेल्दैजाँदा पूजा गर्नको लागि उपयुक्त चोखो ठाउँको खोजी गरियो र त्यस हल्कुडाँडामा छनौट गरियो। शिकारगर्दा अनेकौं पटक भोगवलीदिई पूजा गरियो र सो ठाउँको नाम हल्कु भन्ने रह्यो। यहाँ अहिले बाहिङ र राईचुहरूको बसोवास रहेको छ।

४.१०. दामथला

सप्तेश्वरको वडा नं ९ को सिरानमा रहेको दामथला गाउँ 'दामु' र 'थला' दुइटा शब्द मिलेर 'दामुथला' हुँदै 'दामथला' भएको हो। 'दामु' भनेको दुमी भाषामा 'सिकार मार्ने धर्जन' र 'थला' भनेको 'ठाउँ' हो। अत शिकार मार्नलाई धर्जन थापिएको ठाउँलाई दामथला भनिएको हो। दामथला नाम रहनको पछाडि अर्काथरी भनाई पनि रहेको पाइन्छ। त्यो हो- दाम्चो र थलाबाट दाम्चोथला हुँदै दामथला भएको हो। यो भनाई खार्मी लाप्चा ासी पर्जबहादुर छाचुङ राईको हो। ऐतिहासिक घट्ना अनुसार छाचुङ्को पुर्खा दाम्चो साप्रुगाउँबाट आफ्नो खुवामा शिकार खेल्दै

अहिलेको दामथला आउँथे । उनै दाम्चोले शिकार खेल्ने किलो थलोलाई दाम्चोथला भनिदै आउँदा अपभ्रंश भई दामथला हुन गएको हो ।

दामथला निवासी बृद्ध जहानसिंह सत्म राईको भनाईमा उनीहरू केटाकेटी हुँदासम्म अहिले दामथला भनिने जसमनी, दलबहादुर राई वसेको जग्गा डिलमा ठूल-ठूला सिमलका रुखहरू थिए । त्यहाँ चिल, सिकारी आदिले गुँड लगाउँथ्यो र गाउँको कुखुरा चल्ला खाइदिन्थ्यो । त्यसैले त्यहाँ जग्गामा दामु थापिन्थ्यो र दामुको मुनीबाट चल्लो राखिन्थ्यो । त्यो चल्ला टिप्न आउँदा लिसो, पासो वा काँडमा परेर चिलहरू मर्थे । पछि त्यो अग्लो रुख ढालिएपछि चिल र सिकारीले गुँड लाउन पाएन र गाउँको चल्ला पनि बच्यो । यो आजभन्दा ७५ वर्ष अगाडिसम्मको कुरा हो । जे होस् सिकार मार्न धर्जन थापिने ठाउँलाई 'दामथला' भनिएको हो भन्ने यसको निष्कर्ष हो ।

दामथलामा रङ्कासु र सत्म राईहरू बसोवास गर्दछन् । उनीहरू सिम्पानीबाट त्यहाँ बसाई सरी गएका हुन । पहिले करमबोल रंकासु गए-दाम्थला । त्यसपछि उनले आफ्नै सहोदर ज्वाई फेन्दुराम सत्मलाई त्यहाँ लगेका हुन । यो आजभन्दा ६ पुस्ता अगाडि वा लगभग १५० वर्ष अगाडिको कुरा हो ।

४.११. चिउरीखर्क र बाखमचोक

'चिउरी' र 'खर्क' दुइटा शब्द मिलेर चिउरीखर्क भएको हो । स्वर्गीय तायामी धनरुप राईको भनाईमा यो नाम सिद्धिकण पाध्यले उनका वस्तुका गोठ राख्ने सिलसिलामा लगाएका हुन । चिउरी भनेको खाने फल हो भने खर्क भनेको पशुपालन गर्ने ठाउँ हो । त्यसैले चिउरीको घास या फल पाइने क्षेत्रमा बस्तुभाउको खर्क राखिएको ठाउँ भन्ने अर्थ लाग्छ । यो नाम रहनभन्दा अगाडि वाखामचोक भनिन्थ्यो । यसमा वा भनेको पानी र खम' भनेको केन्द्र वा गहिराई भएको ठाउँ, किलोथलो भन्नेसमेत जनाउँछ । चोक नेपाली शब्द हो जसले सँधेरी वा केन्द्र भन्ने जनाउँछ । तसर्थ वा+खम+चोक = वाखमचोक हुन गएको हो । बाखमचोकलाई पछिल्लो समयमा बाखामचोक भनेर संवोधन गर्न थालियो । यहाँ 'वाखम' शब्दमा 'चोक' जोडिएकाले चोक भएको ठाउँमा पानीको कुवा भन्ने अर्थ पनि लाग्छ । यो अनुमान मात्र होइन वास्तविक इतिहास हो ।

बाखामचोक भन्ने ठाउँ अहिले सप्तेश्वर ८ चिउरीखर्कमा काजीवल राईको घर पछाडिको ठूलो चप्लेटी ढुङ्गा र त्यही छेउमा उम्रने पानीलाई वाखमचु भन्दा भन्दै बाखामचोक भन्न थालिएको हो । धनरुप राईको भनाईमा सत्महरूले बस्तु, बाख्रा चराउँदा त्यही ढुङ्गामा बसेर बस्तुभाउको रखवारी गर्थे । तसर्थ यही वस्तु वा बाख्रा राख्ने चोकबाट बाखामचोक भएको भनी बताएका छन् ।

सिद्धिकर्णले बाक्सिलाबाट चिउरीखर्क गाईबस्तु ल्याउनुको अर्थ किरात किपटलाई हड्प्नु थियो । अघि राईतालुकी भगिवन्त सखिवन्तको समयमा लामदिजा किपटलाई हडप गर्दै बाक्सिला विर्तामा परिणत गर्ने सिद्धिकर्ण पाध्येसँग भगिवन्तहरूको ठूलो झगडा परी त्यो मुद्धा नेपालको सर्वोच्च अदालत रानीपोखरी इटाचपलीसम्म पुगेको थियो । यो भनाई स्वर्गीय धनरुप राई, स्वर्गीय मौलीधन रंकासु राई र स्वर्गीय लप्टन भीमलसिह राईहरूको हो ।

चिउरीखर्कमा साँच्चै नै चिउरीको बोट पनि प्रशस्तै थियो भन्छन् पूर्खाहरुले र अझै पनि रहेको छ । टाढा-टाढाबाट पनि विवाह कार्यमा चिउरीको पात टिप्न चिउरीखर्क नै आउँथे । अहिलेपो थालको रकम आएपछि यस्तो पात टिप्ने चलन हराएको छ । यसरी सबैको लाजगाल ढाक्ने चिउरीखर्क आज आफै बेहाल छ । पटक पटक गएको पहिरोले मानिसहरू बसाई सर्न वाध्य भएका छन् । जिल्ला सरकारसँग यो दु:ख देखाउँदा पहिरोमा घर र मानिस पुरिनु

पर्छ अनिमात्र राहत पाइन्छ भन्ने जवाफ पाइन्छ । चिउरीखर्कमा अहिले सत्म, लुप्पो, बाहिङ, दमाई, नेवार जातिहरू बसोबास गर्दछन् ।

४.१२. खिर्दु

'खिर्की' र पानीखाने 'कुवा' (दुमी भाषामा 'कु') मिलेर 'खिरीकु' हुँदै 'खिर्दु' भएको हो । यो सप्तेश्वर गाविसको एउटा गाउँको नाम हो । यो गाउँको नाम यही 'खिरीकु'बाट अपभ्रंस भई 'खिर्दु' भएको हो । अहिले यो पानी कुवा एउटा ढुङ्गाको आडबाट पलाएको छ र छेवैमा बुढो बरपिपल पनि रहेको छ । यो कुवा खिर्दु गाउँकै पश्चिमपट्टि पर्छ । अत कुनै समयमा मानिस र पशुलाईसमेत पानी पियाउने उद्देश्यले ढुङ्गाको पर्खालले बारिएको खिर्की वा पानी कुवालाई खिर्कीकु भन्दा भन्दै पुर्खाहरूको जिब्रो लटपटिएछ र खिर्कु हुँदै खिर्दु हुन पुगेछ । मुद्दुममा पनि खिरीकु नै भनेर बखान गरिन्छ । अहिले यहाँ निरौला क्षत्री र राई बसोबास गर्दछन् । कुनै समयमा तामाङ र दमाईहरू पनि रहन्थे तर तिनीहरू पलायन भईसकेका छन् ।

४.१३. चप्लेटी

च्याप्टो परेको ढुङ्गालाई चपलेटी भनिन्छ । यस्ता धेरै ढुङ्गाहरू उपलब्ध भएको ठाउँलाई चपलेटी भन्ने नाम सप्तेश्वरको वडा नं १ मा पर्ने क्षत्रलाई नवरान गरिएछ कुनै जमानामा । चपलेटी ढुङ्गाको महत्व धेरै छ- बटुवालाई आराम गर्न, गोठाला खेतालालाई भारी बिसाउन, बालबच्चा खेल्न, गुन्द्रुक सुकाउन, लुगा सुकाउन इत्यादि ।

चप्लेटी नेपाली नाम हो तर पनि यसको इतिहास बाक्सिला जत्तिकै पुरानो छ । पाँचथर रबिका बृद्ध राजबहादुर रत्कु राईका भनाईमा उनका पुर्खा आजभन्दा चार पुस्ता अघि चपलेटीबाट रबि गएका हुन भन्ने इतिहास सुनाउँछन् । उनलाई यस क्षेत्रको वारेमा कुनै नाम थाहा छैन सिर्फ चपलेटी भन्ने नाम मात्र थाहा छ । "पुर्खाले गाडेको ढुङ्गा सपनामा देख्छु म आउँछु पुर्खौली थलो" भन्थे २०५५ सालतिर । अहिले उनको अवस्था के छ थाहा छैन । अत : चप्लेटीमा त्यस्ता चपलेटी ढुङ्गाहरू धेरै छन्- छेरा र चपलेटी वीचको ढुङ्गा, बाहुन गाउँको ढुङ्गा, चपलेटी पानीधाराको ढुङ्गा, अङ्खतिर जाने हुर्किम खोल्साको ढुङ्गा, छेराको पानीधाराको ढुङ्गा इत्यादि । र, यी नै ढुङ्गाहरूको संयुक्त नाम नै चपलेटी हो ।

यहा सत्म रदङ्कु राईहरूको बाक्लो बसोवास रहेको छ । यी रदङ्कु सत्मका माहिला छोरा हुन । उनी बाक्सिला अङ्खबाट दाज्यूभाई नमिल्दा जेठादाज्यू जसहङबाट खेदिई हानेडाँडामा आई बसेका हुन् । त्यहाँबाट पनि धपाइए र चपलेटीमा गई बसे त्यहाँबाट पनि मूलबाटोमुनी सप्लगाउँमा मात्र बस्ने अनुमति पाएकाले सप्ल झरे । पछि जसहङ्को मृत्युपछि फेरी अहिलेको चपलेटी गाउँमा निस्की रस्तवस्ती बसाए । चपलेटी ढुङ्गासँगै नाची, ठोकिई बसेका चपलेटीका रदुहरू चपलेटी ढुङ्गा जत्तिकै दरा खरा छन् । तर यो खरोपन कहिलेकाहीं हानीकारक पनि हुने गर्दछ, त्यसैले एउटा उपमा पाएका छन- चपलेटे बिप्लाटे ।

४.१४. बाछेर्कु

वाछेर्कुबाट बाछेर्कु भएको हो । यो चिउरीखर्क गाउँको खोल्सी हो । 'वा' को अर्थ पानी र 'छिर्कु' को अर्थ पानीको शिर वा स्रोत भन्ने अर्थ लाग्छ । 'वा' किरात भाषा हो र दुमीको मुद्दुममा बारम्वार प्रयोग हुन आउँछ । छिर्कुमिर्कु भनेर अहिलेसम्म धामीले आफ्नो रिसीयमा फलाक्ने काम गर्दै आएका छन् ।

५.माक्पा गा.वि.स. क्षेत्रका ऐतिहासिक सांस्कृतिक भूमिहरू

किंवदन्ती अनुसार 'माखे' वा 'माखी' वा 'माकी' नामको कुकुर (डाँगो कुकुर)ले पत्ता लगाएको ठाउँ माखे शब्दमा 'पा' (पुलिङ्ग जनाउने शब्द) जोडिएर 'माखीपा' वा माखेपा वा माकिपा भयो । कालान्तरमा यो नाम पनि अपभ्रंस भई अन्तमा

'माक्पा' शब्दमा रुपान्तरण हुन गएको पाइन्छ ।

दुमी भाषामा कुकुरलाई ख्लिवा वा खीवु भनिन्छ । यस कारणले व्युत्पत्तिको दृष्टिले माख्लिवा वा माखेख्लिबा वा माखीवु वा माकीवु (माखे नामको कुकुर) बाट 'ख्लि' शब्द वा 'इ' स्वर लोप भई माखेबा वा माखिबा वा माखबा वा माकबा मात्र रहन गयो र यसमा 'खे' वा 'ख्लि' वा ख शब्दको सट्टामा 'के' वा 'कि' शब्द प्रयोग हुन आई 'माकिपा' वा 'माकेपा' हुँदै 'माक्पा' हुन गएको पाइन्छ ।

दुमी वंशावलीमा हेर्दा आजभन्दा करिब १६ वा १७ पुस्ता अगाडि वा लगभग ४२५ वर्ष अगाडि मदुआपा मदुआमाको दुइटा छोरा गान्पा र रतेपा बाक्सिला सिम्पानीबाट माक्पा गएका हुन भन्ने देखिन्छ । तत्काल सिम्पानी गाउँलाई दुम्देल वा दुमीदेल वा यसको दुमीको गाउँ भन्ने बुझिन्छ । तत्काल दुम्देल गाउँ बाक्लो हुँदै गएको थियो र एउटा उपयुक्त ठाउँको खोजी गर्ने क्रममा गान्पा रतेपाको कुकुर सिकार गर्दै रावाखोला तरेर माक्पा आई सिकार गरेर दुम्देल फर्किदा भेडा कुरो जिउभरी स्युरिएको हुनाले यस्तो भेडाकुरो भएको ठाउँमा खेतीपाती असाध्य राम्रो फल्छ भनी सोही माखे कुकुरलाई पछ्याउँदै गान्पा रतेपा माक्पा आई बसोबास गर्न लागे ।

रस्ती बस्ती बसाउँदै गएपछि किरातीको चलन अनुसार नयाँ अन्नपात पहिले भूमिदेवलाई चढाउनु पर्ने भएको हुनाले भूमिको पूजा गर्न हालको माक्पा गाउँमा रहेको युङ्खुलु स्थापना गरेको तथ्य माक्पावासी पुर्खाहरू बताउँछन् । स्मरणीय छ युङ्खुलु (भूमेदेव विसाउने ठाउँ) स्थापना गर्ने क्रममा सोलु काँकुको भूमेदेव उडेर आकाशबाट धागामा झुण्डिदै (सालेरीमा तान्चुम) माक्पा भूमेमा आएर बसेको थियो भनी पूर्खाहरू बताउँछन् । (इसिलिम २०६०) भूमेदेवले मन पराएको यस्तो पवित्र भूमिको जाति हुन पाउनु माक्पालीहरू साँच्चिकै भाग्यमानी छन् । ति दुमीमा खारुवु, हलक्सु, बालक्पा, हजुर रहेका छन भने थुलुङ, राई र क्षत्री, बाहुन, कामी दमाई जाति पनि रहेका छन् ।

५.१. लुम्दु

माक्पाकै एउटा गाउँको नाम लुम्दु हो । लुम्दुका पुर्खाहरूको भनाइमा उतिखेर यहाँ ढढ्डेन मालिङ्गो, निगाला र चोयावासको धारी थियो । यहाँ एउटा पोखरी पनि थियो जसलेगर्दा पशुपालनको लागि बेब्ला माक्पाबाट गोठ राख्ने परम्परा थियो । यही चोयाबासको घारी भएको ठाउँ जसलाई दुमी भाषामा लुम्दु वा लुम्दुतेरपा (दुमी शब्दकोश) भनिदै आउँदा यसैबाट लुम्दु नाम रहन गएको हो । अहिले लुम्दुको भौगोलिक स्वरुपलाई हेर्दा यहाँ पोखरी थियो भन्ने अनुमान लगाउन सकिन्छ । यस गाउँमा हलक्सु र दारेगौडाबाट गएको पहिलो सत्म बाजे मतिरुको वंशज र थुलुङ राईहरूको वसोवास रहेको पाइन्छ ।

५.२.बाथेर्लु

माक्पा गाउँबाट इलिम गाउँ झर्दा करिब १५ मिनट हिडेपछि दुइचारवटा ठूला-ठूला ढुङ्गाहरू यत्रतत्र भेटिन्छन् । त्यस ढुङ्गाहरूमध्ये एउटा अली चुच्चो छ त्यसलाई बाथेर्लु भन्दछन् । बाथेर भनेको बज्र हो र लु भनेको ढुङ्गा हो । त्यसैले बज्रले भाँचेको ढुङ्गालाई बाथेर्लु भनिएको हो । माक्पाली दुमीहरू राम्रो नराम्रो दुवै सांस्कृतिक कार्यहरूमा मुद्दुमी बाटो हिड्दा बाथेर्लुलाई बखान्ने गर्दछन् । यो ढुङ्गालाई २०७० सालमा खनिएको सडकले भत्काउने स्थिति रहेको छ । र, सडकलाई अरु विस्तार गरियो भनेत झन चिनोबानो नै नरहने अवस्था छ । विकासको नाममा

यस्तो ऐतिहासिक, सांस्कृति ढुङ्गालाई भत्काउने हो भने दुमीले आफ्नो पहिचान गुमाउने छ। तसर्थ यसलाई अनिवार्य बचाउनु पर्दछ।

५.३. बञ्चरे खोला

नोरङ र माक्पाको वीचमा बगेको खोलाको नाम बञ्चरे खोला हो। उक्त खोलाको शीरबाट दुइटा सानो खोला बग्दै आई अली माथि नै मिसिन्छ। मिसिएको ठाउँको भौगोलिक आकृति दाउरा काट्ने फलामे बञ्चरो जस्तै उठेको छ। त्यसैको नाम बञ्चरे भनियो र खोलाको नाम नै बञ्चरे रहन गयो। यसकासाथै खोलाले खोलेर गएको जमिन पनि गहिरो देखिन्छ। त्यसैले पनि यसको नाम बञ्चरे खोला राखिएछ। बञ्चरेलाई स्थानीय संस्कृतिमा पनि त्यत्तिकै स्थान दिइन्छ। यो खोला त्यस ठाउँको भाग्य र भविष्यसँग अत्यन्त जोडिएको कारणले चल्तीको श्लोकमा पनि भनिन्छ- "माक्पा र बेब्ला दुवै हाराहारी बञ्चरे पारी लेवा। रनवन भन्नु सबैको बराबर भाग्य त आफ्नै पेवा॥"

५.४ नोरुङ

नोरुङ वा नोरङ गाउँको नाम 'नुरुकु' बाट अपभ्रंस भएको हो। 'नुरु'को अर्थ 'बाघ' र 'कु'को अर्थ पानीको कुवा हो। अतः कुवामा पानी खान आउने बाघको नामबाट 'नुरुकु' हुँदै 'नोरुङ' वा 'नोरङ' भएको हो। उक्त नूरुकु हाल समाप्त भई सकेको तथ्य नेत्रमणी राईले बताएका छन्।

६. हाँचेका

कुभिण्डे गाविस अन्तर्गत वडा नं २ मा पर्ने गाउँको नाम हाँचेका हो। हाँचेका दुमी शब्द 'हँचुमिनु' बाट हाँचेका भएको हो। (गिरीराज सत्मराई हाँचेका, इसिलिम २०६४, अंक १०) यसलाई गहिरिएर हेर्दा हाँचेका शब्द हँचु + मिनु + खम वा खोम = 'हँचुमिनुखम' वा 'हँचुमिनुखोम' बाट अपभ्रंश हुँदै हाँचेका भएको देखिन्छ। 'हँचु' को अर्थ मानिस, 'मिनु' को अर्थ मर्नु र 'खम' वा 'खोम' को अर्थ ठाउँ हो। अत मानिस मर्ने ठाउँलाई 'हँचुमिनुखम' वा 'हँचुमिनुखोम' भनियो र अन्त्यमा यसमा दुइटा अक्षर 'मि' र 'म' लोपभई 'हँचुख' वा 'हँचुखो' हुँदै हाँचेका भएको देखिन्छ। किंबदन्ती अनुसार हाँचेकाली दुमी राईहरू बाक्सिलाबाट बसाईसरी त्यहाँ जाँदा अफाप भई, रुडी लाग्ने, देसान मसान लागेर मर्ने इत्यादिले त्यस ठाउँलाई हँचुखा भनेछन्। त्यसैले धेरैठाउँ सर्दै-सर्दै गए र अन्त्यमा फेरी हँचुखामा नै बस्नपुगे। त्यसैले मान्छेलाई नफाप्ने ठाउँलाई हँचुखा भन्दा भन्दै हाँचेका भएको मानिएको छ। हाँचेकामा दुमी, चामलिङ, खालिङ, साम्पाङ राईहरू बस्छन् र यसमध्ये दुमीको जनसंख्या बढी छ र सम्पूर्ण गाबिसमा राईको जनसंख्या बढी छ।

५. निष्कर्ष

कुनै न कुनै कारणले गाउँ ठाउँको नाम रहन जान्छ भन्ने उक्ति यसै दुमी क्षेत्रमा देखिएका पाइएका विभिन्न नामहरूले सिद्ध गर्दछ। यो एउटा जीवीत इतिहास हो। किराती वंशको इतिहास कसैबाट पनि लेखिएन त्यसैगरी ठाउँ विशेषको पनि लेख्ने काम भएन। तसर्थ धेरै कुराहरू किंवदन्तीको सहारा लिनु पर्ने हुन्छ। अव यस किंवदन्तीको माध्यमबाट नै प्रस्तुत गाउँठाउँहरूको लिखित सामाजिक तथा जातीय इतिहास निर्माण गर्नु पर्ने भएको छ। बाँकी गाउँठाउँको नामलाई पनि विस्तारै खोजतलास गर्ने कार्यको थाल्नी गरेर आफ्नो इतिहासको जगेर्ना आफै गर्न प्रयत्न गरौं भन्ने अनुरोध छ। मुचिङा।

तोमा-खेमा (तायामा-खियामा) र खक्चिलिपुको कथा

रत्नमाया दुमी साम्पाङ राई
खोटाङ

तोमा (दिदी) खेमा (वहिनी) र खक्चिलिपु तीनजना दिदीभाइको सानो परिवार थियो (जसलाई किरातहरूको पूर्खा भनिन्छ) । उनीहरू गरीव थिए । तोमा-खेमा दिदीहरू ठूला थिए तर भाइ खोक्चिलिपु सानो थियो । गरीव भएकाले खानाको निमित्त तोमा- खेमा बिहान सवैरै नजिकको वस्तीतीर जाँतोमा छोडिएको सामल वटुल्थे । यसरी उनीहरूको दिनचर्या चलिरहेको थियो ।

एकदिन तोमा-खेमाले एउटी वुढीको घरको जाँतोमा धेरै सामल फेला पारिन् र घर फर्किइन् । खक्चिलिपु धेरै भोकाएको थियो । ऊ कतिखेर दिदीहरू आउँछन् र खानेकुरा खाने भनी प्रतिक्षामा थियो । दिदीहरूले घरमा आएर खोले पकाउन लागे, भाइचाहिँ अव खान पाइने भो भनेर छेवैमा नाच्न/खेल्न थाल्यो । यसरी खक्चिलिपु खेल्ने क्रममा उसको खुट्टामा दाउरा अल्झिएर खोलेको भान (भाँडो)पोखिन पुग्यो । यसरी खोलेको भान घोप्टिएपछि तामा-खेमालाई रिस उठ्यो र भाइलाई हिर्काए । भाइ रुन थाल्यो र दिदीहरू पनि रुन थाले । यसरी खक्चिलिपु रुँदा-रुँदा थाकेर त्यही निदाएछ । तामा-खेमाले भाइलाई उठाउन खोजे तर धेरै दिनको भोको भाइ उठ्न सकेन । यसरी तोमा- खेमाले भाइ मरेछ भनी त्यो घर छोडी अन्तै जाने निधो गरे । अब मरेको भाइलाई के गर्ने भनी तोमा-खेमाले सल्लाह गरे । उनीहरूले भाइको एउटा पुत्ला (नमूना) वनाएर सुताए । उनीहरूले केराको पात, चिण्डो, जाँडको छोक्रा आदि तयार गरे । केराको पातले पुत्लालाई छोपी चिण्डोलाई टाउकोपट्टि राखी कुल्चे । यसरी कुल्चिदा चिण्डो फुट्यो, उनीहरूले भाइको टाउको फुट्यो भन्ने सोचे । त्यसपछि भाइको टाउकोपट्टि एउटा कर्द राखिदिए र खुट्टामा एउटा केराको वोट रोपी त्यहाँबाट हिँडे ।

यसरी जाँदा-जाँदा उनीहरू एउटा रमणीय (स्थान) डाँडामा पुगे (खोटाङको हलेसी नजिकको जायजुम भनिने मलाथुम्का डाँडा) र केहीछिन थकाई मेटेपछि अन्तै जाने सल्लाह गरे तर दिदीवहिनीको सल्लाह मिलेन र आ-आफ्नो बाटो लाग्ने निर्णय गरे । यसरी तोमा (दिदी) लेकतिर जाने भईन् भने खेमा (वहिनी) मामाघर तराईतिर जाने भईन् । यसपछि उनीहरूले हिड्नेवेलामा उक्त स्थानमा पुमा (फूल) रोपे र ६ महिनापछि गोड्ने सल्लाह गरे । त्यसवेला जसको फूल सप्रेको हुन्छ ऊ राम्ररी वसेको हुन्छ, जसको फूल ओईलाएको हुन्छ, उसलाई कष्ट परेका वा अशुभ हुन्छ भन्ने निधो पनि गरे । उनीहरूले पन्छीको जुनी धारण गर्ने निर्णय गरे र तोमाले बहिनी खेमालाई मामाघर गएर मामा पोप्पो (लाटकोसेरो) रिसाहा छ उसलाई नजिस्क्याउनु भन्ने सल्लाह दिइन् र त्यहाँबाट त्यहाँबाट हिँडे ।

तराईमा मामाघर वरीपरी सुन्तला र केराको वगैंचा थियो । मामा पोप्पो त्यही डोको, नाम्लो, डालो, थुन्से, नाङलो आदि काम गरिरहेको थियो । ऊ सधैँ घोप्टिएर काम गरिरहन्थ्यो । त्यो देख्दा खेमालाई हाँसो उठ्थ्यो । यसरी खेमाले मामालाई जिस्क्याउन थाल्यो । पोप्पोले पन्छीको रुप धारण गरेकी खेमालाई 'मलाई नजिस्क्याउ है भान्जी, रिस उठ्यो भने म त खाई पो दिन्छु' भन्थ्यो तर खेमाले उसको कुरा पत्याइनन् र उसलाई जिस्क्याउन छाडिनन् । यसक्रममा एकदिन पोप्पोले खेमालाई खाईदियो ।

समय वित्दै गयो । तामा-खेमा छुटेको पनि धेरै समय भईसकेको थियो । दिदी-बहिनी छुट्नेवेलामा गरेको बाचा अनुसार तोमा लेकबाट फूल गोड्न र बहिनीको

अवस्था वुझ्न जायजुम गईन् तर बहिनी खेमा त्यहाँ आईनन् । आफूले रोपेको फूल ढकमक्क थियो भने बहिनीको फूल ओइलाईसकेको भेटिन् । तोमाले सोचिन्, बहिनी अवश्य जिउँदो छैन । त्यसपछि तोमा वहिनी खोज्न मामाघर तराईतिर झरिन् र मामालाई सोधिन् : मामाले पनि शुरुमा त भन्न चाहेनन् तर तोमाले रोईकराई गरी सोध्न थालेपछि मामाले भने 'अँ आएको थियो, मलाई जिस्क्याई रही, नजिस्क्याउ भन्दा मानिनन्, मैले मुख आँ गरेको थिए, मेरो मुखभित्र पसिन्, त्यहाँ केराघारीमा जाउ, थाहा पाउँछौ ।' केराघारीमा बहिनीको हाडखुर थुप्रिएको थियो । तोमाले त्यसलाई मजेत्रो (तौलिया) मा उठाइन् र जायजुम नै फर्किइन् । उनले बहिनीको शोकमा धेरैदिनसम्म रिरिय (भजन-किर्तन) गाउँदै बहिनीको हाडखुरलाई खरानी र पानीमा मलेर एउटा भाँडोमा राखिन् (त्यहि दिनदेखि किरातीहरूले किनिमा र जाँड बनाउन सिकेका हुन् भन्ने भनाई छ) । यता बहिनीको फूललाई पनि दिनदिनै गोडमेल र पानी छर्कँदै गईन् । फूल विस्तारै जाग्दै गयो र बहिनी खेमा पनि 'म त धेरै निदाएछु नी दिदी' भन्दै व्युझिइन् । दुवैजना दिदी वहिनी खुसी भईन् ।

त्यसपछि उनीहरूले पन्छीको जीवन परित्याग गरी पुन : मानव जीवन धारण गरे । अव जीवन निर्वाहको लागि कुनै पेशा अगाल्नु पर्ने भयो । यसरी उनीहरूले तान वुन्ने कामको थालनी गरे । आधुनिक कपडा वुनाईको सृष्टि तामा-खेमावाट यही भन्ने विश्वास गर्छन् किरातीहरू ।

यसवेलासम्म उनीहरूले मऱ्यो भन्ठानेको भाइ खक्चिलिपुलाई विर्सीसकेका थिए । तर लामो निद्रापछि खक्चिलिपु व्युझियो । उसले बेस्सरी रोइकराई गर्दै दिदीहरूलाई खोजे तर दिदीहरू थिएनन् । उनको नजर केराको वोटमा पऱ्यो, जुन तामा-खेमाले रोपीदिएका थिए । उसले त्यहाँ एउटा कर्द (सानो खुकुरी) पनि भेट्यो । भोकले रन्थनिएको उसले कर्दले केरालाई ताक्दै भन्न थाले 'ए केरा, पसाउँछस् कि काटिदिउँ' नभन्दै केरा पसायो । उसले फेरी 'ए केरा पाक्छस् कि काटिदिउँ' । केरा पाक्यो र उसले यही केराले भोक मेटायो । यसरी धेरै दिन वित्यो तर दिदीहरू आएनन् । उनले पनि जीवन निर्वाहको लागि शिकार गर्न शुरु गरे । अब त खक्चिलिपु तन्नेरी भइसकेको थियो । उसले अन्य सीप सिक्नुका साथै जाल हानेर माछा पनि मार्न थाले ।

उनी खोलामा जाल हानेर माछा मार्न थाले । एकदिनको कुरा हो उनी खोलामा गएर जाल हान्न थाले तर माछा हैन ढुङ्गोपो जालमा पऱ्यो । उसले त्यसलाई फालिदियो र फेरी जाल हान्यो । फेरी पनि उही ढुङ्गो नै जालमा पऱ्यो । एवम् रितले धेरैपटक त्यो ढुङ्गो जालमा परेपछि उसले पनि घर लगेर मसला पिस्ने (लोहोरो ढुंगा) बनाउने सोचेर फुर्लुङ (माछा राख्ने चोयाको भाडो) मा हाल्यो र घर पुगेर सरङ/भारमा राख्यो । भोलीपल्ट पनि उ माछा मार्न गयो र धेरै माछा मारेर घर फर्क्यो । घरमा आईपुग्दा सवै खानेकुरा तयार थियो । ऊ आश्चर्यमा पऱ्यो । घरमा भात कसरी पाक्यो, कसले पकायो भनी सोध्दै ऊ करायो । एकजना बुढीले 'मैले पकाएको' भन्ने जवाफ दिईन् । खक्चिलिपु खुसी भएर धन्यवाद दिदैं दुवैजनाले भान्सा गरे ।

खक्चिलिपु सिकार खेल्न दिनदिनै बाहिर जान्थे, घरमा आउँदा खानेकुरा तयार हुन्थ्यो । त्यस बुढी वज्यैले पनि धेरै समयसम्म खक्चिलिपुलाई ढाँट्न असजिलो मानिन् र एकदिन सत्य कुरा वताउँदै खाना पकाउने को रहेछ विचार गर्न पनि भनिन् । एकदिन खक्चिलिपु माछा मार्न जाने जस्तो गरेर बाहिर लुकेर वस्यो । केहीवेरमा भारबाट त्यही लोहोरो ढुंगा भुईमा झरी सुन्दर युवतीको रुप धारण गरी लिपपोत गर्दै भातभान्सा तयार गर्न लागिन् । खक्चिलिपुले उसलाई समात्यो र सोध्न थाल्यो 'तिमी को हौ ?' ती युवतीले खक्चिलिपुलाई छोड्न आग्रह गरिन् तर खक्चिलिपुले सवै कुरा नभनेसम्म जान नदिने अड्डी कस्यो । त्यसपछि उक्त युवतीले आफ्नो परिचय दिईन् : 'म नागेलुङ (नागकन्या) हुँ । तिमीले मलाई धेरै चोटी फालेको हुनाले म घाईते छु' भन्दै रुन थालिन् । उनको कुरा सुनेपछि खक्चिलिपुले आफूले नचिनेर नजानेर यस्तो भएको, अव यस्तो हुनेछैन भनी प्रतिज्ञा गऱ्यो र उनीहरूले दाम्पत्य जीवन शुरु गरे ।

एकदिन खक्चिलिपु सधैं झै शिकार खेल्ने क्रममा तावे ढुकुर मारेर ल्याएछन् । घरमा ल्याएर फोरेर हेर्दा

त्यसको भूडीभित्र कोदो, मकै, धान आदि अन्न थियो । खक्चिलिपु र नागेलुङले यसलाई सद्‌वीउ, पलवीउ (अन्न) जमीनमा छरेर खेती गर्न शुरु गरे । अब उनीहरूलाई बासस्थानको लागि एउटा घरको आवश्यकता पर्‍यो । उनीहरूले एउटा घर बनाई बस्ने सल्लाह गरे । सल्लाह अनुसार खक्चिलिपु घरको खाँवो काट्न जंगलतर्फ लाग्यो । उसले खाँवो लिएर त आयो तर खाँवोमा काफे (दुई हाँगा) नभएको हुनाले यो घर भत्कियो । नागेलुङले खक्चिलिपुलाई आकाशमा उडिरहेको चिभे चरोको पुच्छर देखाउँदै घर वनाउँने खाँवो त्यही पुच्छरजस्तो चाहिन्छ भनी खक्चिलिपुलाई आह्वाईन् । (यो घर बनाउने क्रममा उनीहरूको वच्चा घर वनाउँन खनेको खाल्डोमा पुरिएको भन्ने भनाई छ । जसले गर्दा हिजोआज पनि सानो वच्चाको मृत्यू भयो भने घरको पेटी वा ओढारमा राख्ने चलन छ ।)

जसोतसो उनीहरूले घर बनाए र वस्ने साईत जुराए (जसलाई हाल पनि घरपैसा भन्ने चलन छ ।) यसरी घर बनाएपछि उनीहरूले आफ्ना इष्टमित्रहरू वोलाएर घरपैसाको भोज ख्वाउने निधो गरे र सवैलाई निम्तो गरे साथै घरपैसासंगै ठूलो छमदम (किरात रीति अनुसार तीन दिनसम्म गरिने पवित्र कार्य) पनि सम्पन्न गर्ने सल्लाह गरे । छमदमको लागि जाँड, रक्सी, सुंगुर, अदुवा, मोदाम (चराको मासु) चिण्डो, भकिम्लो, ढोल, झ्याम्टा, धामी, मस्युमे (धामीको सहयोगी महिला) आदि सवै कुराहरूको व्यवस्था भयो । तर यस कार्यमा आफ्ना चेलीहरू तोमा-खेमाको पनि उपस्थिति अनिवार्य हुने हुँदा उनीहरूको खोजी कार्य शुरु भयो ।

यस कामको जिम्मा उफ्रदै छिटो हिड्न सक्ने उपीयाँलाई जिम्मा दिए । उपीयाँ उफ्रदै गएर तोमा-खेमाको जिउमा टोक्न थाल्यो । उनीहरूले उपीयाँलाई टाउको किचेर मारीदिएँ । त्यही भएर उपियाँको टाउँको चेप्टो हुन्छ भन्ने भनाई रहेको छ । उपियाँ फर्केर नआएपछि उनीहरूले फेरी वाख्रालाई पठाए । बाख्रा फर्केर आएन । त्यसो भएको हुँदा बाख्रालाई अविश्वासी ठानी बाहिर निकालिदिए । त्यही भएर किरातीहरूले बाख्रालाई घरभित्र पस्न नदिएका हुन् भन्ने भनाई छ । त्यसपछि तोमा-खेमालाई लिन सुंगुरलाई पठाए । सुंगुरलाई पनि तोमा-खेमाले पक्रेर थुनिदिए । अन्त्यमा कुखुराको भालेलाई पठाए । कुखुराको भालेले बास्दै तोमा-खेमालाई खक्चिलिपुको निम्तो भनेछ । मरेको भाइको नाम सुनेर तोमा-खेमाले कुखुराको भालेलाई लखेट्न थाले । यसरी लखेट्दै जाँदा उनीहरू आफ्नो भाइ खक्चिलिपुको घरमा पुगे । त्यहाँ मानिसहरूको भीड देखेर उनीहरू आश्चर्यमा परे । मर्‍यो भनेको भाइलाई जीवित देख्दा तोमा-खेमालाई खक्चिलिपुको घर-आँगन प्रबेश गर्न लाज भयो ।

अन्त्यमा पाकेको भकिम्लोको वोट आँगनमा राखिदिएपछि अमिलोको खानको लागि तोमा-खेमा खक्चिलिपुको आँगनमा पुगे । त्यसपछि विधि पूरा भयो, लामो समयसम्म वोछोडिएको चेली-माईतीको रमाईलो भेटघाट भयो । यसपछि तोमा-खेमाले माईती खक्चिलिपुसंग विदा मागे र आफ्नो चिनोस्वरुप जिउका प्वाँखहरू माईतीलाई छोडेर गएको कुरा पूर्खाहरू उल्लेख गर्दछन् । साथै खक्चिलिपुले उनीहरूलाई छमदमको प्रसाद दिएर पठाए । त्यो प्रसाद खाएपछि तोमा-खेमा विरामी परे । धामी-झाक्रीलाई देखाउँदा माईतीको देवता लागेको छ भनेर भन्यो । उनीहरू माईतीको घर गए र माईतीको चुलोमा बल, शक्ति मागे साथै भाइलाई पुजे । माईतीको चुलोमा आफ्ना पूर्वजहरूसंग आशिर्वाद मागेर उनीहरू आफ्नो घर फर्के । (त्यसैले हिजोआज छोरीचेली विरामी हुँदा माईतीको चुलोमा आशिष माग्ने चलन छ)

खक्चिलिपुले खेती गरेर अन्न उत्पादन गरेपछि अन्न वाली (चसुम-दिसुम) राम्रो होस् भनी सिमे-भूमेसंग आशिर्वाद मागे । यही क्रममा कुविमी, सेलेमी, तायामी, मस्युमे आदि भेला भएर नाचगान गरे। त्यही चलनलाई हिजो आज हामी साकेला/भूमेपूजाका नामले पूजा गर्ने गर्दछौं।

सन्दर्भ सामग्री

राई, चतुरभक्त, किरात सभ्यताका शिखर व्यक्तित्वहरु तोमा-खेमा र खक्चिलिपु: एक प्राग ऐतिहासिक अध्ययन, इसीलीम वर्ष २ अङ्क २, २०५६

Teenage

-**Panna Thulung Rai**
Pashupatinagar-5, Ilam

In human life, there are some certain stages as accordance with the age. Among them, teenage is the period of adolescent where the person is neither child nor grown up (or adult). It is the crucial phase of life. It starts from age thirteen to age nineteen. It is the phase where many children misguide from their path. It is the stage where ones needs full support from their parents, guardians, teachers and friends.

During this age, if one is not understood by their parents, or guardians, they may forever doom their life. It is the stage where there must be active co-operations among parents and children. Parents must play a vital role during this period for their children. They must try to understand child's psychology and behave as a friend. This is the situation where children even go under depression and follow wrong paths like addiction, cyber crime ...etc.

They even try to harm themselves by committing suicides. So parents must understand their children needs or desires. Each parent should try to spend maximum time with them giving them moral lesson; they must try to see things from child's perspective and must try to solve their problems. Lack of communication may also be the causes for the children going under depression.

As, this is the crucial phase of one's life, one needs to be very careful during this stage. So, to overcome all the problems both child as well as parents needs to be interactive. So that they can understand each other and solve the problems which help them for their bright future. Ultimately, the credit goes to not other than parents for the success of their children, where one can contribute for their nations which leads the country into development too.

छीरीयाम्लो २०७० तोसी (साकेला उद्यौली) चाडको
शुभ अवसरमा सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले
हामी सबैको रक्षा गरून् ।

गणेशभक्त सत्म ब्राक्सुपा दुमीराई
श्रीमती बालकुमारी दुमीराई
सप्तेश्वर-८, चिउरीखर्क

भाषाः संक्षिप्त विश्व मानचित्र तथा सन्दर्भ दुमी भाषा सर्वेक्षणको

(Language: A Brief Worldview and Context of Dumi Linguistic Survey)

- नेत्रमणि दुमीराई/राजेन्द्र थोकर

१. विषय प्रवेश

वि. सं. २०६५ सालदेखि नेपालका भाषाहरूको सर्वेक्षणको अभिभारा नेपाल सरकार योजना आयोगले भाषाविज्ञान केन्द्रीय विभागलाई दिइएअनुरुप हालसम्म ५१ वटा भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण कार्य पूरा भएकोमा किरात राई भाषा समूह अन्तर्गत दुमी, खालिङ (इलाम जिल्लाको मात्र), छुलुङ, कोयी र तिलुङको समाजभाषावैज्ञानिक सर्वेक्षण भइसकेको र हालमा प्रतिबेदन तयार हुदै पनि छ। दुमी भाषाको स्थलगत सर्वेक्षण हालसालै (वि.सं. २०७० साल असार ०१-२२ गतेसम्म) सम्पन्न गरिएको थियो ।

जसको प्रारम्भिक प्रतिबेदन तयार भई भैसकेको छ भने त्यसको सारसंक्षेप (नेपाली भाषामा) गत भादौ ५ गते काठमाडौंमा आयोजित दुमीभाषा कार्यशाला एवं अन्तर्क्रियाको अवसरमा एक विशेष दुमी भेलावीच प्रस्तुत गरिसकिएको छ। यो निरन्तरता स्वयं विस्तृत प्रतिबेदन बन्दै पनि छ। जिज्ञासु दुमीजन एवं समस्त शुभेच्छुक पाठकजनको कौतुहलतालाई ध्यानमा राख्दै समयानुकूल कार्यप्रगतिको समीक्षा सहित आफ्नो अभिभारा पूरा गर्न मनासिव ठानी त्यसै प्रारम्भिक प्रतिबेदनको अन्तरवस्तुलाई सारांशमा यसै 'इसीलीम १५औं अङ्क मातृभाषा विशेषाङ्क' मार्फत पस्कने प्रयास गरिएको छ ।

१.१ भाषाः संक्षिप्त विश्व मानचित्र (Language: A brief worldview)

भाषा मानव जीवनको एक महत्वपूर्ण पक्ष हो । भाषाको उत्पति मानव उत्पतिपछि भएपनि भाषाले मानव जीवनमा जीवन्तता प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । भाषा संवादको माध्यम मात्र होइन, यो आफैमा व्यापक पनि छ । जसरी मानवजीवनमा बंश उत्पति, वृद्धि तथा विकासको क्रममा, वयस्क, जवान, बुढ्यौलीपन अनि मृत्य र पुनः नयाँ जीवनचक्र चलिरहन्छ, त्यसैगरी भाषामा पनि यो चक्र चलिनै रहन्छ । मानवशास्त्रीय अध्ययनमा भाषा मूलद्वार हो, जुन द्वार नखोली यस अध्ययनको दृष्य तथा अदृष्य संसाररूपी महलभित्र प्रवेश गर्न असंभव हुन्छ । भनौ, भाषा विना त्यो प्रयत्न अधुरो वा अपूर्ण हुन्छ । अनेक हाँगाबिँगामा बिभक्त मानव समाजको इतिहास, साहित्य, संस्कार, संस्कृति जस्ता महत्वपूर्ण पक्षहरूको जीवन्तता भाषाले मात्र बोक्दछ ।

१.१.१ संसारमा भाषाको स्थिति (World language situation)

सन् १९८१ को दशकदेखि प्रकाशित सन्दर्भ पुस्तकहरू (Reference books) ले संसारमा ६ देखि सात हजारसम्म भाषाहरू रहेको जानकारी गराए तापनि हाल आएर यस तथ्याङ्कमा पछिल्लो दशकमा ३ देखि १० हजारको बीचमा रहेको अनुमान गरेको छ । ड्विट ह्विट्नी (Dwight Whitney) नामक विद्वानले (हेर्नुस् Silverstein 1971:113) सन् १८७४ मा आफ्नो प्रवचनमा १,००० भाषाहरू संसारमा भएको सुझाव प्रस्तुत गरेका थिए । फ्रेडेरीक बोडमेर (Frederick Bodmer) नाम गरेका अर्का विद्वानले १,५०० वटा तथा मारियो पेई (Mario Pei) (हेर्नुस् Bodmer -

1944:405), Pei (1952:285), पछिल्लो पुस्तक (1954:127)) जस्ता विद्वानले विश्वमा २,७९६ भाषाहरू रहेको प्रस्ताव गरेका थिए ।

त्यसैगरी सन् १९५६ मा जोसुवा वाट्माउ (Joshua Whatmough) नामक विद्वानले ३,००० भाषाहरू संसारमा रहेको अनुमान लगाए । संसारभरका भाषाहरूका सिलसिलाबद्ध सर्वेक्षण हुन केही समय कुर्नु पर्‍यो । इथ्नोलग (Ethnologue) जुन वर्तमान समयको सबैभन्दा वृहत विश्वव्यापी भाषा सर्वेक्षणले सन् १९७४मा सर्वप्रथम ५,६८७ भाषाहरू संसारमा रहेको तथ्याङ्क जारी गर्‍यो (हेर्नुस् the 13th edition, Grimes -1996); also www.sil.org/ ethnologue) । सन् १९७७ मा भोएगलिनको सर्वेक्षणले ४,५०० भाषाहरू संसारमा जीवित रहेको तथ्याङ्क प्रकाशित गर्‍यो ।

सन् १९८० को दशकदेखि सूचना सञ्चार प्रविधिमा सुधार आउनाले भाषाको तथ्याङ्क स्थितिमा नाटकीय परिवर्तन आयो । जसको फलस्वरूप सन् १९९६ मा (हेर्नुस् Bright 1992) इथ्नोलग (Ethnologue 1996)ले ६,७१३ भाषाहरूको सूची आफ्नो १३औं संस्करणमा समावेश गर्‍यो भने सन् १९९२ मा ६,३०० जीवित भाषाहरूको वर्गीकरण भाषाविज्ञानको अन्तर्राष्ट्रिय विश्वकोश (International Encyclopedia of Linguistics 1992) मा गरियो । त्यसैगरी 'एटलास अव द वर्लड्ज ल्याङ्वेजेज' (Atlas of the worldÚs languages 1994)ले सन् १९९४ मा ६,७९६ भाषाहरू संसारभरमा रहेको नामावली सूचीकृत गरेको थियो ।

लुईसद्वारा सम्पादित एथ्नोलगको सोह्रौ संस्करण (१६ औं संस्करण) ले ६,९०९ भाषाहरूको विवरण समेटेका छन् भने उक्त संस्करणले संसारभरका ६,७१६,६६४,४०७ जनसङ्ख्या माफ ७,१०५ जीवित भाषाहरू रहेको तथ्य उल्लेख गरेका छन् । ती भाषाहरूको वर्गीकरण यसप्रकार रहेको छ ।

तालिका १: संसारका जीवित भाषाहरू



श्रोत: एथ्नोलग १६औं संस्करण

तालिका १ अनुसार संसारका जीवित भाषाहरू मध्ये ६८२ भाषाहरू संस्थागत (Institutional), १,५३४ भाषाहरू विकासशील (Developing), २,५१२ भाषाहरू प्रबल (Vigorous), १,४८१ भाषाहरू संकटपूर्ण (In trouble) र ९०६ भाषाहरू लोपहुने अवस्थामा (Dying) रहेका छन् । किरात राई समुदायभित्रको एक दुमी भाषा पनि लोप हुने अवस्थामा पुगिसकेको छ ।

संसारमा बोलिने भाषाहरूको सहि तथ्याङ्कमा तलमाथि भए तापनि यस आलेखमा उल्लेख गर्न खोजिएको आसय चाहिँ यस धर्तीमा अस्तित्वमा रहेका लगभग ७ हजार भाषाहरूमध्ये दुमी भाषा पनि एक जीवित भाषा भन्ने नै हो । जुन भाषा पूर्वी नेपालको खोटाङ जिल्लाको उत्तरी भेगमा बोलिन्छ ।

२.१ सन्दर्भ दुमी भाषा सर्वेक्षणको

(Context of Dumi linguistic survey)

२.१.१ दुमी बसोबास क्षेत्र तथा जनसङ्ख्या

(Dumi settlement and Demography)

माफकिरात प्रदेश अन्तर्गत पूर्वी नेपाल खोटाङ जिल्लाको उत्तरी भेगका गाविसहरू जस्तै: खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर, माक्पा (खाजाबासमा) का साथै त्यस आसपासका ११ वटा गाविसहरू जस्तै: महेश्वरी (रिब्दुङ), सुंदेल, पाथेका, फेदि, कुभिन्डे,

बासपानी, दिक्तेल, खार्तामछा, नेर्पा, हौंचुर, लामिडाँडा (मसुंपा–फेकुबा–दिखाने–हौंला)लाई दुमीराईहरूले आफ्नो मूलथलो (origin) वा आदिम थातथलो (core area) को रूपमा मान्दै आएका छन्। (राई, वि.स. २०६८:xxviii)

दुमी राईको थातथलो खोटाङ जिल्लाको पाँच गाविसमा दुमी जनघनत्व रहेको तथ्याङ्क तालिका २ मा प्रस्तुत गरिएका छन्:

तालिका २: पाँच गाविसका दुमी जनसङ्ख्या विवरण

	गा.वि.स.	घरधुरी	जनसङ्ख्या
१.	खार्मी	१७६	८८०
२.	जालपा	२०६	१,०१५
३.	बाक्सिला	३१८	१,५९०
४.	सप्तेश्वर	२३३	१,१६५
५.	माक्पा	२२१	१,१५१
	जम्मा	१,१५१ घर	५,७५५ जना

श्रोत: समाजभाषावैज्ञानिक सर्वेक्षण (सन् २०१३)

केन्द्रीय तथ्याङ्क विभाग (सन् २०११)को प्रतिबेदन अनुसार दुमी जनसंख्या महिला ४,०७८ जना र पुरुष ३,५६० जना गरी जम्माजम्मी ७,६३८ जना रहेको जनाएको छ भने दुमी संस्था 'दुमी किरात राई फन्सीकीम (दुकिराफ)ले चाहिँ स्थलगत सर्वेक्षण (वि.सं. २०६९) गरी २,५०० संख्याको हाराहारीमा दुमीजनले आफ्नो मातृभाषा बोल्छन् भन्ने तथ्याङ्क अघि सारेको छ।

२.१.२ भाषा परिवार सम्बन्ध (Linguistic affiliation)

पूर्वी नेपालको खोटाङ जिल्लाको उत्तरी भेगमा बोलिने दुमी भाषा किराती भाषाहरूमध्ये एक हो। 'दुमी' शब्दले दुमी जाति र भाषा दुवैलाई जनाउँदछ। दुमी राईहरू आफ्नो मातृभाषामा दुमी भाषालाई 'होपुपो ब्र वा ब' वा 'तुम्लो' भन्दछन्। जसको अर्थ 'आफ्नो भाषा' भन्ने हुन्छ। माझ किरात प्रदेश अन्तर्गत भाषिक परिवारका आधारमा खालिङ र कोयी तथा भौगोलिक आधारमा थुलुङ, नाछिरिङ, सामपाङ आदि दुमी नजिकका किरात राई भाषाहरू हुन् (राई, वि.सं. २०६८:xxix)। दुमी भाषा 'चिनी–तिब्बती' (Sino-Tibetan) भाषा परिवार अन्तर्गत 'तिब्बती–बर्मेली' (Tibeto-Burman) परिवारको 'हिमालयन' समूहको पश्चिमी किरात समूहमा पर्दछ।

२.१.३ पूर्वकार्यको समीक्षा (Review of earlier works)

हड्सन (सन् १८५७:३५१; सन् १८८०:२१५) ले १९ औं सताब्दीमा भारतको भाषिक सर्वेक्षणमा दुमी भाषाको समेत परिचय गराएका थिए। उक्त सर्वेक्षणमा उनले दुमी भाषाका शब्दावली र दुमी व्याकरणको विश्लेषण समावेश गराएका छन्। यसरी नै ग्रिअर्सन (सन् १९०२–१९१९) ले पनि भारतको भाषिक सर्वेक्षणको दौरानमा नेपालका केही भाषाहरू पनि समावेश गराएका थिए। समावेश गरिएका नेपालका भाषाहरू मध्ये दुमी भाषा पनि रहेको थियो। उनले दुमी भाषाका ३१० शब्दहरू अङ्ग्रेजी र नेपाली भाषाहरूसँग तुलना गरेका थिए। जापानीज भाषाविद सुएयोसी तोबा (सन् १९७३)ले राई भाषाहरूको सर्वेक्षण प्रतिवेदनमा दुमी भाषाको पनि व्याख्या गरेका छन्। भान्द्रीम (सन् १९८९)ले दुमी भाषा 'तिब्बती–बर्मेली' भाषा परिवार अन्तर्गत केन्द्रीय किराती समूहमा रहेको जानकारी गरेका छन्।

तोबा (सन् १९७३) का अनुसार दुमीभाषा कोयी र खालिङ भाषाहरूसँग ध्वनी, शब्द बर्ग र व्याकरणिक हिसाबले त्यति धेरै भिन्न देखिदैनन्। तैपनि यी सबै किराती भाषाहरूको व्याकरणिक अध्ययन गरिनु आवश्यक भएको कुरा बताएका छन्। यसरी नै हानबन (सन् १९९१:३३–३३५)ले विशेषत: वाक्यविज्ञान (syntax) तथा क्रिया–रूपविज्ञान (verb-morphology) का आधारमा दुमी भाषा आफैमा एक अलग्गै भाषा रहेको जानकारी गराएका छन्। २१औं शताब्दीमा जर्मन भाषाविद बोईड माइकलब्स्किले

दुमी भाषाको क्रियाको विश्लेषण प्रस्ताव गरेका छन् । सन् १९८०–८४ मा पुर्वी नेपालमा बोलिने राई भाषाहरूका भाषिक सर्वेक्षणको समयमा दुमी भाषा र भाषिकाको बारेमा पनि छोटो विवरण समेटिएको छ (हानबन, सन् १९९१) । एबर्ट (सन् २००३) ले केही किराती राई भाषाहरूको तुलनात्मक अध्ययन गरेका थिए । ती विभिन्न राई भाषाहरूमध्ये दुमी भाषा पनि समावेश गरिएको छ ।

सन् २००६ मा राई र पोखरेलले आफ्ना अनुसन्धानात्मक आलेख मार्फत विस्तृत रूपमा दुमी वर्णहरूको विवरण प्रस्तुत गरेका छन् (इसीलीम, अङ्क ८:३५–३७) । उक्त आलेखामा २५ व्यञ्जन र ७ स्वर वर्णहरू उल्लेख गरिएका छन् । राई (सन् २००८) ले 'दुमी भाषाको क्रिया–रूपविज्ञान' (Dumi Verb Morphology) शीर्षकमा अध्ययन गरेका थिए । यस अध्ययनमा दुमी भाषाका क्रियाको संरचनाको बारेमा जोड दिइएको छ ।

राई (सन् २११९) ले दुमी भाषाको 'काल, पक्ष र भाव' (Tense, Aspect and Modality) को विषयमा अनुसन्धानात्मक आलेख प्रस्ततु गरेका छन् । उनले दुमी भाषाको काल, पक्ष र भावको विशेषताका बारेमा उल्लेख गर्नुका साथै रूप–रचना (inflection)को आधारमा दुमी भाषाको काललाई दुई समूहः (१) भूत काल (past tense) र अभूत काल (non-past tense)मा विभाजन गर्न सकिन्छ भन्ने तर्क अघि सारेका छन् । त्यसैगरी उनले कालको पक्षलाई 'पूर्णकाल' (perfective) र 'अपूर्णकाल' (imperfective) गरी दुई भागमा विभाजन गरेको देखिन्छ ।

राई (सन् २००९) ले भाषाविज्ञान समाज नेपालको ३०औं वार्षिक सम्मेलनमा 'दुमी भाषा: संक्षिप्त परिचय' (Dumi language: A brief introduction) शीर्षकमा आफ्नो अनुसन्धानात्मक आलेख प्रस्तुत गरेका थिए । उक्त आलेखको मुख्य उद्देश्य दुमी भाषाको संक्षिप्त रूपरेखा प्रस्तुत गर्नु रहेको थियो । यसरी नै ३१औं वार्षिक सम्मेलनमा 'दुमी भाषाको नामिक रूपविज्ञान' (Nominal Morphology in Dumi) शीर्षकमा आफ्नो अनुसन्धानात्मक आलेख प्रस्तुत गरेका थिए । ३२औं वार्षिक सम्मेलनमा 'दुमी भाषामा कारक चिन्ह' (Case Marking in Dumi) शीर्षकमा आफ्नो अनुसन्धानात्मक आलेख प्रस्तुत गरेका थिए । प्रस्तुत कारक चिन्हहरू अर्थगत धारणा (Semantic notion) बाट विश्लेषण गरिएका थिए ।

राई (सन् २०११) लगायत उनको समूहले दुमी–नेपाली–अङ्ग्रेजी शब्दकोश संपादन गरिसकेका छन् । उक्त शब्दकोशमा साढे ७ हजार भन्दा बढी मूल–प्रविष्टी (Head-Entry) रहेका छन् । उक्त शब्दकोशमा क्षेत्रगत सम्पादक एवं सल्लाहकारहरूको चयन सहित शब्द तथा उच्चारणहरू दुमी भाषिक समुदायको मूल थलोको रूपमा मानिआएको माक्पा, जालपा, बाक्सिला, खार्मी, सप्तेश्वर आदि क्षेत्रहरूबाट लिइएका छन् । यसरी नै राई (सन् २०११) ले दुमी भाषिक पत्रिका इसीलीम (अङ्क १४:३१–४०)मा दुमी भाषा र साहित्यको वर्तमान अवस्थाको रूपरेखा प्रस्तुत गरेका छन् । उक्त लेखमा दुमी समुदायमा उपलब्ध हुन सकेका संपूर्ण साहित्यिक क्रियाकलापहरू समावेश गरिएका छन् । यसका साथै उक्त लेखले दुमी समुदायको सांस्कृतिक पक्ष, अनुसन्धानात्मक प्रतिवेदनको झलक र दुमी भाषा संरक्षण, प्रवर्द्धन तथा विकास सम्बन्धी भाषिक कार्यक्रमहरू समेत समेटिएका छन् ।

२.१.४ सर्वेक्षणको उद्देश्य (Goal of the survey)

सर्वेक्षणको मूलभूत उद्देश्य दुमी भाषाको समाजभाषावैज्ञानिक अध्ययन गर्नु थियो । यसका साथै विशिष्ट उद्देश्यहरू निम्नानुसार थिए:

१. शाब्दिक समानताको आधारमा भाषिकागत भिन्नता जाँच गर्न;
२. विविध क्षेत्रमा भाषाको प्रयोगको आधारमा भाषिक

जीवन्तताको जाँच गर्न;

३. मातृभाषा प्रविणता (mother tongue proficiency) को मूल्याङ्कन गर्न;

४. मातृभाषा संरक्षण तथा मातृभाषाप्रति वक्ताहरूको अभिवृत्तिको मूल्याङ्कन गर्न र

५. मातृभाषामा आधारित बहुभाषिक शिक्षाको लागि आवश्यक श्रोत तथा भाषा विकासको बारेमा सूचना सङ्कलन गर्न ।

२.१.५ अनुसान्धन विधि (Research methodology)

दुमी भाषा समाजभाषावैज्ञानिक सर्वेक्षणको समयमा प्रयोग गरिएका अनुसन्धान विधिहरूका बारेमा निम्न बुँदाहरूमा चर्चा गरिएका छन् :

२.१.५.१ समाजभाषावैज्ञानिक प्रश्नावली "क"

(Sociolinguistic Questionnaire A)

समाजभाषावैज्ञानिक प्रश्नावली 'क' (Sociolinguistic Questionnaire A) अन्तर्गत ६१ प्रश्नहरू रहेका छन् । ती विविध प्रश्नहरू निम्न मूख्य विषयहरूमा आधारित छन्:

१. मातृभाषामा उपलब्ध भाषिक तथा साहित्यिक श्रोतहरू

२. मातृभाषामा प्रवीणता तथा बहुभाषिकता (Mother tongue proficiency & Multilingualism)

३. मातृभाषा प्रयोगका विविध विधाहरू (Domains of language use)

४. भाषिक जीवन्तता (Language vitality)

५. भाषिक निरन्तरता (Language maintenance)

६. भाषिक अभिवृत्ति (Language attitude)

दुमी भाषासर्वेक्षणमा मुख्य गरेर दुमी भाषा बोलिने ५ वटा गाविसहरू: खार्मी, जालपा, बाक्सिला, सप्तेश्वर र माक्पा 'खाजाबासमा' लाई मुलथलो वा प्रमुख स्थलको रूपमा लिइएको थियो । सर्वेक्षणमा सहभागीहरूका नमूना छनोट लिङ्ग, उमेर तथा शिक्षालाई पनि प्रमुख आधार मानिएको थियो । सहभागीहरूको नमूना छनोटको आधार तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३: नमूना छनोट तथा सर्वेक्षण क्षेत्र



सर्वेक्षणमा सहभागीहरूको उमेर समूह: (क) १५–३४ वर्ष, (ख) ३५–५९ वर्ष र (घ) ६१ वर्षभन्दा माथि रहेको थियो ।

२.१.५.२ समाजभाषावैज्ञानिक प्रश्नावली "ख"

(Sociolinguistic Questionnaire B)

समाजभाषावैसज्ञानिक प्रश्नावली 'ख' सहभागितामूलक विधिमा आधारित रहेको छ । यस अन्तर्गत निम्न विषयवस्तुहरू समावेश गरिएका थिए ।

१. भाषाको प्रयोग क्षेत्र (Domains of language use)

२. भाषिका सीमा निर्धारण (Dialect mapping)

३. बहुभाषिकता (Multilingualism)

४. प्रशंसामूलक सोधखोज (Appreciative inquiry)

२.१.५.३ समाजभाषावैज्ञानिक प्रश्नावली "ग"

(Sociolinguistic Questionnaire C)

समाजभाषावैज्ञानिक प्रश्नावली 'ग' मा २१ वटा प्रश्नहरू समावेश गरिएका छन् । यो प्रश्नावली विशेषगरी मातृभाषासँग सरोकार राख्ने व्यक्तिहरू तथा भाषिक समूदायका बौदिक एवं अगुवा व्यक्तिहरूलाई सोधिएका थिए । यो प्रश्नावलीको मूख्य उद्देश्य भाषिक निरन्तरता, भाषिक जीवन्तता, वक्ताहरूको भाषिक अभिवृत्तिको मूल्याङ्कन गर्नु रहेको थियो ।

२.१.५.४ शब्दसूची २१० (210 Wordlist)

प्रत्येक भाषिक सर्वेक्षण विन्दुबाट २०० शब्दहरू सङ्कलन गरिएको थियो । उक्त शब्द सङ्कलनको मूख्य उद्देश्य सामान्यरूपमा शाब्दिक भिन्नता र समानता मूल्याङ्कन गर्नु रहेको थियो ।

२.१.६ सर्वेक्षण विन्दुको भौगोलिक स्थानीयता

(Geographical location of the survey point)

दुमी भाषा सर्वेक्षणका लागि मुख्य पाँच सर्वेक्षण विन्दुहरू निर्धारण गरिएका थिए । ती सर्वेक्षण विन्दुहरू तालिका ४ मा प्रस्तुत गरिएका छन् :

तालिका ४: सर्वेक्षण क्षेत्र

क्षेत्र	उचाई	अक्षांश (उत्तर)	देशान्तर (पूर्वी)
१. खार्मी	१,४१२ मी.	२७°१८'१३.५"	८६°४७'४८.४"
२. जालपा	१,४१८ मी.	२७°१८'३४.९"	८६°४६'११.८"
३. बाक्सिला	१,६८१ मी	२७°१९'३१.३"	८६°४९'१२.१"
४. सप्तेश्वर	१,४८४ मी.	२७°२१'१६.९"	८६°४७'४४.७"
५. माक्पा	१,४३५ मी.	२७°२१'१३.३"	८६°४५'३२.२"

श्रोत: समाजभाषावैज्ञानिक सर्वेक्षण (२०१३)

२.१.७ नमूना छनोट विधि तथा सर्वेक्षण सीमा

(Sampling procedure and limitations of the survey)

२.१.७.१ नमूना छनोट विधि *(Sample procedure)*

नमूना छनोट विधि अन्तर्गत भौगोलिक अवस्थिति अनुसार मातृभाषा बोल्ने कुनै एक सर्वेक्षण क्षेत्रलाई केन्द्र मानी अरू विन्दुहरूको छनोट गर्ने र सहभागीहरू लिङ्ग, उमेर तथा शिक्षाका आधारमा छनोट गर्ने रहेको थियो । लिङ्गको आधारमा महिला तथा पुरूष, उमेरको आधारमा १५ वर्ष भन्दा माथिका तथा शिक्षाका आधारमा साक्षर तथा निरक्षर गरी दुबै खाले सहभागीहरू हुनु पर्ने रहेको थियो ।

२.१.७.२ नमूना आकार *(Sample size)*

हरेक सर्वेक्षण क्षेत्रबाट सहभागीहरूको छनोट विधि अनुसार प्रश्नावली 'क' बाट कम्तिमा एक सर्वेक्षण क्षेत्रबाट ६ जना, प्रश्नावली 'ख' बाट कम्तिमा एक सर्वेक्षण क्षेत्रबाट १२ र प्रश्नावली 'ग' बाट कम्तिमा एक सर्वेक्षण क्षेत्रबाट २ जना तथा शब्दसूची प्रश्नावलीमा एक सर्वेक्षण क्षेत्रबाट कम्तिमा ४ जना लिइएको थियो ।

२.१.८ संक्षिप्त तथ्याङ्क विश्लेषण

२.१.८.१ शब्दसूची तुलना

(Lexical comparison of 210 wordlist)

उल्लेखित सर्वेक्षण क्षेत्रहरूबाट सङ्कलित २१० शब्दसूचीको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । प्राप्त विश्लेषणात्मक विवरणलाई तालिका ५ मा प्रस्तुत गरिएको छ ।

छीरीयाम्लो २०७० तोसी (साकेला उद्यौली) चाडको
शुभ उपलक्ष्यमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं
सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

जयराम वलक्पा दीक्पा दुमीराई
श्रीमती जयपुरी (थुलुङ) दुमीराई
तथा स-परिवार
माक्पा-३, बेप्ला, खोटाङ
हाल: बौद्ध, आरुवारी, काठमाडौं

तालिका ५: दुमीभाषिक क्षेत्रहरू बीचको शाब्दिक भिन्नता

जालपा	७६%			
बाक्सिला	७२%	७९%		
सप्तेश्वर	७४%	८२%	९२%	
माक्पा	७६%	९१%	७८%	८१%
	खार्मी	जालपा	बाक्सिला	सप्तेश्वर

श्रोतः समाजभाषावैज्ञानिक सर्वेक्षण (२०१३)

२.१.८.२ मातृभाषामा प्रविणता तथा बहुभाषिकता (Mother tongue proficiency & multilingualism)

सहभागीहरू तथा तिनका जहान परिवारहरूले प्रयोग गर्ने भाषाहरूको स्थितिको बारेमा सहभागीहरूबाट प्राप्त जानकारी अनुसार दुमी भाषासंग नजिकका भाषाहरू थुरुङ, साम्पाङ, कोई र नेपाली भाषाहरू मध्ये सहभागीहरूबीच दैनिक व्यवहारमा नेपाली भाषाको प्रयोग बढि हुने गरेको र बाँकी भाषाहरूको हकमा आवश्कता अनुसार कम वा बढि प्रयोग हुने गरेको पाइयो ।

२.१.८.३ भाषा प्रयोग क्षेत्र (Domains of language use)

भाषा प्रयोगका क्षेत्रहरू जस्तैः गन्ती गर्दा, गीत गाउँदा, ठट्टा गर्दा, किनमेल गर्दा, कथा भन्दा, छलफल गर्दा, प्रार्थना गर्दा आदि विषयहरूमा मुख्यगरी मातृभाषा दुमी र पर्वतेभाषा नेपाली गरी दुई भाषाहरू प्रयोग गर्ने गरेको पाइयो । अधिकांश दुमी सहभागीहरूका अनुसार भाषा प्रयोगका विविध क्षेत्रहरू (जस्तैः गन्ती गर्दा, गीत गाउँदा, ठट्टा गर्दा, किनमेल गर्दा, कथा भन्दा, छलफल गर्दा, प्रार्थना गर्दा, झगडा गर्दा, गाली गर्दा, केटाकेटीलाई कथा सुनाउँदा, घरमा गीत गाउँदा, पारिवारिक जमघट तथा गाउँको बैठक बस्ता आदि) बढी मात्रामा नेपाली भाषाको प्रयोग गर्दछन् । अतः यसबाट यो स्पष्ट हुन आउँछ कि दुमी समुदायमा नेपाली भाषाको प्रभाव बढ्दो क्रममा छ भने मातृभाषाको प्रयोग नजानिदो किसिमले घट्दै गइरहेको छ ।

२.१.८.४ भाषिक जीवन्तता (Language vitality)

भाषिक जीवन्तता शीर्षक अन्तर्गत केटाकेटीहरूको मातृभाषा, जवान युवाहरूको मातृभाषा तथा अभिभावकहरूको मातृभाषको प्रयोगको सन्दर्भ समावेश गरिएका छन् । सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार माक्पा गाविसका केही गाऊँहरू (नोरूङ, लुम्दु, छुका)मा सहभागी अभिभावकहरूका केही केटाकेटीहरूले मातृभाषा प्रयोग गर्ने गरेको सूचना प्राप्त भएका छन् भने अरू चार सर्वेक्षण क्षेत्रहरूमा मातृभाषा प्रयोग गरिएको पाइएन । युवापुस्ताहरूको भाषा प्रयोगको सवालमा माक्पा बाहेक अरू चार सर्वेक्षण क्षेत्रहरूमा युवाहरूले पूर्खाहरू जस्तैगरी मातृभाषा प्रयोग गर्ने नगरेको सूचना पाइयो । त्यसैगरी मातृभाषा प्रयोगको सवालमा माक्पा बाहेक अरू चार सर्वेक्षण क्षेत्रहरूमा धेरैजसो अभिभावकहरूले आफ्ना बालबच्चाहरूसँग नेपाली भाषा नै प्रयोग गर्ने गरेको पाइयो ।

२.१.८.५ भाषिक निरन्तरता (Language transmission)

दुमी समुदायको समाज भाषावैज्ञानिक स्थलगत अध्ययनको क्रममा भाषिक निरन्तरतामा असर पार्ने मुख्य पक्षहरूको पहिचान गर्ने सिलसिलामा सहभागीहरूबाट ताजा प्रतिक्रिया लिदा अन्तरजातीय तथा अन्तरभाषिक विवाह प्रमुख पक्ष रहेको देखिन्छ । तैपनि कतिपय दुमी बक्ताहरूको सघनता रहेको क्षेत्रमा यस विषयमा प्रतिक्रिया लिदा भने हालसम्म आफ्नो समुदायमा अन्तरजातीय विवाह नै नभएको र अन्तरभाषी विवाह भैराखेको भएतापनि हरदिनको दुमीभाषा बोलचालको सम्पर्कले केही समयपछि नै दुमीभाषामा पारङ्गत हुने गरेको धारणा राखेको पाइयो ।

२.१.८.६ भाषिक अभिवृत्ति (Language attitudes)

भाषिक अभिवृत्ति अन्तर्गत सहभागीहरूसँग प्राथमिक शिक्षा तहमा शिक्षण माध्यममा मातृभाषाको जोड हुनुपर्छ वा पर्दैन? भन्ने जिज्ञासा बुझ्दा सतप्रतिसत सहभागीहरूले हुनुनैपर्छ भनेर प्रतिक्रिया व्यक्त गरेको

पाइयो। यसरी नै दुमी भाषा प्रभावकारी रूपमा बोल्ने व्यक्तिहरूले आफ्नो मातृभाषा बोल्दा प्रतिष्ठा बढेजस्तो लागेको विचार पनि व्यक्त गर्नुभयो। सबै सहभागीहरूका तर्फबाट एउटै मनसाय चाहिँ 'हरेक दुमी बालबच्चाले सबैभन्दा पहिले त आफ्नो दुमी भाषा नै बोल्न सके राम्रो हुने' रहेको पाइयो।

२.१.८.७ भाषा विकास (Language development)

आफ्ना मातृभाषा विकास र प्रवदर्धनका लागि सहभागीहरूले प्रस्तुत गरेका विचारहरूलाई तालिका ७ मा प्रस्तुत गरिएको छ :

तालिका ७: मातृभाषा विकासप्रतिको आशाहरू

आशाहरू

-दुमी समुदायको पहिचान
-लिपिको पहिचान
-दुमी भाषासाहित्यको पहिचान तथा विकास
-दुमी लोक संगीतको पहिचान तथा विकास
-दुमी मिथकहरूको पहिचान तथा अभिलेखिकरण
-प्राथमिक शिक्षा तहमा दुमी भाषाको प्रयोग
-संचार माध्यममा दुमी भाषाको प्रयोग

योजनाहरू

- छलफलद्वारा उचित योजना तर्जुमा
-जनचेतनाका कार्यक्रमहरू समुदायमा संचालन गर्नु पन
-सम्बन्धित संघसंस्थाहरूसँग समन्वय गर्नुपर्ने
-भाषिक समुदाय बढी क्रियाशील बन्नु पर्ने।
-सम्बन्धित संघसंस्थाहरूबाट आवश्यक जनशक्ति सहयोग
- सङ्कलित आर्थिक पक्षको उचित व्यवस्थापन
- सम्बन्धित सरकारी निकायबाट भाषा विकासका लागि आर्थिक सङ्कलन

श्रोत: दुमी भाषाको समाजभाषावैज्ञानिक सर्वेक्षण (सन् २०१३)

२.१.९ सारांश

दुमी भाषा सर्वेक्षणको सारांशलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएका छन् :

१. दुमी भाषाको सर्वेक्षणमा खोटाङ जिल्लाको उत्तरी भेगमा पर्ने पाँच गाविस 'खाजाबासमा'लाई छनोट क्षेत्र मानिएको छ।
२. शाब्दिक तुलना गर्न सहज होस भन्ने हेतुले माक्पा गाविसलाई केन्द्रविन्दु मानी अरू चार गाविसलाई तुलना गरिएको छ।
३. तुलनामा क्रमश: जालपा ९१५, सप्तेश्वर ८१५, बाक्सिला ७८५ र खार्मी ७६५ शाब्दिक समानता देखाएका छन्।
४. दुमी भाषिक समुदायमा नेपाली भाषाको प्रभाव पर्नमा अन्तरजातीय तथा अन्तरभाषिक वैबाहिक सम्बन्ध एक महत्वपूर्ण कारक तत्व रहेको छ।
५. सबै सहभागीहरूले आफ्ना केटाकेटीहरूलाई आफ्नो मातृभाषामा बोलाउने नगरेकोमा आफूबाटै कमजोरी भएको विचार व्यक्त गरेका छन्।
६. सबै सहभागीहरूले आफ्नो मातृभाषाप्रति सबै बालबच्चाहरूका रूची र चाहना जगाउने किसिमको कार्यक्रम भैदिए राम्रो हुन्थ्यो भन्ने विचार राखेका छन्।
७. सबै सहभागीहरूले आ–आफ्ना बालबच्चाहरूको पठनपाठन न्युनतम 'प्राथमिक तहसम्म मातृभाषा माध्यममा भए राम्रो हुन्थ्यो' भन्ने चाहना व्यक्त गरेका छन।
८. आफ्ना केटाकेटीहरू मातृभाषामा लेखपढ गर्न सके झनै राम्रो भन्ने विचार व्यक्त गरेका छन्।
९. सबै सहभागीहरूले दुमी भाषा विकास, प्रवर्द्धन तथा संरक्षणका लागि दुमी समुदाय आफै जागरूक हुनुपर्ने धारणा राखेका छन्।
१०. आफ्नो मातृभाषा संरक्षणको लागि जनचेतना जगाउनु पर्ने, समुंदायबाट आर्थिक संकलन तथा उचित व्यवस्थापन गर्नुपर्ने र
११. मातृभाषा संरक्षणको लागि अरू संघ-संस्थाहरूसँग पनि हातेमालो गर्नुपर्ने विचार व्यक्त गरेका छन्।

सन्दर्भसूची:

राई, नेत्रमणि र अन्य (वि.स. २०६८), *दुमी–नेपाली–अङ्ग्रेजी शब्दकोश* (Dumi-Nepali-English Dictionary), दुमी किरात राई फन्सीकीम

राई, नेत्रमणि (सन् २००८), 'दुमी भाषाको क्रिया–रूपविज्ञान' (Dumi Verb Morphology), एम. ए. शोधपत्र, भाषाविज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय

Benedict, Paul K. (1972) *Sino Tibetan: A Conspectus*, Cambridge: Cambridge University Press.

Bodmer, Frederick. 1944. *The loom of language*. London: Allen and Unwin.

Bright, William, ed. 1992. *The international encyclopedia of linguistics*. Oxford and New York: Oxford University Press.

Central Bureau of Statistics. 2001. *Population Census*. National Planning Commission (NPC), Kathmandu, Nepal.

Central Bureau of Statistics. 2012. *National Population and Housing Census 2011 (National Report)*. November 2012, Volume 01, NPHC 2011

Driem, George van (1988) *The Verbal morphology of Dumi Rai simplicia*. LTBA 11.1:134-207

Driem, George van (1993) *A Grammar of Dumi. Mouton Grammar Library.* Berlin New York: Mouton de Gruyter.

Dumi Rai, Netra Mani (2006). *The Dumi Rai People and their Culture. Isilim Vol 9,* Kathmandu: Dumi Kirat Rai Funsikim: 35-40.

नेपालको भाषा सर्वेक्षण कार्य अन्तर्गत दुमीभाषा सर्वेक्षण २०७०को विस्तृत प्रतिवेदन तयारीको क्रममा छ । सो कार्य सम्पन्न भएपछि त्यसको पूर्ण विवरण आगामी दिनमा सार्वजनिक गरिने छ ।

– अनुसन्धाताद्वय

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले सबैको रक्षा गरून् ।

नेत्रमणि हलक्सु दीक्पा दुमीराई
सरिता (कोयी) दुमीराई
तथा स-परिवार
माक्पा-६, नोरुङ, खोटाङ
हाल: आरुवारी, बौद्ध, काठमाडौं

केही समयको अन्तरालपछि

आजभोलि किरात पहिचान र राई जातिको अस्तित्वको कुरो चल्दा आफ्नो जन्मथलो र पुर्ख्यौली इतिहासको बारेमा मेरो मनमा धेरै जिज्ञासाहरू पलाउने गर्छन् । यसो विचार गरिहेर्दा मलाई मेरो दुई पुस्ता भन्दा अघिको बारेमा जान्ने बुझ्ने अवसर भएन । बाजे खोटाङ जिल्लाको उत्तरी भेग सुङदेलबाट वैदेशिक रोजगारको निम्ति बर्मासम्म पुग्नुभएछ । विदेशमा नोकरीको सिलसिलामा त्यहाँ युद्ध हुँदा बहादुरीका साथ लडेर युद्धको समापनसँगै आफ्नो जिउ ज्यान बचाएर वहाँ आफ्नो मातृभूमि नेपाल फर्कनु भएछ । नेपालमा जीवन गुजार्ने क्रममा आफ्नो जन्मथलो सुङदेल नगई इलाम जिल्लास्थित भारतको सीमा नजिकैको पशुपतिनगर भन्ने ठाउँमा कोही आफन्तको सल्लाह र सहयोगमा त्यहिँ नै बस्नु भएछ ।

त्यसरी आफन्तको साथ सहयोगमा रहदा बस्दा विहेवारी गरी त्यतै घरजम बसाल्नु भएछ । अब एक रथका २ पांग्रा गुडाउँदै यात्रा गर्ने क्रममा ५ सन्तानको जन्म भएछ । यसरी खुशी साथ जीवन जिउने क्रममा अचानक अल्प आयुमा नै बाजेको निधन हुन पुगेछ । यस्तो असहाय चोट र बेदनाका साथ उमेर र व्यवहारले अधकल्चो उमेरमा बजुले आफ्नो यात्रालाई रथको एउटै पांग्राको भरले भरथेक गर्दै अगाडि बढाइरहनु भएछ । फेरि त्यस्तै अवस्थामा नियतीले छलेर कान्छा छोराको बालकै अवस्थामा असामयिक निधन भएछ । बाँकी रहेका ४ सन्तानहरू (२ छोरा र २ छोरी)का साथमा एकपाखे जीवन गुजार्दै जाँदा जेठा छोराको घरजम गरिदिनु भएछ र त्यहिँ जेठा छोराबाट म लगायत आठ सन्तानको जन्म हुन पुगेछ ।

- सरिता दुमी(कोयी)राई

मेरो घरमा बाबुले आफ्नो मातृभाषा कोयी बोल्नुहुन्थ्यो । तर परिवारमा हामीसँग नभइ अरु कोयीभाषा बुझ्ने बोल्ने व्यक्तिहरूसँग । घरमा चाहिँ बाबु बाहेक अरु कसैले पनि भाषा जान्दैनथ्यौं । सबै पर्वते भाषामा नै कुराकानी गरिन्थ्यो । कहिलेकाहि आमाले बाबुलाई भन्ने गर्नुहुन्थ्यो, यी केटाकेटीहरूलाई आफ्नो भाषाबाट बोलाउनु नि ! तर हामी चाहिँ नबुझेर उल्टै झर्को मान्थ्यौं । अनि बुझ्ने प्रयास पनि गरिन्नथ्यो । भनौं, त्यसबेला मातृभाषा बोल्न लाज लागेर आउथ्यो । बरु हामी छरछिमेकको देखासिकीले गर्दा जानि नजानि हिन्दी भाषा चाहिँ बोल्ने कोशिस गर्थ्यौं र एक–दुई शब्द बोलेर मख्ख पनि पर्थ्यौं । हाम्रो घर भारतसँग सिमाना जोडिएको सानो व्यापारिक केन्द्र पनि भएकोले त्यहाँ प्रायः जसो भारत (दार्जिलिङ, खर्साङ, कालिङपोङ, सिक्किम) तिरबाट नै मानिसहरूको आवतजावत भइरहन्छ र उनीहरूसँग प्राय हिन्दी भाषामा नै कुराकानी हुने गर्दथ्यो । त्यसको सिधा प्रभाव हाम्रो परिवारमा पनि पर्ने नै भयो । अनि त त्यस समयमा आफ्नो मातृभाषाको महत्व खासै राखिएन नै ।

सोमबारको दिन पशुपतिनगरमा सोमबारे हाटबजार लाग्ने गर्दथ्यो र त्यो प्रचलन कायमै छ आजसम्म पनि । हरेक सोमबार भारत र नेपालबाट मानिसहरू बजार भर्न आउँथे । घरको आँगनमा नै हाट लाग्ने भएकोले धेरै जसो बजारेहरूले हाम्रो घरमा नै चिया खाजा खाने गर्थे । ती मध्ये कति जना त हाम्रा नर–नाताहरू नै पर्नुहुन्थ्यो । उहाँहरू खाली आफ्नो

मातृभाषामा नै कुराकानी गर्दथे । तर मलाई चाहिँ केहि पनि नबुझेर झर्को लाग्थ्यो र उनीहरू कतिखेर जान्छन् होला भनेर सोचिबस्थेँ । आमाले चाहिँ हप्तैपिच्छे भेटमा उनीहरूसंग आफ्नै भाषामा बोल्न सिक न, पछि पछि त आइहाल्छ नि' भन्नुहुन्थ्यो । तर म चाहिँ मनमनै 'यस्तो जाबो भाषा कसले पो सिक्छ र, नजान्दा पनि के नै पो अड्केको छ र' भनेर आफू तर्किने गर्थें ।

तर समय सधैं कहाँ एकै नासको हुदो रहेछ र, कुनै समय मन नपरेका कुराहरू समय परिस्थितिले कोल्टो फेर्दैजाँदा मन पनि पराउन थालिदो रहेछ । नजान्दा हुने कुरा पनि जान्नु पर्नेहुदो रहेछ । उतिबेला आमा बाबुले दिनुभएको अर्ति–उपदेश, सिकाउन खोज्नु भएका कुराहरू अब मैले पनि मेरो दुई सन्तान (नीहाङमा र सामसुहाङ)लाई दिनुपर्ने बेला आइनै सकेको छ । अहिले उनीहरू आफ्नो मातृभाषा बोल्न खुबै चाहना राख्छन् । पापासँग आफ्नो भाषामा जानि नजानि बोल्न खोज्दछन् । तर मसँग चाहिँ प्रायः आफ्नो भाषामा बोल्न खोज्दैनन् । किनकी उनीहरूलाई थाहा छ, आमाले आफ्नो मातृभाषा बुझ्नुहुन्न भनेर । यथार्थ हो पनि, सामान्य बोलचाल बाहेक मलाई राम्ररी दुमी भाषा बोल्न नै कहाँ आउँछ र ।

तर पनि अबको पुस्तालाई आफ्नो भाषा बोल्नुपर्छ, नजाने सिक्नु पर्छ भन्ने सल्लाह चाहिँ दिन चाहन्छु । आफ्नो भाषाको महत्व थाहा त पाइयो, तर पनि पहिला जस्तो सिक्ने अनुकूल वातावरण पाउन चाहिँ गाह्रै पर्दो रहेछ । पहिला आफ्नो भाषा बोल्न सिक्ने प्रयास नगरेकोमा पछुतो लाग्छ नै । अझ त्यो भन्दा बढि खातिर त आफ्ना सन्तानलाई मातृभाषा सिकाउन सकिएन । आफू किराती कुलको एक सन्तान, त्यसैमाथि दुई सन्तानको आमा भएरपनि मातृभाषी आमा बन्न नसकेकोमा चाहिँ हीनतावोध हुँदो रहेछ नै । हुँदाहुँदा सधै एउटै प्रश्नले मलाई पछ्याइरहेझैं लाग्छ, 'आफ्नो भाषा बोल्न आउछ ?' म चाहन्छु, समयको अन्तरालमा मप्रति ठडिएको यो प्रश्नको उत्तर म जस्ता थुप्रै किरात सन्तान र जिम्मेवार आमाहरूले व्यवहारमा नै दिन सकौं ।

छीरीयाम्लो २०७० तोसी (साकेला उद्यौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

जगत बहादुर सरचु बुसुरु दुमीराई
श्रीमती बुद्ध लक्षी हम्रचु दुमीराई
खार्मी–३, खोटाङ
हालः भोटेपुल, सगरमाथा चोक, धरान, सुनसरी

छीरीयाम्लो २०७० तोसी (साकेला उद्यौली) चाडको

शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

राम प्रसाद सरचु दुमीराई
श्रीमती निरा (चाम्लिङ) राई
पाथेका–४, नाखाम, खोटाङ
शान्तिनगर, काठमाडौं

छीरीयाम्लो २०७० तोसी (साकेला उद्यौली) चाडको

शुभ अवसरमा सुप्तुलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

ईख बहादुर लुप्पो दुमीराई
श्रीमती लिला दुमीराई
खार्मी, खोटाङ
बौद्ध, काठमाडौं

विजयादशमी तथा **शुभ-दीपावली-२०७०** साथै किरात पर्व साकेला उधौलीको सुखद उपलक्ष्यमा हाम्रा सेयर धनी, ग्राहक महानुभाव, सदस्यहरू तथा सम्पूर्ण देश तथा विदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना**

महेन्द्र बहादुर चाम्लिङ राई
उपाध्यक्ष किराया जि.का.स. ललितपुर
श्रीमती उमालक्ष्मी राई
नखिपोट लाइन, ललितपुर १४

विजयादशमी तथा शुभ-दीपावली-२०७०

साथै किरात चाड छिरियाम्लो (साकेला उधौली)को सुखद उपलक्ष्यमा हाम्रा सेयर धनी महानुभावहरू तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी-बहिनी, दाजु-भाइमा सुख-शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

शुभ-कामना व्यक्त गर्दछौं ।

एशोसियटस् बचत तथा ऋण सहकारी संस्था लि.

फोन नं. ०१-४९९९७६

चावहिल-७, काठमाडौं

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ-दीपावली-२०७०

साथै किरात चाड साकेला उधौलीको सुखद उपलक्ष्यमा हाम्रा सेयर धनी महानुभावहरू तथा देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदी बहिनी, दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

शुभ-कामना व्यक्त गर्दछौं ।

निशाना सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

भिमसेनगोला, काठमाडौं

भाषाका कुरा

हिजोआज भाषाका विषयमा निक्कै चासो र छलफल हुनेगरेको देखेर यस क्षेत्रलाई प्रभाव पार्ने केहि प्रसङ्गहरू यस लेख मार्फत प्रश्नोत्तरको रूपमा उठाउने जमर्को गरेको छु। यसमा केहि इतिहास, केहि विज्ञान र केहि सत्यतथ्यमा आधारित कुराहरू उनेर राख्ने प्रयास पनि गरेको छु। हरेक पाठकले सबै बुँदाहरू पढेर केलाइनभ्याएपनि आफूलाई चाखलाग्ने दुई–चार प्रश्नावलीहरू मात्र भएपनि वाची सोउपर घोत्ल्याउने काम भए मेरो मनसुवा पूराभएको ठान्ने छु।

मातृभाषा भन्नाले के बुझिन्छ ?

त्यसो त 'मातृ' शब्दले आमा बुझाउने हुँदा मातृभाषा भनेको 'आमाको भाषा' वा 'आमाबाट सिकिने भाषा' भन्ने जस्तो बुझिन्छ, तर यो तथ्य सदासर्वदा सत्य होइन। किनभने बालकको आमाको अभावमा उसले कसरी आफ्नो 'मातृभाषा' सिक्ला त ? भन्ने प्रश्न उठ्न सक्छ। यसले हिजोआज मातृभाषाको ठाँऊमा 'पहिलो भाषा' भन्ने गरिन्छ। यसो भन्नुको तात्पर्य के हो भने आमा भएपनि नभए पनि बालक जन्मेर आफ्नो परिवारको सम्बन्धबाट जुन भाषा पहिले सिक्छ र सो भाषा एउटा हदसम्म ठीकसँग प्रयोग गर्न सक्दछ, त्यहि नै हो मातृभाषा वा पहिलो भाषा। आमाले नै मातृभाषा सिकाउदछ भन्नु त्यति भरपर्दो कुरा भने होइन।

दोस्रो भाषा भनेको के होला ?

जुन समाजमा एकभन्दा बढी भाषा प्रचलनमा हुन्छ, त्यस्तो परिवेशमा एकजना मान्छेले आफ्नो पहिलो भाषा (मातृभाषा) भन्दा पनि अर्को भाषा पनि जान्ने अवसर पाउन सक्छ। उदाहरणको निम्ति एउटा दुमी बालकले 'थुलुङ' वा 'साम्पाङ्' भाषा सिक्ने अवसर प्राप्त गर्दछ र ती भाषाहरू प्रयोग गर्दछ, भने यसका निम्ति 'थुलुङ' वा 'साम्पाङ्' भाषा दोस्रो भाषा हो। अर्थात् माक्पा गाऊँको धन प्रसाद निरौला वा श्यामकला दाहालले आफ्नो मातृभाषा 'खस नेपाली' हुँदाहुदै पनि दुमी भाषा सिक्न सक्दछन् र उनीहरूका लागि दुमी भाषा दोस्रो भाषा हो र ज्ञानबहादुर दुमी राईको हकमा भने 'खस नेपाली' दोस्रो' भाषा हुन जान्छ।

-प्रा. डा. नोवल किशोर राई

भाषा कसरी लोप हुन्छ ? वा मर्दछ ?

भाषा कसरी जन्म्यो ? यो कसैले भन्न सक्दैन। तर भाषा मरेको भने सबैले सुन्न, देख्न सक्छौं। एकछिन कुरा गरौं- हामी राई समूहले लगभग दुई दर्जन जति आ-आफ्ना भाषा मातृभाषाका रुपमा बोल्दछौं। तर आफ्नो समूहबाट अलग हुँदा, परदेश लाग्दा, आफ्नै समूहमा सम्बन्धित भाषा प्रयोग नहुँदा आफ्नो मातृभाषा बोल्न छाडेर प्राय जसोले खस–नेपाली आफ्नो पहिलो भाषाका रुपमा बोलिन्छ। पहिलो पुस्ताले बोल्छ, दोस्रो पुस्ताले बुझ्दछ, तर बोल्दैन भने तेस्रो पुस्ताले बुझ्दैन र बोल्दैन पनि अनि आफ्नो भाषा लोप भयो, मर्‍यो। आमा र पापा अलग अलग भाषा बोल्ने हुँदा पनि बालकले दुवैको भाषा नबोलेर अर्को भाषा टिप्ने गर्दछ। ऐँसेलुखर्कको नाछिरिङ पुरुषले शेर्पनी विवाह गर्‍यो भने उनीहरूका नानीले पक्कै पनि खस नेपाली बोल्न सिक्छ र उसको मातृभाषा त्यही भयो। सो बालकको हकमा शेर्पा वा नाछिरिङ भाषा त्यसैपनि लोप हुने नै भयो।

भाषा लोप हुन नदिनका निम्ति के गर्ने होला त ?

अँ, यो भनेको चेतनाको कुरा हो। पिता पूर्खाका

पालादेखिको आ–आफ्नो भाषा लोप हुन नदिन हरेक समाज चंखो र चतुरो हुनु आवश्यक छ। आफ्नो परिवारमा आफ्नै मातृभाषाको प्रयोग गर्ने आफ्नै मातृभाषामा कुराकानी गर्ने, गीत गाउने, कथा भन्ने ठट्टा गर्ने, चिठ्ठी लेख्ने, जस्ता कामहरू गरिरहन पर्दछ। आफ्ना नानीहरू स्कूल पढने भएपनि उनीहरूसँग आफ्नै मातृभाषामा कुराकानी गर्ने, अह्राउने खटाउने, सपना जपना गर्नसमेत बानी बसाल्ने। लेखपढ गर्न जान्नेले आफ्नै भाषामा साहित्यको सृजना गर्ने र बिस्तारै बिस्तारै आफ्ना बालबच्चाहरूलाई आफ्नै भाषामा लेखपढ गर्न वा रचना गर्न पनि सिकाउने गरेमा आफ्नो भाषा त्यति सजिलै मर्दैन, बरु चालै नपाई बाँच्छ, जाग्छ र फैलिन्छ।

✍ किरात राईहरू अनेक भाषा मातृभाषाका रुपमा बोल्दछन्, यसो हुनको कारण के होला ?

परापूर्वकालमा एउटा भूखण्डमा एउटा किरात राजा अर्को भूखण्डमा अर्का किरात राई राजाका रुपमा राज गर्ने र एक अर्काका बिचमा पहाड, नदि, जंगल आदिको सीमा भएर आ–आफ्नै भूभागमा रमाउने भएर आफ्नो छुट्टै भाषा चाम्लिङ, खालिङ, थुलुङ, दुमी वा बाहिङका रुपमा प्रचलन भयो होला। एकले अर्को समुदायको भाषा सिक्ने प्रयोजन पनि परेन कि ? यसो हुँदा राई जातिमा अनेक भाषाहरू आ–आफ्ना मातृ भाषाका रुपमा प्रचलनमा आए। आज ती सबै भाषाहरू लोप हुँदै जाने अवस्थामा छन्। यसो हुँदा प्रत्येक भाषिक समुदायले आ–आफ्नो भाषाको माया गरेर यसलाई बचाई राख्न अथवा प्रचलनमा राखी रहन पर्ने अवस्था छ।

✍ किरात राईहरू भाषाहरू बिच कसरी समान्जस्यता राख्न सकिएला ?

कुरो जटिल लागे पनि उपाय सजिलै छ। तपाई हामी एक पटक खोटाङ–चिसापानी तिर जाऔं। त्यहाँका 'पुमा' राईहरू पश्चिम तर्फका चाम्लिङ र पूर्व तर्फका बान्तावा राईहरूसंग बिहेबारी वा अनेक कामले सम्पर्कमा आउने गर्दछन्। यस्तो अवस्था पुमाहरू चाम्लिङ वा बान्तावा एउटा अथवा दुवै भाषा राम्ररी प्रयोग गर्न सक्छन्। अलिकति चासो र थोरै प्रयोग गरेमा यस्तो अवस्थामा एकजनाले आफ्नो छिमेकी ती दुई भाषाहरू राम्ररी नै बोल्न सक्तछ। त्यसमा पनि हाम्रो राई समुदायका भाषाहरूका शब्दहरू प्राय: जसो मिल्दोजोल्दो हुन्छन् नै। केवल व्याकरणमा भेद हुँदा अलग अलग भाषाका रुपमा प्रचलनमा आएको हो। मलाई थाहा भएसम्म खोटाङ उत्तरका राईहरूले पनि साङपाङ, दुमी, थुलुङ जस्ता फरक फरक भाषाहरू सजिलैसंग बुझ्न सक्दछन्। अलिकता भाषिक सांस्कृतिक सहिष्णुताको कुरा मात्र हो।

✍ उसो भए हामी राईहरूको भाषिक विविधता बाँधा अवरोध हो कि वरदान मान्ने हो त ?

प्रकृति माता र हाम्रा पूर्खाहरूले हाम्रा लागि छाडेको 'नासो' कुनै पनि हालतमा नराम्रो वा हानिकारक हुनै सक्तैन। हाम्रो बुझ्ने तरिका र प्रयोग गर्ने बानीले मात्र फरक पार्ने कुरो हो। एउटा समुदायले अर्को समुदायलाई मित्रवत् व्यवहार गरेमा सधैं वरदानै होला अनि परचक्री ठाने त बाँधा अवरोध हुने नै भयो नि ! हाम्रो समाजमा अर्काको भाषा नसिक्ने र हेला गर्ने अनि नबुझ्ने हुँदा 'मान्छे खाने कुरा' भनेर गिल्ला गर्ने पुरानो बानी पनि त हो नि ! अर्कोतिर आफ्नै सन्तान राम्रो र अर्काको सन्तान खराब ठान्ने हाम्रो मानसिक्ता पनि छदैछ त।

✍ समाजभाषा विज्ञान भनेको के हो ?

भाषा मनुष्यहरूको सशक्त हतियार हो। मान्छे सामाजिक प्राणी हो र सामाजिक व्यवहारमा चल्ने गर्दछ। यसरी एउटा भाषिक समुदायका मानिसहरू के कस्ता खाले भाषाको प्रयोग गर्दछन् भनी अध्ययन गर्ने विषय समाज भाषाविज्ञान हो। अहिले भरखर भरखर मात्र नेपालमा समाज भाषा वैज्ञानिक अध्ययनको प्रयास

आरम्भ हुन लागेको अवस्था छ । अर्थात् 'दुमी राईहरू' कस्तो समाजमा रहनसहन गर्दछन् ? उनीहरूले प्रयोग गर्ने भाषा कस्तो छ ? आदि विषयमा गरिने अध्ययन नै दुमी समाज भाषा वैज्ञानिक अध्ययन हो ।

✍ नेपालको भाषिक सर्वेक्षणबारे केहि कुरा बताइदिनु हुन्छ कि ?

भाषाविज्ञान केन्द्रीय विभागको गठन भएपछि यसले गत पाँच वर्षदेखि नेपालका भाषाहरूको सर्वेक्षण गर्न शुरु गरेको छ । बजेटको अभावले यसले हरेक साल १०/१२ वटा भाषाहरूको मात्र सर्भे गर्ने गरेको छ । अहिलेसम्म ५१ भाषाहरूको सर्वे भएर प्रतिबेदन लेखनको काम भैराखेको छ ।

त्यसमा दुमी, कोयी, खालिङ (इलाम क्षेत्रको) लगायत केहि किरात राई भाषाहरूको समेत काम भैसकेको छ ।

✍ राष्ट्रिय भाषानीति सुझाउ आयोग २०५० को गठन र यसले सुझाएका कुराहरू उपर प्रकाश पार्नुहुन्छ कि ?

वि.सं. २०५० सालमा कवि बैरागी काइँला (तिल विक्रम नेम्बाङ) ज्यूको संयोगकत्वमा गठित यो आयोगको एक सदश्यका हैसियतले आफूले सम्झेका दुईचारवटा मुख्य मुख्य बुँदाहरू यस्ता छन् । यसले

- नेपालमा मातृभाषाका रुपमा बोलिने लगभग सबै भाषाहरूको सूचीकृत गरेको थियो । यसले नेपालमा एउटा भाषाविज्ञान विभाग गठन हुनुपर्ने भनी सुझाएको थियो र यो काम भएको पनि छ । यसले
- नेपालका भाषाहरूको स्थलगत सर्वेक्षण गर्ने कामका लागि सल्लाह दिएको थियो र यो कामको थालनी भएको पनि छ ।
- लोकसेवा आयोग र प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाहरूमा भाषा वैज्ञानिकहरूको प्रतिनिधित्वको पनि सुभाव राखेको थियो ।
- नेपालमा लेख्य परम्परा भए नभएका भाषाहरूको उल्लेख पनि गरेको थियो ।
- कमसेकम पूर्व प्राथमिक र प्राथमिक तहमा मातृभाषाहरूको पठनपाठनको व्यवस्थाबारे सुझाएको थियो ।
- नेपालका भाषाहरूको अभ्ययन अनुसन्धान गर्ने उद्देश्यले एउटा स्थायी आयोग वा प्रतिष्ठानको गठन गर्ने विषयमा पनि सुझाव दिएको थियो । यसमा अरु अनेक सुझावहरू छन्, जसको विस्तारपूर्वक लेख्न यहाँ साध्य भएन ।

✍ भाषा विज्ञान केन्द्रीय विभाग बारे केहि सूचना दिनुहुन्छ कि ?

नेपालको जेठो विश्वविद्यालय त्रि. वि. मा भाषाविज्ञान विभागको अभाव भएकोले सो विभाग गठन गरिनका लागि माथि उल्लेख भएको भाषा आयोगले सुझाए बमोजिम वि.सं. २०५३ सालमा सो विभागको गठन भई भाषाविज्ञान विषयको पठन पाठन भइरहेको छ । हाल उक्त केन्द्रीय विभागले एम.ए र पिएच. डी. तहसम्मको उपाधि प्रदान गर्न थालेको छ ।

✍ उसो भए हाम्रो नेपालमा र संसारमा कति भाषाहरू मातृभाषाको रुपमा प्रचलनमा होलान् त ?

राम्ररी अध्ययन गरिनसकिएको भए तापनि हाम्रो नेपालमा लगभग दश दर्जन जति भाषाहरू मातृभाषाका रुपमा बोलिन्छन् भन्ने ठनाई छ र आज संसारमा लगभग ६ हजार पाँचसय जति भाषाहरू प्रचलनमा छन् भन्ने गरिन्छ । तर अनेक कारणले भाषाहरूको मृत्यू (लोप) हुँदै गएको अवस्थामा अब आउने सय वर्षपछि केवल एकसय भाषा मात्र प्रचलनमा रहने कुरामा भाषा वैज्ञानिकहरू चिन्ता व्यक्त गर्दछन् । यसो हुनु भनेको मानव समाजको सुन्दर विविधता लोप भएर फुस्रो, एकनासो, एकोहोरो भाषिक समाजको जर्जर हाडखोर मात्र पृथ्वीतलमा रहनु हो । पिता पूर्खाको नासो, प्रकृतिको सम्पत्ति, हाम्रो आफ्नो परिचय लोप हुन नदिने हो भने आजैदेखि प्रयास गरौं, आफ्नो भाषा नबिर्सौं, बिर्सेकाले सिक्न थालौं है त !

Ongoing Research about Dumi Rai Culture and Tradition by the University of Vienna

- Marion Wettstein and Alban von Stockhausen

May be you have lately noticed a *bideshi* couple with a little girl dancing sakalaa silis on your village school ground – and asked yourself: What are they doing here?

For two years now the members of the research project "Ritual, Space, Mimesis: Performative Traditions and Ethnic Identity among the Rai of Eastern Nepal" – or short also "Dumi Rai Ritology" – have repeatedly visited the Dumi Rai. The main focuses of the project are shamanic rituals, sacred landscape and the sakalaa performance of the Dumi. The project is headed by Prof. Dr. Martin Gaenszle of the Institute of South Asian, Tibetan, and Buddhist Studies, University of Vienna (Austria) and it is closely collaborating with Shree Chatur Bhakta Rai, former president of Kirat Rai Yayokkha. The executive field researchers are the two postdoc anthropologists Alban von Stockhausen and Marion Wettstein, the authors of this article, who have been working in Dumi areas since 2001. It is them who you might have seen dance at your Bhume Puja. You might also have met the local project members, Tejmaya Rai and Praveen Puma who are providing transcriptions, translations and cultural background knowledge to the field researchers. The project is affiliated to CNAS, the Centre for Nepal and Asian Studies at Tribhuvan University, and it is also linked to the now concluded Chintang and Puma Documentation Project (CPDP) for comparative material.

In this short article we would like to introduce to you the general research topics of the project, the main motivations for it, and its central aims.

1. The General Research Topics

The general research question of the project examines the changes in the construction of ethnic traditions and the performance of ritual. Thus a main research question is: How are cultural and territorial spaces being claimed or (re)appropriated through ritual performances like priestly offerings, shamanic journeys, collective dance etc.? The project is subdivided into two sub-projects. The first sub-project is mainly researched by Alban von Stockhausen, who is interested in the relation between actual topography and mythological geography which can be discovered in the ritual recita-tions and performances conducted by the ritual specialists, the local shamans and priests. And thus this sub-project has three main focuses: territorial ritual, ancestral landscape, and mapping. The second sub-project is researched by Marion Wettstein who is interested in the meanings and stories encoded in the silis of the sakalaa dance and its context. This sub-project focuses on the different layers of story telling inherent in the sakalaa: The gestural dance units, the stanzas of the songs, the mythological stories in their background, the relation to the everyday activities, the relation to the ritual happenings, and also the transformation the dance has gone through over the last few year in the ongoing process of negotiating the meaning of ethnical identity.

1.1. Shamanic landscapes (Alban von Stockhausen, PhD)

For the analysis of the relation between ritual, myth and topography the most interesting rituals are those in which ritual journeys are performed through verbal recitation. Depending on their individual purpose, the rituals involve different kinds of journeys along different routes by different modes of travelling. In the case of funerals the soul of the dead is escorted away. In shamanic healing rituals (cintâ), it is the soul of the ritual specialist himself which travels, in order to retrieve a lost soul (that of the sick client). The routes of these ritual journeys lead to an large extent through the "real" or known geographical landscape: the mythic reality is mapped onto topographic space.

The mental mapping of the ritual and mythological landscape which is projected onto the physical landscape forms a significant part of the identity of the local groups as it strengthens the bond between the people and their land. These mappings are filled with what the local groups perceive as the very core of their culture – the founding of their clans, the intro-duction of cultural technologies, the appropriation of an ancestral homeland. The close study of the ritual journeys can therefore be expected to give crucial insights into the conceptual and historical background of Dumi Rai traditions.

1.2. Sakalâ dance (Marion Wettstein, PhD)

A main interest in the research about the sakela is in the semiotic system of the dance as such which displays several layers of meaning encoded in song lines, gestures and connoted mythological background. Based on current theories of performance and ritual the sakalâ will be studied as a cultural resource of ritual performance, in which the diverse agents – organisers, ritual specialists, dancers, and audiences – are inter-linked through specific social relations. A further focus will be to analyse the power of dance to shape notions of identity. The sakalâ, when approached as the "staging" of a ritual, whether in rural or in urban surroundings, emerges as a key public event in which (ethnic) identity is negotiated, defined, communicated, embodied, and emotionally expressed.

The sakalâ dance can also be seen as mnemonic device used to represent and embody cultural knowledge, so that a study of it will provide insight into this knowl-edge system. This means that the term 'mimesis' (Greek for 'imitation') is understood in its oldest, Pythagorean sense – as applied in dance theory – as the embodiment of the mental or spiritual in dance expression. In ancient Greece, mimetic movement was seen as one of two possible learning processes (the other being philosophical instruction), and this research project assumes a comparable notion of dance and movement in Rai culture.

1.3. Other Topics

Besides the two main research topics, shamanic landscapes and sakalâ dance, many more aspects of Dumi Rai culture are of interest to the project. It is assumed that each distinct cultural feature of a society is interlinked with every other feature; therefore the project is also interested in general ethnographic topics, in the mythology and the ritual as such, and the general traditional life styles and world views of the Dumi Rai. It is also of interest how the Dumi Rai culture is related to the culture of other Rai groups and also to other Kirat groups. A special reference can be drawn to those groups, where similar topics have been researched already in the past.

2. Motivations and Aims

2.1. Documenting Traditions in Transition

One of the main motivations of the research project is to document Dumi Rai

culture in its traditional form as long as it still exists. Outside and indigenous observers have noticed a tremendous change in Rai society in general over the last ten to twenty years. Many rituals and customs are transforming or vanishing due to external influence or internal change, may they be driven by politics, religion, economy or other motivations. Change is inevitable and necessary, but it often causes a dislike between the generations and a cut off from tradition. In many cases the cultural origins are forgotten and by the time one would like to come back to them or revitalize them, the generation to having been able to remember might have died out.

Documenting Rai tradition at this moment of time, as long as it is still alive, is therefore a form of 'urgent', or 'rescue' anthropology, a project that will in the future render possible to compare the former ways and states of a culture, with the transformed one of the future. It is also now the chance to first hand observe the transitions and changes while it is happening, in a context of the reorganization of the state of Nepal, the redefinition of (ethnic) identity, the flooding with new religions rendered possible though the new freedom of religion, and the reaching out of administration and motorized roads to the remotest parts of Nepal. The

researchers are convinced that among the Dumi Rai, documenting traditions in transition is an urgent matter, because knowledge relating to the mythological complex and the ritual performances is disappearing fast, as the older generation dwindles.

2.2. Archive of Rai Culture

In the short term perspective, that is to say in the range of two or three years, a main aim of the research project is to establish an archive of (Dumi) Rai culture that is accessible through the internet for free. The archive shall consist of high standard, intensely researched, well edited and carefully maintained visual, audio, and text material mainly related to (Dumi) Rai traditions.

As the main focus of the research project is landscape, ritual, myths, and dance, these will be the first topics that will be covered in the archive.

The archive shall be complimented by academic print publications which shall also be available in online versions and shall be integrated into the online archive. Assuming that internet access will soon be available even in the remotest places of Nepal in the future, the researchers attempt to in this way make their research data available to the Rai communities themselves, but also to the academic community worldwide.

2.3. Establishing 'Kirat Studies' or 'Rai Studies' in Western Academia

A long term goal of this research project is to slowly and firmly establish 'Kirat Studies' or 'Rai Studies' as a separate field of study in Western academia. To establish a field of area studies or of philosophical studies in its own right – such as 'Tibetan studies' or 'Buddhist Studies', 'Indology' or 'Himalayan studies' have become over time – requires a considerable number of international scholars being sustainably interested in the field and being interested in acquiring and educate young academics. Whether or not a study field will establish itself is dependent on many factors that cannot be influenced actively. But the project's responsible hope that the presence of an online archive will alert the international scientific community to the beautiful and interesting traditional culture of the Rai, the exciting changes and transitions it is experiencing right now, and the fact that there are a myriad of topics among the Rai that have not yet been researched systematically and in depth to date.

नेपालका मातृभाषाको अनुभव

-प्रा. डा. माधव प्रसाद पोखरेल

अ) विषय प्रवेश

नेपालमा जम्मा पाँच महापरिवारका भाषा पाइन्छन् । मैले नेपालका निम्न लिखित ५७ ओटा भाषाका मातृभाषीहरूसँग अन्तरक्रिया गरेर 'स्वादेस शब्दावली' बटुलेको छु र केही सामान्य ध्वनि वैज्ञानिक, वर्ण वैज्ञानिक, रूप वैज्ञानिक, वाक्य वैज्ञानिक र सामाजिक तथा ऐतिहासिक भाषा विज्ञानका सूचनाहरू बटुलेको छु :

१. अज्ञात परिवार (१) : कुसुन्डा

२. द्रविड परिवार (१) : उराउँ (कुडुख, कुणुख, झाँगड)

३. आग्नेय परिवार (२) : खडिया, सन्ताल (सन्थाल, सतार)

४. भारोपेली आर्य (१७) : सदना, राजवंशी (ताजपुरिया, गन्गाई, सुरजपुरा, केवर्त), माझी,
चुरौटे (मियाँ), दराई, नेपालीका १२ ओटा भाषिका, दनुवार

५. भोट बर्मेली (३६) :

(क). हिमाली शाखा (३१) :

चाम्लिङ, उम्बुले, खालिङ, साम्पाङ, मेवाहाङ, कुलुङ, दुमी, बाहिङ, याम्फु, दुङ्माली, रकोङ (पुमा), वान्तावा, लिम्बु (पाँचथरे र छथरे), याक्खा, सुनुवार, सुरेल, हायु, चेपाङ, थामी, व्यासी, बनकरिया, भुजेल, राजी, राउटे, मगर (खाम र ढुट), नेवार (काठमाडौं र दोलखा), पहरी, मेचे (बोडो), धिमाल (पूर्वीय र केन्द्रीय)

(ख). भोटवत् वा तिब्बतीवत् शाखा (८) :

शेर्पा, ह्लोमी, जिरेल, तामाङ, गुरुङ, घले, थकाली, मगर काइके

मैले ती पाँचै ओटा परिवारका भाषाहरूमा वर्ण निर्धारण गरिदिएको छु र झन्डै ५१ ओटा जति भाषामा मातृभाषीहरूसँगको अन्तरक्रियाबाट वर्णमाला बनाइदिएको छु र लेख्य परम्परा सुरु गरिदिएको छु ।

आ) सामग्री सङ्कलन :

(क). अभिलेखीकरणबाट :

कुसुन्डा भाषाको सामग्री सङ्कलन मैले सब भन्दा पहिले अम्बापुर दाङमा गरेको हुँ । कुसुन्डा भाषाको वक्तासँग मलाई प्राध्यापक चूडामणि बन्धुले परिचय गराइदिएका हुन् । कुसुन्डा भाषा लोप भइसक्यो भन्ने सूचना राइन्हार्ट र तोबा (१९७१ इ) बाट पाइसके पछि फेला परेका कुसुन्डा भाषाका वक्ता प्रेम बहादुर शाहीले आफ्नो मातृभाषा धेरै जसो बिर्सिसकेका रहेछन् । उनले आफ्नो मातृभाषाका आधारभूत (स्वाडेस) शब्दावली ६४५ मात्र सम्झन सके । मूल रूपमा जङ्गलमै बस्ने आफ्नो कुसुन्डा परिवार छोडेर दश वर्षको उमेरमा गाउँ पसेका प्रेम बहादुर शाहीले आफ्नो मातृभाषा फेरि कहिल्यै पनि प्रयोग गर्न नपाएकाले भुसुक्कै बिर्सिसकेछन् ।

त्यस पछि जनजाति प्रतिष्ठानले तनहुँ दमौलीका राजामामा भन्ने कुसुन्डालाई काठमाडौंमा ल्याएर सार्वजनिक गऱ्यो । राजामामालाई त आफ्नो मातृभाषाका आधारभूत शब्दावली २२५ मात्र आउँदो रहेछ; वाक्य बनाउन चाहिँ आउँदो रहेनछ । चूडामणि बन्धुले राजामामाकी आमालाई भेटेका रहेछन् र केही भाषिक तथ्याङ्क सङ्कलन गरेका पनि रहेछन् । कुसुन्डा

भाषाका शब्द राजामामाले पनि आफ्नी आमासित सुनेका रहेछन् । मैले कुसुन्डा भाषाका पहिला वक्ता भेट्ता राजामामाकी आमा बितिसकेकी थिइन् ।

बी के रानाले मलाई रोल्पा टुनी बोटकी पुनी ठकुरी र देउखुरीकी ज्ञानी मैयाँ सेनको ठेगाना टिपाइदिएका थिए । नेपाल आदिवासी जन जाति राष्ट्रिय प्रतिष्ठानलाई मैले ती ठेगाना दिए पछि नेपाल आदिवासी जन जाति महिला मञ्चले ज्ञानी मैयाँ सेन र पुनी ठकुरीकी छोरी कमला खत्रीलाई काठमाडौंमा ल्याएर सार्वजनिक गऱ्यो । तिनीहरू दुवै जना दाङका प्रेम बहादुर शाहीका भान्जी साइनो पर्दा रहेछन् । एकै पेटका दाजु भाइका छोरी भए पनि तिनीहरूका बीचमा चिनजान नै रहेनछ । जन जाति महिला मञ्चले प्रेम बहादुरकै सहायताले ज्ञानी मैयाँ सेन र कमला खत्रीलाई फेला पारेको रहेछ । ज्ञानी मैयाँ सेन र कमला खत्रीलाई कुसुन्डा भाषा फररै बोल्न आउँदो रहेछ ।

जन जाति प्रतिष्ठान र त्रिभुवन विश्व विद्यालय भाषा विज्ञान विभाग मिलेर ती तीनै जना वक्ताहरूलाई कीर्तिपुरको एउटै डेरामा राखेर कुसुन्डा भाषाको अभिलेखीकरण गरियो । त्यस अभिलेखीकरणको एउटा खण्ड डेविड वाटर्स (२११२ ई, २११५ ई) ले प्रकाशित गरेका छन् ।

(ख). स्थलगत सर्वेक्षणबाट :

अ. त्रिभुवन विश्व विद्यालय भाषा विज्ञान विभागका दोस्रो वर्षका विद्यार्थीहरूलाई लिएर स्थलगत सर्वेक्षणमा झापा गएका वेलामा साद्री, मेचे, खडिया, सन्ताल, राजवंशी, धिमाल र उराउँ समेत सात ओटा भाषाको तथ्याङ्क सङ्कलन गरिएको हो ।

आ. अर्को साल दोस्रो वर्षका विद्यार्थीहरूलाई लिएर जाँदा, दोलखामा थामी, दोलखा नेवार, शेर्पा, तामाङ र जिरेल भाषाको सामग्री बटुलियो भने रामेछाप जिल्लामा हायु, सुनुवार र माझी भाषाका सामग्री बटुलियो । त्यसै वेला बसमा एउटा विदेशी पर्यटकको भरिया भएर त्यहाँ पुगेका सङ्खुवा सभाको तोम्याङ (चाङ्गा, याम्फु?) राई भाषाका वक्ता फेला पारेर हिंड्दा हिंड्दैका बसमा त्यस भाषाको सामग्री सङ्कलन गरिएको हो ।

(ग). सूचकसँग प्रत्यक्ष सम्पर्क गरेर :

भाषा विज्ञान एम.ए.को अनुसन्धानका लागि चुरौटे भाषाको अध्ययन गरिरहेका भरत नेउपानेले चुरौटे भाषाका वक्तालाई मेरो घरमै ल्याएका वेलामा मैले त्यस भाषाको सामग्री सङ्कलन गरें । आफ्नो घरमै मातृभाषाका वक्ताहरूसित आंशिक रूपमा सामग्री सङ्कलन गरिएका भाषाहरू निम्न लिखित हुन् :

सन्ताल (सन्थाल, सतार), चाम्लिङ राई (र त्यसका भाषिकाहरू), उम्बुले राई, मेवाहाङ राई, कुलुङ राई, लिम्बु (पाँचथरे र छथरे), याक्खा, हायु, व्यासी, राजी, मगर (पाङ र ढुट), शेर्पा र थकाली

(घ). प्रतिनिधि सूचकहरू पाइने एउटै ठाउँ ठम्याएर :

यमनाथ तिमिल्सिना, यज्ञेश्वर निरौला, सखि शरण सुवेदी, भागवत आचार्य र लावण्य प्रसाद ढुङ्गानालाई एम.ए. तहका लागि नेपालीका भाषिकाहरूको अनुसन्धान गराउँदा काठमाडौंकै कीर्तिपुर क्याम्पस, महेन्द्र रत्न क्याम्पस, सर्वोच्च अदालत र संसद सचिवालयमा भेटिने विद्यार्थी, शिक्षक, झगडिया, सांसद र सांसदको सम्पर्कमा आउने पचहत्तरै जिल्लाका वक्ताहरूबाट नेपालीका भाषिकाहरूको सामग्री बटुलियो ।

(ङ). मातृभाषीहरूकै समाज द्वारा आयोजित भेलामा अन्तरक्रिया गरेर :

लिम्बु, तामाङ, चाम्लिङ, उम्बुले, दुमी, भुजेल र मगर (ढुट) भाषाका सामग्रीहरू मातृभाषीहरूकै समाजद्वारा आयोजित अन्तरक्रियाबाट गरियो ।

(च). नेपाल आदिवासी जन जाति राष्ट्रिय प्रतिष्ठानको आयोजनाबाट :

नेपाल आदिवासी जन जाति राष्ट्रिय प्रतिष्ठानले जन जातिका अनेक संस्थाहरूसित आवद्ध मातृभाषीसित संम्पर्क गराइदिएर पनि सामग्री सङ्कलनका लागि सुगम बनाइदियो ।

(छ). राष्ट्रिय भाषाहरूको संरक्षण संस्थाको आयोजनाबाट :

राष्ट्रिय भाषाहरूको संरक्षण संस्थाले घले, साम्पाङ, राजवंशी र खालिङ भाषाको वर्ण निर्धारण गर्ने र छथरे लगायत लिम्बु भाषाका भाषिकाहरूको तुलनात्मक अध्ययन गर्ने अन्तरक्रियाका लागि कार्यशालाहरूको आयोजना गरेर सामग्री सङ्कलन गर्न सघाउ पुऱ्यायो ।

(ज). चाइनिज एकेडेमी अफ साइन्सेजका शोधकर्ताको प्रयोजनबाट

गएको महिना (२०७० साउन) चाइनिज एकेडेमी अफ साइन्सेजको खुन्मिङ अनुसन्धान केन्द्रमा पिएच.डी. गरी रहेका शोध कर्ता सुशील भण्डारीलाई साथ लगाएर मैले दाङमा रोल्पा, प्युठान, अर्घा खाँची, कपिलवस्तु, सुर्खेत, दाङ र तनहुँका कुसुन्डाहरूको वाई–क्रोमोजम र माइटोकोन्ड्रियल डिएनएको परीक्षणबाट कुसुन्डाहरूको प्रशान्त महासागरका टापुहरूमा बोलिने आग्नेय परिवारका कुनै भाषा बोल्नेहरूसित वंशानुगत साइनो छ कि भन्ने कुरो केलाउने अनुसन्धानका लागि रक्त सङ्कलन गर्ने व्यवस्थापन गर्न पनि पुगेको थिएँ ।

इ) ठाउँको छनोट :

स्थलगत सर्वेक्षणमा गए पछि मुख्य ठाउँको छनोट गर्नु पर्छ । जुन ठाउँमा सब भन्दा धेरै वक्ता छन्, प्राय त्यसै ठाउँमा भाषिक सामग्री बटुल्नु पर्छ । यस सिद्धान्तका आधारमा उदाहरणका लागि मेचे भाषाको सामग्री बटुल्न झापाको धाइजन, खडिया भाषाको सामग्रीका लागि झापाको मेची नगर नगर पालिकाको खडिया टोल, सन्ताल भाषाका लागि झापाको तोप गाछी, घले भाषाको सामग्रीका लागि गोरखाको बार्पाक, पहरी भाषाका लागि ललित पुरको बडिखेल र जिरेल भाषाका लागि दोलखाको जिरी रोजियो ।

ठाउँको छनोट गर्दा दुइटा कहिले काहिँ परस्पर विरोधी जस्ता लाग्ने आधार अघिल्तिर आउन सक्छन् । त्यो ठाउँ मातृभाषाका वक्ताहरूको मूल थलो हुन पनि सक्छ, बसाइँ सरेर आएको थलो पनि हुन सक्छ । दराई (दरै) भाषाको उदाहरण लिनु हो भने, उनीहरू गण्डकीको किनारै किनार तनहुँ सम्म पुगे जस्तो लाग्छ । तनहुँको विकट पीपल टार भन्ने गाउँमा दराई भाषाका मौलिक विशेषताहरू धेरै टड्कारो रूपमा पाइन्छन् । दराईहरूको त्यो सब भन्दा पर पुग्ने हुल होला । त्यहाँका बासिन्दाले दराई भाषाका मौलिक बेहोराहरू जोगाइराखेका छन् । तनहुँ दमौलीका दराईहरूका भाषामा नेपाली भाषाको प्रभाव केही बढ्ता छ । चितवनका दराईहरूका भाषामा नेपाली लगायत अरू भारोपेली आर्य परिवारका भाषाको प्रभाव बढ्ता छ । यसरी दराई भाषाका मौलिक बेहोरा चाहिँ पीपल टारमा पाइने, तर जन सङ्ख्या चाहिँ चितवनमा बढ्ता हुने परिस्थितिले आदर्श ठाउँ रोजाइमा समस्या तेर्स्याउँछ ।

ई) सूचकको छनोट :

ठाउँ रोजिसके पछि सूचक रोज्नु पर्छ । सूचक आफ्नो मातृभाषा राम्रो बोल्न जान्ने परिपक्व मान्छे हुनु पर्छ । उमेर नपुगेको मान्छेको भाषिक क्षमता पूर्ण रूपले विकसित भइसकेको हुँदैन । दाँत फुक्लेका मान्छेको उच्चारण ठीकसित सुनिँदैन । कुरो ढिलो बुझ्ने मान्छे त्यति काम लाग्दैन । वक्ता भरसक आफ्नो जन्म थलाबाट पाँच वर्ष भन्दा बढ्ता बाहिर गएको नहोस् ।

मानकको खोजी : भाषिक अभिवृत्तिको जाँच :

मातृभाषाका वक्तासँग अन्तरक्रिया गर्दा गर्दै मानक भाषिकाको पनि खोजी गर्न सकिन्छ । चाम्लिङ राई भाषाका वक्ताहरूसँग अन्तरक्रिया गर्दा के थाहा भयो भने, उदय पुरको बलम्तामा बोलिने चाम्लिङ राई भाषामा धेरै तालव्य ध्वनि पाइँदा रहेछन् । अरू ठाउँमा बोलिने चाम्लिङ राई भाषामा तालव्य ध्वनि त्यति छैन । यसबाट मलाई के लाग्यो भने, बलम्ताली चाम्लिङलाई मानक मान्न सकिन्छ होला । जन सङ्ख्याका दृष्टिले त बलम्तालीहरू अरू भाषिका बोल्नेहरू भन्दा

कम्ति छैनन्, तर ठाउँका दृष्टिले बलम्ता बीच चाम्लिङ गाउँ त पर्दैन । चाम्लिङ राई भाषा त खोटाङका रतन्छा, बुइपा र दोर्पामा पनि बोलिन्छ र बुइपाको चाम्लिङ चाहिँ भौगोलिक दृष्टिले बीच तिर बोलिन्छ । चाम्लिङ राईका यी चारै ओटा भाषिकालाई तुलना गर्दा चाहिँ बुइपा र बलम्ता मध्ये कुनै एउटालाई मानक मान्न सकिने देखिन्छ । चाम्लिङहरूको अन्तरक्रियाबाट चाहिँ बुइपालीलाई मानक बनाउनु पर्ने जस्तो देखिन्छ ।

उ) भाषा फेला पार्दाको अनुभव :

मैले पश्चिम झापामा खडिया भाषा फेला पारेको हुँ । भाषा विज्ञानको स्थलगत सर्वेक्षणमा झापा जिल्लाको लाफातीमा खडिया भाषाका वक्ताहरू आफूलाई 'झाँगड' (वा उराउँ) भनेर चिनाउँदा रहेछन् । किन त्यसो गरेको भनेर सोध्दा खडिया भाषीहरूले भने, 'हामी झाँगड होइनौँ, खडिया हौँ भन्दा पनि यहाँका मान्छेले हामीलाई 'झाँगड' नै भनेर बोलाउँछन्; जनगणना लिन आउनेहरूले पनि हामीलाई 'झाँगड' भनेरै लेखिदिने गरेका छन्, त्यसैले आजित भएर हामीले पनि आफूलाई 'झाँगड' भनेर चिनाउन थालेका हौँ । झाँगड भाषा द्रविड परिवारको भाषा हो, तर खडिया भाषा चाहिँ आग्नेय परिवारको भाषा हो, तर अरूले गर्दा बिचराहरू आफ्नो परिचय नै लुकाउन बाध्य भएका रहेछन् । हामीले २०५५ साल पुसमा फेला पारे पछि मात्र वि. सं. २०५८ सालदेखि राष्ट्रिय जनगणनामा खडिया भाषाको गणना सुरु भएको हो ।

यसरी नेपालका अनेक मातृभाषाको अनुसन्धानको मिश्रत अनुभव भएको छ ।

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको
शुभ उपलक्ष्यमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं
सुम्नीमा पारूहाङले सबैको रक्षा गरून् ।

ईश्वरमान हलक्सु दीक्पा दुमीराई
डम्बरकुमारी (ग्रालिङ) दुमीराई
तथा स-परिवार
माक्पा-६, नोरुङ, खोटाङ
हालः जोरपाटी-७, बौद्ध, काठमाडौं

विजया दशमी तथा शुभ-दीपावली-२०७०

साथै किरात पर्व साकेला उधौलीको सुखद उपलक्ष्यमा हाम्रा सेयर सदस्यहरू तथा देश–विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना** व्यक्त गर्दछौं ।

जनसेवा बचत तथा ऋण सहकारी संस्था लि.

सम्पर्क कार्यालय काठमाडौं

विजया दशमी तथा शुभ-दीपावली-२०७०

हार्दिक मंगलमय शुभकामना

साथै दुमी किरात राई फन्सिकिमको मुखपत्र इसिलीम १५ औं अङ्क प्रकाशनको शुभ अवसरमा सम्पूर्ण दुमीजनहरूमा हार्दिक वधाई तथा सिमेभमे सप्तलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

उदयपुरे चाम्लिङ राई समाज

केन्द्रीय कार्य समिति काठमाडौं

नेपालका राई 'किरात भाषाहरूको अध्ययन' अनुसन्धानमा भाषाविज्ञान

केन्द्रीय विभागका प्रयासहरू

- प्रा.डा. दानराज रेग्मी

१.विषय प्रवेश

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । प्राग ऐतिहासिक कालदेखि नै आफ्नो जातीय पहिचान, भाषा र संस्कृतिलाई अक्षुण्ण राख्दै अन्य जाति, भाषा र संस्कृति तथा धार्मिक भावनालाई सम्मान गर्ने नेपाली परम्परा रहेतापनि नेपालको इतिहासको कालखण्ड, विशेषगरी तीसवर्षे पंचायती शासनकालमा जनतालाई एक सूत्रमा बाँध्ने वा एकीकृत गर्ने निहुँमा राज्यले अवलम्बन गरेको 'एक राज्य एक भाषा' जस्तो आत्मघाती नीतिका कारणले एकोहोरो रूपमा नेपाली भाषालाई राज्यले नै संवैधानिक संरक्षण र सम्बर्धन गर्ने नीति लियो । केही भाषिक समुदायको आफ्नै बल र बुतामा चलाइएका मातृभाषी पाठशालाहरू पनि बन्द हुँदै गए । मातृभाषाको उत्थानमा लागेका हातहरू सरकारी विभेदका कारण निर्बलीकृत हुँदै गए ।

नेपाली भाषा बाहेकका अन्य भाषीहरू विस्तारै विस्तारै आफ्नो मातृभाषाहरू बोल्न छाडेर नेपाली भाषातिर रूपान्तरित वा आकर्षित हुँदै जाँदा प्रजातन्त्रको पुनस्थापना देखि आजका दिनसम्म सरकारी तथा गैरसरकारी तहबाट जति प्रयास भए पनि नेपालका धेरै भाषाहरू संकटापन्न र केही लोपोन्मुख अवस्थामा पुगिसकेका छन् । नेपालको अन्तरिम संविधान, २०६३ ले हरेक मातृभाषी समुदायलाई आफ्नो भाषामा आधारभूत तहको प्राथमिक शिक्षा लिन पाउने अधिकारलाई सुनिश्चित गरे पनि धेरै भाषाहरूमा लेख्यपरम्पराको अभावका कारण मातृभाषामा शिक्षा केवल नारामा मात्र सीमित हुन पुगेको छ । भाषिक समुदायले आफ्नो भाषालाई केवल पहिचानको आधार-बिन्दुको रूपमा मात्र लिई भाषाको पुस्तान्तरण, मातृभाषामा आधारित आधारभूत तहका पाठ्यसामाग्रीको निर्माण, साहित्यको सिर्जना तथा भाषामा अन्तर्निहित जीवनका लागि अपरिहार्य ज्ञान (Life Crucial Knowledge) को पुस्तान्तरण जस्ता काममा खासै चासो देखाएको अवस्था छैन ।

यही परिप्रेक्ष्यमा राई-किरात भाषाहरूको वर्तमान स्थितिको बारेमा समान्य रूपमा चर्चा गर्दै यी भाषाहरूको अध्ययन-अनुसन्धानमा देखिएका चुनौति र भाषाविज्ञान केन्द्रीय विभागले हालसम्म गरेका प्रयासहरूका बारेमा छोटो विवरण प्रस्तुत गर्नु यो लेखको मुख्य उद्देश्य रहेको छ ।

२.नेपालका राई-किरात भाषाहरूको स्थिति

२.१ भाषा तथा वक्ता

राई-किरात भाषाहरू चिन-तिब्बती भाषा परिवार भित्र पर्दछन् । २०५८ को जनगणनामा चिन-तिब्बती भाषा परिवारका भाषाको सङ्ख्या ५८ वटा रहेकोमा २०६८ को जनगणनामा १२ वटा भाषाहरूले थप पहिचानको अवसर पाएर भाषाको सङ्ख्या ७० वटा पुगेको छ । अझै यस भाषा परिवारका केही भाषा

र भाषिकाहरूले पहिचानको लडाइलाई निरन्तरता दिनुपर्ने स्थिति छ। तालिका १ मा २०५८ र २०६८ का जनगणना अनुसार राई भाषाहरू र तीनिहरूको वक्तासङ्ख्या देखाइएको छ।

तालिका १: २०५८ र २०६८ का जनगणना अनुसार राईभाषा र वक्तासङ्ख्या

	जनगणना (२०६८)		जनगणना (२०५८)	
	भाषा	वक्तासङ्ख्या	भाषा	वक्तासङ्ख्या
१	राई	१,५९,११४	-	-
२	बान्तावा	१,३२,५८३	बान्तावा	३,७१,०५६
३	चाम्लिङ	७६,८००	चाम्लिङ	४४,०९३
४	कुलुङ	३३,१७०	कुलुङ	१८,६८६
५	थुलुङ	२०,६५९	थुलुङ	१४,०३४
६	साम्पाङ	१८,२७०	साम्पाङ	१०,८१०
७	खालिङ	१४,४६७	खालिङ	९,२८८
८	वाम्बुले	१३,४७०	वाम्बुले	४,४७१
९	बाहिङ	११,६५८	बाहिङ	२,७६५
१०	नाछिरिङ	१०,०४१	नाछिरिङ	३,५५३
११	याम्फु	९,२०८	याम्फु	१,७२२
१२	दुमी	७,६३८	दुमी	५,२७१
१३	पुमा	६,६८६	पुमा	४,३१०
१४	दुङमाली	६,२६०	दुङमाली	२२१
१५	आठपहरिया	५,५३०	आठपहरिया	-
१६	मेवाहाङ	४,६५०	मेवाहाङ	९०४
१७	लोहोरुङ	३,७१६	लोहोरुङ	१,२०७
१८	छिन्ताङ	३,७१२	छिन्ताङ	८
१९	छिलिङ	२,०४६	छिलिङ	१,३१४
२०	तिलुङ	१,४२४	तिलुङ	३१०
२१	कोयी	१,२७१	कोयी	२,६४१
२२	बेलहारे	५९९	बेलहारे	-
२३	साम	४०१	साम	२३
२४	फाङदुवाली	२९०	फाङदुवाली	-
२५	लिङखिम	१२९	लिङखिम	९७

२०५८ को जनगणनामा राई-किरात भाषाहरूको सङ्ख्या २७ रहेकोमा २०६८ को जनगणनामा केही भाषाहरू थपिएर ३३ वटा हुन पुगेको छ । २०६८ सालको जनगणनाले वालिङ, बेलहारे, फाङ्दुआली र सुरेल जस्ता राई-किरात भाषाहरूलाई छुट्टै भाषाको रूपमा मान्यता दिए तापनि १,६९,११४ वक्ता सङ्ख्या सहित राईभाषा छुट्टै सूचीकृत हुन पुगेको छ । निश्चित रूपमा नेपालमा अन्य जाती-समुदायमा आफ्नो भाषा-पहिचानको आवाज एक झङ्कारको रूपमा सुनिएको बेलामा राई-किरात जाती-समुदायले अज्ञानबस आफ्नो बोलीको पहिचान राई भाषामा गराए होलान् भनी मात्र अलि गाह्रो पर्छ । विभिन्न राई भाषाहरू बोल्ने जाती-समुदाय बहुभाषिकता र मातृभाषामा आधारभूत प्राथमिक शिक्षाको अभियानमा लागेको वर्तमान अवस्थामा राई भाषा छुट्टै आउनु एक चुनौतिको विषय हो । यस बारे बेलैमा ध्यान जानु जरूरी छ । तालिका २ मा २०५८ र २०६८ का जनगणना अनुसार किरात भाषाहरू र वक्ता सङ्ख्या देखाइएको छ ।

तालिका २: २०५८ र २०६८ का जनगणना अनुसार किरात भाषा र वक्ता सङ्ख्या

जनगणना (२०६८)		जनगणना (२०५८)	
भाषा	वक्तासङ्ख्या	भाषा	वक्तासङ्ख्या
१ लिम्बु	३,४३,६०३	लिम्बु	३,३३,६३३
२. सुनुवार	३७८९८	सुनुवार	२६,६११
३. याक्खा	१९,५५८	याक्खा	१४,६४८
४. धिमाल	१९,३००	धिमाल	१७,३०८
५. जिरेल	४,८२९	जिरेल	४,९१९
६. हायु	१,५२०	हायु	१,७४३
७. वालिङ	१,१६९		
८ सुरेल	२८७		

जनसङ्ख्या बृद्धिको अनुपातमा २०५८ को तुलनामा २०६८ को जनगणनामा (दश वर्षको अन्तरालमा) लिम्बुको वक्ता सङ्ख्यामा खासै बृद्धि भएको देखिदैन । त्यस्तै गरी हायु र जिरेल भाषामा त झनै घटेको देखिन्छ । नेपालको आजको परिप्रेक्ष्यमा यसका दुईवटा कारणहरू हुन सक्छन् । पहिलो कारणमा जनगणनामा विधिगत त्रुटी, दोस्रो कारणमा बसाइ-सराइ जस्ता कारणले आफ्नो मातृभाषा बोल्न छाडेर विशेषतः नेपाली भाषा बोल्न थाल्नु । नेपालका जनगणनाका आफ्नै विधिगत सीमा भए पनि सधैं त्रुटीमात्र देखाएर भाषिक समुदाय, भाषिक अभियन्ता र विज्ञहरू आफ्नो दायित्वबोधबाट पन्छिनु हुँदैन ।

२.२ जीवन्तताको स्थिति

लुइ र साइमन (२०१०) ले विस्तार र परिमार्जन गरेको विस्तारित श्रेणीकृत पुस्तान्तरण विघटन मापक्रम (Expanded Graded Intergenerational Disruption Scale) नामक भाषाहरूको जीवन्तताको स्थितिको मूल्याङ्कन गर्ने मोडेलको आधारमा नेपालका १२३ भाषाहरूको जीवन्तताको स्थितिलाई विश्लेषण गर्दा करिब ३० वटा प्रबल, ५१ वटा संकटापन्न, ११ वटा अपसरणशील, ६ वटा मृतप्राय, १ वटा सुषुप्त, १ वटा लोप भइसकेका अवस्थामा पुगेको देखिन्छ । नेपालका जम्मा ५३ वटा (४३.०९%) भाषाहरू मात्र सुरक्षित देखिन्छन् (रेग्मी, २०७०) । सङ्ख्या धेरै देखिए तापनि नेपालका राई-किरात भाषाहरूको जीवन्तताको स्थिति नेपालका अरू समूहका भाषाहरूको भन्दा भिन्न छैन ।

तालिका ३ मा नेपालका राई-किरात भाषाहरूको जीवन्तताको स्थिति देखाइएको छ ।

तालिका ३: नेपालका राई-किरात भाषाहरूको जीवन्तताको स्थिति

जीवन्तताको	प्रवल	संकटापन्न	अपसरणशील	मृतप्राय	लोप
भाषाको सङ्ख्या	५	२०	४	३	१
प्रतिशत	१५.१५%	६०.६०%	१२.१२%	९.०९%	३.०३%

स्रोतः एथ्नोलग (इपिले र अरू, २०१२) र युनेस्को (२०११)

सबै किरात-राई भाषाहरूको विस्तृत भाषावैज्ञानिक अध्ययन भइनसकेकाले यी भाषाहरूको जीवन्तताको स्थितिको बारेमा मतैक्य हुन सक्दैन । तापनि हाल सम्मको जानकारीको आधारमा तालिका ३ अनुसार नेपालका राई-किरात भाषाहरू मध्ये ५वटा भाषाहरू प्रवल (सबै उमेर समुहका व्यक्तिले मौखिक रूपमा प्रयोग गर्ने र समुदायका बालबलिकाले पहिलो भाषाको रूपमा सिक्ने भाषा) छन् । यी भाषाहरूमा कोयी, खालिङ, वाहिङ, थुलुङ र वाम्बुले पर्दछन् । २१ वटा भाषाहरू संकटापन्न (मौखिक रूपमा सबै उमेर समूहका व्यक्तिले प्रयोग गर्ने र तर बच्चा जन्माउने उमेरका केहीले मात्र आफ्ना बालबलिकालाई त्यो भाषा बोल्न सिकाउने) अवस्थामा रहेका छन् ।

यस्ता भाषाहरूमा राई, कुलुङ, चाम्लिङ, जिरेल, दुमी, दुङ्माली, धिमाल, पुमा, बान्तवा, बेलहारे, मेवाहाङ, याक्खा, याम्फु, लिम्बु, लोहोरुङ, साङ्पाङ, सुनुवार, सुरेल, छिन्ताङ, आठपहरिया रहेका छन् । ४ वटा भाषाहरू अपसरणशील (बच्चा जन्माउने उमेर समूहका आफूहरू बीच कुरा गर्नका लागि भाषाको राम्रो ज्ञान भएको तर कसैले पनि आफ्ना बालबालिकालाई त्यो भाषा बोल्न नसिकाउने वा नसार्ने) अवस्थामा छन् । अपसरणशील भाषाहरूमा छिलिङ, नाछेरिङ, फाङ्दुवाली र हायु पर्दछन् ।

तीन वटा भाषाहरू मृतप्राय (हजुरबुबा र हजुरआमा वा बुढापाकाले पनि प्रयोग गर्न अवसर ज्यादै कम मात्रामा प्राप्त गर्ने भाषा) अवस्थामा रहेका छन् । यी भाषाहरूमा तिलुङ, लिङखिम, साम पर्दछन् र वालिङ भाषा लोप भइसकेको (प्रतीकात्मक उद्देश्यका लागि मात्र पनि भाषासंग गाँसिएको पहिचान गुमाइ सकेको) अवस्थामा पुगेको देखिन्छ । यसरी हेर्दा नेपालका जम्मा ५वटा (१५.१५%) राई-किरात भाषाहरूमात्र सुरक्षित देखिन्छन् ।

३. राई-किरात भाषाहरूको अध्ययन-अनुसन्धानमा देखिएका चुनौति

उन्नाइसौं शताब्दीदेखि नै राई-किरात भाषाहरूको अध्ययन-अनुसन्धान सुरु भएको पाइन्छ । यी भाषाहरूको अध्ययनमा ब्रायन हज्सन (१८२८-८८ इ.), ग्रियर्सन (१८९८-१९२७इ.) र विन्टर (१९८१-८४इ.) को विशेष योगदान देखिन्छ । ब्रायन हज्सन (१८२८-८८ इ.)ले धिमाल, लिम्बु, सुनुवार, वायु (वा हायु), चाम्लिङ, छिन्ताङ, नाछिरिङ, वालिङ, याक्खा, उम्बुले, कुलुङ, बाहिङ, लोहोरोङ जस्ता राई-किरात भाषाका तुलनात्मक शब्द सूचीहरू प्रकाशित गरेका थिए ।

ग्रियर्सन (१८९८-१९२७ इ.)को सर्वेक्षणमा नेपालका राई-किरात भाषाहरू मध्ये धिमाल, थामी, लिम्बु, याक्खा, वायु, बाहिङ, साङ्पाङ, लोहोरोङ, वालिङ, छिन्ताङ, दुङ्माली, चाम्लिङ, नाछिरिङ, कुलुङ, थुलुङ, उम्बुले, खालिङ, दुमी र सुनुवार परेका थिए । विन्टर (१९८१-८४इ.)ले आठपरे, बेलाहारे, बाहिङ वा रुम्दाली, बान्तावा, चाम्लिङ, छिन्ताङ, छुलुङ, दुङमाली, दुमी, हायु, खालिङ, कोयु, लिम्बु, कुलुङ, नाछिरिङ, साङपाङ, मेवाहाङ, पुमा, सुनुवार, थुलुङ, उम्बुले, याक्खा, याम्फु, धिमाल जस्ता राई किरात भाषाहरूको सर्वेक्षण गरेका थिए ।

यी बाहेक स्वदेशी तथा विदेशी विद्वानहरूको योगदान पनि कम छैन । यति हुँदाहुँदै पनि राई किरात भाषाहरूको निश्चित, भाषिकाहरूको पहिचान, व्याकरण

लेखन, शव्दकोश निर्माण र बहुभाषिक शिक्षाका लागि पाठ्यपुस्तक निर्माण, लेखन पद्दतिको विकास जस्ता प्राथमिक काम जति हुनु पर्ने हो यी पनि अधिकांश भाषाहरूमा भएको पाँइदैन। यसका पछाडि केही मूलभूत कारणहरू लुकेका हुन सक्छन्। पहिलो कारण, राई-किराती जाति भित्र प्रर्याप्त मात्रामा यी भाषाहरूको अध्ययन-अनुसन्धान गर्न सक्ने जनशक्ति अभाव हुनु हो।

दोस्रो कारणमा, अध्ययन-अनुसन्धानमा लागेका र लाग्न चाहनेलाई उचित प्रोत्साहनको कमी हुनु हो। तेस्रोमा, यी भाषाहरूको अध्ययन-अनुसन्धानका लागि पर्याप्त बजेटको अभाव हुनु वा बजेटको उचित सदुपयोग नहुनु वा बजेटका लागि विदेशीको मुख ताक्ने प्रवृत्ति हावी हुनु हो। चौथोमा, भाषाहरूको अध्ययन-अनुसन्धानका नाममा लाखौं खर्च गरेर, लामो समय लगाएर एक वा दुई भाषामा केन्द्रित हुनु हो। पाँचौमा, बिना तालिम, बिना ज्ञान वा अल्पज्ञानका भरमा भाषाहरूको अध्ययन-अनुसन्धानमा लाग्नु हो।

छैटौमा, भाषाविज्ञान केन्द्रीय विभाग जस्तो प्राज्ञिक तथा प्राविधिक स्रोतको रूपमा रहेको संस्थाबाट सहयोग लिन वा सहकार्य गर्नका साथै यस विभाग प्रति सही दृष्टिकोण नरहनु हो। सातौं कारणमा, जाति विशेषको भाषामा उही जातिविशेषको प्राधन्यता रहनु पर्ने भन्ने नयाँ मान्यता सहितको मानसिकताको विकास हुनु हो। यी सबै कारणहरूको व्याख्या यो सानो लेखमा सम्भव नहोला।

४. भाषाविज्ञान केन्द्रीय विभागका प्रयास

नेपालको जटिल भाषिक परिस्थितिलाई मध्येनजर गरी २०५१ सालमा राष्ट्रिय भाषा नीति सुझाव आयोगको गठन गरियो। यस आयोगले आफ्नै देशमा जनशक्ति उत्पादन गरी नेपालमा बोलिने विभिन्न भाषाहरूको अध्ययन र अनुसन्धान गराउन त्रिभुवन विश्वविद्यालय अन्तर्गत एक विभागको स्थापना गराउनु पर्ने सुझाव दिए अनुसार आज भन्दा करिब १७ वर्ष पहिले वि.स.२०५३ सालमा भाषाविज्ञान केन्द्रीय विभागको स्थापना भएको हो।

यस अवधिमा भाषाविज्ञान विषयमा करिव ९४ जना स्नातकोत्तर र विभागको निर्देशन र सहयोगमा, ७ जनाले विद्यावारिधि तह पार गरिसकेका छन्। यस विभागको अगुवाइमा २०६५ सालदेखि नेपालका भाषाहरूको सर्वेक्षण कार्य सुचारु छ। यस बाहेक विभागको नेतृत्वमा पुमा-छिन्ताङ् अभिलेखीकरण परियोजना, बराम अभिलेखीकरण परियोजना, भाषा सञ्चार परियोजना जस्ता कार्यहरू पूरा भएका छन्। भाषिक सर्वेक्षण बाहेक सातवटा भाषा (भुजेल, चेपाङ, नेवार, याक्खा, लाप्चा, मैथिली र बोटे) मा मातृभाषामा आधारित पाठ्यपुस्तकहरू पनि विभागले तयार पारेको छ।

४.१ स्नातकोत्तर र विद्यावारिधी तहका अध्ययन-अनुसन्धान

सकेसम्म अध्ययन नभएका र लोपोन्मुख अवस्थामा पुगेका नेपालका भाषाहरूमा स्नातकोत्तर तहको शोध गराउने लक्ष्य अनुसार विभिन्न भाषाहरूमा शोधपत्रहरू तयार गरिएका छन्। यसै क्रममा राई-किरात भाषामा १६ वटा स्नातकोत्तर तहका शोधहरू पुरा भएका छन्। कोइच (सुनुवार)मा उपवाक्य संयोजन, चाम्लिङमा रूपात्मक अध्ययन, पाँचथरे लिम्बुमा उपवाक्य संयोजन, वाहिङमा क्रियापद र नामिक रुपविज्ञान, हायुमा नामिक रुपविज्ञान र क्रियापद,. छिन्ताङमा छिन्ताङ मुन्धुम भाषा, दुमीमा क्रिया रूपविज्ञान, कोयीमा क्रिया रूपविज्ञान र समाज भाषावैज्ञानिक अध्ययन, लिम्बुमा उपवाक्य संयोजन र समाज भाषावैज्ञानिक अध्ययन, छथरे लिम्बुमा क्रिया रूपविज्ञान, याक्खामा विभक्ति र छुलुङमा क्रिया रूपविज्ञान जस्ता शीर्षकमा स्नातकोत्तर तहका शोधहरू तयार गरिएका छन्।

तालिका ४ मा राई-किरात भाषाहरूका स्नातकोत्तर तहमा गरिएका अनुसन्धानको विवरण प्रस्तुत गरिएको छ।

तालिका ४: राई-किरात भाषाहरूका स्नातकोत्तर तहमा गरिएका अनुसन्धानको विवरण

अनुसन्धान क्षेत्र	भाषा सङ्ख्या	भाषाहरू
१. रूपविज्ञान	३	हायु, वाहिङ र याक्खा
२. क्रिया रूपविज्ञान	६	छुलुङ, छथरेलिम्बु, कोयी, दुमी, हायु र वाहिङ
३. नाम रूपविज्ञान	१	चाम्लिङ
४. समाज भाषावैज्ञानिक सर्वेक्षण	२	लिम्बु र कोयी
५. मानव भाषाशास्त्रीय अध्ययन	१	छिन्ताङ
६. वाक्यविज्ञान	२	कोँइच (सुनुवार) र पाँचथरे लिम्बु

त्यस्तै भाषाविज्ञान विभाग अन्तर्गत दुमी र कोयी भाषामा विद्यावारिधी अनुसान्धानका लागि ती भाषामा व्याकरण लेखनको कार्य भइराखेको छ। त्यस्तै लिम्बुभाषामा विद्यावारिधी अनुसान्धानका लागि लिम्बु मुन्धुमको भाषावैज्ञानिक अध्ययन नामक शीर्षकमा शोध प्रवन्ध तयार भइसकेको छ।

४.२ अभिलेखीकरण

स्नातकोत्तर तहका शोध-प्रवन्ध बाहेक नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा यस विभाग अन्तरगत हायु, दुमी, कोयीभाषामा सानो स्तरका अभिकेखीकरणका कार्य सम्पन्न भएका छन्। त्यस्तै भाषाविज्ञान विभागको सहकार्यमा २०६५ सालमा पुमा र छिन्ताङ जस्ता लोपोन्मुख भाषाका ठूलो स्तरका अभिलेखीकरणका कार्य सम्पन्न भएका छन्।

४.३ समाजभाषावैज्ञानिक सर्वेक्षण

विगतमा गरिएका प्रयास र नेपालको जटिल भाषिक परिस्थितिलाई मध्ये नजर गरी २०५१ सालमा गठित राष्ट्रिय भाषा नीति सुझाव आयोगले नेपालमा बोलिने भाषाहरूको स्पष्ट पहिचानका लागि नेपालमा भाषिक सर्वेक्षण गर्नु पर्ने सुझाव दिएको थियो। २०५८ को राष्ट्रिय जनगणनाले नेपालको भाषिक विविधताको पुष्टि गरेको र नेपालको अन्तरिम संविधान २०६३ ले नेपाली नागरिकलाई प्रदत्त भाषिक अधिकारहरूलाई सुनिश्चितता प्रदान गरेको सन्दर्भमा वर्तमान नेपालका भाषिक चुनौतीहरूको सामना गर्न सहयोग पुऱ्याउन नेपालमा भाषिक सर्वेक्षण हुनु पर्ने टडकारो आवश्यकता महसुस गरियो। नेपालको इतिहासमा नै पहिलो पटक अलिखित भाषाहरूका लागि लेखन पद्धतिको विकास, प्राथमिक र प्रौढ शिक्षामा भाषाको भूमिका निर्धारण, लोप हुने अवस्थामा रहेका अल्पसङ्ख्यक भाषाहरूको पहिचान तथा अभिलेखीकरण र सरकारको सामाजिक समावेशीकरणको प्रावधान लागु गर्नु पर्ने जस्ता प्रमुख मुद्दालाई केन्द्रविन्दुको रूपमा राखी भाषाविज्ञान केन्द्रीय विभागद्वारा एक प्रस्ताव तयार पारियो।

उक्त विस्तृत प्रस्तावलाई राष्ट्रिय योजना आयोगबाट स्वीकृत भएपछि २०६५ सालदेखि नेपालको भाषाहरूको एक वैज्ञानिक र व्यवस्थित सर्वेक्षणको लागि सर्वेक्षण गर्ने अखितयार भाषाविज्ञान केन्द्रीय विभागलाई दिइएको छ। नेपालका भाषाहरूलाई ९ वटा समूहमा विभाजन गरिएकोमा किरात-राइ पनि एक प्रमुख समुह हो। हाल सम्म ५१ वटा भाषाहरूको समाजभाषावैज्ञानिक सर्वेक्षण कार्य पूरा भएकोमा राई-किरात समूहका खालिङ (इलाम जिल्लाको मात्र), याक्खा, छुलुङ, दुमी, कोयी र तिलुङको समाजभाषावैज्ञानिक सर्वेक्षण सकिएको छ।

४.४ बहुभाषिक शिक्षाका लागि पाठ्यपुस्तक निर्माण

नेपालको भाषिक सर्वेक्षण को लक्ष्य बमोजिम याक्खा भाषामा कक्षा १, २, ३ को गणित, समाजिक शिक्षा र विज्ञान तथा स्वास्थ्य जस्ता विषयमा माध्यमको रूपमा बहुभाषिक शिक्षाका लागि पाठ्यपुस्तक निर्माण गरिएका छन्।

४.५ एथ्नोलगको प्रकाशन

भाषाविज्ञान केन्द्रीय विभाग र एसआइएल इन्टरन्याशनलको सहकार्यमा नेपालमा बोलिने राई-किराती भाषाहरू लगाएत १२४ वटा भाषाहरूको विवरणलाई भाषिक समुदायको सहयोगमा अपडेट गराई अङ्ग्रेजी र नेपाली भाषामा गतसाल (सन् २०१२ मा) प्रकाशित गरिएको छ ।

४.६ प्रवचन, कार्यपत्र प्रस्तुत तथा प्रकाशन

२०६८ सालमा हायु भाषाका विशेषज्ञ डा.बोइड मिखाइलोभ्स्कीलाई निमन्त्रणा गरी हायु भाषामा प्रवचन गराइएको थियो । भाषाविज्ञान केन्द्रीय विभाग र नेपाल भाषाविज्ञान समाजको सहकार्यमा हरेक वर्ष सम्पन्न गरिने गोष्ठीमा राई-किरात भाषाहरूमा कार्यपत्रहरू प्रस्तुत गरिएका छन् । केही कार्यपत्रहंरू परिमार्जन गरी नेपाल भाषाविज्ञान समाजको जर्नलमा प्रकाशित गरिएका छन् ।

५. उपसंहार

भाषाविज्ञान केन्द्रीय विभाग एक शैक्षणिक र अनुसन्धानमूलक संस्था हो । विभागका लागि सबै भाषा तथा भाषिक समुदाय देशका निधि हुन् । ती सबै प्रति समान व्यवहार र आस्था राख्नु यसको कर्तव्य हो । विगतका हज्सन (१८२८-८८ इ.), ग्रियर्सन (१८९८-१९२७ इ.) र विन्टर (१९८१-८४इ.)का भाषिक सर्वेक्षण का प्रयासहरूमा धेरै राई किरात भाषाहरू परिसकेका छन् । भाषाविज्ञान केन्द्रीय विभागले २०६५ सालमा पाइलट सर्वेक्षण झापाबाट सुरू गरेको हो ।

पूर्वी नेपालका भाषाका तुलनामा पश्चिमी नेपालका भाषाहरूको बारेमा कम अध्ययन भएकाले विभागले समाजभाषावैज्ञानिक सर्वेक्षण मा विशेषतः नेपालको पश्चिमी क्षेत्रलाई ध्यान दिएको हो । यसले गर्दा राई-किरात भाषाहरूको सङ्ख्या, तिनीहरू बीचको विविधता र लोपोन्मुखताको बारेमा ज्ञान हुँदा-हुँदै पनि भाषाविज्ञान केन्द्रीय विभागबाट संचालित समाज भाषावैज्ञानिक सर्वेक्षणमा खालिङ (इलाम जिल्लाको मात्र), याक्खा, छुलुङ, दुमी, कोयी र तिलुङ भाषाहरू मात्र परेका हुन् । अबका सर्वेक्षण का प्रयासहरू विशेषरूपमा राई-किरात भाषाहरूमा केन्द्रीत रहने योजना छ । त्यसैले राई-किरात भाषिक समुदायले आफ्ना भाषाका समाजभाषावैज्ञानिक सर्वेक्षणमा सहभागिता जनाई वस्तुगत सूचना दिनु आवश्यक छ ।

यस वाहेक हरेक समुदायबाट कम्तिमा एक जना महिला र एकजना पुरुषले यस विभागमा संचालित भाषाविज्ञानको स्नातकोत्तर तह अध्ययन गरी आफ्नै मन र मनका आँखाले आफ्नो भाषाका प्रकृतिका बारेमा बुझ्नु आवश्यक छ । विभाग नेपालका भाषाहरूको अध्ययन-अनुसन्धान, लोपोन्मुख भाषाहरूको संरक्षण, सबर्द्धन र विकासका लागि गरिने हरेक प्रयासमा प्राज्ञिक तथा प्राविधिक रुपले सहयोग र सहकार्य गर्न सदा तत्पर छ । विभागबाट हालसम्म गरिएका प्रयासहरूले यी भाषाहरूको पहिचानमा सहयोग पुऱ्याए तापनि भाषिक समुदायले आफ्नो भाषालाई केवल पहिचानको आधार-बिन्दुको रूपमा मात्र नलिई भाषाको पुस्तान्तरण, मातृभाषामा आधारित आधारभूत तहका पाठ्यसामाग्रीको निर्माण, साहित्यको सिर्जना तथा भाषामा अन्तर्निहित जीवनका लागि अपरिहार्य ज्ञान (life crucial knowledge) को पुस्तान्तरण जस्ता काममा सक्रिया सहभागिता नजनाए सम्म यी भाषाहरूको संरक्षण, सबर्द्धन र विकास गर्न सकिदैंन ।

देशका निधिका रूपमा रहेका नेपालका भाषाहरूको उचित अध्ययन-अनुसन्धान, लोपोन्मुख भाषाहरूको संरक्षण, सबर्द्धन र विकासका लागि भाषाविज्ञान केन्द्रीय विभाग, स्वदेशी तथा विदेशी भाषाविज्ञ, भाषिक समुदाय, भाषिक अभियन्ता र सरकारी तथा गैरसकारी सङ्घ संस्थाको बीचमा समन्वय,

सहयोग र सहकार्य हुनु नितान्त आवश्यक देखिन्छ । सबै राई-किरात समुदाय बीच एक-आपसमा सहकार्य बढाई भाषिक चेतनाको अभिवृद्धिका साथ भाषाको अध्ययन-अनुसन्धान, संरक्षण, सबर्द्धन र विकासका लागि होस्टेमा हैंसे गर्नु अपरिहार्य भैसकेको छ ।

सहयोगी सामाग्री

राष्ट्रिय योजना आयोग, नेपाल सरकार (२०६५): नेपालको भाषिक सर्वेक्षण : प्रस्ताव, भाषाविज्ञान केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

रेग्मी, दानराज (२०६८): नेपालको भाषिक सर्वेक्षण: एक सिंहावलोकन, मिर्मिरे, भाषा विशेषाङ्क, वर्ष ४०, अङ्क १, पूर्णाङ्क ३०८ ।

रेग्मी, दानराज (२०७०): 'नेपालका भाषाहरूको सर्वेक्षण : स्थिति र चुनौति' । २०७० साल अषाढ २५ (तदअनुसार जुलाई ज्ञण, द्दण्ज्ञघ) शिक्षा मन्त्रालय र नेपाल प्रज्ञा-प्रतिष्ठानको संयुक्तरूपमा आयोजित नेपालको भाषा नीति विकास सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठिमा प्रस्तुत गरेको कार्यपत्र

Central Bureau of Statistics. 2001. *Population Census*, Kathmandu: National Planning Commission.

Central Bureau of Statistics. 2012. *National Population and Housing Census 2011: National Report*. Kathmandu: National Planning Commission.

Eppele, M. John, Paul Lewis, Dan Raj Regmi and Yogendra P. Yadava (eds.) 2012. *Ethnologue: Languages of Nepal*, Kathmandu: Central Department of Linguistics and SIL Intenational.

Lewis, M. P. and Simons, G. F. 2010. "Assessing Endangerment: Expanding Fishman's GIDS." *Revue Romaine de Linguistique* 55.103-120.

Regmi, Dan Raj. 2011. "Linguistic Surveys in Nepal: A glimpse." TU Bulletin Special 2011- 12, 2011. Tribhuvan University, Nepal.

Toba, Sueyoshi. 2004. "Present Status of Reearch/Publication on Languages of Nepal." *Nepalese Linguiatics*, 20: 148-53.

Yadava, Yogendra P. 2003. "Language." *Population Monograph in Nepal*. 1:137-171. Kathmandu: Central Bureau Statistics.

Yadava, Yogendra. P. 2004. "Pattern of Language Endangerment in Nepal: An Approximation." Paper presented at the silver jubilee conference of Linguistic Society of Nepal, Kathmandu.

[1]प्रा.डा.रेग्मी भाषाविज्ञान केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरका विभागीय प्रमुख तथा नेपालको भाषिक सर्वेक्षणका निर्देशक हुनुहुन्छ ।

छोरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

रामकुमार हलक्सु दीक्पा दुमीराई
उर्मिला (श्रेष्ठ) दुमीराई
तथा स-परिवार
माक्पा-४, लुम्दु, खोटाङ
हाल: बाफल, काठमाडौं

हामी किरात सन्तान र हाम्रा पुर्खाहरू

शिक्षक: कुमार सिंह दुमीराई
श्री महेन्द्र ज्योति उच्च मा.वि.
चौंरीखर्क, सोलुखुम्बु

वास्तवमा हामी किरातीहरू पितृ र प्रकृति पुजक भएकै कारणले यसैमा हाम्रो आस्था अडेको छ। एक पटिछ अर्को गर्दै पाका पुर्खाहरू गल्दै र ढल्दै नै गइरहेका छन्। तर विडम्बना, पितृहरू ढल्दा केवल शरीर मात्र नढल्दो रहेछ, जनसङ्ख्या मात्र नघट्दो रहेछ, वंश मात्र नखिइदो रहेछ। साथमा दिन प्रतिदिन अग्रजहरूको अवसानसँगै हाम्रो ठेट पहिचानमा अपुरणीय क्षति पनि पुग्दो नै रहेछ। परिणाम, समग्र बंशको पहिचानमा नै ऐंजेरु जेलिन पुग्दो रहेछ। अनि हाम्रा अस्तित्वमा नै खडेरी लाग्दो रहेछ।

हिजोका दिनसम्म आफ्नोपन, पुर्ख्यौली अपनत्व, नाता सम्बन्ध र रितीरिवाजको बारेमा कोक्कोक्सी र मामासीसी (खबरदारी) गर्ने हाम्रा गहना समानका पुर्खाहरू आज दिनदिनै रित्तिदैछन्। विगत इतिहासका ज्ञाता, जहाँसुकै र जहिलेसुकै धाराप्रवाह अर्ती उपदेश दिदा कहिल्यै नथाक्ने हाम्रा प्रेरणाका खानी, पहिचानका धनी अग्रज पिता पुर्खाको अवसानसँगैं हाम्रो भाषा, संस्कृती पनि हराउदै जाँदोनै रहेछ। साश्वत सत्य सवैलाई थाहा भएर पनि त्यसलाई बेलैमा जगेर्ना गर्न सक्ने प्रभावकारी उपाए पनि त ठम्याउन जरुरी छ नै। जसको एउटै मात्र भन्नु नै सवैले आफ्नो पुर्ख्यौली संस्कार पछ्याउनु अ रिहार्य भै सकेको छ।

संस्कारको कुरो गर्दा गाँउमा बाल्यकाल छँदाको याद मानसपटलमा झल्यास्स आँउछ। त्यस बेलामा गाऊँभरि नै हरेक व्यक्तिको जन जिब्रोमा दुमी वाहेक अरु भाषा निस्कदैनथ्यो। वाली उठाउन आउने कामी दमाई हुन् कि सिदा लिन आउने पुरोहित, ती सबैले नोरोदेल (नोरुङ) गाऊँ टेकेपछि स्वत: दुमीभाषा नै बोलेको सुनिन्थ्यो। आज विचार्दा सायद त्यो अपनत्ववोधको खातिर त्यसो गरिएको हुनुपर्छ भन्ने लाग्छ। हामी पनि त्यही उमेर समूहका सवैजना बाटोघाटो, खेलकुद, पानी पधेंरोमा समेत आफ्नै लोलीवोलीको उन्मुक्त वातावरणले साच्चै आत्मगौरव हुन्थ्यो। हामी भाषा र संस्कृतीमा धनी छौं। त्यो भनिरहनु पर्ने विषय भएन। किन्तु विस्तारै यसको क्षयीकरणलाई कसरी रोकथाम गर्ने भन्नेवारेमा सोच्न भने जरुरी भैसकेको छ। जसरी वनफडाँनी पछि वृक्षरोपण गरिन्छ, त्यसैगरी विज्ञ पुर्खाहरूको नथामिदो अवसान अगाबै नयाँ पिँढीलाई भाषा र संस्कार सिकाउन जरुरी छ।

पारिवारीक वातावरणमा सवै जना तीन चुलाको वरिपरि वसी आफ्नै दुमी भाषामा गनथन मन्थन गर्दा साच्चै कति आनन्द आउछ। समयसँगैं आज दुमी गाँउघरमा भाषा बोल्ने क्रम घट्दैगइरहेको छ। जुन कुरो आफैमा दुमी वंशको लागि नै अपुरणीय क्षति हो। विहेवटुलमा राम, दशरथको पालादेखिको सिलोक गाँउने हुन् कि तिहारमा देउसी खेल्दा वलिहाङ (वलिराजा)को पालादेखिको इतिहास भट्याउने बुढापाकाहरू आज भकाभक मासिदैछन्। मादल र बाँसुरीको धुनसगैं लेकाली पाखामा गुन्जने विरह र बेदनाका हाम्रा लोकभाकाहरू आज पश्चिमा आडम्बरी शैलीले चमारेले चन्द्रमा निले झैंको

जाग्नु न भुक्नुको अवस्थामा पुऱ्याइसकेको छ। तैरपनि विश्वका असङ्ख्य महापुरुषहरू मध्येका महान आर्दश व्यक्तित्व हाम्रा वुवा-आमा धन्यहुनुहुन्छ, जसले दुमी परिवारमा जन्माउने-हुर्काउने, बढाउने-पढाउने काम मात्र गर्नु भएन, वाल्यकालमा आफ्नो भाषा संस्कारदेखि पुर्ख्यौली सोमत समेत सिकाउदै यो अवस्थाको योग्य दुमी सन्तति नै तयार पार्नु भयो।

आफ्नो संस्कार संस्कृतिको मामलामा 'ताम् खोलो मेइ' (यो अपसगुन है !) भनी सचेत नगराउनुभएको भए, मोसुम (चुलादेखि माथिपट्टिको भाग) मा पुर्खा वा घरमूली वस्नु पर्छ भन्ने कुरा नसिकउनुभएको भए, घरको ढोकातिर सिरानी बनाई तेर्सोले (सीसीरआ) सुत्नु, ढोका सामु ठिङ्ग उभिनु, घरतिर रित्तो डोको फर्काउनु, बाँसको ढुंग्रो एकोहोरो बजाउनु, कुचो ठड्याउनु वा टेक्नु, राती केश काट्नु, नङ काट्नु, कपाल कोर्नु आदि यावत विषयमा ज्ञान नदिनुभएको भए हामीलाई भाषा संस्कार त्यति प्यारो लाग्दैनथ्यो होला। भनौ यिनको चर्चा गर्ने बाहेक खासै मतलव चाहिँ हुदैनथ्यो होला। आफ्नो को? अरुको को? भन्ने कुरा थाहा हुदैनथ्यो होला। तथापि भाषा र संस्कार भन्ने कुरा घोकेर वा कण्ठ वनाएर मात्र नहुने नै रहेछ। जसलाई यथासक्य प्रयोग गरिरहनु नै पर्दोरहेछ। त्यो प्रयोगस्थल दुमी समुदाय वा हाम्रो आफ्नो गाँउ जहाँ हाम्रो सम्पूर्ण यथार्थ चित्रण त्यहाँ छ, जसलाई हामीले आत्मसात गर्नु पर्दछ। भुल्न नहुने यथार्थ पनि यहिँ नै त हो। गाँउघरका वाजे-बजु, आमा-वुवा, वडा-वडी, काका-काकी, दाइ-भाउजू चाहे ख्याउटे होउन वा दातै नभएका होउन वा भुत्रे लुगा लगाएका ती सबै हाम्रा भाषा र संस्कारको खानी हुन्। जसको सम्मान हामीले गर्न सक्नु पर्दछ। जोसँग वास्तविक जीवन र संस्कारको भोगाई छ। हामीले जे जति सिक्नु छ, अभै उहाँहरूवाटै सिक्नुपर्दछ।

आफ्नो जन्मस्थल वा थातथलोको स्मरण गर्दा आज ढिकी र जाँतो एकादेशको कथा हुदैछ। कपासको धागो काती तानमा खाँडी कपडा बुन्ने सीपसापको चलन त त्यसैपनि हरायो नै। त्यसमा प्रयोग गरिने सामग्री समेत हराइ नै सक्यो। यसमा आजका युवा पिंढी अनभिज्ञ नै छ। उतिवेलामा आमा सधै भन्ने गर्नुहुन्थ्यो, सिकीपारी गर्नु पर्छ, श्रमगर्नु पर्छ। औसिको त्यो रातमा कपासको धागो कात्दै धिपधिपे उज्यालोमा जाउमा-ख्लीउमाको कथा सुनाउनु हुन्थ्यो। सक्सिकेलको त्यो सिकसिके आवाजमा त्यहीँ सक्सिकेलको सिकीपारीको कथा सुनाउनुहुन्थ्यो। मानौं आमाको प्रेरणादायी कथा र त्यसबेलाको जीवन भोगाइले गर्दा नै श्रम र सम्मान गर्नुपर्छ भन्ने कुरा सिकियो। वाध्यता जे भएपनि गोठ सार्ने वेला होस वा तानको लागि फिर्के घुमाउने वेला समयको प्रतिक चिन्ह वा घडी त्यो रोलुपाखाको वाङ्गो ऊतीसको छाँया नै निर्णायक ठहरिन्थ्यो र त्यसैको आदेशमा हस्याङफस्याङ हुदै स्कूल दौडनु पर्दथ्यो। बचपनको त्यो कालखण्डमा प्रायः त्यो दैनिकी नै हुने गर्दथ्यो।

यी त भए वाल्यकालका सामान्य परिघट्ना, त्यो वेला साच्चैं यथार्थमैपनि भाषा र संस्कृतीको दम भए भैं लाग्दथ्यो। आज आएर ती सबै हराइनै सक्यो भन्ने चाहीं त होईन, तर कम चाहिँ अवश्य नै भएको छ। बाल्यकालमा आमाले सुनाएका ती प्रेरणादायी कथाहरू आज फेरि सुन्नपाए कति आनन्द हुन्थ्यो होला। सायद जीवनमा नै सर्बाधिक रमाईलो क्षण बन्थ्यो त्यो। तर आज ती कुरा सम्भनामा मात्र वाकीं छ। त्यसैले जे भोगेका छौं, सुनेका छौं वा देखेका छौं त्यो भावी पुस्तामा हस्तान्तरण गर्नु पनि प्रमुख हाम्रो दयित्व हुन आउछ। हामीले जे भोग्यौं, आफ्नो भाषाको महिमा थाहा पनि पायौं। लाग्छ, थाहा नभएकाहरूका लागि दुमी भाषा शव्दकोशको प्रयोग नै अचुक उपाय हुनसक्छ। तथापि पनि त्यासलाई केही भरपुर्ताल गर्न हामीमाभ्त जिम्मेवारी आएको छ। जुन प्रयोगको

हिसाबले जहाँसुकै र जोसुकैले प्रयोग गर्न सकिन्छ। खाँचो छ त केवल ईच्छाशक्तिको।

अहिले आएर प्रविधिको विकासले हामीलाई सुखी र अल्छे दुवै बनाएको छ। आफूलाई कुन कित्तामा उभ्याउने, आफ्नो चिन्तन, व्यवहार र क्रियाशीलताले नै खुट्याउने कुरा भयो। लामो लेख वा ईतिहास पढ्न हामीलाई झर्को वा अल्छि लाग्ने भैसक्यो। किराती समुदायभित्रका हामी विविध जाति जसमा हामी राई जातिभित्रको दुमी थर, त्यसभित्रपनि भूगोल, समाज आदिका कारण फरक लवज जसलाई मिलाएर पठन पाठन योग्य दुमी शव्दकोश निर्माण भएको छ। यसमा सम्पादक मण्डल र शुभचिन्तकहरूले पनि धेरै श्रम र समय लगानीका त्याग गर्नु भएको छ। जसलाई हामी दुमी समूदायको एउटा उत्कृष्ट नासोको रुपमा लिनु पर्दछ। यस शव्दकाश गैह्र दुमीजनले समेत उपयोग गर्न मिल्ने किसिमको छ। जुन शव्दकोशको राम्रो पक्ष पनि हो। हामी यो दूरदराजमा बसेर गाँउघरका पाका पुर्खाहरू दिनदिनै सकिदै गईरहेको मात्र सुन्न विवश छौं। पुर्खाहरूसँगैं भाषा, सँस्कृति पनि मर्दै जादोरहेछ भन्ने सत्यतालाई मनन् गर्दै हाम्रो पुस्ता-विगत र भविश्यको भाषा र सँस्कृतिलाई जोड्ने वा जोगाउने कसीको रुपमा उपस्थित छौं। यस वेला हामीले आफ्नो दायित्व बुझेनौ भने भावी पुस्ताले धिक्कार्ने छन्। तसर्थ भाषा संस्कृतिको संरक्षणका लागि सक्ने जति हामी आ-आफ्नो ठाउँवाट तन, मन वा धनले नै भएपनि सहयोग गरौं। नीरी।

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सीमेभूमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून्।



कुमारसिंह हलक्सु दीक्पा दुमीराई
श्रीमती रबिका (थुलुङ) दुमीराई
तथा स-परिवार
माक्पा-६, नोरुङ, खोटाङ
हालः लुक्ला, सोलुखुम्बु

Linguistic Diversity, Globalization and The Case for Multilingualism

According to even the most sanguine of commentators, half of the world's 6,500 languages are at risk of disappearing before the end of this century. Why are so many human languages now critically endangered? Does it matter if these voices vanish without a trace? And what role does globalization play in this process?

Linguistic diversity is not evenly distributed around the world, nor are all minority languages equally under threat. UNESCO offers some hard hitting findings: 97% of the world's people speak 4% of the world's languages while 96% of the world's languages are spoken by only 3% of the global population.

It is sobering to recall that eleven languages boast more than 100 million mother tongue speakers each, accounting for more than half of the world's population when counted together. Revealingly, most of us can name only about 60 distinct languages, less than 1% of the total number that are signed or spoken on earth every single day.

This vast differential–with most of the world's mother tongues spoken by less than 100,000 people–adds fuel to the fire of language endangerment. Disadvantaged communities who eke out their existence on the margins of large nation states are shouldering the burden of curating and managing the linguistic diversity of our species, and doing so with ever dwindling resources and decreasing numbers of speakers.

It is easy to forget that most of the world's languages are still transmitted orally, and have no widely established written form. While speech communities are increasingly involved in projects

- Dr. Mark Turin, Director, Digital Himalaya Project and Project Director, Yale Himalaya Initiative

to collect and protect their languages–in print, on air and online–orality is fragile and contributes to linguistic vulnerability. Indigenous languages are about far more than intriguing words and unusual grammar. They function as vehicles for the transmission of important cultural traditions and unique forms of environmental knowledge, all of which is at risk when elders die and livelihoods are disrupted.

Both push and pull factors can lead to the decline of a speech form. Through war, famine and natural disasters, whole communities can be wiped out, taking their language with them when they go. More commonly, speakers live on but abandon their language in favor of another vernacular–a global process that linguists refer to as 'language shift' from which few languages are immune. Such trading up and out of a speech form occurs for a host of complex political, cultural and economic reasons; sometimes voluntary, although often amplified by state coercion or at best, benign neglect. In some cases, a people stop speaking a language but leave behind a record that develops traction of

its own. Such a language can outlive its original speech community, often through its association with a religion. Latin would be one such example.

Linguists have adapted a framework from conservation biology to measure linguistic endangerment and rank the vitality of individual speech forms. Locating languages on a continuum from safe to extinct, linguists include criteria such as the absolute number of speakers, intergenerational transmission, community members' attitudes towards their own speech form, governmental support and official language policy, the availability of literacy and education materials, and crucially, adaptations to new domains of use and media. This last factor is where globalization comes in.

In 2010, Net regulator Icann activated a system allowing full web addresses that contain no Latin characters, opening the door to website domains and URLs in different scripts. Similarly, the Unicode consortium has been working quietly and effectively to ensure that everyone who uses computers can do so in their own language and own script, with standards that are agreed and promoted across operating systems. Such simple, but essential tools, allow unparalleled levels of global interaction and information sharing, connecting users that were previously siloed or restricted by their physical location.

Many speakers of endangered and poorly documented languages have embraced new digital media with considerable excitement. The historically linear path trodden by so many communities in the past, from orality (speech) to literacy (text) is being challenged. Speakers of hitherto exclusively oral tongues regularly leapfrog from speech to hypertext online, bypassing conventional literacy programs along the way.

Community - based language documentation projects are bridging the digital divide in novel ways, and not by writing books and establishing libraries. Rather, they are prioritizing field-based audio-visual recordings and interviews with older speakers who still have some fluency, designing online archives that protect cultural patrimony and building local cultural museums. These are experimental projects, saturated with multi-media connectivity, and made possible by fast emerging and free international standards, platforms and software protocols.

Effective managers of community documentation projects now worry as much about choosing the right domain name for their project and their social footprint on YouTube, Twitter, Kickstarter and Facebook as they do about traditional fundraising and report writing. Earlier editions of UNESCO's Atlas of the World's Languages in Danger were available only in print: expensive to produce, difficult to disseminate and quickly out of date. UNESCO's most recent version offers an online, interactive interface allowing users to contribute comments and suggest amendments, an example of effective crowd cataloging. In such cases, digital technology facilitates conversation and wider participation, inviting contributions from non-specialist stakeholders.

The new Columbia-Cornell-Yale shared course initiative is another illustration of what technology can do to support linguistic diversity and understanding, in this case instruction in less commonly taught languages. Through an innovative collaboration between these leading US universities, nine languages not otherwise taught on campus will be shared via videoconferencing technology from a partner institution in academic year 2013-2014. The flow can be two or three-way, with an instructor teaching Dutch, Serbo-Croatian, Sinhala or

isiZulu from a fully equipped digital classroom in New Haven to students in New York City and Ithaca, or vice versa. These technological affordances-in audio-video over the web, fonts and scripts on consumer laptops, and hours of free content on the web-allow language courses to be taken for credit that would otherwise require expensive travel and physical colocation.

Globalization is regularly-and often uncritically–pilloried as a major threat to linguistic diversity. But globalization is more of a process than an ideology, ultimately value neutral and inherently agnostic about the content that it transmits. The real forces behind cultural homogenization are unbending beliefs, exchanged through a globalized delivery system, such as monolingualism.

Monolingualism–the condition of being able to speak only one language–is regularly accompanied by a conviction in the worth of that one language over all others. Across the G8, being monolingual is perceived to be the norm, while multi- or pluri-lingualism can appear unusual and even exotic. This monolingual mindset stands in sharp contrast to the rest of the world, which for most of its history has been more multilingual than uni-lingual. Anglo-Saxification, not globalization, should be the worry.

Multilingualism assists us all in living in an ever more connected and interdependent world. By widening access to technology, tools and services, and sustaining multi-sited communities of practice, globalization can support communities–whether indigenous, scholarly or practice-based–committed to collecting and protecting humanity's linguistic heritage.

For the last 5,000 years, the rise and fall of languages was tied to the plow, sword and book. In our digital age, the keyboard will have a decisive role in determining the longevity of the remaining linguistic diversity of our species.

छीरीयाम्लो २०७० (सकला उधौली) चाडको

शुभ अवसरमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

नविन राई

तथा

स-परिवार

सप्तेश्वर-९-, दामथाला, खो ाङ

हालः धोबिघाट, ललितपुर

मातृभाषाको महत्व र यसको संरक्षण

– सुएयोशी तोबा

१. विषय प्रवेश

हामी सबैले आ–आफ्नो भाषामा बोल्छौं, एक–आपसमा कुरा गर्छौं । एक हिसावले सोचिहेर्दा भाषा चाहिँ हावा जस्तो छ । हामीले त्यसको महत्त्व त महसुस गर्दैनौ, तर विचार गरिहेरौं त ! जसरी हावाबिना हामी एकैछिन पनि जिउँन सक्दैनौ, त्यसैगरी भाषाबिना तमाम मानिस जातिले आपसमा कुराकानी गर्न प्राय: असम्भव छ ।

तपाइँ हामीले सुनेका छौं कि आमाको पेटमा बच्चाले आफ्नो आमाको बोली सुन्न सक्छ रे । अनि आमाको भावनात्मक स्थिति समेत महसुस गर्न सक्छ भन्ने वैज्ञानिक अध्ययनले प्रमाणित गरिसकेको पाइन्छ । त्यसकारणले आमाको भूमिका ठूलो छ । जन्मिसकेपछि आमाले बच्चालाई बोलाउन थाल्छिन् र बच्चाले पनि आमाको भाषा बिस्तारै क्रमिक रूपमा सिक्दै जान्छ र बोल्न पनि थाल्छ । देख्नु भो आमाले कति महत्त्वपूर्ण भूमिका खेल्दछिन् । त्यसै कारणले नै होला, 'मातृभाषा' भन्ने शब्द प्रचलनमा आयो ।

२. संसारभरका मातृभाषाहरू

यस संसारभरि कति वटा भाषाहरू छन्? झन्डै ६,००० वटा एक किताब(एथ्नोलग)मा उल्लेख गरिएको पाइन्छ । अब त्यसो हो भने हाम्रो देश नेपालमा चाहिँ कति वटा भाषाहरू छन् होला त? चानचुन ७० देखि ९० वटासम्म होलान् कि! राष्ट्रिय जनगणना २०५८ मा त १०३ वटा (बर्गिकृत ९२ र ११ वटा अबर्गिकृत) र पछिल्लो राष्ट्रिय जनगणना २०६८ तथ्याङ्कले चाहिँ साङ्केतिक भाषासहित १२३ वटा छन् भन्ने देखाउँछ । तर भाषाविज्ञानको दृष्टिमा यो संख्या सहि चाहिँ छैन होला । किनकि भाषा र भाषिकाको बीचमा भिन्नता देखाउन नसकेको कारणले त्यसो भएको होला ।

जेहोस्, नेपाल भाषाको दृष्टिमा विचार गर्दा धेरै धनी देश हो । अनि तपाइँ भाषीहरू चाहिँ यस देशको धन हो । त्यसैले पनि विश्वमा नेपाललाई बहुभाषिक मुलुक भनेर पनि चिनिन्छ । तर जापान भने त्यस्तो बहुभाषिक देश होइन र त्यति धेरै भाषाहरू पनि छैनन् ।

३. मातृभाषाहरूको इतिहास

सृष्टिकालदेखि नियाली हेर्दा यस पृथ्वीमा बसेका पूर्वजहरू पनि केही न केही बोलिरहेका देखिन्छन् । धेरै अघि लेखिएको बाइबल भन्ने किताबको अनुसार मानिसहरूका सन्तानहरू विभिन्न ठाउँहरूमा बस्न थाले (उत्पति १०,२१,३२) । त्यसपछि इसा पूर्व ५०० तिर पेरश्या अधिराज्य थियो । जुनबेला राजा अहासुरसले भारतदेखि कुश अर्थात् एचिओपीया देशसम्मका एक सय सत्ताईस प्रान्तका मानिसहरूलाई आ–आफ्नो लिपी अनुसार र हरेक जातिलाई आफ्नै भाषामा राजाको हुकुमहरू निकालियो (एस्तर ८;९) । त्यसरी प्राचीन कालमा पनि मातृभाषालाई मान्यता दिएको थियो ।

२,००० बर्ष अघिको कुरो हो, त्यस समयमा राम अधिराज्यमा ग्रिक भाषा प्रचलित थियो । अहिलेको इसलएलको इलाका पनि ग्रिक चल्ती थियो । तर ती

यहुदि जातिहरू चाहिँ हिब्रु भाषा बोल्थे । एक ठाउँमा कुरा गर्नुपर्ने बेला, पउल भन्ने व्यक्तिले यहुदीहरूलाई हिब्रुमा बोल्दा 'तिनी हिब्रु भाषामा बोलेको सुनेर उनीहरू अझ चूप भएर राम्रोसँग सुने (प्रेरित २२:२)? किनभने हिब्रु तिनीहरूको मातृभाषा थियो । अब पनि मातृभाषामा शक्ति छ भनेर अर्को उदाहरण दिइरहनु पर्दैन होला ।

४. मातृभाषाको संरक्षण र विकास

अहिले संसारभरका मातृभाषाको स्थिति कस्तो छ? सीधा रूपमा भन्ने हो भने मातृभाषाको स्थिति चाहिँ नाजुक छ। सन २००१ मा संसारमा बोलिने भाषाको सङ्ख्या चानचुन ६,००० थियो । ती भाषाहरू मध्ये आगामी सय बर्षभित्र अर्थात् २,००० ताका ८० प्रतिशत जति भाषा यस संसारबाट हराउँछन् भन्ने भाषावैज्ञानिकहरूको भनाइ छ।

यसरी भाषाहरू लोप हुदै सङ्कटमा पर्नुका कारणहरू हुन:–

(क) प्रयोग नहुनाले वा प्रयोग कम हुदै जानाले

(ख) सीमित मात्रामा प्रयोग हुनाले

(ग) लिपि नहुनु र भाषा विकासका निम्ति प्रयास नगरिनाले

नेपालमा दुमी (लगभग २५०० जति मात्र वक्ता भएको) जस्ता दश हजारभन्दा कम संख्याले बोल्ने भाषाहरूलाई सङ्कटमा परेका भाषा भन्न सकिन्छ। यस्ता भाषाहरूको संरक्षण र विकासका निम्ति बेलैमा ध्यान दिनु अति आवश्यक छ । होईन भने ती भाषाहरू लोप भएर जान कति पनि समय लाग्दैन। हरेक मातृभाषीले विचार पुऱ्याउनुपर्ने कुरोको चुरो पनि यहिँ नै हो कि जस्तो लाग्छ।

५. अन्तमा–

मातृभाषा संरक्षण, संवदर्धन र विकासप्रति तपाइँहरूको प्रयास प्रशंसनीय कुरो हो । लेखापढी गर्नु ठूलो काम हो । घरमा आमा–बाबुले छोराछोरीहरूलाई आ–आफ्नो भाषामा बोल्नुहोस्, कथा सुनाउनुहोस् । अनि बल्ल हरेक परिवारका कलिला बालबच्चाहरूले आफ्नो मातृभाषा रमाईलो मानी उनीहरूले छिट्टै नै सिक्दै पनि जानेछन् । सानोमा सिकेको कुरा कहिल्यै बिर्सिदैन र दोस्रो भाषा सिकेपछि पनि मातृभाषा निरन्तर प्रयोग गरी अरूहरूलाई पनि सिकाउनुहोस्, भाषा त्यसै बाँच्छ । तब आफ्नो मातृभाषा हराउला कि भन्ने चिन्ता लिनुपनि त पर्दैन, होईन त !

भाषा बचाउँनको लागि 'मातृभाषा केन्द्र नेपाल'ले प्रकाशन गरेका पुस्तकहरू लगायत अन्य प्राथमिक तहका पाठ्यपुस्तकहरू तयार गर्नु आवश्यक छ। त्यसपछि शब्दकोशको निर्माण पनि त्यतिकै जरूरी छ। जस्तो किराती राई भाषाहरूमा दुमी – नेपाली – अङ्ग्रेजी शब्दकोश चाहिँ राम्रो उदाहरण हो भन्न सकिन्छ। यसका साथै शिक्षा शिक्षणको पनि त्यतिकै खाँचो छ। नत्र त उपलब्ध भएका पुस्तकहरू कसले कसरी प्रयोगमा ल्याउँने त? यहाँसम्म गर्न नसके त काम पनि त पूरा हुदैन होला । त्यसैले मातृभाषा संरक्षणको लागि गरिने यी सम्पूर्ण प्रयासहरू सफल रहोस् ! दुमी भाषिक समुदायबाट नियमित रूपमा प्रकाशन हुने 'इसीलीम पत्रिका मार्फत यी विचारहरू राख्ने अवसर दिनुभएकोमा दुमी परिवारप्रति भन्न चाहन्छु। जय मातृभाषा।

सन्दर्भ सूची

पवित्र बाइबल, १९९७, उत्पति, १२१, एस्तर, ७१३ प्रेरित १५५४

नेत्रमणि राई, २०६८, दुमी–नेपाली–अङ्ग्रेजी शब्दकोश

नोबलकिशोर राई, २०५१, मा ृभाषामा प्राथमिक शिक्षा: नेपाली भाषिक परिवेशमा, साल्पा मासिक ८–११, बर्ष १, अंक ४–५

Team Building Policies

✍.Amar Rai*(Dumi)*
Khotang, Lamidanda, Now: Dharan-15

1. BACKROUND

*Saying; "Attitude determines the attitudes of individual." So, to be a successful leader, we need a potential team. Team has own goal. Where the goal, there is achievement, success and there is happiness as well. So group and team we can't campare in the same level. That's why, trying to express some knowing tips of "**Team Building Policies**" are here.*

2. GOAL PLANNING

In order for a team to work effectively, you as the leader, have to plan for the future success of the team. You must help your member's realize the importance of planning and implementing those plans. It takes planning to make others realize the importance of cooperation and teamwork.

As a Team you must:

1. Determine Needs

2. Set Priorities

3. Establish a Specific and Identifiable Plan for Each Priority

-Set measurable goals

-Set goals high enough to be challenging

-Set goals realistic enough to be achievable

4. Monitor Re-evaluate Priorities, Goals and Needs as Required.

5. Evaluate Success

It is important that the entire team be involved in the goal planning processes; otherwise they will not be committed to that goal. Remember by making your teammates a part of the decision making process, they will have a vested interest in the outcome.

As a leader you must be able to manage the people and available resources to reach that goal. Managing a team successfully requires handling unforeseen little problems; as a leader you must be able to help people get around those little roadblocks. Don't take your eyes often the goal you have set for the future; take the time to handle short range problems that might interfere with long range success.

3. COMMUNICATION

Communication is a three way street: speaking, listening and a mutual understanding of what has been said by all the people involved. Listening is the key to communication. But we can't campier same level for listening and hearing. As we know listening is more commendable then hearing. So, Make sure you are actively absorbing what you are being told and quickly re-cap it to clarify any details and solidify that understanding. "So, what you are telling me is that". Try not to let any preconceived ideas interfere with your active listening.

5. DELEGATION AND FOLLOW-UP

Provide the people you work with completed information on policy, procedure and expectations as it relates to their jobs before you give them and assignment. Give them all relevant information and deadlines.

Precisely define the limits of the responsibility-making sure you are delegating the proper authority to go along with the responsibility Follow-up without giving the impression you don't trust tm or are in undermining them. Set up check point in advance so they know you will be asking them for an update.

Never go ahead and do something you have delegated.

Encourage people to solve their own problems. Only help when asked and when necessary.

6. NON PERFORMERS

Be careful about labeling people as non-performers. Good leaders always look to themselves first.

7. Ask yourself...?

Have I taken the time to understand them as a person?

- Have I been fair and honest in dealing with them?
- Have I given them my full support?
- Have I offered encouragement?
- Have I fully explained the job responsibilities and made sure they were capable of performing?
- Have I explained the benefits they can gain from doing the job well?
- Have I worked with them in establishing their goals?
- Do I make sure that others, including myself, don't interfere when they are doing their job?
- Have I given them the necessary help?
- Do I give them credit for what they have done or do I take the glory from their work?
- Do I praise in public and correct in private?

8. Ask these questions about the member...?

- Are they overloaded?
- Are outside influences such as health, family, etc. affecting their ability to carry out their duties?
- Do they understand what they are supposed to be doing?
- Do they understand how important their job is to the total effort?
- Are they afraid to ask for help?

9. WHAT CAN BE DONE?

- Additional training.
- Praise and encourage the member and their efforts.
- Re-assign part of their responsibilities.
- Talk to them personally about overcoming their problems. Be sure to spend more time listening than talking. Be sure the visit is in private.
- Change the leader they report to.
- Change your approach in dealing with them.
- Change the members' duties.
- If you are the problem, then straighten yourself out.

It all of the above fail, then replace the member.

10. HOW TO REPLACE A NON-PERFORMER?

If you have taken the time to go over what was just covered, you may not have to replace them, they may resign.

Meet with the member in private and allow them the opportunity of resigning gracefully. Offer to announce a reason that will not embarrass them.

Review the provisions of your organizations' by low's regarding replacement of officers or workers. Make sure all relevant paperwork is prepared in advance.

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको

शुभ उपलक्ष्यमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं

सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

अशोक खबचु छछुपु दुमीराई

श्रीमती मनकुमारी (साम्पाङ) दुमीराई

तथा स-परिवार

जालपा-९, खरबारी, खोटाङ

हाल: महाराजगञ्ज, काठमाडौं

किरात राईको ऐतिहासिक गाथा



– प्रा.डा. विष्णु एस. राई

☞ **के तपाईलाई थाहा छ ?**

किरातोदेशेदेवेशि, विन्ध्ये शैले च तिष्ठति
कश्मिरन्तु समारभ्य कामरुपातु पश्चिमे
भोटान्तर देशोलेवेशि, मानसेशाच्च दक्षिणे
मानसेशा पक्ष पूर्वे चनि देशः प्रकीतिर्त
कैलालीशं समारभ्य सरयूयोनितः परे ।
(मरुत्वंत्र हिमवत खण्ड)

देवाधिदेव महादेव किरातेश्वरका सन्तान । धरतीको स्वर्ग कश्मीरको रमणीय उपत्यकादेखि कामरुपका जादुई जंगल र पावन मानसरोवरका श्वेत हिमश्रृंखलादेखि सरयू नदीको किनारको विस्तृत भूभाग अनि त्यसमा स्वतंत्र र अबाध रुपले विचरण गर्ने सरल, वीर किरावा जाति । एकलव्यहाङ्गको उदय द्रोणाचार्यको ऐतिहासिक छल । महाभारतको भीषण युद्धमा किरात वीरहरूको शौर्य प्रर्दशन (प्रपन्नाचार्य २९५७ वि.सं.) थाहा छ ? थाहा छैन । इतिहास मौन छ, केहि बोल्दैन किनभने किरात इतिहास कोरिएन र कहिं कतै आंशिक रुपमा कोरिए पनि त्यसको सही रुपको साटो त्यसलाई विरुप गरेर कोरियो ।

☞ **त के यो थाहा छ ?**

विश्वको सबैभन्दा अग्लो चुचुरो चोमोलुंङ्गमा भएको नेपाल र त्यस सुन्दर नेपालमा चारैतिरबाट अग्ला-अग्ला डाँडाहरूले पर्खालसरि घेरेको आँगन झैं 'अलकापुरी कान्तिपुरी' नगरीमा किरावाहरूको उदय-प्रलय । समयचक घुम्दै गयो: किरावा किरात भए (राई २०६४ वि.सं.) । सयौं वर्षसम्म एलम्बरहांङ्ग वंशको यलाखोम उपत्यकामा शासन । तर समय र भाग्यले सधै साथ दिँदोरहेनछ । सुन्दर र समृद्ध उपत्यकाप्रति धेरै आँखाहरू लोभिए । रंगमंचमा लिच्छवीहरूको प्रवेशका साथै किरातहरू निस्किए । फेरि एक पल्ट नयाँ सम्भावना तथा नयाँ भविष्यको खोजी शुरु भयो । त्यसपछि कति दिन, महिना, वर्ष र शताब्दी कसरी बिते थाहा छ तपाईलाई ? थाहा छैन, किनभने किराती इतिहास लेखिएन ।

☞ **ई. सन् १७७२ त पक्कै थाहा होला, नभए सुन्नु भएको होला ?**

'रमाइलो पर्वत श्रृंखलाको काखमा प्रकृतिले सिंगारेका डाँडाहरू । हरियो पातको भरिलो वनमा गोठालेको गीत । सुनकोशी, दुधकोशी, अरुण र लिखु खोलाको अमृत जस्तो पानी र बर्फिलो हिमालको चिसो-चिसो हावा –जहाँको हावाले रगतलाई मरिमेट्ने गर्मी दिन्थ्यो, जहाँको मीठो पानीको एक थोपाले पनि जीवनलाई सरलता र स्नेहमा चुर्लुम्म डुबाउँथ्यो र जहाँको माटोले पहाड जस्तै दृढता प्रदान गर्दथ्यो । त्यहीँ माझकिरातमा सुन जस्तै दिन र चाँदी जस्तै रातमा रिद्धि-सिद्धि सुनौला बादलको घुम्टो हालेर आउँथिन्' (सुधाँशु १९६९) ।

कोशी नदीहरूले अभिसिंचित उर्वरा समृद्ध किरात प्रदेश जहाँको मलिलो माटोमा सुन्तला र जुनार लटरम्म फल्थ्यो । डाँडा-काँडा अनि सिंगो क्षितिज गुँरासको फूलले रातो हुन्थ्यो । तर फूलसँगै काँडा पनि हुँदोरहेछ । प्रकृतिपूजक किरात तरुण-तरुणीको प्रकृति झैं स्वतंत्र र उन्मुक्त जीवनशैली र उनीहरूको लबाई-

खबाई केही आर्य हिन्दूहरूलाई अपाच्य भएको रहेछ – विभीषण प्रत्येक युग र देशमा हुँदोरहेछ। हरिनन्द पोखरेलको आफ्नै मातृभूमीसँगको विश्वासघात र गोरखाली दरबारमा खम्बुवानको माटोको उपहार (चेम्जोंङ्ग १९६६०)। अनि किरातीको सोझो मन र षडयंत्रको चलखेल।

समयले कोल्टे फेऱ्यो। पशिचमाकाशमा कालो बादल जम्मा हुन थाल्यो। हेंदाहेंदै त्यो कालो बादल भीषण आँधी-बेरी, असिना र चट्यांङ्ग लिई खम्बुवान आइपुग्यो। फूल र स-साना बिरुवा त के त्यसले ठूल्ठूला रुखहरूलाई पनि ढाले। माझकिरातका हरियो डाँडाका बोटहरू इण्डियाका उत्तरी बिहारका उखरमाउलो गर्मी भएका ठाउँहरूमा सऱ्यो। माझकिरातको गुँरास यहाँपनि फुल्यो। यहाँ बजेको मादलको स्वरलाई यहाँका खोला र वनहरूले सुन्यो। 'चौतरियाको मान, सुब्बाको सम्मान यहाँको बाटोले गऱ्यो, माटोले गऱ्यो, धोती र कुर्ताले गऱ्यो। चाँदीको रुपियाँ, घ्याम्पाको जाँड र तीनपाने रक्सी : तिहारको टीका र फापरको सेल रोटी'। समयको पाङग्रा गुड्दै गयो। भोलिको सपना आजको विपना र हिजोको सम्झना बनी तुल्यायो। कमिला हात्ती र हात्ती कमिला भयो। अब त मादल बजाउँदा रुन्छ, घ्याम्पा हल्लाउँदा फुट्छ। मन छ धन छैन : ईच्छा छ शिक्षा छैन।

यसरी हतुवा, चौदण्डी, विजयपुर राज्यहरूमा हुर्केकाहरू आफ्नो जन्मे-हुर्केका ठाऊँदेखि पर उत्तरी बिहारको कास-पटेर र साल-खैरका जैगल फाँडेर नौलो र अमित्रतापूर्ण परिवेशमा बाँच्न संघर्ष गरे र अहिले पनि गरिरहेकै छन् (राई २०११)। यो पनि थाहा भएन हकि ?

☞ त्यसो भए ई. सन् १९४५ त सुन्नु भएको होला नि ?

समयको पाङग्रा गुडदै गयो र लिएर आयो दोश्रो विश्वयुद्ध। पाँच फीट तीन इन्चे किराती र उनका डेढ फीटे खुकुरीले छ फीटे कुइरेहरू आफ्ना मेशीनगन सहित थर्कमान भए। सारा विश्व किरातीका शौर्य र वीरताले स्तब्ध भए। 'इंगल्याण्डको सेतो निधारमा माझकिरातको गुँरासे रातो टीको टल्कियो। डाँडाहरूका मुटु फुटे, तरुणीहरूका आँखा सुन्निए र हरियो वनका कुना-कुनामा कहिले नफर्किने निष्ठुरीका सम्झनालाई पछ्याई हिंडने उराठिलो गीत अझै पनि रोइरहेछ। किरातीको रगतले सुशोभित भयो बृटिश-विजयश्रीको निधार। किराती सन्तानको महंगो रगत बग्यो, इंगल्याण्डको पियानोले स्वागत र विदागान गायो –तर माझकिरातका डाँडामा मादल झुण्डि नै रह्यो। मादल फाट्यो तर बाटो हेर्नेहरूको आँखाको बादल कहिले फाटेन।' ती नफर्किनेहरूका कथा र ती उराठिला गीतहरूका व्यथा लेखियो ? लेखिएन।

☞ यो त पक्कै थाहा छ ?

राणशाही निरंकुशताको पराकाष्ठा। २००७ सालको आन्दोलन। रामप्रसाद राईको प्रत्यक्ष नेतृत्वमा संचालित मुक्ति सेनाद्वारा खोटाङ, ओखलढुंगा, रामेछाप, चरिकोट कब्जा। काठमाण्डू किरात मुक्तिसेनाको हातमा पर्ने खतरा (राई २०५७, वि.सं.)। त्रिभुवन शाह, राणाहरू र कांग्रेसको भारतसँग सम्झौता। निर्भीक रामप्रसाद राईको विद्रोह र त्यसपछि षडयंत्रमूलक ढंगबाट वहाँको निर्मम हत्या (श्रेष्ठ २०५७ वि.सं.) निर्दलीय पंचायती व्यवस्थाको शुरुवात। 'एउटै देश, एउटै वेश' को नाममा भाषाहरूको नेपालीकरण, वेशहरूको दौरा-सुरुवालीकरण र संस्कृतिहरूको हिन्दूकरण प्रारम्भ।

☞ के यो पनि थाहा छैन ?

एक्काइसौं शताब्दीको आगमन भई सक्यो। कोशी नदीहरूमा धेरै पानी बगिसके। श्वेतवसना चोमलुङमा 'सगरमाथा' भई 'यलाखोम' काठमाण्डौ भए अनि किरात मुन्धुम बिस्तारै बिबलिकल स्कृपर्चस्मा (Bibilical Scriptures) परिवर्तित हुँदै छन्।

हो, किरातीको इतिहास लेखिएन। तर म इतिहासकार

नभए पनि मलाई के थाहा छ भने नेपालमा स्वर्णयुग भनिने लिच्छविकालका लिच्छविहरू समयको गर्भमा त्यसै हराएर गए। तर किरातीहरू परापूर्वकालमा पनि थिए –आज पनि छन्। 'युगसँगसँगै विचार पनि बदलिँदो रहेछ। मानिस आफ्नो अहम् र स्वार्थको परिधिभित्र बसी भन सानो हुँदै गइरहेछ, पहाडको सुन्तला मधेसमा उम्रेर ज्यामीर पो हुँदोरहेछ। किरातीका रगतका थोपा-थोपा आज छुट्टाछुट्टै छुट्टिन थालेछ।

दोश्रो विश्वयुद्ध जस्तो कालको मुखमा पनि किरातीहरूले काँधमा काँध मिलाएर यमराजलाई चुनौती दिएका थिए। किरातीहरूको त्यो आत्मीयता, त्यो आपसी सहयोग र समभदारी के एक्काइसौं शताब्दीमा रहने छैन त ? के प्रागऐतिहासिक कालदेखि आफ्नो अस्तित्व र पहिचानलाई निरन्तरता दिने किराती अब फुटेर लिच्छवी र मौर्यहरू भैं सदा सर्वदाका लागि हराएर जाला त ? के तपाईले यसबारे सोच्नु भएको छ ?

सन्दर्भ सामग्रीहरू

-चेम्जोंङ, ईमानसिंह (१९६६) हिस्ट्री एण्ड कल्चर अव् किराती पीपुल। पुष्प रत्न सागरः काठमाडौ।

-प्रधान, कुमार (१९९१) द गोरखा कङक्वेस्ट। विद्यावारिधि थेसिस, कलकत्ता विश्वविद्यालय। अक्सफोर्ड यूनिर्भसिटी प्रेसः कलकत्ता।

प्रपन्नाचार्य, स्वामी (२०५७ वि.सं.) प्राचीन किरात इतिहास। किरातेश्वर प्रकाशनः स्वर्गपुरी रवि, पाँचथर, नेपाल।

राई, टंकबहादुर (२०५७ वि.सं.) किरात पहिचानको लागि बितेको बीस वर्ष। शान्ति राईः किरातभूमि, काठमाण्डौ।

राई, रामचन्द्र (२०६४ वि.सं.) प्राचीन किरातीहरूले छाडेका सम्पदाहरू। महेन्द्रनाथ राईः छिनामखु, भोजपुर।

राई, विष्णु एस. (२०११) खम्बुवानबाट हराएका सन्तानहरू। लेखक स्वयंः कीर्तिपुर।

श्रेष्ठ, शेरबहादुर (२०५७ वि.सं.) 'शहीदबाट अर्थतंत्र जुटाउँदा' शहीद रामप्रसाद राई स्मारिका अंक। रामप्रसाद राई स्मृति प्रतिष्ठानः काठमाण्डौ।

सुधांशु, एस.एन. .१९६९) 'के हजुरलाई थाहा छ ?' प्रगति (अर्द्धवार्षिक पत्रिका) पहिलो वर्षः लहरनियाँ, त्रिवेणीगंज।

लेखकः त्रि.वि. शिक्षाशास्त्र संकाय अंग्रेजी विभाग, किर्तिपुरमा लामो समयदेखि प्राध्यापन गर्दै आउनुभएको छ।

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको

शुभ उपलक्ष्यमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून्।

विष्णु कुमार चाम्लिङ राई
श्रीमती हर्कशोभा (दुमी) चाम्लिङ राई
तथा स-परिवार
बैकुण्ठे-७, भोजपुर
हालः आरुबारी, बौद्ध, काठमाडौं

निजामती सेवा प्रवेशमा साझा दायित्व

- सहजीत राई
माक्पा-५, ईलिम, खोटाङ
हाल: कपन, काठमाण्डौ ।

१. विषय प्रवेश

नेपालमा राज्य पुन:संरचनाको मुद्दाले चर्चा पाइरहेको वर्तमान अवस्थामा राज्यको पुन : संरचना गर्दा राज्यका सबै संरचनालाई समावेशीमुलक बनाई हरेक वर्ग, क्षेत्र, लिङ्ग, जातजाति र समुदायको अधिकार तथा प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ । यसै सन्दर्भमा नेपालको निजामती सेवालाई समावेशीमुलक बनाई उनीहरूको निजामती सेवामा प्रवेश र पहुँच बढाउन निजामती सेवा ऐन, २०४९ दोस्रो संशोधनले निश्चित वर्ग, क्षेत्र, लिङ्ग, समुदाय, पिछडिएको क्षेत्रका लागि केही आरक्षणको व्यवस्था गरेको छ ।

निजामती सेवामा गरिएको आरक्षण व्यवस्थालाई प्रत्येक दश वर्षमा पुनरावलोकन गरिने ऐनमा व्यवस्था भएकोले वि.सं.२०७४ सालमा हालको विद्यमान प्रावधानमा हेरफेर हुन सक्ने देखिन्छ । त्यस अवस्थामा झट्ट हेर्दा आदिवासी जनजातिहरूको निजामती सेवामा बाक्लै उपस्थिति देखिन सक्छ, तर उनीहरूको त्यो स्वरुपभित्र हाल सूचीकृत भएका उनन्साठी वटा जातजातिहरू छन् भन्ने कुरा पनि हेक्का राख्नु पर्दछ । यसर्थ जवसम्म ती सबै जातजातिको समान किसिमले निजामती सेवामा प्रतिनिधित्व हुन सक्दैन । त्यस बेलासम्म समावेशिताको अवधारणाले सार्थकता प्राप्त गर्न सक्दैन । अर्थात् समावेशीकरणभित्र समावेशीकरण हुनु अपरिहार्य छ । त्यसैले यस विषयलाई अलि गहिराइबाट अध्ययन गर्न आवश्यक हुन्छ ।

उनन्साठी वटा सूचीकृत आदिवासी जनजाति मध्ये राई एक जाति हो । राईहरू पनि करिब उनन्तीस थरि भएको अध्ययनले देखाएको छ । जवसम्म सबै राईहरूको सन्तुलित किसिमले प्रतिनिधित्व हुन सक्दैन, त्यतिञ्जेल समावेशीकरणको मुद्दा अपुरो रहन जान्छ । कारण, उनन्तीसै थरी राईहरू (अध्ययनबाट अरु पनि थपिन सक्ने) को समान र सन्तुलित किसिमले निजामती सेवामा प्रतिनिधित्व हुनका लागि प्रत्येक राईहरूको उतिकै तवरले प्रतिनिधित्व हुन जरुरी हुन्छ । यसको अर्थ तराजुमा जोख्दा सबै राईहरूको प्रतिनिधित्वको ढकपल्ला बराबरी हुनु पर्छ भन्ने होइन कि निजामती सेवामा सबैको अधिक उपस्थिति हुनु पर्छ भन्ने चाहिँ पक्कै हो ।

२. राईहरूको निजामती सेवामा विद्यमान अवस्था

नेपालको निजामती सेवामा हाल पचहत्तर हजारको हाराहारीमा कर्मचारीहरू कार्यरत रहेका छन् । जसमध्ये करिव पन्ध्र प्रतिशतको वरिपरि मात्रै आदिवासी जनजाति कर्मचारी रहेका छन् भन्ने तथ्याङ्कले देखाउँछ । पन्ध्र प्रतिशतमा पनि पाँच प्रतिशत नेवारको नै रहेको कारण यो अवस्था देखिएको हो । नेपालको निजामती सेवामा राईहरूको के कस्तो अवस्था रहेको छ भन्ने वारेमा भरपर्दो तथ्याङकको अभाव रहेको छ । तर अनुमान गर्दा यो संख्या त्यतिधेरै रहेको छैन भन्न सकिन्छ । निजामती सेवामा जति राईहरूको संख्या देखिएको छ त्यो पनि तल्लो तहमा अधिक वाहुल्यता रहेको छ । हालसम्म नेपाल सरकारको सचिव तहमा राईहरू पुग्न नसकेको अवस्था छ ।

वर्तमान समयमा सह-सचिवहरू जम्मा आठ जना कार्यरत छन् । (हे.निप्सुङ अंक ३३) सम्पुर्ण राईहरूकै यो अवस्था देखिन्छ भने त्यसभित्रको दुमी राईहरूको अवस्था कस्तो होला भन्ने विषय प्रष्टै हुन्छ । ०६२/०६३ को जनआन्दोलन पछिका समयहरूमा खासगरिकन निजामती सेवा ऐनको दोस्रो संशोधन पछि भने राईहरूको निजामती सेवामा आकर्षण बढ्ने क्रम देखिन्छ । जसलाई राम्रो संकेतको रुपमा लिनु पर्दछ ।

आदिवासी जनजातिहरूको निजामती सेवामा कम उपस्थिति हुनुको कारणहरू विभिन्न अध्ययन अनुसन्धान, प्रतिवेदनहरूमा आइसकेका छन् । जसमध्ये एउटा प्रमुख कारण राज्यले यस विषयमा विगतमा उचित ध्यान दिन नसक्दा यस्तो अवस्था आएको हो भन्ने बारेमा पनि गहन छलफल र बहस भइसकेका छन्, भइरहेका पनि छन् । विगतमा जे जस्तो कारणबाट पछाडि परेको भएपनि अब सबैपक्षबाट यस विषयमा गम्भिर र सचेत हुनु पर्ने अवस्था आएको छ। सधै राज्यको विगतको कमजोरीको मात्रै आलोचना गरेर आदिवासी जनजाति एवं पछाडि परेका वर्ग, लिङ्ग, जातजातिको गुमेको क्षतिपूर्ति प्राप्त हुन नसक्ने हुँदा यसका लागि आफ्नो/समुदायका तर्फबाट पनि सक्दो प्रयासको खाँचो रहिआएको छ ।

आजभोलि जतातत‍ै समावेशीकरणको मुद्दाले ठाँउ लिएको छ । त्यसै अनुरुप विभिन्न ऐन नियमहरू जारी भएका छन्। विगतका पुराना ढाँचाका नीति नियमहरू संशोधन गरिएका छन् । त्यसै प्रशंगमा स्थायी सरकारको रुपमा रहेको नेपालको निजामती प्रशासनलाई मार्गदर्शन गर्ने निजामती सेवा ऐन संशोधन भई कार्यान्वयन भइरहेको छ । खुलेर भन्नु पर्दा यो व्यवस्थाले त्यस्ता जातजाति, वर्ग, लिङ्ग तथा क्षेत्रका लागि केही न केही राहत प्रदान गरेको त नै तर यो व्यवस्था सँधै यहि र यस्तै अवस्थामा रहन्छ र राखिराख्नु पर्छ भन्ने कुरा पनि सही नहुन सक्छ । यसर्थ परिवर्तित समयानुसार आफूपनि तयारी रहनु अवको एउटा उत्तम विकल्प हुन सक्छ ।

अहिले पनि आदिवासी जनजातिका लागि सत्ताइस प्रतिशत कोटा निर्धारण गरिएकोमा निजामती सेवाभित्रका केही सेवाभित्र माग गरिएको कोटामा उम्मेद्दवार उतीर्ण हुन नसकेको अवस्था देखिन्छ । यस विषयलाई हेर्दा राज्य पक्षको मात्र कमजोरी छैन कि हामीभित्र पनि केही तालमेल नमिलेको स्थिति भने सत्य हो । आगामि दिनमा हुने विज्ञापनमा उम्मेद्वारको अभावमा सिट खाली जाने अवस्थाको सिर्जना आउन दिनु हुदैन । यो अवस्थाबाट पाठ त सिक्नु पर्छ नै भोलिका दिनमा फेरी यस्तै अवस्था दोहोरिएमा प्राप्त अवसर 'कागलाई बेल पाके' सरह मात्र हुन सक्छ । यो चुनौति सम्पूर्ण आदिवासी जनजातिकै हकमा लागु हुन सक्छ भने राई समुदायका लागि यो चुनौती नहुने कुरै आउदैन । झनै दुमी राईहरूको लागि त यो एउटा अत्यन्त संवेदनशील विषय बनेर उभिएको छ ।

३. दुकिराफको भूमिका

वि.सं.२०६८ को राष्ट्रिय जनगणनाले दुमी भाषीहरूको संख्या ७,६३८ देखाएको छ । तर यस क्षेत्रका अग्रजहरूका अनुसार देश विदशमा गरी बीसौं हजार भन्दा बढी संख्यामा दुमीहरू रहेको अनुमान देखिन्छ । यसर्थ दुकिराफ समग्र दुमीहरूको साझा उच्च संस्था हो । कुनै परिवारमा एउटा जिम्मेवार मुलीको जे जस्तो कर्तव्य र हैसियत रहन्छ तथा व्यवस्थापकीय जिम्मेवारी सम्हाल्छ त्यस्तै र त्यो भन्दा पनि गहन भुमिका दुकिराफले निर्वाह गर्नु पर्दछ र गर्दै पनि आएको छ । यस प्रशंगमा आजसम्म दुकिराफले गरेको सबै कार्य समग्र दुमी समुदायका लागि औधी महत्वका छन् । त्यसमध्ये पनि भाषिक क्षेत्रमा गरेको उन्नति प्रगति र गर्न खोजेका कामहरू अरु समुदायलाई एउटा राम्रो उदाहरण बन्न सक्दछ । अब तिनै जिम्मेवारीको लर्कोमा नेपालको निजामती सेवामा दुमीहरूको के कसरी उल्लेख्य रुपमा प्रवेश हुन सक्छ र कसरी भइरहेको छ ? भन्ने विषय पनि दुकिराफ

तथा यसका भातृ भगिनी संगठनहरूको कार्यसूचीमा थपिनु आवश्यक देखिन्छ ।

सुचनालाई शक्तिको स्रोतको रुपमा लिइन्छ । त्यसैले दुकिराफ र सम्पूर्ण दुमी समुदाय यस मामलामा सचेत बन्नै पर्दछ । निजामती सेवा ऐनमा महिला र अपाङ्गलाई क्रमश : तेत्तिस र पाँच प्रतिशत आरक्षण कोटाको व्यवस्था गरिएको छ । दुमी समुदायभित्र के कति र कस्ता खालका अपाङ्गता रहेका छन् या छैनन् भन्ने एकिन तथ्याङ् भेटिदैन । यस समुदायभित्र साक्षरता प्रतिशत कति छ ? त्यसमा पनि महिला कति ? पुरुष कति ? स्वदेशमा कति ? विदेशमा कति ? जिल्लागत रुपमा कस्तो अवस्था छ ? आदि विषयहरूमा भरपर्दो तथ्याङ्कको अभावै रहेको देखिन्छ र भएको तथ्याङ्क पनि एकिकृत गरेर राख्न सकिएको देखिदैन । यस्ता विषयमा पनि दुकिराफ जानकार र अध्यावधिक हुँदा संस्थाकै गरिमा उँचो रहन जान्छ । यहाँ यी प्रशंग प्रतिनिधि विषयका रुपमा लिईएको छ । र यस्तो महत्वपूर्ण सुचना तथा तथ्याङ्कलाई संस्थाले सम्पत्तिको रुपमा राख्न सके संस्था नै धनी कहलिन्छ । साथसाथै सूचना तथा तथ्याङ्कका लागि संस्था सम्पन्न र धनी हुदा कुनै दुमीजन सुचनाका लागि विपन्न र गरिब हुने प्रश्नै उठ्दैन ।

अभैपनि हामी अधिकांस किरात राईहरू सरकारी आधिकारिक सुचना तथा सञ्चारसँग नजिकिन सकेका छैनौ भन्दा फरक नपर्ला । खासगरी लोक सेवा आयोगले कहिले कुन समूह तथा तहको विज्ञापन गर्छ ? काहाँ कसरी परीक्षाको आवेदन दिन सकिन्छ ? कुन विषय लिएर पढेका व्यक्तिले कुन सेवा समूहमा आवेदन दिन पाउँछ ? परीक्षाका लागि तयारी गर्न के कस्तो माध्यम हुन सक्छ ? किन र के का लागि निजामती सेवामा प्रवेश लिने ? आदि विषयमा छलफल र विचार आदानप्रदान गर्न सकिएमा मात्रै पनि निजामती सेवामा यस समुदायको आकर्षण बढ्न सक्छ भन्ने लाग्दछ ।

४. समुदायको भूमिका

आकर्षणको हिसाबले हाम्रो समुदायका लागि निजामती सेवाको अवसर अझै प्राथमिकतामा पर्न सकेको छैन । विगतमा किन आकर्षण हुन सकेन भन्ने बारेमा चिन्तन मनन गर्दै भोलिका दिनमा के कसरी बढी आकर्षित गराउन सकिन्छ भन्ने विषयमा गम्भिर रुपले सोचिनु आवश्यक छ । खासगरिकन राज्यको नीति निर्माण तहमा हाम्रो समुदायको पँहुच दुर्लभ अवस्थामा रहेको छ । तल्लो तहमा पनि प्रवेशको गति धिमा नै रहेको देखिन्छ । राज्यको आसय नीति निर्माण तहमा यस्ता वर्गको उपस्थिति अनिवार्य हुनु पर्छ भन्ने नै हो । राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गरेको छ ।

यसका साथै मुलुकको राज्य संरचनाका सबै अङगहरूमा मधेसी, दलित, आदिबासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशिताको आधारमा सहभागी गराउने संवैधानिक व्यवस्था छ । तर राज्यले लिएको यस्तो नीति र व्यवस्थाले मात्र पछाडि परेका वर्ग, लिङ्ग, जातजातिको छुमन्तरको पाराले समानुपातिक प्रतिनिधित्व हुन सक्दैन, त्यसमा सम्बन्धित समुदाय, वर्ग, लिङ्ग, जातजातिको पनि उतिकै पहल र प्राथमिकतामा पर्नु पर्दछ । यसका साथै राज्यले लिएको यस खालको नीतिबाट प्रत्येक समुदाय, वर्ग वा जातजाति कत्तिको मात्रामा लाभान्वित हुन सके र भइरहेका छन् ? भन्ने कुरामा समेत हरेक समुदायले जानकारी राख्नु उचित देखिन्छ ।

संक्षेपमा भन्नु पर्दा वर्तमानमा भए गरेका क्रियाकलापले भविष्यको नतिजाको संकेत गर्न सक्छ । भोलिका दिनमा पिछडिएका जातजाति, वर्ग,

लिङ्ग, क्षेत्र तथा समुदायको निजामती सेवामा कतिको फराकिलो उपस्थिति रहन्छ भन्ने कुरा वर्तमानमा गरिने सबै पक्षको प्रयासले निर्धारण गर्दछ । चाहे त्यो प्रयास राज्य पक्षको होस् या पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग या समुदायको होस् । राज्यले यस विषयमा सकारात्मक दृष्टि राख्नु पर्दछ भने यस्ता वर्ग विशेषले पनि सकारात्मक पहल कदमी उठाउनु पर्दछ । जबसम्म पछाडि परेका वर्ग, लिङ्ग, जातजाति, क्षेत्र तथा समुदायको राज्यको सबै अङ्गमा उचित किसिमले प्रतिनिधित्व हुन सक्दैन त्यतिबेलासम्म समग्र राष्ट्रको सन्तुलित विकास भएको मानिदैन । यसका लागि केही कानुनी प्रावधानको व्यवस्था गरिदिदैमा राज्यले आफ्नो जिम्मेवारी पुरा भएको ठान्नु हुदैन भने पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग एवं समुदायले कानुनी व्यवस्था भएकै छ भनेर ढुक्क हुने अवस्था पटक्कै होईन । यो नै यथार्थ पनि हो ।

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले सबैको रक्षा गरून् ।

सहजीत हजुर दीक्पा दुमीराई
श्रीमती लक्ष्मी (वलक्पा) दुमीराई
तथा स-परिवार
माक्पा-५, ईलिम खोटाङ
हालः कपन, दुर्गा मन्दिर, काठमाडौं

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले सबैको रक्षा गरून् ।

गुणराज हजुर दीक्पा दुमीराई
श्रीमती शुशिला (निरौला) दुमीराई
तथा स-परिवार
माक्पा-५, ईलिम खोटाङ
हालः धुलिखेल

सीमान्त सौन्दर्य बहसमा याक्थुङ साहित्य

- डा. लाल-श्याँकारेलु रापचा
हुम्बोल्ट फेलो तथा प्रमुख
प्राज्ञिक तथा अनुसन्धान महाशाखा
आजउरा प्रतिष्ठान, जावलाखेल

ईशाको उन्नाइसौं/विसौं सताब्दीमा मार्क्सेली धारका इटालीय दर्शनशास्त्री एन्टोनियो ग्राम्शी (ई. १८९१-१९३७) र केही दशक यता गायत्री स्पिभाक आदिले उत्तरऔपनिवेशिक तथा सबल्टर्न (निमुखा) अध्ययनको सन्दर्भमा प्रयोगमा ल्याएका स्टेट हेजेमोनी *(State Hegemony)* अवधारणालाई मैले कतिपयमा प्रवचन र लेखहरूमा नेपालको राजनैतिक परिवेश अनुसार "गौर्खेलौरी राज्य" अनुवाद गर्नु पर्छ भनेर प्रस्ताव राख्दै आएको छु। नेपालको शाहकालीन गोरखा विजय *(Gorkha conquest)* को राजनैतिक परिवेशमा यो निकै हदसम्म सही अनुवाद ठहर्छ।

समाजविज्ञानको क्षेत्रमा स्टेट हेजेमोनीसँगै कल्चरल हेजेमोनी *(Cultural Hegemony)* को अवधारणालाई "हिन्दुलौरी" भनी बुझ्नु बुझाउनु मनासिबै हुन्छ। ठूलो संख्या साथै प्रभुत्वशालीको रवाफ र प्रभावलाई थप्दै जाँदा नेपाली समाजमा त्यस्ता कैयन् लौरीहरू अस्तित्त्वमा रहेका हुन सक्छन्। यस्तै यस्तै लौरीहरूको मारमा ४ जात ३६ वर्णको फूलबारीको नारा लाउँदै झुक्क्याइएको सिरूघारी (हेर्नू रापचा, तुम्याहाङ र यालुङ्छा ई. २००८: ण, पादटिप्पणी ५) मा सिरू बाहेकका आदि(मूल)वासी फूलहरू सीमान्कृत अर्थात् किनारीकृत हुनुमा गोर्खे र हिन्दुलौरी निकै हदसम्म जिम्मेवार छन्। यसको पुष्टि गर्न कवि रापचाको 'गमलाको फूल' कवितालाई यहाँ उद्धृत गर्नु सान्दर्भिक हुन्छ–

"सखा/सखी,
युगयुगान्तर यसै बित्यो।
र पनि तिम्रो र मेरो आगनमा
न त वशन्त नै फुल्यो।
न त कोइली नै नाच्यो।
किनकि,
तिम्रो र मेरो आगनको परिधि
फगत् गमला हो।
हामी आफ्नै इच्छाले फुल्न पनि सक्दैनौं।
हामी आफ्नै इच्छाले झुल्न पनि सक्दैनौं।
हामी आफ्नै इच्छाले फैलन पनि सक्दैनौं।
मालीको मर्जी,
त्यो पनि फुल्न पहिल्यै ओइलाइ हाल्छौं।
झुल्न पहिल्यै झरी हाल्छौं।
फैलन पहिल्यै टुक्री हाल्छौं।
गमला न हो,
कतै मालीको शूर चढी हाल्यो भने,
कथुम्कदाचित दृष्टि परी हालेन भने,
हामी गमलाका निरीह फूलहरू
गमलाको परिधिसँगै ट्याक्सिन्छौं।
ट्याक्सिनुको यो नियतिमा
सखा/सखी,
तिमी र म मात्तै

गमलाको फूल भयौं।"

(रापचा ई. २०१०: १-२)

गोर्खेलौरी राज्य आतंकले आदि(मूल)वासी आँगनमा "वशन्त र कोइलीको अनुपस्थिति हुनु, आयतन फगत गमलाको परिधि जति हुनु र मालीको मर्जीमा परनिर्भर हुनु साथै ट्याक्सिनुको नियती" सौन्दर्य विम्बमा सबल्टर्न वा निमुखाहरूको स्थिति छर्लङ्गै प्रष्टिन्छ। सौन्दर्यशास्त्र *(Aesthetics)* को यस्तो दृष्टिकोण इतिहासशास्त्र *(Historiography)* ले पनि प्रमाणित गर्दछ–जस्तै: "गोल्खा राज्यमा लिम्बू अक्षर लेख्छु, पढ्छु, देखें सुनें–नभन्नू, लेखें, पढें, देखें, सुनें भनेमा गोल्खा राजाले ज्यान सजाय दिन्छन्, त्यसकारण कसैलाई नभन्नू" (रापचा, तुम्याहाङ र यालुङ्छा ई. २००८: ५९१ मा उद्धृत, पादटिप्पणी १२४)। इतिहासको त्यो अँध्यारो काल खण्डले याक्थुङ लगायत ओल्लो र माझ किराँतमा अरू आदि(मूल)वासीहरूको भाषा, संस्कृति र पहिचानमाथि नै त्यसताका कति हुर्मत लिइयो होला भन्ने कुराको अनुमान गर्नसम्म पनि कठिन छ।

त्यसको प्रतिफलमा आज हामीले आफ्नो पहिचानमा 'मुखिया, राई, जिमी, देवान, सुब्बा, बहादुर' आदिको कलङ्क शिरोपर गर्नुको विकल्प निस्की रहेको छैन। उल्टै 'बहादुर' हुनुको घमण्डमा हामी असारे भ्यागुतो जस्तो फुलिन्छौं। गोर्खेलौरीको चुटाइ र गोदाइका कारणले झनै सुदूर पूर्व सिक्किमेली सन्दर्भमा छ्योग्याललौरीले सिरीजङ्गा हाङ द्वितीयलाई शूली चढायो–मार्तामममा। इतिहासका यस्ता दु:खान्तका पनि दु:खान्त क्षण र कुरूपका पनि कुरूप कुनीतिले आदि(मूल)वासीको सर्वस्वको आयतन "गमलाको परिधि" जति मात्रै हुनु स्वभाविकै हो।

सीमान्तमा खुम्चनु स्वभाविकै हो। किनारामा रहेर रमिते हुनु अनि गौर्खे र गोरेलौरी राज्यको हुँदोमा ताली ठोक्नु र वन्दुक पड्काइ दिनु पनि स्वभाविकै हो। यही नै हुन्–थोपरिएका हाम्रा दैनिकी सीमान्त क्रियाकलापहरू। थोपरिएका हाम्रा सौन्दर्यहरू। गोर्खेलौरीको नकारात्मक प्रभाव स्वरूप वनेमलाई बनेम, सेर्मालाई शर्मा, ढोल्करलाई ढोका मैना सुनारलाई सुनुवार र अधिकृत अमरदीप सुनुवारलाई सुनार आदि इत्यादि बनाइका छौं जबरजस्त। हाम्रा मौलिक पहिचानमाथिको ठाडो हस्तक्षेप भन्नु नै सीमान्तमा पारिनुको ज्वलन्त उदाहरण हो। सोझो अर्थमा राज्यबाट नकारिनु हो। हाम्रा मौलिक आदि (मूल)वासी सौन्दर्य यसरी नै नस्विकारेकोले सीमान्त सौन्दर्य वहसको दर्कार परेको हो।

इतिहासको निकट बितेका निमेषहरूमा हामीले केही कोल्टो फेराइको महशुस गर्दैछौं। रमिते, भरिया, ताली र बन्दुक ठोकुवाको भूमिकाबाट खेलाडीको भूमिकामा प्रवेश गर्ने प्रयाश शुरू गरेका छौं। सोही प्रयाश स्वरूप हामीले अमर तुम्याहाङको नाममा पुर्नजन्म लिएका हौं र *लिम्बू साहित्य निर्माणको इतिहास* लेख्ने जमर्को गर्दैछौं। हाम्रा स्रष्टाहरू *लिम्बू साहित्य निर्माणको इतिहास* (ई. २०१३) भरी नै खोज्ने, अटाउने, लेखाजोखा गर्ने प्रयाश गर्दैछौं। यस्तो लाग्छ–हाम्रा 'बहादुर' अग्रज ओविई आरवी बेघाले जितेको साम्राज्यवादी भिसी तक्मा भन्दा पनि उच्चकोटीको दमदार कार्य फत्ते गर्न मूलबाटो खनी रहेका छौं। यसले याक्थुङ स्रष्टाहरूलाई उत्प्रेरणा *(Motivation)* दिने कुरामा दुई मत रहदैन। फलस्वरूप, किराँती-याक्थुङ पा:न साहित्यको उन्नयन तथा सीमान्त सौन्दर्यलाई केन्द्रमा प्रवेश गराउन र आफ्नै केन्द्र निर्माण गर्नुका साथै सर्वसाधरण विच इतिहास लेखनको परम्परागत बुझाइमा परिवर्तन ल्याउन समेत पनि सहयोग पुग्नेछ।

इतिहास लेखनको परम्परागत बुझाइबाट मुक्ति पाउनु अघि हामी यहाँ किराँती-याक्थुङ सौन्दर्यको बहु(ल) पाटोलाई नियाली हेर्दछौं। संक्षेपमा साहित्यको उद्गम केन्द्र जीवन[1] नै भएकोले किराँती-याक्थुङ (लिम्बु) जीवनचक्रको यावत् विशिष्ट भोगाइ र अनुभव नै याक्थुङ सौन्दर्य हो। त्यो सौन्दर्यलाई गोर्खेलौरी राज्य

केन्द्रबाट कुनियतवश असमावेशी छेउकुना (*Periphery*) तिर धकेल्नु भनेको किनारा वा सीमान्तमा पुऱ्याइनु हो। किनारीकृत किराँती-याक्थुङ लोक जीवनचक्रको आदि(मूल)वासी सौन्दर्य मुनि रेखा चित्र नं. १ मा प्रस्तुत छ–

रेखा चित्र नं. १: किराँती-याक्थुङ सौन्दर्य सेरोफेरो



(Source: Adapted from Limbu 2011: 77 and 2010: 5)

(स्रोत: रापचा ई. २०११: २० मा उद्धृत)

यहाँ रेखा चित्र नं. १ मा प्रस्तुत सौन्दर्य रूपरेखामा थप सांस्कृतिक, भाषिक तथा धार्मिक आदि अवधारणाहरू जस्तैः माङ्गेन्ना बिग्रनु (विमला तुम्खेवाको कविताबाट), सिलाम साक्माको कल्पना, प्रयोग र विश्वास, खाउमा गर्नु, लवज (Accent), खाहुन (अर्ती), साम्भाङ (छन्द), जगर, लाहा र चुराको व्यापार (विगतमा) को विशिष्टता, च्याउको लागि २४ वटा जति फरक नाम शब्दहरू (हेर्नू रापचा ई. २००९ ख: २३ र २६ 'पोपो नेम्बाङको रूपान्तरण') प्रयोग हुनु, के वा च्याब्रुङको प्रयोग गर्नु, भौगोलिक गुण, मोच, हाम्लाक्वा, पहिरन, खाना, आद्यपात्रहरू युमा, थेवा, माङ्गेन्ना, खेयोङ्ना, साक्मुरा आदिसँग अभ्यस्त रहनु आदि पनि याक्थुङ सौन्दर्यका विशिष्टता हुन्। नेपाली माटोकै यी सौन्दर्य सीमान्त अवस्थामा गुज्राइएका छन्।

उल्लिखित सीमान्त मौलिक सौन्दर्यलाई सम्झेर दिमागीय काल्पनिक पालाम गाउँदै अब हामी इतिहास लेखनको परम्परागत बुझाइको बोझबाट उन्मुक्तितिर लाग्नेछौं। आजसम्म हामीलाई बुझाइएको र बुझ्दै आइएको इतिहास लेखनको परम्परागत समझ भनेको "इतिहास जित्नेहरूको मात्रै हुन्छ"। यस्तो एकल बुझाइबाट मुक्तिको संखघोष गर्नै पर्ने हुन्छ आज हामीले। त्यो संखघोष भनेको "इतिहास जित्नेहरूको मात्रै" नभएर "इतिहास लेख्नेहरूको" पनि हो। हाम्रा युवा अध्येता र प्राज्ञ अमर तुम्याहाङले त्यही प्रमाणित गरेका छन्। हामीले यसलाई त्यसरी नै बुझ्नु र बुझाउनु पर्दछ। इतिहास त गोर्खेलौरी राज्य संयन्त्रको शासक र प्रशासकको मात्रै पेवा नभएर याक्थुङ लोक-

जीवनको पनि हो । उनले हामीलाई त्यो परम्परागत बुझाइबाट मुक्ति दिलाएका छन् । त्यसमा हामी धन्य छौं । हाम्रा स्रष्टाहरू धन्य छन्–जो हिजो गुम्नाम थिए । हामी अमरप्रति कृतज्ञ छौं । त्यसको ऋण हामी अमरलाई युगौंयुगसम्म सम्झना गरेर पनि चुक्ता गर्न शायदै समर्थ हुनेछौं ।

मैले *लिम्बू साहित्य निर्माणको इतिहास* (ई. २०१३) को खेस्रा (Draft) पढ्दाको क्षण र पुस्तक आकारमा आउँदासम्म आदि(मूल)वासी साहित्यको इतिहास लेखनको काल विभाजनक्रममा छुटाउनै नहुने तनाव भनेको थुङसाप (कथ्य वा मुन्धुम) काल नै हो रहेछ । युगौंसम्म पेसाप नभए पनि आदि(मूल)वासीहरू धर्तीमाताको काखमा जिउन सकेकै थिए र छन् । तर थुङसापलाई उनीहरूको दैनदनीय जीवनवृत्तबाट अलग्याउन अत्यन्तै गाह्रो छ । यसर्थ, किराँती-याक्थुङ साहित्यको इतिहास लेखन गर्ने र काल विभाजन गर्ने क्रममा ई. १७०४ को समय सीमा अनुसन्धाता तुम्याहाङसँगै अरू लेखकहरूले पनि तोक्ने हो भने सृष्टि कालदेखिको निरन्तर याक्थुङ थुङसाप सौन्दर्य खुम्चने सम्भावना देखिएको छ ।

याक्थुङ लोक-जीवन जिउँदो इतिहास भएकोले पेसाप भन्दा थुङसाप जीवन्त हुन्छ । किनभने इतिहासको हामीले पेसाप रूप लेखुँ वा नलेखुँ–त्यो निरन्तर बगी रहने प्रवाह हो । त्यो निरन्तर प्रवाह नै थुङसाप हो । पेसापको जननी नै थुङसाप हो । जननीलाई भुलेर कसैको पनि इतिहास निरन्तर चली रहन्छ भनी कसैले भन्दछन् भने त्यो दाबी त्यति तार्किक ठहर्न गाह्रो पर्दछ । पक्कै आफुले याक्थुङ पहिचान दाबी गर्नेहरूको जीवनवृत्तबाट त झनै मुन्धुम वा थुङसाप (तल रेखा चित्र नं. २) लाई अलग गर्नु प्रायः असम्भव नै ठहर्छ । मुन्धुम नै उनीहरूको सौन्दर्य उद्भवको विन्दु हो–जसलाई गोर्खेलौरी राज्य कुनीतिले किनारा वा पाखा लगाएको थियो र अझै सुदूर-पूर्व पाखामै छ । अर्थात् सीमान्तमा धकेलिएको छ । तलको रेखा चित्रमा हामी मुन्धुम कसरी सम्पूर्ण किराँती दिनाचर्यमा भिजेको हुन्छ भन्ने तथ्यसँग प्रस्टिने प्रयत्न गर्दछौं ।

रेखा चित्र नं. २ः सम्पूर्ण किराँती भाषिक-सांस्कृतिक समूहको केन्द्रविन्दु मुन्धुम

(हेर्नू रापचा जहींतहीं र अतीत मुखिया ई. २०१३: १६ मा पनि उद्धृत)



संक्षेप र चिन्ह

भौजिर = भौतिक, जीव र रसायनशास्त्र
चचुचा = चलन, चुला र चाड
.. = अनन्ता र बहुल सम्भावना
➔ = चक्रीय दिशा घडी-सुईको विपरित
(स्रोतः रापचा ई. २०११ को मुकारूङ मुन्दुम रेखा ०६८ पछि)

किराँती-याक्थुङ साहित्यको इतिहास लेखनलाई केलाउँदा बढी साहित्य लेखन मुन्धुममै आधारित भएर लेखिएको पाउन सकिने सम्भावना उच्च छ । त्यो नै यस्तो बहसको लागि मौलिक आदिवासी सीमान्त सौन्दर्य हो । अघि नै उल्लेख गरी सकिएको गोल्खा भाषिक तथा सांस्कृति साम्राज्यवादको गोर्खेलौरी पेलानलाई थाम्न नसकेर सत्यहाङमा धारभित्र हिन्दुलौरीको कतिपय विचलित काट्ने-टाँस्ने *(Cut-paste)* परम्परा त फाल्गुनन्द यसो नभएर विक्रमको चौधौं शताब्दीसँगै जयस्थिति मल्लले शुरु गरेका हुन् । भो भैगो अब थुङसापको ढुकढुकी तोडेर कतिन्जेल चल्छ र काट्ने-टाँस्ने आत्मघाती परम्परा ? कतिन्जेल पत्याई रहनु

"न्याय नपाए गोरखा जानू" को जालझेल ? अमर जस्तै प्रयत्नरत रहौं–एक दिन माङ्गेन्ना सप्ने नै छ।

त्यस दिन सार्वभौम नेपाल राष्ट्रभित्रै गोर्खेलौरी राज्यको पिल्सिइबाट उन्मुक्त लिम्बुवान प्राप्त हुने नै छ–अमरको कृति जस्तै। यस शर्त लागू हुने छैन। उन्मुक्त सीमान्त याक्थुङ सौन्दर्य पनि सबल गणतन्त्र नेपालको केन्द्रविन्दु बन्ने नै छ। त्यस्तो सान्दार सबल केन्द्र जहाँ सहस्र गुमनाम स्रष्टाहरूले नेपाली राष्ट्र साहित्यलाई विश्व-साहित्य सामु प्रतिस्पर्धी बनाउने छन्–समावेशी सहभागितामा। त्यस बखत मात्रै किराँती-याक्थुङ साहित्य र साहित्य इतिहास लेखनको सीमान्त सौन्दर्य बहस सार्थक हुनेछ। गमलाको परिधि लिम्बुवानभरि नै फराकिने छ।

आशा गरौं–युमा र इँगी याब्रेले हामी अस्विकृत सीमान्तहरूको प्रार्थना सुन्ने नै छन्। अथक प्रयत्न जारी राखौं।

सन्दर्भसूची

मुखिया, अतीत (ईश्वर किरण सुनुवार). सं. २०७० (ई. २०१३). *आदिवासी सौन्दर्यशास्त्र: किराँती-कोँइच (सुनुवार) थे:नीको एक सैद्धान्तिक अध्ययन.* काठमाडौं: किराँतविज्ञान अध्ययन संस्थान.

रापचा, लाल-श्याँकारेलु. सं. २०६७ (ई. २०१०). *अदेखा फूलका गीतहरू.* काठमाडौं: किराँतविज्ञान अध्ययन संस्थान.

--सं. २०६६ (ई. २००९). *नेपालको आदिवासी किराँती जाति सेरोफेरो: ओल्लो, माझ र पल्लो किराँत.* काठमाडौं: किराँतविज्ञान अध्ययन संस्थान.

रापचा, लाल-श्याँकारेलु, यालुङ्छा, वाग-आयाग्यामी र तुम्याहाङ, अमर. सं. २०६५ (ई. २००८). *इन्डो-नेपाल किराँती भाषाहरू: विगत, समकालीन परिवेश र भोलिका चुनौतीहरू.* काठमाडौं: किराँतविज्ञान अध्ययन संस्थान.

तुम्याहाङ, अमर. सं. २०७० (ई. २०१३). *लिम्बू साहित्य निर्माणको इतिहास.* काठमाडौं: याक्थुङ साप्सक अकादमी.

Limbu, Ramesh K. 2011. 'YaBlang: An intangible Limbu Cultural Heritage', *Contributions to Nepalese Studies*, 38, 1: 75-92.

---- 2010. *Performance in Limbu Mundhum: A Study of Cultural Representation.* MPhil. Diss., Tribhuvan University, Kirtipur.

Rapacha, Lal-Shyākarelu. 2011. 'Indigenous knowledge systems in Kiranti-Kōits Mugdum, *Readings on Indigenous Culture and Knowledge* [Culture and Development in Nepal Series-II]: 13-32.

* *यो समालोचनात्मक आलेखको पहिलो लिखित खेस्रा २१ असार २०७० (अर्थात् ५ जुलाई २०१३) शुक्रबारको दिन किरात याक्थुङ चुम्लुङ भंवन, ललितपुरमा एक बहस गोष्ठीमा प्रस्तुत गरिएको थियो। तर कला जीवनका लागि नभएर कला कलाकै लागि भन्ने वचारका पक्षधरलाई त्यस्तो नलाग्न सक्छ। मचाहिँ जीवनका लागि कलाको पक्षधर भएकोले सौन्दर्यको केन्द्र जीवनलाई नै मान्दछु।*

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून्।

नवराज चाम्लिङ राई
मधुकला (दुमी) चाम्लिङ राई
सप्तेश्वर-८, चिउरीखर्क खोटाङ हाल: भक्तपुर

महिला र सीडअ (CEDAW)

– अधिवक्ता शान्तिकुमारी राई

'महिला' मानव जाति भित्रको 'स्त्री' जाति हुन्, जसले आफूजस्तै स्वरूपका सन्तान उत्पादन गर्न सक्छे/गर्छे। सन्तान उत्पादन गर्ने क्रममा सुविधावञ्चित कति महिला आमाहरूले अकालमै मृत्युवरण गर्न बाध्य हुन्छन्। महिलाले सन्तान उत्पादन गर्नुपर्ने प्रकृतिको बाध्यकारी नियमानुसार स्त्रीजातिले सृष्टिकालदेखि यो जिम्मेवारी बहन गर्दै आएको छ। यो जिम्मेवारी बहन गर्दा भोग्नुपर्ने पीडा, अनुभव र अनुभूति त्यो पुरुष जातिले कहिल्यै पनि गर्न सक्तैन/पाउँदैन। स्त्रीजातिको यो विशिष्ट र अहरणीय हक/अधिकार हो। यसलाई बाँड्न, साट्न वा हस्तान्तरण गर्न नसकिने प्रकृतिको नियम छ। यस अर्थमा पुरुष जातिभन्दा प्राकृतिक हिसाबले स्त्रीजाति नै अधिकारयुक्त र शक्तिशाली हुन्छ। तर मानवजाति विश्वमा सबैभन्दा स्वार्थी प्राणी भएको हुनाले पितृसत्तासोँच हाबी मानव संसारमा पुरुष जातिले अरू अधिकारको बढी उपयोग तथा उपभोग गरिरहेको यथार्थ बताइरहनु पर्दैन। नारी आदिम युगमा प्रभुत्वशाली तथा शक्तिशाली थिइन्। शिकारी युगमा आएर नारीको उदारता तथा कोमलताको फाइदा उठाई पुरुष जातिले नारीको अधिकार खोसी उनीहरूलाई घरको चार दिवारभित्र बन्द/कैद गरिएको हो, भन्ने कुरा यहाँ उजागर गरिरहनु पर्दैन।

यस बेलादेखि नै यता नारी जहिले पनि बन्धनभित्रै रुमल्लिएर बस्नुपर्ने विवशता छ। सानी छँदा (छोरी वा चेली हुँदा) बाबु वा माइतीको नियन्त्रणमा, पत्नी वा श्रीमती हुँदा पति/लोग्नेको नियन्त्रणमा र आमा भएपछि छोराको नियन्त्रणमा रहन र बस्नपर्ने अमूक नियम नै समाजमा बनेको छ। जानेर वा अन्जानमा नारीले यो नियन्त्रणलाई सहज रूपमा लिएको पनि पाइन्छ। तर यसभित्र डरलाग्दो 'दासता' लुकेको शायद थोरै नारीले मात्र बोध गरेको हुन सक्दछ।

नेपाल विश्व मानचित्रमा एउटा सानो मुलुक हो। यो मुलुक सानो भए तापनि यहाँ जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधता छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ मध्ये ५१.५% संख्या महिलाको रहेको छ। अर्थात् महिलाको कूल जनसंख्या १,३६,४३,४६३ रहेको छ। साथै सोही तथ्यांकअनुसार नेपालमा १२६ जातजाति रहेको र १२६ जातजातिभित्र ५१.५% महिलाको संख्या रहेको देखिन्छ।

प्रत्येक जातजातिमा महिला वर्ग पछाडि परेकै छ/पारिएकै छ। जुनसुकै जातजाति वा समुदायका भए पनि स्वभाविक रूपमा महिला पछाडि नै छन्। पछाडि पर्नुकै कारण अधिकारमा पनि पछाडि नै छन्। अधिकारमा पछाडि पर्नु भनेको राज्यको दोस्रो दर्जाका नागरिक हुनु हो। दोस्रो दर्जाको नागरिक भनेको जहिले पनि प्राथमिकतामा नपर्नु हो।

नेपाली समाज पितृसत्ताहाबी, हिन्दू

संस्कारयुक्त भएकोले महिलालाई 'आइमाई केटाकेटी' ठान्ने, सन्तान उत्पादनको साधन मात्र मान्ने मानसिकताबाट ग्रसित भएको हुनाले महिला जहिले पनि 'दासी' को रूपमा गणना हुन्छिन्। यो त समग्र महिलाकै समस्या हुन्।

माथि उल्लेख भइसकेकै छ कि नेपालमा १२६ जातजाति छन्। यी १२६ जातजाति अन्तर्गत १२६ नै जातजाातिका महिला छन्। अतः 'महिला' भनेर मात्र पुग्दैन। त्यो महिलाको आफ्नो पृथक पहिचान छ, पृथक अस्तित्व छ, पृथक अस्वित्व छ। अर्थात् महिला भन्न साथ आदिवासी जनजाति महिला, तागाधारी महिला, दलित महिला, मधेसी महिला, मुस्लिम महिला आदिको आ-आफ्नै पहिचान छ। अतः महिला सबै एउटै होइनन्, जैविकीय हिसाबले एउटै भए पनि पहिचानको हिसाबले बिलकूल फरक छन्।

नेपालको कूल जनसंख्यामध्ये महिला ५१.५% छन् भने यस ५१.५% लाई शतप्रतिशत मान्दा त्यसमध्ये ३५% (९२,७३,०७६) जनसंख्या आदिवासी जनजाति महिलाको रहेको छ।

आदिवासी जनजाति महिला भन्नाले आफ्नै भू-क्षेत्र, मातृभाषा, पृथक संस्कृति, परम्परागत रीतिरिवाज, बेग्लै सामाजिक संरचना, लिखित वा अलिखित इतिहास हुनुका साथै हिन्दू वर्णाश्रम अन्तर्गत नपर्ने जातिका महिला भनेर बुझ्नुपर्दछ।

आदिवासी जनजाति महिलाहरू आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिकलगायत हरेक क्षेत्रमा पछाडि पर्नुका साथै सांस्कृतिक र भाषिक हिसाबले पनि राज्यबाट बहिष्कृत तथा किनाराकृत अवस्थामा छन्। अर्को भाषामा भन्दा उनीहरू तेहरो शोषण (Tripple discrimination) का शिकार भएका छन्। जस्तो–

१. महिला भएका कारणले लैङ्गिक विभेदमा पर्नु,
२. आदिवासी जनजाति भएका कारणले जातीय विभेदमा पर्नु,
३. आदिवासी जनजाति महिला भएका कारणले जातीय तथा लैङ्गिक विभेदमा पर्नु।

आदिवासी जनजाति महिलाको तुलनामा अन्य तागाधारी महिलाहरू कम शोषण र विभेदमा परेको पाइन्छ। तागाधारी महिलाहरू आर्थिक रूपमा पछि परे पनि शैक्षिक, धार्मिक, भाषिक र सांस्कृतिक रूपमा आदिवासी जनजाति महिला, मधेशी महिला र दलित महिलाभन्दा अगाडि नै छन्। त्यस्तैगरी दलित महिलाहरू आर्थिक, शैक्षिक तथा सामाजिक. रूपमा पछि परे पनि धार्मिक, सांस्कृतिक तथा भाषिक रूपमा आदिवासी जनजाति महिलाको तुलनामा कम विभेद र कम शोषणमा परेका छन्। तागाधारी महिला र दलित महिलाको भाषा, धर्म, संस्कृति आदि राज्यद्वारा संरक्षण तथा संवर्द्धन गरिएको अवस्था छ। तर आदिवासी जनजाति महिलाहरूको हकमा उनीहरूको पहिचान तथा अस्तित्वलाई समेत राज्यबाट स्वीकार नगरिएको अवस्थाले गर्दा झन् झन् उनीहरूको पहिचान र अस्तित्व लोप हुने खतरामा पुगेको छ। अतः मूलधारका तागाधारी महिलाहरूको स्तरमा पुऱ्याउनको लागि सकारात्मक विभेद () को आधारमा आदिवासी जनजाति महिलाहरूलाई तत्कालको लागि राज्यद्वारा सबैखाले अवसर प्रदान गरिनु पर्दछ।

समग्रमा हेर्ने हो भने देशको आधि जनसंख्या ओगट्ने महिलावर्ग पुरुषको तुलनामा पीछडिएकै अवस्थामा छन् र महिला-महिलाबीच हेर्ने हो भने पनि कुनै न कुनै रूपले सबै महिला थोर बहुत पछाडि नै परेको अवस्था विद्यमान छ। अतः जातीय विविधतासहितको सबै महिलाहरूलाई जातीय

जनसंख्याको आधारमा समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यद्वारा राज्यको हरेक अंग, तह र निर्णायक स्थानमा प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ।

राज्यले समन्यायिक हिसाबले व्यवहार गर्दैन, न्यायनिसाफ गर्दैन र विभेदपूर्ण वा पक्षपाति रूपले महिलाप्रति व्यवहार गर्छ भने महिलाहरू त्यसको प्रतिरोध एवं प्रतिकार गर्न पछि पर्दैनन्। किनकि मान्छे सचेत प्राणी भएको हुनाले जब उसमा अन्याय, विभेद, अत्याचार वा दवाव परेको महशूस गर्दछ, तब उसले त्यसबाट मूक्ति पाउन विद्रोह गर्दछ वा छुटकारा पाउने उपायको खोजीमा लाग्दछ। यसको एउटा उदाहरण हो– पूर्वी नेपालको योगमाया न्यौपानेले अरुण नदीमा (हाम फालेर) सामूहिक आत्महत्या गरे/गराएर पितृसत्तासौँचको विरुद्धमा विद्रोह गरेकी थिइन्। यस घटनाबाट तत्कालीन सत्तामा खैलाबैला मच्चिएको थियो। यो घटना समाज र राज्यद्वारा गरिएको महिलाप्रतिको विभेद र अन्यायविरुद्धको एउटा विद्रोह थियो। अझ भन्नैपर्दा तत्कालीन पितृसत्ता कट्टर हिन्दू संस्कारप्रतिको यो एउटा सशक्त आन्दोलित मनको प्रतीक थियो। अतः यसको नेतृत्व पनि तागाधारी हिन्दू समाजको एक नारीले नै गरेकी थिइन्। यसबाट के प्रमाणित हुन्छ भने तत्कालीन तागाधारी हिन्दू समाजमा महिलालाई चरम विभेद, अन्याय, शोषण र अत्याचार गरिएको हुँदा त्यसको प्रतिकार स्वरूप त्यहीं समाजबाट महिलाद्वारा सामूहिक आत्महत्या गरेको देखिन्छ। यो घटना यथार्थमा नेपालको तत्कालीन समयको एउटा प्रतिनिधि घटना मात्र हो।

लैङ्गिक विभेद नेपालमा मात्र होइन, विश्वमा पनि विद्यमान रहेको हुँदा विश्वका अन्य महिलाहरूले पनि महिलाविरुद्ध हुने विभेद र अन्यायको अन्त्यको लागि विभिन्न समयमा आन्दोलन चर्काएको बेहोरा थाहा पाउन क्लारा जेट्कीनको नाम नै काफी छ।

आधा आकाश ढाक्ने, आधा धर्ती ओगट्ने विश्वका महिलाले आफ्नो मुक्तिको लागि विभेदका विरुद्धमा विभिन्न समय र स्थानमा विद्रोहको आवाज बुलन्द पार्दै सशक्त आन्दोलन गरेको इतिहास साक्षी छ। यसरी विश्वका विभिन्न स्थान र समयमा भएको विद्रोह र आन्दोलनको परिणाम स्वरूप संयुक्त राष्ट्र संघ (United Nations Organization-UNO) को महासभाले सन् १९७९ डिसेम्बर १८ तारिखमा सीडअ (CEDAW) पारित गऱ्यो। CEDAW को पूर्ण रूप (Full form) Convention on the Elimination of All forums of Discrimination Against Women) हो। अर्थात् महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ हो। महिलाविरुद्ध भेदभाव भन्नाले राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा लिङ्गको आधारमा गरिने कुनै पनि प्रकारको भेदभावलाई जनाउँछ। यो महासन्धिलाई महिलाहरूको अन्तर्राष्ट्रिय अधिकार-पत्र/दस्तावेज (International Bill of Rights of Women) पनि भनिन्छ।

CEDAW महासन्धिले विश्वका महिलाविरुद्ध हुने सबैखाले विभेद उन्मूलन गरी महिला र पुरुषबीच समानता कायम गर्ने तथा महिलाहरूको मानवअधिकारलाई कानुनी मान्यता दिई ती अधिकारको संरक्षणको लागि पक्ष राष्ट्रहरूलाई कानुनी दायित्व समेत तोकेको छ। यस महासन्धि पारित हुन अगावै पनि महिला र पुरुषबीच समान हैसियत कायम गर्न विभिन्न किसिमका अन्तर्राष्ट्रिय दस्तावेज/लिखतहरू पारित भएका छन्। तर पनि महिलाविरुद्ध हुने भेदभाव अझै पनि कायम नै रहेकोले विश्वमा महिलाविरुद्ध हुने सबै प्रकारका सबै स्वरूपका भेदभावहरूलाई उन्मूलन गर्न पक्ष राष्ट्रहरूले अवलम्बन गर्नुपर्ने उपायहरूका सम्बन्धमा व्यवस्था गर्नु महिला महासन्धि (CEDAW) को

मुख्य उद्देश्य रहेको छ ।

यो महासन्धिको जम्मा ३० वटा धारा र ६ वटा भाग रहेको छ । यी विभिन्न भाग तथा धाराहरूमा लिङ्गको आधारमा गरिने/हुने सम्पूर्ण विभेद निषेधको व्यवस्था गरिएको छ । यसले. खास गरेर महिलाहरूलाई कानुनको दृष्टिमा पुरुष सरहको समानता प्रदान गर्ने व्यवस्था सुनिश्चित गरेको छ । अर्थात् पुरुषहरूले उपभोग गर्ने सबै अधिकारमा महिलाको पनि समान हैसियत र अधिकार हुने व्यवस्था गरिएको छ ।

यो महासन्धि (CEDAW) सन् १९८१ सेप्टेम्बर ३ देखि लागू भएको हो । नेपालले यसलाई सन् १९९१ अप्रिल २२ मा विनाशर्त अनुमोदन गऱ्यो । राज्यले कुनै पनि अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई स्वीकार वा अनुमोदन गरेपश्चात् त्यसको पालना एवं कार्यान्वयन गर्नुपर्ने राज्यको दायित्व सिर्जना हुन्छ । यस सम्बन्धमा नेपाल सन्धि ऐन, २०४७ तथा नेपालको अन्तरिम संविधान,२०६३ मा भएको कानुनी तथा संवैधानिक व्यवस्था यसप्रकार छ– नेपाल सन्धि ऐन, २०४७ को दफा (९) बमोजिम नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म नेपाल प्रचलित कानुन अमान्य हुने छ र सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ भन्ने कानुनी व्यवस्था छ र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ड) अनुसार राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने संवैधानिक व्यवस्था छ ।

यसरी नेपाल सरकार वा राज्य पक्ष रहेको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको व्यवस्थालाई मान्ने तथा प्रभावकारी कार्यान्वयन गर्ने कानुनी तथा संवैधानिक दायित्व सरकारलाई तोकिएको छ । तर बिडम्वना ! नेपाल सरकारले त्यसको प्रभावकारी कार्यान्वयन गर्न त के, त्यसलाई सामान्य रूपमा लागू गर्न समेत नेपाल सरकार उदासीन रहेको अवस्था छ ।

पंक्तिकार नेपालको अन्तरिम संविधान, २०६३ को मस्यौदाकार, नेपाल कानुन आयोगको पूर्वसदस्य, किरात राई चाम्लिङ खाम्बातिम, किरात राई सांस्कृतिक कलाकार संघ र राष्ट्रिय आदिवासी जनजाति महिला महासंघका केन्द्रीय सल्लाहकार तथा लाहुर्निपका अध्यक्ष हुन् ।

जावोम्लो / छीरीयाम्लो २०७० (सकला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु, रिमेम, नायम, एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

सुरेश मुरह ब्रस्पा दुमीराई
श्रीमती दीपकला दीम्मचु दुमीराई
तथा
स–परिवार
लाम्दीजा–६, हल्खुम, खोटाङ, हालः धरान–१५, सुनसरी

Lexical Similarities in Kiranti languages: evidences from Koyee, Dumi and Sampang



- Tara Mani Rai

1. Introduction

This article deals with the lexical similarities in Kiranti languages namely Koyee, Dumi and Sampang. These languages tend to appear as neighboring languages each other (Hanâon, 1991), in that they share the geographical distribution closer. In addition, these languages stand out as the boarder languages of the Majh Kirant and Pallo Kirant Limbuwan.

Of them, Koyee language is one of the northern most Kiranti languages as spoken in Khotang district. The term 'Koyee' refers to the people as well as the language they speak. The latest census 2011 gives the number of mother tongue speakers as 1,271 which is 0.0054 percent of the total population 26,495,504. But this data need more exploration.

Dumi is another Kirati language spoken in northern part of Khotang district, Sagarmatha Zone, in eastern Nepal. Mainly this language is spoken in Kharmi, Jalpa, Baksila, Sapteshwor and Makpa (KhaJaBaSaMa). Dumi people use Dumi Radu as ethno-name, whereas they call their language Dumi bra which means Dumi language. They suppose to have been around 2,500 speakers (Dumi Kirant Rai Funsikim, 2069) but the census 2011 reports that Dumi Speakers are 7,638. Sampang is also one of the Kiranti (Rai Kiranti) languages. It is spoken upriver portion of the Tap Khola. This language is spoken in Baspani, Khartamchha, Phedi, Patheka (Ethnologue, 2012:79). The census 2011 shows that 9,780 as the mother tongue speakers.

2. Methodology

2.1. Data

The 210 wordlists1 were elicited in three distinct languages from mother tongue speakers2 compiled them with phonetic transcriptions and cross checked from each other.

2.2. Tools

In the study, WordSurv (Wimbish, 1989), a tool primarily used to determine the genetic relationship of the language, is used to identify the potential linguistic or genetic relationships in Koyee, Dumi and Sampang.

3. Data analysis

3.1 Language variations

Of 210 lexical items, only 200 were administered among three Kiranti languages. This is because that10 lexical items were not relevant in most of the Kiranti languages such as cabbage, cauliflower, etc. which were ignored. Since the Kiranti languages are mainly spoken in the hilly region, eastern part of Nepal, we were not able to mate some of the lexical items which are preferably used in terrain region. Then, the collected lexical items were entered into the computer software called 'Wordsurv (Wimbish, 1989). With the help of this soft ware

programme, the comparative analysis of the lexicon variations was carried out.

3.2 Tally form of the lexical variation

The tally form of the lexical variations from the three distinct Kiranti languages: Koyee, Dumi and Sampang, (hence forth, Koyee (K), Dumi (D) and Sampang (S) is presented in table 1.1.

Table 1.1: Tally form of the lexical variation

Language	Koyee (K)	Dumi (D)	Sampang (S)
Koyee (K)	200	95	79
Dumi (D)	95	200	81
Sampang (S)	79	81	200

The table 1.1 shows that 95 lexical items are similar out of 200 between Koyee and Dumi whereas 79 between Koyee and Sampang. As can be seen in the Table 1.1 and figure 1.1, we find 81 lexical similarities between Dumi and Sampang.

Table 1.2: Lexical comparison (in percentage)

Language	Koyee (K)	Dumi (D)	Sampang (S)
Koyee (K)	100%	47.5%	39.5%
Dumi (D)	47.5%	100%	40.5%
Sampang (S)	39.5%	40.5%	100%

Table 1.2 shows the statistical information of Koyee, Dumi and Sampang in percentage. Being based on Koyee language, two other languages Dumi and Sampang were compared. Since Koyee is supposed to be a core point (for this study purpose), it holds 100%. Being based on the Koyee language, the rest of two languages were compared. In the comparison, we found the Koyee sharing the most similarity (47.5%) with Dumi. But the Koyee shares lexical similarities to Sampang less than Dumi which shows 39.5 %. In comparison to Sampang, Dumi shares 40.5% that show Dumi is closer to Sampang than Koyee. The statistical data show that Koyee is closer to Dumi and Dumi is closer to Sampang.

4. Morphophonological variations

In this section, we analyze the lexical items from morphophonological point of view. In fact, there are found changes in lexical items while scouting one language to other languages. Changes as we find are simple to complex. We find somewhere phonetic changes whereas we find phonological changes as well. In our observation, we found even morphological deviations.

4.1 Deletion

There are plenty of examples of deletion in three distinct languages. Only slight variable lexicons have been observed in the examples (1a-e) where proto-form has been traced out based on (Benedict, 1972).

(1)a. *miksi* (D)> *misi* (K)> *mu* (S) > 'eyes'
   b. *luŋ* (S) > *lu* (K)> *lu* (D) 'stone'
   c. *min*(S) > *mi* (K)> *mi* (D) 'fire'
   d. *nuŋ* (S) > *nu*(K)> *nu* (D) 'name'
   e. *hin* (K) > *hi:* (D)> *hi* (S) 'blood'

In the example (1a), Koyee exhibits deletion of /k/ and so does Sampang. But Dumi has still retained it with dual suffix marker <-si>. This is because the proto form of 'eyes' is **'mik~ myke *** (Benedict, 1972: 207). In (1b), Sampang retains /luK 'stone' as the proto-form since the proto-form of stone is **luK*** as in (*ibid*: 209). Koyee and Dumi shows shortening in the lexicon *mi* 'fire' whereas Sampang has still /n/ as in the example (1c). It tends to appear as closer to proto-form **miy*** 'fire' (*ibid*: 203). There is deletion of nasal sound /K/ in Koyee and Dumi whereas Sampang possesses it that is closer to proto-form. In the example (1e), we can see shortening lexicon as *hi:* and *hi* in Sampang and Dumi respectively whereas Koyee exhibits originality, in a sense that it is closer to proto-form.

4.2. Vowel harmony

There are certain processes of vowel

harmony which can be analyzed in the examples (2a-f). Vowel shortening and the process of backness and fronting are immensely found in the data we have collected.

(2) a. *ljam* S> *lem* K> *lem* D> 'tongue'
   b. *nʌm* (K) > *nʌm*(D)> *nam* (S) 'sun'
   c. *si* (K) > *su* (D)> *sa*(S) ' meat'
   d. *siru* (K) > *sura* (D)> *sira* (S) 'rice'
   e. *birʌmsi*(K) > *bursʌ*(D)> *birosi* (S) 'chili'
   f. *ŋi*(K) > *ŋu* (D)> *ŋa*(S) 'fish'

In the example (2a), we find ***lyam**** *'tongue' appears to be the proto-form of Tibeto-Burman (henceforth, TB) languages. Of the three languages, Sampang retains it whereas Koyee and Dumi exhibit vowel shortening. Sampang (S) as in (2b) shows the proto-form as nam* 'sun' the way TB exhibits* ***nam**** *'sun' as proto-form. Sampang still retains proto- form* ***sa**** *as the TB feature (ibid: 216). The proto-form of ' fish' is* ***Kja**** *whereas Sampang has Ka, Dumi Ku and Koyee Ki .*

4.3. Insertion

In the observation of Proto-Tibeto form, we find few lexicons being inserted. Consider the following examples.(3)

a. *lʌmdu* (K) > *lʌmdu*(D)> *lam*(S) 'path'
b. k^{h}*ʌimu* (K) > k^{h}*ʌtnu*(D)> k^{h}*ʌima*(S) 'go'

In the example (3a), we find the TB proto-form ***lam**** *'path' where Koyee and Dumi exhibit du as inserted morpheme. <-mu>, <-nu> and <-ma> are inserted as the infinitive markers in the root verb of Koyee, Dumi and Sampang respectively.*

4.4. Aspiration

In our observation, we found the lexical items aspirated as can be seen in (4).

a. *kim* (K) > *kim*(D)> k^{h}*im* (S) 'house'
b. dz^{h}*ara* (K) > *dzara* (D)> dz^{h}*ara* (S) 'all'
c. ts^{h}*ʌsi rusi*(K) > *tsasirusi*(S) 'fruits'
d. *bulumu*(K) > *bulnu*(D)> b^{h}*ulma* (S) 'to turn/ return'

This is how aspiration takes place in three distinct languages: Koyee, Dumi and Sampang. The proto-form ***kim**** *'house' is mated to Koyee and Dumi. But Sampang possesses the aspirated form as k°im ' house'. Sampang and Koyee as can be seen in the example (4b), we find the lexicons aspirated whereas Dumi has non-aspirate d lexicon.*

4.5. Nasalization

In the data collected, we got some lexicons being nasalized. They can be observed in the examples (5a-e).

5. a. *tʌpa* (K) > *tʌpu* (D)> *tõpa* (S) 'husband'
   b. *tʌma*(K) > *me*(D)> *tõma*(S) 'wife'
   c. t^{h}*o*(K) > t^{h}*o*(D)> *dõ*(S) 'year'
   d. *halo*(K) > *hina*(D)> *hallõ* (S) 'when'
   e. *aŋ* (K) > *ʌŋ*(D)> *kaŋa*(S) 'I'

In comparison to Koyee and Dumi, Sampang exhibits the nasal features more. In the example (5a), the lexical itemes tapa and tŒpu (as in Koyee and Dumi) have been nasalized in Sampang as toÞpa 'husband'. Similarly, lexical item toÞma 'wife' has been nasalized in Sampang whereas Koyee and Dumi donot exhibit nasal feature. So is the case in (5c-d).

5. Conclusion

Kiranti languages like Koyee, Dumi and Sampang seem to be close languages. On the basis of these parameters we cannot differentiate the level of the variation of the language. Lexical item alone does not determine the linguistic competence. For this grammatical sketch is must. However, we observed the lexical items thinking these languages are geographically closed. So, based on Koyee, two other languages Dumi and Sampang were compared where we found lexical similarities. In the comparison, the Koyee shares the most

similarity (47.5%) with Dumi. To the contrary, Koyee shares lexical similarities to Sampang less than Dumi which shows 39.5 %. Dumi shares 40.5% with Sampang that show Dumi is closer to Sampang than Koyee. The statistical data show that Koyee is closer to Dumi and Dumi is closer to Sampang. The northern most to southern most show variables in the data. Not only this, there we find the morphophonical changes in the lexical items provided. In this case, Sampang is supposed to be closer to proto-form (Based on Benedict, 1972). It shares the nasalized features more.

References

Benedict, Paul. 1972. *Sino-Tibetan: A Conspectus*. Cambridge: Cambridge University Press.

Epple, J and M. Paul Lewis, Dan Raj Regmi, Yogendra P. Yadava.2012. *Ethnologue: Languages of Nepal.* Kathmandu: Linguistic Survey of Nepal (LinSuN) and SIL International

Hanâon, G.1991.*The Rai of Eastern Nepal: Ethnic and Linguistic Grouping Findings of the Linguistic Survey of Nepal;* Werner Winter ed. Kathmandu: LSN and CNAS.

Matisoff, James A.2003. *Handbook of Proto Tibeto-Burman: System and Philosophy of Sino-Tibetan Reconstruction.* Berkeley: University of California Press

(The author is doing PhD in Linguistics at TU)

(Footnotes)

1 I would like to acknowledge to Linguistic Survey of Nepal (LinSuN) for using the list of 210 Wordlist.

2 I acknowledge the mother tongue speakers (1) Raj Bahadur Koyee Rai (Sungdel-2, Nagaya, Khotang)
for Koyee language
(2) Tej Maya Dumi Rai (Baksila (Lamdija)
-6, Halkhum, Khotang)
for Dumi language
(3) Nanu Mati Rai (
Banspani-4, Khotang) for Sampang language.

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको

शुभ उपलक्ष्यमा तथा दुमी किरात राई फन्सीकीमले इसीलीम १५औं अङ्क प्रकाशनको शुभ अवसरमा सम्पूर्ण दुमीजनमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

हिरा जेरोङ राई
धनुषा
हाल: नयाँ बानेश्वर, काठमाडौं

वाम्बुले साहित्य र कविता अभियान

- गणेश वाम्बुले राई

मेरी हजुरआमा रामसरी (रामेश्वरी) राई भन्नुहुन्थ्यो- मासको गेडा फोरी खानू, तिलको गेडा घोटी खानू। आफूसित जे छ त्यही बाँडेर खानु। कुनातिर फर्केर एक्लै केही नखानु। त्यस्तो मान्छेलाई कुभेरी भन्छन्। मैले त्यतिखेर यतिमात्र बुझ्थे- केही खाने चिज आफूले मात्र नखानु, आफू वरिपरि जो-जो छन् दाजुभाइ, दिदीबहिनी उनीहरूलाई पनि बाँडेर खानु। कुभेरी हुन नपरोस् भन्नेलाग्थ्यो। वास्तममा त्यतिखेर मैले ठीकै बुझेको रहेछु। अहिले महसुस गर्दैछु त्यो मासको गेडा र तिलको गेडा भनेको त हाम्रो मातृभाषा, हाम्रो संस्कृति परम्परा पनि रहेछ। जति बाँड्यो उत्ति फैलिनेछ भन्ने उक्ति विदितै छ। मैले लिएको ज्ञान बाँड्न सकिन भने अर्थहीन हुन्छ।

प्रसङ्ग, वाम्बुले राई भाषाको कविगोष्ठी अभियानको हो। '१५औं वाम्बुले राई भाषा यलम्बर स्मृति कविगोष्ठी-२०१३' तथा 'लिब्जु-भुम्जु पुरस्कार वितरण समारोह' खोटाङ जिल्लाको बाहुनीडाँडा गाविस वडा नं.७ झाप्पा गाउँमा यही २०७० मंसिर २० गते हुनेछ। यो पन्धौं वर्षको लहरा कसरी झाँगियो ? हामीले जानी/नजानी आफ्नो काम गरिरहेका छौं। अन्य भाषिक समुदायलाई जानकारी दिन सकिरहेका छैनौं। यो कुरा सुनेर कतिपय मान्छेले भन्नुहुन्छ- होइन वाम्बुले राईहरू सबै कवि नै कवि छन् कि क्याहो ?

त्यतिबेला ठट्टा गर्दै म भन्ने गर्छु- हो नि ? यो देशको राष्ट्रगान रचना गर्ने व्याकुल माइला (प्रदीपकुमार राई) नै वाम्बुले कवि हुन्। अनि वाम्बुलेहरू कवि नहुने कुरै भएन। यथार्थ, यो हो कि नयाँ राष्ट्रगान रचना जनआन्दोलन-२०६२/२०६३ पछि भएको हो। वाम्बुले भाषा कविता अभियान त्यसअघिदेखि नै जारी थियो र छ। वाम्बुले भाषा कविता अभियानका अगुवा सदस्यमध्ये व्याकुल माइला पनि हुन्। मातृभाषा अभियानमा जुटेको प्रतिफल आज देखिने गरी १५ औं वर्ष पुगेको छ। समाजले साथ दिएको छ। परिवारका सदस्यहरू साथ दिएका छन्। देश-विदेशमा रहनु भएका युवा साथीहरू जुटिरहनु भएको छ। देवनागरी लिपिमा लेखिदै आएको वाम्बुले भाषा 'किरात-वाम्बुले' लिपिमै लेख्ने अभियान २०६७ सालको सुरुदेखि थालिएको छ।

कुनै दार्शनिकले भनेका छन्- संसार बदल्नु छ भने आफैंबाट सुरु गर। हामीले सुरुमा दर्शनचाहिं पढेनौं तर दार्शनिकले भनेझैं कामचाहिं आफैंबाट थाल्यौं। छिपछिपे बुद्धिमा विवेक लगाउनका निम्ति अग्रजहरूले साथ दिनुभयो। हामीले थालेको काम सत्य, तथ्य, साँचो, वास्तविक आवश्यकतामा आधारित भएकोले अघि बढ्दै गयो। अबचाहिं त्यो काम र यो कामको बारेमा बोल्दा हुने स्थिति आएको छ। वाम्बुले समाजलाई कविताका माध्यमबाट हामीले चिनाउने प्रयास गरेका छौं।

मेरो व्यक्तिगत अनुभवमा थालनी यसरी भयो। २०४६ सालमा एसएलसी पास गरेर उच्चशिक्षा हासिल गर्न राजधानी छिरेका थियौं- म, प्रदीप भाइ (व्याकुल माइला) र ऊ मुनिको भाइ दिलिप। तात्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका प्राज्ञ बैरागी काइँला (तिलविक्रम नेम्बाङ) को संयोजकत्वमा २०४८ सालमा

'किरात बहुभाषिक कविगोष्ठी' भयो ।

कविगोष्ठी हुनेबारे मलाई मेरा माइला काका लघुधन राई (पूर्व राष्ट्रिय सभाका सदस्य) ले जानकारी दिनुभयो । त्यो कुरो उहाँले अर्का यलुङ किरातले जनाऊ दिनुभएको रहेछ । काकाले वाम्बुले भाषामा कविता रचना गरेर भाग लिनू भन्नुभयो । आहा ! त्यो समाचार आफैंमा सुखद् तर अझै नलेखिएको मातृभाषा कसरी पो लेख्ने ! विष्मय र प्रश्न एकसाथ उब्जियो । स्कुल पढ्दैदेखि पर्वते भाषामा कनिकुथी कविता लेख्ने काम गरेकै हो । हामी तीनदाजुभाइमध्ये मैले भाग लिने निर्णय गरें । मैले लेखें भन्नु कि रचना गरें भन्नु- 'लिब्जु भुम्जु बुक्सिपर्छ' (लिब्जु भुम्जु उठ्नुपर्छ) शीर्षक कविता तयार भयो । निक्कैचोटि रफसफ गरेर प्रज्ञा प्रतिष्ठान सोध्दै वाचन गर्न पुगें । बल्लतल्ल मेरो पालो आयो । माइकको अगाडि मेरा हातगोडा काँपिरहेका थिए । सायद स्वरचाहिं काँपेन होला कि जस्तो लाग्यो । डेढ पानाको कविता पर्वते मिसिएको वाम्बुले भाषाको कविता खर्लप्पै पढिसिध्याएँ । वाचन गर्न कति मिनेट लाग्यो ख्याल भएन ।

कविता वाचन गरेर सभाकक्षको पछाडि रोतिर बढ्दै थिएँ- मेरा बालसखा पत्रकार पुष्पहरि क्याम्पा राई (वाम्बुले) ले धाप मार्दै भन्नुभयो- 'आहा गणेशजी लौ राम्रो कविता वाचन गर्नुभयो ।' त्यतिबेला पो थाहा पाएँ- त्यत्रो ठूलो कविगोष्ठी हलमा वाम्बुले राई भाषा बुझ्ने स्रोता र दर्शक उहाँमात्र हुनुहुन्थेछ । उहाँले मेरो कुममा धाप मारेर हौसला प्रदान गर्नु भएको अहिल्यैजस्तो लाग्छ । तर समयको फेरोले फन्को मारेको २२ वर्ष पुगेछ । म त्यतिखेर २२ वर्षकै थिएँ । वाह ! त्यो स्वर्णिम क्षण र यो लौकिक साहित्यिक जीवनयात्रा ! आर्थिक वर्ष २०४९/५० मा काका लघुधन राईले हामी ठिटाहरूलाई मध्यनजर गरेर वाम्बुले (राई) साहित्य प्रकाशन प्रा.लि. र 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक पत्रिका दर्ता गर्नुभयो । संस्थापकमध्ये मेरो नाम दोस्रो नम्बरमा थियो । प्रालिसँगै पत्रिका दर्ता भयो तर प्रकाशन गर्ने काम गर्नुभएन ।

त्यसपछि मैले २०५० साल मंसिर/पुसमा 'लिब्जु-भुम्जु' पत्रिकाको कार्यकारी सम्पादक भएर पहिलो अंक प्रकाशन गरें । पत्रिका दर्ता भएको साइजभन्दा सानो आकारमा र सामग्रीहरू अनपेक्षित ढंगले छापिएको पाएर सम्पादक काकाको रिसको पारो चढेको थियो । तर, कहिल्यै हस्तक्षेप गर्नुभएन, मैले त्यतिखेरदेखि हालै २०७० वैशाख-असारसम्म ५३ अंक प्रकाशन गरेको छु । उहाँलाई संस्थापक सम्पादक र म सम्पादक भनेर आफैंले घोषणा गरेर छाप्दै आइएको छ । यही पत्रिकामा हरेक वर्ष छापिएकामध्ये उत्कृष्ट कवितामध्ये एक कवितालाई 'लिब्जु-भुम्जु पुरस्कार' दिने काम भएको छ । पुरस्कारको संस्थापक पत्रकार तथा गीतकार पुष्पहरि क्याम्पाराई हुनुहुन्छ । २०५६ सालदेखि २०६८ सालसम्म १२ जना वाम्बुले स्रष्टाहरू 'लिब्जु-भुम्जु पुरस्कार'बाट सम्मानित हुनु भएको छ ।

२०४७ कात्तिक १४ गते घरदेखि राजधानी प्रस्थान गरेयता हरेक दशै र तिहार मनाउन गाउँघर फर्किने चलन थियो । त्यसै गरियो । राजधानीमा हरेक वर्ष महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीका अवसरमा कविगोष्ठीहरू हुने गर्थ्यो । २०५५ सालको दसै गाउँमै मनाइयो । तिहार आउँदै थियो । हामीले महाकवि देवकोटाको ९२ औं जयन्तीको अवसरमा हिलेपानीस्थित महादेवस्थान निमावि (हाल- मावि)मा वाम्बुले भाषाको कविगोष्ठी आयोजना गर्ने सल्लाह गऱ्यौं । तत्कालै भएको निर्णयअनुसार वाम्बुलेभाषी केही कविहरूलाई खबर गऱ्यौं । हिलेपानी, जाक्मा, दुधकोसी पारि खोटाङतर्फ बाइसीसम्म त्यो खबर पुग्यो । कविता कार्यक्रममा समाजका केही गन्यमान्यजनहरूलाई बोलायौं । जसमा विद्यालयका पूर्वप्रधानाध्यापक तथा थाक्ले गाविसका अध्यक्ष मानबहादुर राई, पूर्व शिक्षक तथा थाक्ले गा.पं.का

प्रधानपन्च जयबहादुर राई, समाजसेवी चन्द्रबहादुर राई, बयोवृद्ध सदस्य नन्दलाल राईलगायत हुनुहुन्थ्यो । हामीले ब्यानरको सट्टा कालोपाटीमै लेखेर कार्यक्रम चलायौं । (हे. तस्बिर)

पहिलो कविगोष्ठीमा जम्मा २८ जना कविले कविता वाचन गऱ्यौं । प्रमोद दीनदुःखी राईको हास्यप्रधान कविताले सबैको मन छोयो । उनैको रचनालाई प्रथम भएको घोषणा गऱ्यौं । पुरस्कार र प्रमाणपत्रको व्यवस्था थिएन । म आफैं वाम्बुले राई समाज, नेपाल (वाम्रास), २०५४ संस्थाको महासचिव र लिब्जु-भुम्जु पत्रिकाको कार्यकारी सम्पादक भएकोले त्यो कविगोष्ठी तिनै दुई संस्थाको आयोजनामा भएको भनेर घोषणा गऱ्यौं । त्यसरी वाम्रास र लिब्जु-भुम्जु पत्रिकाले पहिलो पटक आयोजना गरेको वाम्बुले भाषाको कविगोष्ठीको समाचार महाकवि देवकोटा जयन्तीका अवसरमा भनेर राससमार्फत् गोरखापत्र दैनिकमा समाचार छापियो । हामी आयोजकहरू दङ्गदास पऱ्यौं । दोस्रो-२०५६, तेस्रो-२०५७ मा हिलेपानीमै कविगोष्ठीको आयोजना भयो ।

चौथो-२०५८ उँबु गाविस-९ फोकुल लुकुवापानीको स्कुलमा आयोजना भयो । जसको अगुवाई व्याकुल माइलाले गर्नुभएको थियो । पाँचौं-२०५९ को कविगोष्ठी मानेभन्ज्याङ-५ उदयपुर गाउँमा भयो । मुलुकमा सशस्त्र द्वन्द्वका कारण २०६० सालमा कविगोष्ठी स्थगित गऱ्यौं । त्यसपछिका वर्षहरूमा भने छैटौं २०६१ हिलेपानीमा, सातौं २०६२ उँबु-४ आहालेमा, आठौं २०६३ उदयपुर गाउँमा, नवौं २०६४ उँबु-१ रिनुवालमा, दसौं २०६५ थाक्ले-८ सोक्मटार गाउँमा, एघारौं २०६६ खोटाङ जिल्लाको बाहुनीडाँडा गाविस वडा नं.७ झाप्पा गाउँमा, बाह्रौं २०६७ उबु गाविस-४ आहालेमा, तेह्रौं २०६८ उँबु-१ रिनुवालमा, चौधौं २०६९ मानेभन्ज्याङ-५ उदयपुर गाउँमा सम्पन्न गरिदै हरेक वर्षको कविगोष्ठीमा वाचित कविताहरू 'लिब्जु-भुम्जु' र 'कावा' पत्रिकामा छापिएका छन् । मात्र एउटा साल छाप्न गडबड भएछ । वाचन गरिएका ती कविताहरू सबै कविता हुन्नन् । अकवितालाई छोटो मिठो बनाएर कविताको रुप दिने तर कसैको अकविता भनेर फाल्ने कामचाहिं भएको छैन ।

चारहरफ किन नहोस् कविको नाममा कविता छापिएकै हुन्छ । फोटो पनि पो छापिन्छ । हरेक युवाले वाम्बुले भाषा जानी नजानी लेख्ने प्रयास गर्नु सकारात्मक पक्ष हो । ती कवितामा पुर्खाले बचाउँदै ल्याएका भाषा, मुन्धुम, संस्कार, संस्कृति, परम्परा, रीतिथितिहरूको संरक्षण गर्नु पर्ने, वाम्बुले पहिचान त्यसैमा हुने विषय बढी पाइनु सुन्दर पक्ष हुन् । जुन कविता पढेपछि आफ्नो पुर्खा सम्झिन सकिन्छ । आफू को हुँ भन्ने चिन्तन गर्न सिकिन्छ। तरुनी, तन्नेरीका भावनाहरू बुझ्न सकिन्छ । यद्यपि वाम्रास र लिब्जु-भुम्जु परिवारले कविता यस्तो हुनुपर्छ भनेर कहिल्यै प्रशिक्षण दिने गरेको छैन । भाषा मनको भावना साट्ने माध्यम हो । वाम्बुले युवापीढी(ठिटाठिटी)ले जे अनुभूत गरेको छ त्यही नै कविता हो ।

यो कविता गोष्ठीको यात्रामा धेरै क्रिया प्रतिक्रियाहरू पायौं । पाइरहेका छौं । महाकवि देवकोटाले वाम्बुले भाषामा के योगदान गरेका छन् र उनको जन्मजयन्तीमा कविगोष्ठी गरेको ? भन्ने गम्भीर प्रश्नलाई मनन गरेर ११ औं वर्षदेखि 'वाम्बुले भाषाको यलम्बर स्मृति कविगोष्ठी' नामाकरण गरेका छौं। प्रथम किरात हाङ यलम्बरको नाम जोडेर काम गरेका छौं । नाम जोड्नै पर्ने आवश्यकता थिएन तर महाकविको नाम जोड्दा हाम्रो समाचार छापिन्थ्यो । त्यसैले जोड्यौं । कवि भनेर देवकोटालाई चिन्थे र त्यो सन्दर्भ पार्दा कविता लेखिन्छ भन्ने समाजमनोविज्ञान थियो, त्यसैले जोड्यौं । अब यलम्बरलाई कवि भनेर होइन, इतिहास पुरुष भनेर जोडेका छौं ।

कविगोष्ठी भनेर कवितै कवितामात्र वाचन

गरिदैन । वाम्बुले भाषामै नाटक प्रहसन, गीत गायन प्रस्तुति हुने गर्छ । केही वर्ष बिनायो बजाउने प्रतियोगितासमेत गरेका छौं । भाषागोष्ठी गरेका छौं । त्यसैले यो साहित्यिक होइन, समग्रमा सांस्कृतिक गोष्ठी हो । कविगोष्ठी बढीमा चारघण्टा चलाउन सकिएला । अचम्म लाग्दो, वाम्बुले कविगोष्ठी भनेको एक दिन, एक रातभरि चल्ने गर्छ ।

नभनी नहुने कुरा, कविगोष्ठी वाम्रास र लिब्जु-भुम्जु पत्रिका आयोजक हुन् । वाम्रासले नगद पुरस्कार (१५००, १००० र ५०० रुपैयाँ) र प्रमाणपत्र दिन्छ । लिब्जु-भुम्जुले ब्यानर र कविताहरू छाप्छ । कविता जात्रामा सहभागी सबैलाई खाजा, खाना र बासको व्यवस्था स्थानीय युवा क्लबहरूले नै जोहो गर्दछन् । आर्थिक भारचाहिं स्थानीय क्लबहरूले व्यहोर्ने भएकोले आयोजक ती क्लबहरूलाई भन्ने ? जस्ता प्रश्न पनि उब्जिएका छन् । खुशीको कुरो १४ औं वर्षको कविगोष्ठीमा मानेभन्ज्याङ गाविसबाट ३४ हजार रुपैयाँ छुटाइदिएकोले सहज बनेको थियो भने यो वर्षदेखि जहाँ गोष्ठी आयोजना हुन्छ त्यहीको जिविस र गाविसलाई आर्थिक सहयोग गर्न गुहार्ने भन्ने वाम्रासको नीति रहेको छ ।

हामीले 'लिब्जु-भुम्जु' पत्रिकाका अलावा भिन्नाभिन्नै सञ्चार माध्यमसित सहकार्य गर्न पनि थालेका छौं । जस्तो, सार्वजनिक साप्ताहिक, सोलु एफएमबाट कविता गोष्ठी हुने सूचना प्रसारण गराएका छौं । राष्ट्रिय सञ्चार माध्यमहरूमा हामी आफैं (नेपाल टेलिभिजनमा पुष्पहरि क्याम्पाराई र गजुरधन राई र कान्तिपुर दैनिकमा म आफैं गणेश राई) संलग्न रहेकोले कविगोष्ठी र महान्चाड ढ्वाङकुमपुर्नेलाई ठाउँ दिलाउने प्रयास गर्दै आएका छौं ।

हरेक वर्ष कविगोष्ठी भद्रगोल हुनेगरेको थियो । हामीले १४ औं वर्षदेखि प्रतियोगी कविता बढीमा १२० शब्दको हुनुपर्नेछ । जुन कविता कविता वाम्बुले भाषा, संस्कृति, संस्कार, कला, परम्परा, इतिहास, जागरण, राजनीतिक कटाक्षप नभएको, अश्लीलतारहित व्यंग्यात्मक, सामाजिक चेतना, जागरण, शिक्षावर्द्धक विषयमा हुनुपर्ने सूचना दिएर नियन्त्रित बनाउने प्रयास गरेका छौं । पहिलो कविगोष्ठीमा २८ जना सहभागी थिए भने यसबीचमा २ भन्दा बढी कवितासमेत वाचन हुन थाल्यो । त्यसैले पनि नियन्त्रण गर्न जरुरी ठान्यौं । तर कमजोर पक्ष अरु बेला अन्य क्लब वा संस्थाबाट अहिलेसम्म वाम्बुले भाषाको कविता या साहित्य गोष्ठी गर्ने परम्पराको विकास भएको छैन ।

यसरी वाम्बुले साहित्य अभियानको दौरानमा अहिलेसम्म निम्न कृतिहरू प्रकाशित छन् **वाम्बुले भाषा, लिपि, साहित्य, संस्कृतिबारे पुस्तकहरू-** १) वाम्बुले राई शब्दकोश (२०५७), २) वाम्बुले राई जाति : भाषा र संस्कृति (२०६४), ३) वाम्बुले राङु योरल्वाम कवितातिङ (वाम्बुले राई भाषाका कविताहरू, २०६५), ४) इक हिर्कटी (वाम्बुले राई भाषाको निबन्धहरू, २०६६), ५) वाम्बिर (वाम्बुले राई भाषाको कवितासंग्रह, २०६७), ६) पिताङ्केङ वार्सी (वाम्बुले राई भाषाको पहिलो कथासंग्रह, २०६७), ८) किरात वाम्बुले राई जाति र द्वाम्वाङ्चा वंशावली (२०६८), ९) किरात वाम्बुले लोकवार्ता (लोकसाहित्य, २०६८), १०) ल्आकाचिम सारिङ्मो (रातो भाले) वाम्बुले राई भाषाको कथा सङ्ग्रह (२०६८), ११) ब्वाइचो फुरी (फुलेको फूल) वाम्बुले राई भाषाको नाटक सङ्ग्रह (२०६८) र १२) काक्सि (माटो) किरात-वाम्बुले लिपिमा रचित कवितासंग्रह, २०७०।

गीति एल्बमहरू : राम्दले सालाङ (२०५६), जोजनखो पौलो (२०६६) र फुरी (२०६७क)।

पत्रिका : १. वाम्रासको मुखपत्र 'सुरिम-शिलाखा' रितुम मुन्धुम महाविशेषाङ्क(२०६९), २. 'लिब्जु-भुम्जु' त्रिभाषीय त्रैमासिक निरन्तर प्रकाशित छन् भने ३.

'कावा' मासिक पत्रिका केही अंक प्रशासित भई हाल स्थगित गरिएको छ ।

रेडियो : किरात राई यायोक्खाद्वारा गोरखा एफएम ९३ मेघाहर्जमा हरेक बुधबार दिउँसो २ बजेदेखि ३ बजेसम्म सञ्चालित 'स्यामुना' कार्यक्रममा विभिन्न राई भाषाहरूको कार्यक्रम आलोपालो सञ्चालन हुँदै आएको र त्यसमा वाम्बुले राई भाषाको कार्यक्रम पनि रहेको छ ।

वेबसाइट : वाम्रास संस्थाको वेबसाइट प्राविधिक कारणले स्थगित गरिएको छ । यद्यपि, सामाजिकसञ्जाल फेसबुक 'वाम्बुले राई सोसाइटी, नेपाल-वाम्रास), वाम्बुले बिसौनी, वाम्रास कतारको छुट्टाछुट्टै पेजहरू निर्माण भई क्रियाशील छन् ।

निष्कर्ष, वाम्बुले भाषा कविगोष्ठीमा सहभागी कविहरूका कविताहरूलाई क्रमशः संग्रहका रुपमा प्रकाशन गरिदैआएका छन् । त्यसैगरी मुक्तक, गजल, गीत, लोककथा, आधुनिक कथा, उपन्यास, निबन्ध, चिठीपत्रलगायतका विधागत लेख रचनाहरूलाई प्राथमिकता दिने काम भइरहेको छ । कविगोष्ठी जस्तै प्रतियोगिता हुनुपर्ने आवाजसमेत उठेको छ । कविगोष्ठीलाई वाम्बुले समाज जागरणको एउटा कडी हो । हामीले वाम्रास संस्थालाई संस्थाकै रुपमा विकास गर्नुपर्छ भनेर फेसबुक अभियानमार्फत् ६० लाख रुपैयाँको लागतमा ललितपुरको इमाडोल-६ नयाँ बस्तीमा पाँचतले संस्थाको भवन निर्माण गर्न सकेका छौं ।

संस्थाको भवन निर्माणपछि वाम्बुले भाषा, साहित्य, लिपि, संस्कार, संस्कृतिका विभिन्न पक्षका क्रियाकलापहरू दैनिक जीवनसित गाँस्ने नयाँ कार्यक्रमहरू बन्नेछ भन्न सकिन्छ । १५औं पछि १६औं हुँदै कविगोष्ठीको शृंखला जोड्नु त छँदैछ । र मेरी हजुरआमाले भन्नुभएजस्तै मासको गेडा होस् वा गहतको दाना अथवा तिलको गेडा फोडेर हुन्छ कि घोटेर हुन्छ, बाँडिचुँडी गर्नु नै छ । वाम्बुले भाषा र संस्कृति जोगाउनु छ, अनन्तकालसम्मका लागि । जय वाम्बुले । जय किरात ।

E-mail: raiganesh@gmail.com

(लेखक गणेश वाम्बुले राई कान्तिपुर दैनिक संवद्ध पत्रकार, लिब्जु-भुम्जु पत्रिकाका सम्पादक तथा वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाका महासचिव हुन् ।)

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको

शुभ उपलक्ष्यमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।

असारमान खारुबु दीक्पा दुमीराई
कुमारी (चाम्लिङ) दुमीराई
तथा स-परिवार
माक्पा-४, लुम्दु, खोटाङ
हालः रामहिटी, बौद्ध, काठमाडौं

किराती मातृभाषाबीच सहकार्य

१. बुङ्वाखाको १०० अङ्क प्रकाशन

बान्तावा भाषामा प्रकाशित भइरहेको 'बुङ्वाखा' (फूलबारी) मासिकले आफ्नो प्रकाशनको सय अङ्क पूरा गरेको छ। गत असारमा यसले यो कोसेढुंगा छोएको हो। किरात राई भाषा समूहका मातृभाषी पत्रिकाले पहिलोचोटी यो इतिहास निर्माण गरेको हो। माहुरीले झैं निरन्तर काम गरियो भने मह त जम्मै हुन्छ नै।

– पदम राई

सय अङ्कको प्रकाशनले बुङ्वाखा परिवारलाई गौरवान्दित बनाएको छ। यो केवल बान्तावाभाषीको मात्र गर्वको विषय होइन, यो त सबै किरात राई भाषाहरूको हो। होस् पनि त्यस्तै र हामी पनि त्यहिँ भन्ठानेर खुसी बाड्न चाहन्छौं। जस-अपजस बुङ्वाखा परिवारलाई अवश्य जान्छ, काम गराइको हिसाबमा। तर, अपनत्व सबैमा जाओस्, यो हाम्रो चाहना हो। र, यो १०० अङ्क प्रकाशन पूरा गरेर थकाइ मार्दैन। यात्रा निरन्तर छ। यो लेख लेखिरहँदा बुङ्वाखाको १०२ अङ्क प्रकाशनको तयारी भइरहेको छ।

सय अङ्कसम्म कसरी बुङ्वाखाले निरन्तरता पायो ? पाठकको मनमा यो खुल्दुली पनि उब्जेला। त्यसै हामी किरातीहरू मिलेर काम गर्न नसक्ने जातिको पहिचान पनि बनाइरहेका छौं। विगतमा हाम्रा किराती, अझ भनौं नेपालका आदिवासीहरूले सुरु गरेका प्रकाशनगृहहरू एकाध बाहेक बन्द भइसकेका अवस्था पनि हाम्रै सामु छन्। समग्र नेपाली पत्रकारिताको नाजुक अवस्था देखेकै छौं। यस्तो बेला पनि बुङ्वाखाको सय अङ्कसम्मको यात्रा ?

कुनै कामको थालनीपूर्व हामी योजना बनाउछौं। बजेट तर्जुमा गर्छौं। अनि कामको सुरुवात गर्छौं। कहिलेकाही उही उचित योजना र बजेट हुँदाहुँदै पनि बीचमा काम अघि बढ्न सक्दैन। र, अधिकांश बजेटकै अभावमा काम रोकिन्छ। हामीले गर्ने र भोग्ने नियतिहरू यसैभित्र पर्छन्।

साढे नौवर्ष पहिला बुङ्वाखाको प्रकाशन सुरु हुनुपूर्व हाम्रो त्यति ठूलो योजना थिएन, न त बजेट नै। यसका सूत्रधार चन्द्रकुमार हतुवाली र मैले बान्तावा भाषाको लेखनकार्य सुरु नगरी नहुने निश्कर्षमा पुग्यौं एकदिनको चियागफमा। किरात राईहरूमध्ये वक्ता र सङ्ख्याको हिसाबमा बान्तावा भाषीहरू १ नम्बरमा, कामको हिसाबमा भने शुन्य स्थिति देखेर हामीमा पत्रिका सुरु गर्ने कसो-कसो चेतना आएको थिएछ त्यसबेला। हाम्रा लागि त्यो एकप्रकारको रहर पनि थियो। फरक काम गराइको हिसाबमा। किनभने चन्द्र दाजु सरकारी जागिरको चक्कर धाउँदा-धाउँदा थाकिसकेर अब सरकारी जागिर नखाने मनस्थितिमा पुग्नु भएको अवस्था, म भने सरकारी जागिरमा पहिल्यैदेखि इच्छा नभएको स्वतन्त्रता खोज्ने व्यक्ति। हामी दुवै आफ्नै काम गराइमा रमाउने मनुखे।

एउटै चियागफमा हाम्रो कुरा मिल्यो। यसो-यसो गर्नुपर्छ भनेर दाजुले भन्ने। म उमेर या अन्य हिसाबमा भाइ नै भएकोले मैले मान्दै गएँ। पहिलो अङ्क पत्रिका निकाल्दा हाम्रो गोजीमा बुङ्वाखाको नाममा १ रुपैयाँ थिएन। र, त्यो पहिलो अङ्कको प्रकाशन हुँदासम्म चन्द्र दाजुले एकलौटी लगाम यसरी

मेरो हातमा लगाइदिएर उहाँ कतिबेला ओर्लिसक्नु भयो भन्ने नै पत्तै भएन । मैले एक्लैले घोडा हाक्दै अगाडि बढेछु । त्यो एकल लगाम मेरो हातमा लगाइदिनु उहाँको कला थियो । र, अहिले सम्झन्छु- यदि बुङ्वाखाको लगाम हामी दुवैको हातमा भइदिएको भए सायद यसको निरन्तर यात्रा उहिल्यै टुङ्गिसक्थ्यो कि ? यो मेरो अनुमान हो । किनभने मैले माथि नै जनाउ दिइसकें कि हामी मिलेर काम गर्न जान्दैनौं । यसको अर्थ यो हैन कि उहाँले हात झिकेपछि सहयोग गर्नु नै भएन । त्यो हैन । उहाँले बाहिर बसेर सहयोग गर्नुभयो; जो आज पनि निरन्तर छ । तर, कामको हिसाबमा मैले पत्रिका प्रकाशनको एकल नेतृत्व गरें; जो आज पनि गरिरहेछु ।

बुङ्वाखाको इतिहास लेखिँदा तिलक वालाहाङको नाम छुट्यो भने फेरि त्यो अपूरो हुनेछ । किनभने उहाँ हङकङमा बसेर भए पनि बुङ्वाखाको निरन्तर यात्रामा सहयात्री हुनुहुन्छ, खासगरी सल्लाह र आर्थिक सहयोगको हिसाबले । बुङ्वाखाको कुनै बेला यस्तो अवस्था पनि आयो कि अब यहाँदेखि अगाडि बढ्न सकिन्न, खासगरी आर्थिक कारणले । त्यो क्षण तिलक वालाहाङले 'अघोषित प्रकाशक' भईदिएर प्रकाशनको जिम्मा लिई निभ्न लागेको बत्ती जोगाउनु भयो । जो कुरा अदृश्य थियो, तर त्यसको साक्षी म छु, मैले यो कुरा समाजलाई भन्नुपर्छ । बुङ्वाखाका असङ्ख्य सहयात्री, सहयोगी, पाठक, शुभेच्छुक कहीं न कहीं जोडिएका छन्, तन, मन र धन दिएर । जसको कारण हामीले १०० अङ्क प्रकाशन पूरा गर्न सक्यौं ।

मातृभाषाका पत्रिकाहरूलाई जन्माएर जोगाउन बढो मुस्किल छ । अहिलेसम्मको अनुभवले यहिँ देखाएको छ । तर, कडा मिहिनेत र इमान्दारिताका साथ काम गरियो भने समुदायले पत्याउँछन् । विश्वास गर्छन् । समुदाय, पाठकको मन जित्न सकियो भने हामी यस्ता कामहरू गर्न सक्दारहेछौं । बुङ्वाखाको निरन्तरयात्राको भित्री कुरा यहिँ हो । यस्तो काम आर्थिक उपार्जनको हिसाबले भन्दा नि सामाजिक सेवाको भावले निस्वार्थ काम गरिरह्यो भने निरन्तरता पाउन सकिँदो रहेछ । तर यसको लागि १, २ जना मालीको भूमिकामा आफ्नो भोक, प्यास बिर्सेर काम गर्न सक्ने हिम्मतवाला तयार हुनु पर्दछ । त्यसपछि भविष्यमा सफलता मिल्ला । यसले व्यावसायिक रूप लेला । उद्देश्य पनि त्यहिँ हो कि मातृभाषाको पत्रिकामा काम गर्दा नि जागिर पाइँदो रहेछ भन्ने एउटा प्रणाली बसाउन सकियोस् । यसले त्यो रूपमा ढाल्न सकिएन भने र स्वयंसेवी माली पाइएन भने फेरि यसको निरन्तरतामा प्रश्चचिन्ह खडा हुनेछ । यो कुरा बुङ्वाखामा मात्र लागू हुँदैन । मातृभाषाको कामलाई सधैं समाजसेवाकै भावले हेरेर मात्रै चल्दैन । व्यावसायिक नभईकन हुँदैन । यस अर्थमा बुङ्वाखा या अन्य मातृभाषी पत्रिकाले सय या योभन्दा बढ्ता अङ्कको प्रकाशनले अर्थ राख्दछ ।

बुङ्वाखाको सय अङ्कसम्म आइपुग्दा कथ्यरूपमा भएको भाषा कम्तीमा लेख्य रूपमा आएको छ । यसभन्दा अझ खुसीको कुरा छ, त्यो हो- यो पत्रिकाको प्रकाशनको सकरात्मक प्रभाव बान्तावा लेखक र साहित्यकारहरूलाई जन्माएको छ । जन्माएको मात्र छैन, ती लेखकहरूले बान्तावा भाषाको कृतिहरू निकाल्न सकेका छन् ।

बुङ्वाखाको प्रभावले दुई दर्जन हाराहारीमा बान्तावा लेखक, साहित्यकारहरू जन्मिनु भएको कम चानचुने कुरो होइन । यो बुङ्वाखाको दाबी हैन । यसरी लेखक हुनुमा उनीहरू आफै बुङ्वाखालाई जस दिन्छन् । हुनु पनि हो । लेखकहरूको लागि बुङ्वाखा यस्तो साझा चौतारी बन्यो कि उनीहरूले त्यहिँबाट लेख्न सुरु गरे । लेखन परिपक्वता त्यहिँबाट हासिल गर्दै गए । कत्तिले त उनीहरूको बुङ्वाखामा निरन्तर छापिएका लेखहरू जम्मा गर्दा पुस्तक नै निर्माण भई प्रकाशित गर्नसम्म भ्याए । यसरी ठाउँ पाइयो भने गर्न नसकिने कुरा केही रहेनछ । बुङ्वाखाले बान्तावा भाषाको विकासमा धेर-थोर, प्रत्यक्ष-परोक्ष सहयोग गरेकै छ । यस अर्थमा हामी गौरव महसुस गर्छौं ।

२. भाषिक सहकार्यको कुरा

अहिले हामी किरात मातृभाषीबीच भेट हुँदा आक्कल-झुक्कल आफ्नै भाषामा कुरा गर्न थालेका छौं । दुवैलाई भाषा आएको खण्डमा । नत्र त्यो पनि विगतमा थिएन । हामीले आफ्नो मातृभाषा बोल्दा होचो, अर्घेलो आफैले महसुस गरेका हौं, अझै पनि छ । राई-राईबीच भेट हुँदा त हाम्रो सम्पर्क भाषा खस नेपाली भइरहेकै छ ।

हाम्रा भाषाहरूमा शब्दको खडेरी भएको देखिन्छ । खासगरी त्यो भाषालाई लेखनपद्दतिमा लैजाँदा महसुस हुन्छ । यस्तो बेला भाषिक सहकार्य गर्नेबारे किरात राई भाषा समूहका भाषाहरूबीच बुङ्वाखाले छलफल सुरु गरेको छ । कम्तीमा हाम्रो भाषामा शब्द नभएको अवस्थामा खस नेपाली भाषाको सट्टा छिमेकी किरात राई भाषाको शब्द किन नचलाउने ? यो एउटा भाषिक सहकार्यको पाटो हुन सक्छ । लेख्दै जाँदा शब्दको अभावमा अड्किन्छ । अनि हामीले भन्न खोजेको कुरा नेपालीमै लेखिपठाउँछौं । यसो नगरी त्यो शब्द छिमेकी किराती भाषामा के भनिँदोरहेछ भनेर सोधीखोजी गरी त्यसलाई प्रयोग गरियो भने कति राम्रो हुन्थ्यो होला ।

बान्तावामा लेख्दै जाँदा 'लोङ्गा' (खोर्सानी) भनी लेख्न आएन । चाम्लिङको शब्द थाहा भए वा सोधेर भए पनि 'बिरोसि' लेख्दा दुवै भाषाको विकास नै हुन्छ । किन खोर्सानी नै लेखिराख्ने ?

किराती भाषाका विशेषताहरू प्रायः समानखालका छन् । उदाहरणको लागि प्रायः राई भाषाहरूमा गणना गर्दा १ देखि ३ सम्म सबै भाषामा पाइन्छ । त्यहाँदेखि माथिका गणनाहरू प्रायः नपाइने भएकोले शब्द निर्माण गरेर चलाउनु पर्ने अवस्था छ । यस्तो अवस्थामा सबै समूहका राईभाषीहरू भेला भएर एउटा संयुक्त र साझा गणना पनि चलाउन सकिन्छ । यो पनि एउटा सहकार्यकै उदाहरण हुन सक्छ । त्यस्तै प्राविधिक शब्दावलीहरू निर्माण गर्दा पनि संयुक्त छलफल गरी नयाँ शब्द निर्माण गरी चलाउँदा यसले समुदायलाई हानी गर्दैन । बरु, एकअर्काको भाषा बुझ्नलाई सहयोग गर्ला कि !

उदाहरणको लागि यी तलका भाषाहरू छिमेकी भाषाहरू हुन् । यिनीहरूको सम्बन्ध नजिकको भएकोले भाषिक सहकार्य हुन सक्छ ।

बान्तावा, पुमा, दुङ्माली, छिन्ताङ, लिम्बू । कुलुङ, नाछिरिङ, साम्पाङ । वाम्बुले, बाहिङ, सुनुवार, तिलुङ । आदि ।

किनभने यी भाषाहरू आफैमा छिमेकी भएकाले बोलचालमा एकअर्काको भाषा सुनिरहेको अवस्थाले छिमेकी भाषाको शब्द या भाषै आउन सक्छ । त्यसैले आफ्नो भाषामा नभएको शब्द छिमेकी भाषाको शब्द चलाईदिँदा छिमेकीले पनि किन मेरो भाषा चलाइस् भन्न मिलेन । अझ हाम्रो भाषा धनी रहेछ भनेर गर्वानुभूति हुनेछ । भाषा लेखनमा यो आवश्यक कुराजस्तो लागेको छ । यसमा सहकार्य गर्दै किराती भाषाहरू अगाडि बढ्ने हो कि ?

(लेखक बुङ्वाखा मासिकका सम्पादक हुन् ।)
padamrai@gmail.com

हार्दिक श्रद्धाञ्जली

जन्मः १९८६

मृत्युः २०७० बैशाख १७ गते

स्व. धनबहादुर सरचु बुसुरु दुमीराई

हाम्रा आदरनीय दाजु खार्मी–३ निभारे खोटाङ बस्ने Ex 21136727 धनवहादुर सरचु बुसुरू दुमीराई वि.सं. २०७० साल बैशाख १७ गते का दिन असमयिक स्वर्गारोहण भएको ५ महिना १२ दिन पुगेको र वि.सं. २०१० सालदेखि २०७० साल पाँच महिना ६ गतेसम्म स्वार्गारोहण हुनेहरुको लागि दिवंगत आत्माको चिरशान्तिको लागि सुम्निमा र पारूहाङसंग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा हामी प्रति सहानुभूति समवेदना प्रकट गर्नुहुने सृजना सांस्कृतिक समाज निरूटा, खोटाङ दिक्तेल/सुनगाभा महिला समूह खार्मी –३ समस्त आफन्त इष्टमित्र शुभचिन्तकहरु प्रति हार्दिक कृत्तज्ञता व्यक्त गर्दछौं।

भाई /बुहारीहरू

जगत बहादुर राई /बुद्धलक्षी राई
जै हिरा राई/ पदमसरी राई

छोरा /बुहारी

बर्मश्वर / जैलक्षी राई
डम्बर / समला राई
भतिजा/ बुहारी
ऋषिश्वर /राम्री राई

रुपा राई

डिल्लीश्वर र मतिचन्द्र राई
प्रकाश /मेनुका चाम्लिङ्ग
शुभकुमार/तोफा राई
भिमराज/चोमा बान्तवा राई

बहिनी

विबासरी राई
जुवाई /भाञ्जी
खम्बासिं राई/ पुनु राई

भतिजी/जुवाई

संगिता राई /प्रकाश राई
विष्णुमति राई, तारा राई
विमला /रत्नमणि राई
जानुका राई, सुमित्रा राइ

नाती/नाती बुहारी/नातिनी/नातिनी जुवाई

भानु /हेमा लोहरूङ्ग राई
जितेन्द्र /अनिता साम्पाङ्ग राई
सम्झना/बच्चु कैलास साम्पाङ्ग
रविन /निर्मला राई
तेजकुमार, रवि राई
रविन्द्र राज/सोनी बान्तवा राई
संजिव /प्रमिता थुलुङ्ग
भुवन /जानुका थुलुङ्ग राई
बाघधन राई, संगम राई
अप्सरा, अनुसा
खम्बुहाङ्ग राई, यरिक हाङ्ग राई, कामुना राई,
प्रसंशा राई, प्रमिशा, अपेक्षा राई

पनाती/पनातिनी

आयुश्मा, जेनिशा, दिनायम, कावामा, विज्ञान, हेन्सल
रोमी, रोजी राई

साथै सम्पूर्ण दुमी परिवार

दुमी किरात राई फन्सीकीम : सम्पत्ति विवरण

- मौलिधन छाचुङ्ग छछुपु दुमीराई
raimdc@gmail.com

२८ थरी किरात राईहरू मध्ये दुमी किरात राई एक किरात राई जाति हो । आफ्नै मौलिक संस्कार, रीतिरीवाज, चालचलन, रहनसहन, भेषभुषा, विशेष भौगोलिक क्षेत्र र मातृभाषा रहेको छ । पूर्वी नेपालको खोटाङ्ग जिल्लाको उत्तरी क्षेत्रमा दुमी वंशको मुख्य बसोबास क्षेत्र रहेको छ जुन हामी 'खाजाबासमा' भनेर चिन्ने गरेका छौं ।

दुमी किरात राईको संगठित संस्था दुमी किरात राई फन्सीकीम २०५५ सालमा स्थापना भई आफ्नो अस्तित्व रक्षाको खातिर क्रियाशील रहिआएको छ । फलस्वरुप फन्सीकीमले आफ्नो कार्य योजना बनाएर धेरै काम समेत गरिसकेको छ । धेरै ठूलो महत्वाकांक्षा नराखी स-साना काम गर्दै आज निकै ठूलै उपलब्धी हासिल गरेको कुरा अन्य किरात समुदायबाट भन्ने सुन्ने गरेको पाइएको छ ।

दुमी राईहरूको नेतृत्व लिने फन्सीकीम संस्था गैह्र नाफामूलक संस्था भएको हुँदा फन्सीकीमलाई सबैभन्दा ठूलो समस्या भनेको आर्थिक भार नै हो । तरैपनि सम्पूर्ण दुमीजन तथा अन्य शुभचिन्तकहरूका आर्थिक, नैतिक र भौतिक सहयोगले गर्दा हामी यहाँसम्म आइपुग्न सफल भएका छौं ।

हालसम्म संस्थाको नाममा के कति सम्पत्ति छ भनेर सबैलाई खुलदुली लाग्नु स्वभाविक हुन्छ नै । सो खुलदुली मेटाउने जमर्को स्वरुप यस इसीलीम अंकमा संस्थाको कोषाध्यक्ष मार्फत उपलब्ध तथ्यगत विवरणहरूलाई समावेश गरी यो आलेख तयार गरेको छु । संस्थाको आर्थिक विवरण संस्थागत पारदर्शिताका साथै समस्त दाताहरुको सम्मानका लागि नियमित रुपमा प्रकाशन गरिँदै आएको व्यहोरा अवगत गराउन चाहन्छु । यसमा सम्पत्तिको रुपमा भौतिक र आर्थिक पाटो छुट्टाछुट्टै शीर्षकहरूमा पस्कने जमर्को गरेको छु ।

दुमी किरात राई फन्सीकीमले आर्थिक सहायता लिनका लागि शुभ दिपावली (तिहार) को अवसरमा वर्षेनी दुमी समुदाय तथा दुमी समुदायका शुभचिन्तकका घरदैलोमा देउसी भैलो कार्यक्रम सञ्चालन गरेको छ । साथै विदेशमा रहेका दुमीजनहरू तथा शुभेच्छुकहरुबाट पनि उल्लेख्य रुपमा आर्थिक सहायता उपलब्ध भएको छ । देउसी भैलो र अन्य सहयोग रसिद वापत विभिन्न प्रयोजनका लागि उठेको रकम संस्थाको खातामा कूल ९ लाख २६ हजार २ सय ४७ रुपैया ७० पैसा रहेको छ । विस्तृत विवरण तालिकामा समावेश गरिएको छ ।

क्र.सं.	कोषको विवरण	कुल रकम (रु.)	कैफियत
१.	आजीवन सदस्य कोष	१,११,५७९।५५	रिजेन्सी
२.	मानार्थ सदस्य कोष	६७,८५५।४५	रिजेन्सी
३.	दुमी शब्दकोश व्यवस्थापन कोष	६,३२,३५२।४५	रिजेन्सी
४.	दुमी शब्दकोश बिक्री कोष	२४,१४२।६०	रिजेन्सी
५.	दुकिराफ (विविध कोष)	२,५८९।२५	रिजेन्सी
६.	दुम्कीम काठमाडौं	२२,७६४।९०	रिजेन्सी
७.	इसीलीम व्यवस्थापन कोष	२३,८५९।८५	रिजेन्सी
८.	दोलोकुम्मा समिति कोष	१९,११६।६५	रिजेन्सी
९.	दुमी समृद्धि कोष	२१,९८६।००	एसोशियट
	कुल	**९,२६,२४६।७०**	

यी माथिका त भए आर्थिक पाटो। त्यो बाहेक अन्य सम्पत्ति समेत दुमी फन्सीकीमले जोडेको छ। जस अन्तर्गत अचल सम्पतिको रुपमा जग्गा जमिनहरु समेत रहेको छ। यसलाई तल निम्नानुसार प्रस्तुत गरिएको छ।

क्र.सं.	जग्गा दाता /खरिद विवरण तथा ठेगाना	जगगाको क्षेत्रफल	कैफियत
१.	पर्ज बहादुर राई, धरान केन्द्रय सदस्य, बाट निशुल्क प्रदान	७.५ धुर	धरान नगरपालिकामा रहेको जग्गा दुमी किरात राई फन्सीकीको नाममा पास।
२.	चन्द्रछिरीङ्ग राई बाक्सिला, बाट निशुल्क प्रदान	१ रोपनी	बाक्सिला बजारमा रहेको जग्गा दुमी किरात राई फन्सीकीको नाममा पास।
३.	अष्ट ब. राई (किरात राई यायोक्खाको नक्छो) बाट सप्तेश्वरमा रहेको जग्गाप्रदान	३ रोपनी १० आना ३ दाम	सप्तेश्वर गाविसमा रहेको जग्गा दुमी किरात राई फन्सीकीको नाममा पास।
४.	सप्तेश्वरमा धनकुमारी बस्नेतबाट खरिद	३ रोपनी २ आना	सप्तेश्वर गाविसमा रहेको जग्गा दुमी किरात राई फन्सीकीमले रु. ३ लाखमा खरिद गरेको।
५.	सप्तेश्वर चिउरीखर्क दाम्थालाका रंकाश सत्म(रिम्दु)बाट दाम्थलामा खरिद गरिएको	२ रोपनी १ आना	सत्म रंकाशुबाट खरिद गरेको जग्गा दुमी किरात राई फन्सिकिमको नाममा पास।
	कुल	**१० रोपनी ३ आना**	**दुमी किरात राई फन्सीकीको नाममा पास।**

माथिका तालिकाबाट नै स्पष्ट छ दुमी किरात राई फन्सीकीमको २०७० भदौ १५ सम्मको विवरण अनुसार कूल १० रोपनी ३ आना भन्दा बढी जग्गा आफ्नो नाममा पास गरेको छ। त्यसै गरी बाक्सिलामा दुकीराफको केकासको कार्यालय प्रयोजनका लागि एउटा भवन निर्माण गरिएको छ। यसका लागि दाता तथा सापटी गरि जम्मा रु. ५,२८,१९०/- (जसमध्ये रु ३,६७४१५/- सहयोग उठाएर, ९८,०००/- दुमी शब्दकोष्शबाट सापटी साथै रु. ६२,७७५/- पेज नं. १६४को तालिकामा उल्लेखित व्यक्तिहरुबाट सापटि) संकलन गरी खर्च गरिएको छ। जग्गा तर्फ केपिलासगढी खरिद गर्न दाताहरुबाट जम्मा रु. ३३८७१३२ संकलन भएकोमा रु. ३,१५,५००/- खर्च भई रु ७११३२/- बाँकी रहेको देखिन्छ। यसको विवरण पेज नं.१६२ र १६४मा दिइएको छ। साथै दुमीहरुको ऐतिहासिक, साँस्कृतिक तथा पूरातात्विक महत्वका सम्पदाहरुको संरक्षणका निमित्त अमेरिका निवासी धौलविर वालक्पा दुमीराईको पहलमा अमेरिकावासी दुमीजन, शुभचिन्तक तथा संघसंस्थाहरुले रु.१८२५६६/- सहायोग प्राप्त भएको छ। अन्य जिन्सी तथा मेशिनरी सामग्री अन्तरगत कम्प्युटर १ थान, दराज १ थान, ढोल २ थान, झ्याम्टा ४ थान, मादल ४ थान, साउन्ड सिस्टम १ थान रहेको छ। यीमाथिका बाहेक अन्य सम्पत्तिमा इसिलिम अंक १ देखि इसिलिम १५ अंक सम्म, त्यस्तै गरी त्रीभाषिक दुमी नेपाली अंग्रेजी शब्दकोश, दुमी छेन्लाम, दुमी रेकर्डेड गीतहरू, दुमी बोलचाल पुस्तक, पीपल पुस्तक, शब्दकोश विमोचन कार्यक्रमको भिडियो सिडी, आदि महत्वपूर्ण सम्पतिको रुपमा रहेको छ। यी सम्पत्ति दुमीको सबै दुमी समुदाय तथा दुमीको शुभच्छुकहरुको योगदानबाट सम्भव भएको हो। तसर्थ यस कार्यमा योगदान पुऱ्याउनु हुने सम्पूर्णलाई संस्थात तथा मेरो व्यक्तिगत तर्फबाट आभार प्रकट गर्न चाहन्छु र आगामी दिनमा पनि सहयोग गर्नुहुनेछ भन्ने पूर्ण विश्वास समेत लिएको छ।

दुमी किरात राईको वेवसाइटको प्रतिक्रिया

दुमी किरात राई फन्सिकिमको संस्थागत वेवसाइटबाट थुप्रै सल्लाह र सुझाव पठाउनु भएको छ। हालसम्म कुल ८८ जना वेवसाइटबाट दुकिराफको सदस्य बनिसकेका छन् र यो क्रम अझ बढ्दो छ। धेरै जसो वेवसाइट दुमी फन्सीकीमलाई बधाई तथा शुभकामना रहेको छ भने केही प्रतिक्रियाहरु संस्थालाई मजबुद बनाउने प्रकृतिका रहेका छन्। अझ पनि यस्तै प्रतिक्रियाको अपेक्षा गर्दै तपाईहरुको महत्वपूर्ण प्रतिक्रियाको हामी सम्मान प्रकट गर्दछौं।

नाम सच्याइएको (दुमी नेपाली अङ्ग्रेजी शब्दकोश)

दुकिराफद्धारा शब्दकोश निर्माणको लागि आर्थिक संकलन गर्ने क्रममा जालपा ७ दिम्लोको पर्वत राई बाट रु. ५१०।- हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ। **साभारः संस्थाको कोषाध्यक्ष**

-सम्पादक मण्डल

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको

शुभ अवसरमा सिमेभूमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून्।

मौलिधन छाचुङ्ग छछुपु दुमीराई
तथा स-परिवार
जालपा-८, साबालुङ, खोटाङ
कपन, काठमाडौं

हार्दिक शुभकामना

विजयादशमी तथा **शुभ-दीपावली-२०७०**

साथै किरात पर्व साकेला उधौलीको उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभ-कामना**

विकास हमुचु दुमीराई
श्रीमती अम्बिका (थुलुङ) दुमीराई
जालपा-४, पुरानो गाउँ, खोटाङ्ग

देउसी-भैलो कार्यक्रम २०६९

वि.सं २०६९ सालको शुभ दीपावलीको अवसरमा दुमी किरात राई फन्सीकीम तथा दुमकीम काठमाडौंको संयुक्त प्रयासमा काठमाडौं उपत्यकामा रहनु भएका दुमीजनका घरआगनमा देहाय बमोजिम देउसी-भैली कार्यक्रम सम्पन्न गरी दक्षिणा संकलन गरियो ।

महाराजगञ्ज

१. क्या.नैन बहादुर राई	रू ५,००५।-
बुद्धनगर	
१ चन्द्र कुमार राई	रु ७,०००।-
टिकाथली	
१ डा. राजकुमार राई	रु १,५००।-
२ मनोज श्रेष्ठ	रु ५००।-
३ धनकर्ण श्रेष्ठ	रु ५००।-
४ म्याक्स राई	रु ५१०।-
५ जीतेन राई	रु १,००५।-
६ रामप्रसाद	रु १,०००।-
७ पारूहाङ राई	रु १,०००।-
८ गृह बहादुर राई	रु ५१०।-
दुवाकोट्	
१ लोकेन्द्र राई	रु ३,१००।-
२ चुस्त ब राई	रु २,०००।-
काँडाघारी	
१ डम्बर कु राई	रू. १,५००।-
२ हिरामणि राई	रू. ५०५।-
३ बाल कुरारी राई	रू. ५०५।-
४ निर्मला राई	रू. ५०५।-
५ रामकाजी राई	रू. ५०५।-
६ प्रमिला राई	रू. ५०५।-
रामहिटी	
१ ईश्वरमान राई	रू. १,१५५।
२ असारमान राई	रु. १,१००।-
३ नेत्रमणि राई	रू. १,१५५।-
४ चतुरमान राई	रू. ६२०।-
५ मेमभक्त राई	रू. ७००।-
६ बबी राई	रू. १,०५०।-
७ मातेराज राई	रू. १,१२०।-
८ टंक राई	रू. ५०५।-
फुटुङ	
१ बखत ब राई	रु. ५,०५१।-
२ दीपकला राई	रु. २०१।-
३ डीना राई	रू. २५१।-
४ नक्कल ब राई	रू. ५५१।-
५ अम्बर ब राई	रू. ५५१।-
जम्मा	रु. ६,६०५।-
	४१,६६५।-

२०६९ सालको देउसी भैलो कार्यक्रमको समापन (कोटेश्वरमा) का दिन उठेको दान दक्षिणा विवरण

१.	महेन्द्र राई, जालपा ४	रु १००५।-
२.	मौलिधन राई, जालपा ८,	रु १००५।-
३.	अम्बिका राई, जालपा ४	रु १००५।-
४.	नृप राई, सप्तेश्वर ८	रु १००५।-
५.	भद्र बहादुर राई, जालपा ४	रु ३५०।-
७.	अनिता राई, बाक्सिला ६	रु २०००।-
८.	मिना राई, सप्तेश्वर	रु १५००।-
९.	ऋषिश्वर राई, खार्मी	रु १००५।-
१०.	मदन राई, रामहिटी	रु १०२०।-
११.	देवान राई, बाक्सिाला ६	रु १५००।-
१२.	शुभ राई, बाक्सिला ९	रु ३०००।-
१३.	लाखमणि राई, बाक्सिला ६	रु १५००।-
१४.	मिलन राई, माक्पा ६	रु ७२०।-
१५.	प्रेम ब.राई सप्तेश्वर ९	रु ५५०५।-
१६.	इख ब. राई खार्मी	रु ५५०५।-
१७.	प्रेमभक्त राई, बाक्सिला ४	रु १००५।-
१८.	तेजमाया राई, बाक्सिला ६	रु १००७।-
१९	प्रदिप राई, सुनसरी	रु २००५।-
२०	हेमन्त राई, सप्तेश्वर २	रु ५००।-
२१.	बलराम राई, खार्मी	रु ६००।-
२२.	अष्ट ब. राई नक्सो	रु २००।-
२३.	चतुरभक्त राई, सप्तेश्वर २	रु २०००।-
२४.	अर्जुन भक्त राई, बाक्सिला	रु १००५ ।-
२५.	गुणराज राई, संखुवासभा	रु १००५।-
	जम्मा	रु.३१,४२७ ।-

जम्मा आय	रु. ७३,०९२।-
जम्मा व्यय	रु. ११,२२५।-
जम्मा बचत	रु. ६१,८६७।-

दुमी किरातराई फन्सिकिम देउसी भैलो कार्यक्रम-२०६८

क्र.सं.	नाम	ठेगाना	रकम
१.	क्या.नैन बहादुर राई	महाराजगञ्ज	५००५
२.	अँशोक कु राई	महाराजगञ्ज	५००
३.	नेत्रमणि राई	आरुबारी	११११
४.	सह्जीत राई	कपन	५०५
५.	गुणराज राई	रामहिटी	५०५
६.	चतुरमान राई	रामहिटी	५००
७.	इशवरमान रार्य	सरस्वतिनगर	१११०
८.	असारमान राई	रामहिटी	१०५०
९.	मातेराज राई	कपन	५०५
१०.	टंक राई	रामहिटी	५००
११.	जयकुमारी राई	रामहिटी	५००
१२.	ववी राई	रामहिटी	५००
१३.	नविन ललिता राई	सुकेधारा	५०००

क्र.सं.	विवरण	ठेगाना	रकम
१.	मकर/ सूर्य कुमारी राई	अनामनगर	४०००
२.	प्रेम ब राई	अनामनगर	४०००
३.	राम श्रेष्ठ	अनामनगर	१०१
४.	निलम राई	अनामनगर	५५०
५.	दिपक विष्ट	अनामनगर	१०००

क्र.सं.	विवरण	ठेगाना	रकम
१.	हिरामणिराई	काँडाघारी	२२०
२.	अनिता राई	भिमसेनगोला	३१०५
३.	अम्विका राई	नखिपोट	१०००
४.	महेन्द्र दुमी	नखिपोट	१०००
५.	बलराम राई	बालकोट	५०५
६.	विश्व बहादुर राई	जावलाखेल	१०१०
७.	गुणराज राई	चावहिल	१००१
८.	मनिप्रसाद राई	मैतिदेवी	११११
९.	डम्बर कुमार राई	काँडाघारी	५२५
१०.	तेजमाया राई	बागडोल	७०७
११.	देव राई	काँडाघारी	५२०
१२.	टिकासेर राई	काँडाघारी	५२०
१३.	अष्ट बहादुर राई	कोटेश्वर	२००
१४.	लाखमनि राई	शान्तिनगर	१५००
१५.	पारस दुमी राई	वानेश्वर	२००५
१६.	गंग प्रसाद राई	सुकेधारा	१००५
१७.	भक्त राई	नारायणस्थान	५००
१८.	गोकुल राई	नारायणस्थान	५००
१९.	मीना थुलुङ्ग	तिनकुने	३००५
२०.	हेमन्त राई	कपन	१००५
२१.	चक्र बहादुर राई	बालकोट	१००५

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको

शुभ अवसरमा सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून् ।



दिलशोभा सत्म दुमीराई
सप्तेश्वर-८, चिउरीखर्क
हाल: काडमाडौं

दुमकीम धरानको महत्वपूर्ण योजनाहरू

- भूमिराज दिम्माचु दुमीराई, सचिव,
दुकिराफ, दुमकीम, धरान, सुनसरी

विभिन्न समस्याको पहाडहरू फोर्दै जंगलको झाडीहरू फाड्दै विभिन्न आरोह-अवरोह पार गर्दै कुनै बेला थकित हुँदै कुनै बेला आशाले भरिएका खुशीयाली मनाउदै हाम्रो संस्था दुमकिम(प्रा.का.श.), धरान सफलताको चुचरोमा पुगी हाम्रो समाजलाई केही दिनका लागि लागी परेको छ। सानै संस्था भएपनि यस क्षेत्रमा रहेका सम्पूर्ण दुमी रदु तथा अन्य सामुदायका आपत विपत परेका निमुखा जनताको सेवा गर्ने आफ्नो भाषा संस्कृति सम्पदाको रक्षा गर्ने उद्देश्यका साथ संस्थाको विधान भित्र रही नियमित बैठक बस्ने समयमा नियमित साधारण सभा तथा अधिवेशन गरी बैठकबाट पारित गरिएका संक्षिप्त योजनाहरू यसरी तर्जूमा गरिएको छ।

१. दुमी रदु तथा अन्य समुदायका मानिसलाई आपत विपत तथा दु:ख बिमार पर्दा सक्दो सहयोग गर्ने। यो कार्य धेरै जनालाई गरि पनि सकिएको छ र निरन्तर रहनेछ।

२. दुमकिम धरानका भू.पू. अध्यक्ष हाल वरिष्ठ सल्लाहकार तथा दुकिराफ को केन्द्रिय सदस्य RSM पर्ज बहादुर दुमी राईज्यूले धरान १५ मा संस्थालाई राजिनामा पास गरी दिनुभएको ७.५ धुर जग्गाको पूर्वपट्टी सेउती खोलालाई तटबन्ध गर्ने काम भएको छ। उक्त तटबन्ध गरी हाम्रो संस्थाको जग्गा हाल २ कठ्ठा जति हुन आएको छ। उक्त तटबन्ध निर्माण गर्दा संस्थाको रकम झण्डै ४ लाख रुपैया खर्च भएको छ।

३. उक्त जग्गामा हाम्रो संस्थाको एउटा साझा घर र सभा भवन निर्माण गरिने छ। बाँकी जमिनमा खेलमैदान निर्माण गरिनेछ। खेलमैदानमा भलिबल कोर्ट, बास्केटबल र ब्याटमिन्टन कोर्ट निर्माण हुनेछ। यो कार्य आउदो वर्ष सम्पन्न गर्ने लक्ष्य छ।

४. साझा घरमा हाम्रो सामुहिक साझा चुलो रहनेछ। एक किचन, एक सटर, एक स्टोर रुम र एक चौकीदार बस्ने कोठा भएको घरनिर्माण हुनेछ। घरको नक्सा तयार भईरहेको र पछि हामी वितरण गर्ने छौं

५. साझा चुलामा हामीले सामूहिक रुपमा वर्षै पिच्छे रीतपूर्वक नयाँ अन्नवाली चढाउने छौ। चुला नहुनेहरूले साझा चुला प्रयोग गरी पीतृलाई पुज्ने काम गर्न सकिनेछ।

६. साझा घरमा दुमी राईहरूले आवश्यकता अनुसार विवाह, पास्नी, गुन्यु चोलो, कुनैपनि पार्टी जस्ता कार्यहरू गर्न सक्नेछन्। अन्य सामुदायका मानिसलाई पनि स-शुल्क त्यस्ता कार्यहरू गर्न दिइनेछ। जसबाट संस्थाको आयश्रोत बढ्नेछ। खेल मैदानबाट पनि आयश्रोत थपिनेछ।

७. दुमकीम धरानले एम्बुलेन्स खरिद गरी एम्बुलेन्स सेवा सञ्चालन गर्नेछ। एम्बुलेन्स खरिद गर्ने रकमको लागि पनि दुमकिम धरानेको तेस्रो ऐतिहासिक अधिवेशनमा मन्तब्यको क्रममा RSM पर्ज बहादुर दुमी राईज्यूले वचनवद्धता गरी सक्नु भएको छ। यसको लागि हामी छलफल गर्दै आईरहेका छौं।

८. हाम्रो संस्थाले रगत संचय गर्न (Blood Donation) कार्यक्रम गर्ने लक्ष्य लिएको छ। यो रगत संस्थाको अध्यक्ष तथा पदाधिकारीको सिफारिसमा दुमी बन्धुलाई आवश्यकतामा प्रयोग गर्न दिइनेछ। हाल उपचारको क्रममा रगतको भयंकर अभाव भएकोले साधारण मान्छेलाई उपचार गर्न समस्या भएको जानकारी गराउदछौं

९. यी कार्यहरू सम्पन्न भएपछि अन्य योजनाहरू अनगिन्ती छन्। हामी गर्दै जानेछौं। हामी यहाँहरूलाई विश्वास दिलाउन चाहन्छौ। तसर्थ आदरणीय दुमी दाजुभाई दिदीबहिनी तथा अन्य सम्पूर्ण महानुभावहरू, तपाईहरू संसारको जुन सुकै ठाउमा भएपनि मानवीय सेवा जहाँबाट गरेपनि एउटै हुनाले हजुरहरूलाई हामी सहयोग गरिदिनुहुन विनम्र अनुरोधको लागि हृदयदेखि नै मुरीमुरी धन्यवाद टक्राउदछौं।

नोट: यस वषदेखि सुनसरी जिल्ला भरिबाट दुमी राईको छोरा छोरीहरूले SLC मा TOP MARK ल्याउनेलाई दुमकिम धरानले सम्मान गर्ने कार्यक्रम रहेको हुनाले त्यस्ता विद्यार्थीलेसम्पर्क गर्नुहोला।

मिति २०६९ सालको शुभदिपालीमा दुमी राई दुमीकम धरानले संस्थाको तर्फबाट देउसी भैलो कार्यक्रम गरेको थियो । हाम्रो कार्यक्रमलाई निम्न पहानुभाव ज्यूहरूले सहयोग स्वरुप दान दक्षिणा दिनु भई सहयोग गर्नु भएकोमा उहाँहरूलाई दुमी किरात धरानको तर्फबाट हार्दिक धन्यवाद सहित वहाँहरूको नामावली निम्न प्रकार छ ।

क्र.सं.	नामावली	वार्ड नं.	टोल	रकम (दक्षिणा)
१. यलम्वर खेल मैदान धरान - ८ को उपाध्यक्ष : २०४८-४९,
२. दुमी किरात राई फन्सिकिम, दुमकिम (प्रा.का.स.) धरानका प्रथम अध्यक्ष : २०५६ (निरन्तर दुमकिम धरानको वरिष्ठ सल्लाहकार),
३. किरात राई यायोक्खा प्रा.का.स. धरानको अध्यक्ष : २०६४,
४. कृष्णटोल सडक संरक्षण समिति सदस्य हुँदै हाल अध्यक्ष,
५. डिपोट मा.वि.धरान-१७ को विद्यालय व्यवस्थापन समिति सदस्य
६. यलम्वर सामुदायिक वन, धरान : सल्लाहकार
७. दुमी किरात राई फन्सिकिमको सल्लाहकार तथा हाल केन्द्रीय सदस्य आदि।

उहाँको योगदानहरू :

१. दुमी किरात राई फन्सिकिम धरानको भवन निर्माणका लागि धरान १५ स्थित करिव १० लाख रुपैया बराबरको ७.५ धुर जग्गा फन्सिकिम (संस्था) लाई निशुल्क प्रदान।
२. किरात राई यायोक्खा ईटहरीलाई किराया भवन निर्माणको लागि ६ लाख रुपैया सहयोग।
३. आफू जन्मे हुर्केको स्थान चोखुममा स्थापित श्री कालिका जन जागृति प्राथमिक विद्यालयलाई २ लाख रुपैया सहयोग।

४. यसैगरी यलम्वर खेल मैदान धरान, भू.पू. सैनिक पार्क विष्णुपादुका, यलम्वर संग्रहालय धरान-११, घण्टाघर निर्माण आदि सामाजिक कार्यहरूमा पनि उहाँले उल्लेख्य सहयोग गर्नुभएको छ ।

५. धरान १५ स्थित खोरिया वस्ती सिरानटोललाई खानेपानी व्यवस्थापन गर्नको लागि रु. ५०,०००।- (अक्षेरेपी पचास हजार) सहयोग उपलब्ध गराउँनु भएको छ ।

६. त्यही वस्तीलाई संरक्षण गर्न सेउतीखोला तटवन्ध गर्न ५० बोरा सिमेण्ट उपलब्ध गराउँने प्रतिवद्धता ।

यी बाहेक पनि उहाँका सामाजिक सेवामा अनेकौं योगदानहरू रहेका छन् । सामाजिक सेवामा नै आफूलाई सन्तुष्टि मिल्ने वताउनुहुने राई आफ्नो वाँकी जीवन समाजसेवामा नै समर्पित गर्ने बताउनु हुन्छ । निस्वार्थ रुपमा समाजसेवामा अनवरत रुपमा लागिरहनु हुने आर.एस.एम. पर्ज बहादुर राई तथा उहाँका सम्पूर्ण परिवार धन्यवादका पात्र हुनुहन्छ । उहाँको यी पाईलाहरू सत्कर्म अनि सद्मार्गमा निरन्तर यसरी नै अगाडि वढि रहोस्, हाम्रो पनि शुभकामना ।

प्रस्तुति- नृप दुमीराई

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको

शुभ अवसरमा समस्त महानुभावहरूलाई उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



राजकुमार दुमीराई
श्रीमती निर्मला दुमीराई
तथा स-परिवार
सप्तेश्वर-२, खोटाङ,
हालः क्यानडा

मान्य नेपालतारा क्याप्टेन मानबहादुर राई : एक चिनारी

२०३४ सालतिरको कुरा हो- एउटा सभा भईरहेको थियो ऐसेलुखर्क शुक्रवारे प्राईमरी स्कूलमा। त्यो प्रजातन्त्र दिवश थियो। एकदुईजना वक्ताको बोल्ने पालो गइसकेको थियो। कृष्णप्रसाद ढुङ्गाना सरको उद्घोषणपछि एउटा गोराकिलो मानिस, सेतो दौरा सुरुवाल र हरियो-हरियो रङ्को कोटमा ठाँटिएका अलिक मोटो देख्दै शानदार लाग्ने एउटा मानिस- भाषण गर्न उठे। मानौ उनी त्यस सभामा उपस्थित जनहरूमध्येमा सबैभन्दा खाइलाग्दा थिए। संवोधनपछि कुरा निस्क्यो - "हजूर ! म त बन्दुके मान्छे केही जान्दिन, तपाई सरहरू विद्वान हुनुहुन्छ, जानकार हुनुहुन्छ, तपाईहरूले हामीलाई सिकाउनु पर्छ....... ।"



ढुङ्गाना सरको उद्घोषणबाट थाहा पाइयो उनी क्याप्टेन मानबहादुर राई थिए। लाग्छ, त्यसदिनदेखि नचिन्ने नदेख्नेहरू -विद्यार्थी, शिक्षक र सर्वसाधारण सबैले मानवहादुर क्याप्टेन साहेबलाई राम्ररी चिन्ने मौका पाए। पञ्चायती शासनको काल थियो। त्यसैले सबैले श्री ५ को बरद नेतृत्व छ त भन्नै पऱ्यो। क्याप्टेन साहेबबाट पनि त्यो शब्द छुट्‌दैन। त्यसमा पनि झन् उहाँ त राजाको शिन्दुर पहिरिनुको नाताले पनि लामो समयसम्म राजाको अगलबगलमा बसेर देशको सेवा गरि रिटायर्ड लाइफ विताउन आफ्नै जन्मथलो माक्पामा आइपुग्नु भएको थियो ।

मानिस अझै पनि भन्ने गर्छन्- "राजाको शिन्दुर पहिरिनु पनि उस जन्ममा भाग्यमा लिएरै आएको हुनु पर्दछ।" त्यो राजाको भन्नुको अर्थ देशको वा अहिले गणतन्त्रान्त्रिक कालमा भन्ने हो भने राष्ट्रपतिको हो भन्न खोजिएको हो। उहाँ क्याप्टेन साहेब पनि त्यस्तै लाखौं भाग्यमानीहरूमध्येमा एउटा पर्नु भएको रहेछ। त्यसैले क्याप्टेन दर्जा लिएर आउनु भयो। त्यसबेला यो रावाखोलामा किराती राईले खुद श्री ५को सरकारको तर्फबाट पाएको यो सबभन्दा ठूलो दर्जा थियो क्यारे।

क्याप्टेन साहेबले क्याप्टेन दर्जाको फूली काँधमा भिर्नुभन्दा अगाडि मान्य नेपालतारा विभुषणले विभुषित भईसक्नु भएको थियो। लाग्छ हामीलाई- मान्य नेपालतारा पदले उहाँलाई क्याप्टेन मात्र होइन जर्नेलसम्म बनाउनु पर्ने हो वा उपल्लो जातिको भए चिफ अफ आर्मी स्टाफ नै बन्नु पर्ने हो। तर के गर्ने शताब्दियौंदेखि यो देशमा आदिवासी जनजाति, दलितहरू उपर हेपिनु दबाइनुको कारणले माथि उक्लन सक्ने ठाउँ भएर पनि दिँदैनथे। यो इतिहासदेखिको तातो यथार्थता आजसम्म कायम रहेकै छ। सायद क्याप्टेन साहेव उपर पनि त्यो हेपाई र होचो देखाई उस्तै परेको थियो। नत्र आज ९१ वर्षको उमेरमा पनि शारिरीक तन्दुरुस्ती छ, आँखाको डिठ जस्ताको तस्तै छ, कानको सुनाईमा अलि कम हो कि भन्ने लाग्छ, तर कुरोको चुरो उस्तै निखन्नु हुन्छ, कुनै सन्त महात्मा बोलेजस्तो, उहाँसँग विताएको समयको पत्तै हुँदैन, सन्तुलनता उस्तै छ। उहाँ चश्मा नलगाई नै खबरकागज पढ्न सक्नु हुंदो रहेछ यो उमेरमा। वाह ! जीन्दगी त यस्तो पो जिन्दगी। उहाँले पनाती भेटाउनु भएको छ। यो पनि कर्ममा नै लिएर आउनु पर्छ। त्यो उहाँले लिएर आउनु भएको रहेछ। यदाकदा यस्ता मानिस हजारौंमा एक हुन्छन्। त्यसमा क्याप्टेन साहेब पनि पर्नु भएको छ। प्रार्थना छ- सुप्तुलु युङ्खुलुले

उहाँलाई शक्ति दिउन दीर्घायू र सुस्वास्थ्यको ।

क्याप्टेन साहेवको बयान रावाखोला भरी चल्थ्यो- उन्नाइस वीस सालतिर पनि । एउटा सेतो अग्लो घर अलिअलि रुखले छलेको आकारमा देखिन्थ्यो माक्पामा- दारेगौडा चिउरीखर्कतिरबाट हेर्दा । भन्थे- "त्यो माक्पा कप्दनको घर हो ।" नाम थाहा छैन, कप्दनको, तर यत्ति थाहा छ उनी नेपालका सिपाही हुन रे । वश यत्ति । कि साँगु बनाउनेको नाम चल्छ कि भत्काउनेको । क्याप्टेन मानवहादुरको नाम चाहीं बनाउनेको नामबाट चलेको हो । भदौको लुँडिमा कोदो रोप्ने पर्मेलीले वातमारेको सुनिन्थ्यो- "पोहोर पराहार कप्दनलाई लडाईमा गोली लागेकाले असेलुखर्कबाट हावाजासले बोकेर नेपाल लैजाँदा हामी पनि हेर्न गाकोथिङ् । हावाजासको त फलेकको पखेटा हुँदो रैछ ।" त्यो कुरो सुन्दा साँच्चै नै कप्दनसँग भेटेजस्तो, हावाजास छेवैमा देखेजस्तो लाग्थ्यो । त्यो हावाजास देख्ने मानिस पनि कत्ति भाग्यमानी जस्तो पनि लाग्थ्यो भने झन् चढ्ने मानिस त कति भाग्यमानी होलान् भन्ने पनि लाग्थ्यो ।

त्यो हावाजास आएर कप्दन मानबहादुरलाई लैजानुको बास्तविक इतिहास पछि मात्र बुझियो । क्याप्टेन मानवहादुरलाई गोली हान्नेहरू अरु कोही नभएर हाम्रै खोलापा ि का डाँडापारीका किरात दाज्यूभाईहरू नै रहेछन् । उनीहरू दिक्तेलतिरबाट गएका त्यत्तिवेलाका महशुर सर्वधन राईहरू थिए छन् । तर फरक यत्ति कि उनीहरू प्रजातन्त्रतर्फका सिपाही थिए भने यता क्याप्टेन साहेबहरू सरकारी सेनातर्फका सिपाही । लोहाको जोडी लोहा नै हुन्छ भने जस्तो अजिङ्गरलाई तह लगाउन गडुल भएर क्याप्टेन मानबहादुर अगाडि बढ्नु भयो । अन्तत : सर्वधन राईहरू हताहत भए ।

कर्तव्य भन्ने कुरा पनि अचम्मको हुन्छ । कानुन र कर्तव्यले कसैलाई चिन्दैन । उसले बाबुलाई पनि नेलकडी ठोक्छ । उ सत्यको बाटो हिड्छ । कसैलाई लाखापाखा गर्दैन । कासाव्याङ्का नामक अङ्ग्रेजी कवितामा एक नाभिकको पुत्र बाबुको आज्ञा पालन गर्दागर्दै जिउँदै जलेर खरानी हुनु परेको एउटा साहसिलो पुत्रको संझना आउँछ ।

क्याप्टेन साहेब यस्तै कर्तव्यपथमा अविचलित रहनु भयो र २०१८ सालमा मातृशोकमा परेकाले शुद्धाईको निमित्त काठमाडौंबाट छुट्टिमा घर आएको बेला प्रजातन्त्र ल्याउँछौ भन्ने क्रान्तिकारीहरू दिक्तेलबाट भरुवा बन्दुक बोकेर ऐसेलुखर्क हुँदै सोलु हान्न हिडेछन् । यत्ति नै बेला ऐसेलुखर्क कब्जा गर्न बसेका छन् भन्ने जानकारी क्याप्टेनलाई पनि हुन आएपछि लौ न त प्रजातन्त्र प्राप्तिगर्ने मानिसहरूको अनुहार चिनिहालौं भनेर ऐसेलुखर्क निस्केको समयमा अकस्मात क्याप्टेन साहेब भरुवा बन्दुकको आक्रमणमा पर्नुभयो । यो २०१८ साल मंसिर १८ गतेको घट्ना थियो । दोहोरो गोलीचल्यो । छर्राले उहाँको टाउकोमा चोट पुऱ्यायो । केही छर्राहरू पेटमा गाडिए । तर पनि उहाँ साहसकासाथ लड्नु भयो अन्ततोगत्वा क्याप्टेन साहेबको समुहका अगाडि विपक्षीहरूको केही जोड चलेन ।

प्रजातन्त्रवादीहरू भन्छन्-" मंसिरको चिसोमा भरुवा बन्दुक ओसिएकाले पड्कन सकेन र थोरै बन्दुकद्वारा लड्नु पर्दा हामी हार्‍यौं ।" (प्रजातन्त्रका सेनानी स्व. श्री सर्वधन राई स्मृतिग्रन्थ) । जे होस् उनीहरू त्यहाँबाट भाग्न सफल भए । केहीलाई पक्रेर झ्यालखाना पुऱ्याइयो ।

क्याप्टेन साहेब गम्भिर घाइते हुनु भए पनि नेपाली सेनाको बिजय भयो । सुन्दा यो लडाई एकातिर प्रजातन्त्रवादीहरूको लागि हार थियो भने सेनाको लागि कर्तव्यको दृष्टिले जीत थियो । भन्छन् -" निमकको सोझो चिताई काम गर्नु ....। " यो शब्द लामो समयदेखि चलिआएको एक ऐतिहासिक गरिमामय शब्द हो । तसर्थ यसले अत्यन्त ठूलो महत्व बोकेको छ । यो

कर्तव्य, नैतिकता, इमानदारीता र विश्वाससँग गाँसिएको महत्वपूर्ण विषय हो। तसर्थ यदि मानिस निमकको सोझो हुनबाट बञ्चित भयो भने जरुर यसले राष्ट्रलाई ठूलो हानी गर्छ। त्यसैले राष्ट्रसेवकसँग सँधैं भन्ने गरिन्छ- "नूनको सोझो चिताई काम गर्नु।"

पराक्रमले मानिसलाई हानी होइन लाभ तुल्याउँछ। यो संसारकै भोग्य र लेख्य इतिहास हो। पराक्रमी मानिसको जयजयकार जीवीत अवस्थामा हुन नसके मरणोपरान्त पनि हुन सक्छ। भविष्यले इतिहासको खोजी अवश्य गर्दछ। क्याप्टेन मानबहादुर राई यस मानेमा उहाँले १८ सालमा ऐसेलुखर्कमा देखाउनु भएको पराक्रमवापत उहाँलाई मान्य नेपालतारा नामको विभुषणले विभुषित गरियो भने लप्टनबाट कप्तान दर्जामा पदोन्नति गरियो।

जीवनमा अनेकौ उतार चढाउको नियति भोग्नु हुने क्याप्टेन साहेब वि सं १९९६ सालमा नै नेपाली सेनामा शम्शेरदलमा भर्ना हुन पुग्नु भएको थियो। त्यो थियो - श्री ३ पदम शम्शेरको शासनकाल। छ महिनाको रिक्रुट समाप्त हुनसाथ दोस्रो विश्वयुद्धमा बृटिशलाई सघाउन रावलपिण्डी पुग्नु पर्‍यो। क्याप्टेन राई भन्नुहुन्छ-"तर लडाई सुलह भएकाले हामीले लड्नु परेन।" उनको पल्टन नेपाल फर्क्यौं र उनी काठमाडौंको गोलघर जेलमा डिउटी बजाउन लागे। कैदीहरू 'हवलदारसाप' भनेर बोलाउँथे। त्यत्तिखेर मासिक तलब १५ रुपैया मात्र थियो। सिपाहीलाई व्यारेकमा राख्ने चलन थिएन। डेरा गरेर आफै पकाई तुल्याई खानुपर्थ्यो। गोलघर जेलमा लौहपुरुष गणेशमानसिंहहरू कैदी जीवन विताउँदै थिए। जुद्धशम्शेरको उछितो काढिन्थ्यो -जेलमा। जनता र राजा राणाहरूको शोषणमा परेका छन् भन्ने छलफल चल्थ्यो। यस्तो छलफलले क्याप्टेन साहेबको मन प्रजातन्त्रतर्फ मोडियो। र, अन्ततोगत्वा उहाँ जागिर छाडेर घर आउनुभयो। त्यहीबेला जेठी श्रीमतीको पनि माक्पामा देहान्त भयो।

२००७ सालको आन्दोलन चर्कदै थियो। वीरगञ्ज प्रजातन्त्रवादीरूले कब्जा गरे तर प्रतिक्रान्ति भएकाले पुनः राणाहरूले नै शासनसत्ता फिर्ता गरिछाडे। त्यसपछि नेता नारदमुनि थुलुङ, रामप्रसाद राईहरूले २००७ साल मंसिर २४ गते भोजपुर सफलतापूर्वक कब्जा गरे। त्यसपछि लामाखुबासी मुगाधन राईको कमाण्डमा ओखलढुङ्गा गएको शक्तिले ओखलढुङ्गा कब्जा भयो तर प्रतिक्रान्ति भई पुनः राणाहरूले नै फिर्तागरे। यस्तैमा भोजपुरबाट पुन : रामप्रसाद राईहरूको फौज बढेर दिक्तेल हुँदै ओखलढुङ्गा हानियो। यता क्याप्टेन मानबहादुरहरू पनि क्रान्तिकारी पदमबहादुर राईसहित गाउँका धेरै क्रान्तिकारीहरूका साथमा त्यतै हानिए। यो शक्तिको संयोजनले अन्ततोगत्व २००७ साल माघ १ गते ओखलढुङ्गा पुनः कब्जा भइछाड्यो। त्यहाँ राणातर्फको सिपाहीहरू पात्तालेखोला, घर्तिगाउँ आदिमा क्याप्टेन मानबहादुर राईकै कमाण्डमा पक्रन सफलता प्राप्त भयो। मानबहादुर भन्नुहुन्छ्- "ति सिपाहीहरू कतिपय क्या.क्याप्टेनका पुराना पल्टनीया साथीहरू थिए त्यसैले सजिलै हात उठाए।" यी विरताको इतिहास कसले लेखिदिने होला। आखिर मानिस शक्तिका पूजारी हुन्छन्। शक्तिका इतिहास लेखिन्छन् निम्छराका लेखिदैनन्। कर्णेल सुरवीर राई, ऐसेलुखर्कका टुँडीखेल खनाउने पदमबहादुर राई र धेरै-धेरै क्रान्तिकारीहरूको इतिहास आज गुम भएको छ। कसले व्युँताउने होला ?

ओखलढुङ्गा पुनः कब्जाले क्रान्तिकारीहरूको उभारलाई माथि उठाउन ठूलो हौसला मिल्यो। त्यसपछि विजयी फौज चरिकोट हानियो। क्याप्टेन मानबहादुर

चाहीं घर फर्कनु भयो । चरिकोट पुगेका क्रान्तिकारीहरूले चरिकोट पनि कब्जा गरे । त्यसपछि उक्त फौज धुलीखेल पुग्यो र काठमाडौं कब्जागर्ने ट्याक्टिस गर्न लाग्यो । तर यता दिल्ली संझौताले २००७ सालको क्रान्तिलाई समाप्त पारेपछि क्रान्तिकारीहरू ठूलो असन्तुष्टिकासाथ रामप्रसाद राईहरू काठमाडौं पुगे र धेरैले त आफ्नो बन्दुक ढुङ्गामा बजार्दै भाँचेर घर फर्के ।

काठमाडौं पुगेका क्रान्तिकारीहरूबाट एउटा रक्षादल गठन भयो । कतिपय चाहिँ असन्तुष्टिमा नै घर फर्के । क्याप्टेन भन्नुहुन्छ-"सुरवीर राई कर्णेलमा भर्ति भए ।" तर जोदाहा रामप्रसाद राईले क्याप्टेन मात्र दर्जा पाए । उनको यो दोस्रो असन्तुष्टि थियो । त्यसैले रामप्रसाद राईले तत्काल क्याप्टेन दर्जाको खिल्ली उडाउँदै भनेका थिए- **"यस्तो क्याप्टेन त मैले क्रान्तिको सिलसिलामा बाटो बाटोमा धेरैलाई बनाउँदै आएको छु ।"** वास्तवमा यो उनीमाथिको ठूलो अन्याय र अपमान थियो । यता क्याप्टेन मानबहादुर राईले पनि तत्काल रक्षादलमा ऐटन मात्र दर्जा प्राप्त गरे । साहेद उनको भूमिकाले क्याप्टेन वा त्यो भन्दा माथिको दर्जा पाउनु पर्ने थियो । तर जे भयो क्याप्टेन मानबहादुरले त्यसलाई स्वीकारे र २०१५ सालमा लप्टनमा पदोन्नती हुँदै २०१८ सालमा ऐसेलुखर्क काण्डको सफल अवतरणले उहाँको जीवनमा एउटा नयाँ आयाम थपियो त्यो थियो -नेपालतारा विभूषणबाट विभूषित र त्यसपछि क्याप्टेन दर्जामा पदोन्नति ।

त्यसपछिको ११ वर्ष क्याप्टेनमा नै वित्यो र २०२८ सालमा रिटायर्ड भई आफ्नो थातथलो माक्पामा नै फर्की गाउँलेहरूसँग हातेमालो गर्न लागे । पराक्रमी र साहसी मानिस त्यसै दिन गनेर बसिरहन सक्तैनन् । क्याप्टेन साहेबलाई पनि सबैले अनुरोध गर्न लागे- प्रधानपञ्च भईदिनु पऱ्यो भनेर । सबैले भन्छन् भने किन पछि हट्ने भनेर अघि सर्दा तीन कार्यकाल गाउँ पञ्चायतको प्रधानपञ्च, दुई कार्यकाल जिल्ला पञ्चायतको सदस्य र दुई कार्यकाल गाउँ विकास समितिको अध्यक्षसमेत भएर सत्ता चलाउने अवसर जनताले विश्वासकासाथ उपलब्ध गराए । त्यही विश्वासको प्रतिफल हो क्याप्टेन साहेब अहिलेसम्म पनि माक्पामा मात्र होइन खोटाङ्को उत्तरी क्षेत्रमा नै एकमात्र पूजनीय व्यक्तित्व हुन सफल भएका छन् । आँखामा लगाउँदा पनि नविझाउने मानिसको रुपमा उनको अस्तित्व स्थापित भएको छ ।

क्याप्टेन साहेब सँधै नयाँ प्रयोग गर्न रुचाउने मानिसको रुपमा रहेको वोध हुन्छ । २८ ।२९ सालतिर यो स्तम्भकार त्रिभुवन पब्लिक हाई स्कुलमा पढ्थ्यो । क्याप्टेनले सँधै हामी खेल्ने ऐसेलुखर्कको टुँडीखेल लगायत वरपर दुईहल गोरु नारेर जोत्न लागे । त्यहाँ फापर छरियो । यत्रो जग्गाको फापर कति मुरी होला र त्यो कसले खाईसक्ला भन्ने लाग्थ्यो । यस्तैमा सुनिन्थ्यो- क्याप्टेनले टुँडीखेल बक्सिस पाएकाले कमाई गर्न लागेको । हाम्रा सुमन सरहरूबाट सुनियो- "जग्गा खाली राख्नु भन्दा कमाई गर्नु राम्रो भएकाले क्याप्टेनले सेनासँग जग्गा माग गरी उपभोगमा ल्याएको हो ।" आखिर वास्तविक्ता यही नै सत्य रहेछ । तर लाग्छ - फापरको उत्पादनभन्दा घाटा पऱ्यो होला । कारण नेवारहरूको त्यो जग्गा गौचरण थियो । पूर्खाहरूले भने जस्तो - "बारबेर विनाको तुलफूल र अदल विनाको छोरीचेली काम लाग्दैन" भन्ने ऊखान त्यहाँ चरितार्थ हुन्थ्यो ।

क्याप्टेन साहेब समाजसेवाको क्षेत्रमा पनि जिल्लाकै एक नम्बरमा पर्ने समाजसेवी हुन भन्दा कसैलाई पेच पर्दैन होला भन्ने लाग्छ । अतः पेच परेपनि क्याप्टेन मानबहादुर राईजस्तो निस्वार्थ सेवा गरेर देखाईदिने कार्यको लागि चुनौती दिइन्छ । बाहिर बसेर अर्काको खोइरो खन्न त सजिलै हुन्छ तर उदाहरण

बनेर देखाईदिन त निकै ठूलो त्याग गर्न पर्दछ । यस्तै त्याग गर्ने व्यक्तित्वको रुपमा क्याप्टेन साहेवको विशेषता झल्कन्छ ।

आज माक्पामा उच्च मा.वि.को पढाई भईरहेको छ । विद्यालयको त्यो जग्गा, एस एल सी मा उत्कृष्ट नम्बर ल्याउने विद्यार्थीहरूको लागि जेहन्दार पुरस्कारको लागि १ लाख ५० हजारभन्दा बढीको अक्षयकोषको व्यवस्था गरिएको छ । पञ्चायन देवताको स्थापना र गुठीको व्यवस्था, स्वास्थ्य चौकी स्थापना, पञ्चायत भवन निर्माणदेखि माक्पा उच्च माविको विस्तारको लागि सात रोपनी निख्खर उब्जाउशील जमिन जग्गादान जस्ता ऐतिहासिक र प्रशंसनीय कार्य गरेर क्याप्टेन साहेबले पूण्य कमाई सकेका छन्। अव इतिहासलाई दस्तावेजीकरण गर्न मात्र बाँकी छ । कसो हो -क्याप्टेन साहेबको दानी चरित्र, आदर्शता र सेवाभावको पाठ हामीले सिक्ने कि नसिक्ने । कि क्याप्टेन साहेवलाई मात्र अघि सारीराख्ने अनी आफू चाहीं एक वित्ता जग्गा गयो भने सिडौरी खेल्ने अनी पाँचआना पैसाको लागि न्याल काढ्ने र जे पनि गर्ने । पूर्खालाई पनि बेचेर खाने । एकपटक सोच्नुपर्ने भएको छ -हामी आफू चाहीं कहाँ छौं भनेर। यो सद्बुद्धि पलावोस हामीमा ।

क्याप्टेन साहेव किरात समाजको लागि पनि त्यत्तिकै महादानी हुनुहुन्छ । गान्पा रतेपाको पालामा स्थापना भएको युङ्खुलु र भूमेको रक्षाको लागि गर्विलो योगदान गरिसकेका छन्। युङ्खुलुमा जस्ताको छाना लगाई ओताउने, भूमेमा तीर्थालुहरूलाई सुरक्षाको लागि धर्मशालाको व्यवस्था, कालिका देवीको थानमा जस्ता छाना लगाएर अत्यन्त अनुकरणीय कार्य गरेर सच्चा समाजसेवीको आदर्शता कायम गरिसकेको एउटा मर्यादापुरुषको रुपमा उहाँको व्यक्तित्व झल्कन्छ ।

क्याप्टेन साहेबको सेवाको अर्को पक्ष फलफूल रोपनमा पनि रुचि देखिन्छ। एकताका माक्पादेखि इलिम र रावाखोला तापखोला फेदीसम्म उकालो बाटोमा आपको विरुवा टन्न लगाइएको थियो । बटुवाले उकालोमा स्वाद मानी-मानी खाऊन् भन्ने चाहना थियो तर अपशोस सुरक्षाको अभावले सोचेजस्तो हुन सकेन तैपनि कतै कतै त अझै दुइचार बोट छँदैछन् ।

यता पछिल्लो समयमा माक्पाली राईहरूको लागि दुमी किरात राई फन्सिकिम अन्तर्गत दुमकिम माक्पाको लागि आफ्नै निवास परिसरमा जग्गा उपलब्ध गराउनु भएकाले दुमकिमले एउटा भवनसमेत निर्माण गरिसकेको छ । माक्पावासी सबै राईहरूको केन्द्रको रुपमा यो भवनको महत्व झल्कन्छ । अहिले माक्पालीहरू यही भवनमा बसेर साझा चौतारीको रुपमा संस्कार संस्कृतिको वारेमा छलफल गर्ने, विवाह कार्यमा भेला हुने, थालबटुको तथा साझा सम्पत्तिको राखन-धारन गर्ने, उधौली उभौलीमा सिली नाच्ने कार्य सम्पन्न गर्दै आएका छन् । भवनलाई बढाई तला थप गर्ने योजना रहेको किरात राई कार्यकर्ताहरूले बताएका छन् ।

उपरोक्त सबै तथ्यहरूले गर्दा फेरी पनि भन्नु पर्दा क्याप्टेन मानबहादुर राई सबैको आदर्श पुरुषको रुपमा स्थापित हुनुहुन्छ । मानिसमा सेवाको भाव त्यसै जाग्दैन त्यसको लागि पनि वातावरण, कुनै न कुनै तितो मीठो अनुभव र ज्ञानको खाँचो हुनु पर्दछ। क्याप्टेन साहेव भन्छन्- "मेरी आमाले मलाई सानैमा पढाइप्रति जिज्ञासा जगाउनु भएको हो। उत्तिखेर पढाउने ठाउँ थिएन । त्यसैले मेरी आमाले मलाई गाउँकै एउटा भोलानाथ मुखियाको पासमा कखरा सिक्नु पठाएकी हुन्। त्यहाँ हामी गोरुको कटेरोमा पढ्थ्यौ ।" ती भोलानाथ मालपोतमा काम गरेर अवकाश भई आएका एक पूर्व सरकारी कर्मचारी मुखिया थिए ।

त्यस जमानामा चालचलन पनि अचम्मको नै थिएछ- पढ्ने र पढाउनेको वीचमा । एकदिन पढाए वापत एक दिनकै पर्म भोलानाथ गुरुलाई

सघाउँन जानुपर्थ्यो । यसरी नै अरुले पनि पर्म तिर्थे । क्याप्टेन मानवहादुरले पनि बाल्यकालमा त्यसरी नै पर्म तिर्दै पढ्थे । अङ्ग्रेजी पढाउन मान्दैनथे गुरुले । त्यो अङ्ग्रेजी भाषा भनेको गाईखाने भाषा हो पढ्नु हुँदैन भन्थे । क्याप्टेन भन्छन्- "सायद भोलानाथ गुरु आफैं पनि अङ्ग्रेजी भाषा नजानेकाले त्यसो भनेका हुन् कि ।"

क्याप्टेन साहेबले गोरुको कटेरोमा पढेको अनुभवले गाउँमा शिक्षाको ज्योति फैलाउनु पर्छ भन्ने मान्यता जाग्यो । यसले गर्दा नै माक्पामा २०१३ सालतिरबाट नै प्राथमिक विद्यालयको स्थापनामा भूमिका खेल्दै जीवनको उत्तरार्द्धमा समेत माक्पामा अझै सेवाको कार्यलाई अभिवृद्धि गर्न आफू मात्र होइन आफ्नो सुपुत्रहरूलाई समेत प्रेरित गरिराख्नु भएको छ । आफूले सेवाको लागि अर्पण गरेको इतिहास आफ्ना पछिल्ला दरसन्तानहरूले तलमाथि गर्लान् की भनेर अहिलेदेखि नै खबरदारी गर्न लाग्नु भएको छ । आज बाजेले सेवाको निमित्त संघ संस्थालाई दिएको पूण्य जग्गादान सकेसम्म बाबुले, नसके नातीले र नातीले पनि नभ्याए पनातीले खोसेर फिर्ता लिने अनेकौं हतकण्डा भईरहेको घटनाहरू यत्रतत्र छन् । बाजेले रोपेको बरपीपल नातीले ढालेर दाउरा पोल्दैछ, घरको घडेरी पुगेन भनेर बाजेकै चौतारो भत्काउँदैछ । यो हो आजको यथार्थ ।

सायद क्याप्टेन साहेबलाई यस्तो कपुत्र कुपुत्री आफ्ना दरसन्तानमा नजन्मिउन् भन्ने लागेको छ । त्यसो भएकाले नै उहाँले अहिलेदेखि नै यो खबरदारी गर्न लागिपर्नु भएको छ । नभन्दै 'योग्य बाबुको सुयोग्य पुत्र' भनेझैं बाबुको असल कार्यलाई सबै सुपुत्रहरूले शिरोधार्य गरी त्यसको अभिबृद्धिमा लागेर सेवालाई उत्कृष्ट बनाउने बाचा गरेका छन् । सेवा र धर्मको फल राम्रै निस्कन्छ । भगवानले तात्तातै जुराउँदैनन् तर भविष्यमा दिएरै छाड्छन्, यो सत्य हो । क्याप्टेन साहेव भन्नुहुन्छ- "आजतक भगवानले हेरेका छन्, नातीहरूसम्ममा कोही पनि वदमाश छैनन्, सवैले देश विदेश जहाँ रहेपनि गरेरै खाएका छन् । त्यसैले म सन्तुष्ट छु । " सुम्निमा पारुहाङ्ले अझै समृद्धि दिऊन् हाम्रो पनि कामना छ ।

क्याप्टेन साहेबको बारेमा कति लेखौं । सायद जत्ति लेखे पनि थोरै हुन्छ । उहाँ किरात धर्म, संस्कृतिप्रति अत्यन्त सचेत हुनु हुन्छ । उहाँको पूर्खा नाछिरिङ थरी राई रुखुपो रुखुमिछा पाछा आजभन्दा लगभग १३७ वर्ष अघि सोलु पावैबाट माक्पा आई खारुबु पाछाको चेली सरुमाया खारुबुसँग विवाह भई यतै घरजम गरेर बस्न थालेको आज लगभग छ सात पुस्ता भईसकेको छ । अहिलेसम्म पनि खारुबु दुमीसँगै किरात रदुको संस्कार संस्कृति आवद्धता रहेको छ । तर २०४६ साल पछि पहिचानको मुद्दाले प्राथमिकता पाउन थालेपछि उहाँ आफैं आफ्नो वंशको खोजीगर्न लाग्नु भयो । गाउँकै दाज्यू पञ्चवीर राईलाई सोलु पावै पठाई 'फिलाघरे' नक्षोको धाराप्रवाह बग्ने मुद्दुमबाट अंश-अंश केलाएर 'लाग्राछी' नामको महिला पूर्खाको नामबाट वंश पत्ता लगाएरै छाडे । क्याप्टेन राई रोदु नाछिरिङ् समुदायमा पनि लोकप्रिय बन्दै गएकाले 'किरात रोदु नाछिरिङ साखाम'को समेत एक पदावधि अध्यक्षता गर्ने अवसर प्राप्त गर्न सफल हुनु भयो ।

बाङ्देलबासी विष्णुभक्त नाछिरिङ्को भनाईमा मानबहादुर क्याप्टेनकै अध्यक्षताकालमा पहिलोपटक नाछिरिङ राईको वंशावली प्रकाशन हुनसक्यो । रग्गे पाछाका लैनसिंह बाङ्देहहरूलाई समेत यसैबेला वंशमा समेट्ने कार्य भयो । प्रस्तुत विविध कारणहरूले क्याप्टेन मानबहादुर राई एक सफल व्यक्तित्व हुनु हुन्छ ।

उहाँ सैनिक सेवा पदक ३००३ मा, जनमुक्ति सेवा कल्याण संघ र किरात धर्म तथा साहित्य उत्थान संघबाट क्रमश: २००७ र २०५८ मा सम्मानित व्यक्तित्व हुनुहुन्छ । त्यसैगरी २०४५ सालमा नेपाल रेडक्रस सोसाइटी २०५६ मा किरात राई यायोक्खाको आजीवन सदस्यसमेत हुनुहुन्छ । (इसिलिम अङ्क ६, २०६०) ।

क्याप्टेन राई अहिले ५ भाई छोराहरू र बुहारीहरू

३ छोरीहरू एक कान्छी धर्मपत्नी र २२ जनाभन्दा बढी नाती नातीनीहरू र थप पनाती पनातीनीहरूका केन्द्रका रुपमा बृद्ध जीवन शानदारकासाथ काठमाडौंमा बिताईरहनु भएको छ। थातथलोको माया बारम्बार लाग्छ तर बृद्ध-बृद्धा जीवनले चाहेर पनि खुट्टा पुग्न सक्तैन केबल मन मात्र पुग्छ। संसारको नियम यस्तै हो। उहाँ भन्नुहुन्छ- "अब भोगको जीन्दगी समाप्त भयो र त्यागको जीवनमा प्रवेश गरिएको छ। रत्तिभर पनि लोभ-पाप छैन, कोही शत्रु नहुन् सबै मित्रैमित्र हुन यसैमा मेरो प्रार्थना छ भगवानहरूलाई।"

अन्त्यमा, यस्ता आदर्श व्यक्तित्वको जीवनबाट हामीले पनि केही ज्ञान सिकौं र त्यसलाई आफ्नो जीवनमा प्रयोग गरौं। उहाँबाट सिक्ने कुराहरू धेरै छन् त्यसमध्ये सेवा, धर्म, साहस, इमानदारीता प्रमुख हुन्। यसलाई कहिल्यै नबिर्सौं। पुनः हामी इसिलिम परिवारको तर्फबाट सपरिवारमा सुस्वास्थ्य र दीघायूको कामना गर्दछौं। बश यत्ति।

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सुप्तुलु, युङखुलु एवं सुम्नीमा पारूहाङले हामी सबैको रक्षा गरून्।

प्रेम सत्म दुमीराई
सप्तेश्वर-९, दाम्थला
अनामनगर, काठमाडौं

छीरीयाम्लो २०७० तोसी (साकेला उधौली) चाडको शुभ उपलक्ष्यमा सिमेभुमे, सुप्तुलु, युङखुलु एवं सुम्निमा पारूहाङले हामी सबैको रक्षा गरून्।

ताराभक्त (मदन) सत्म ब्राक्सुपा दुमीराई
श्रीमती जिता (चाम्लिङ) दुमीराई
तथा स-परिवार
माक्पा-४, लुम्दु, खोटाङ
हालः रामहिंटी, बौद्ध, काठमाडौं

दुमी किरात राई फन्सिकिमलाई जग्गा दान गर्नुहुने महानुभावहरूप्रति संस्थाको तर्फबाट हार्दिक धन्यवादका दुई शब्द

आदरणीय जग्गादाता महानुभावहरू

अभिवादन !

एकथुकी सुकी सय थुकी नदी भन्छन् त्यसको सही उदाहरण हाम्रा आदरणीय व्यक्तित्वज्यूहरूले निर्वाह गरी दुमी किरात राई फन्सिकिमलाई माथि उठाउन जुन प्रयत्न गर्नु भएको छ त्यो महान् र ऐतिहासिक भएको छ। बेलाको बोली र मौसमको खेती मात्र काम लाग्छ। यो भोकमा खाना र तिर्खामा पानी भएको छ दुमी किरात राई फन्सिकिमलाई। आजको आवश्यकता मुख्यतया पहिचानसँग गाँसिएको छ। त्यसैले यो मुद्दा साझा मुद्दा हो। यस कार्यमा दुमीहरूको भाषा, धर्म, संस्कार संस्कृति, इतिहास र वंशावलीको प्रतिनिधित्व गर्दै दुमी किरात राई फन्सिकिमको स्थापनाको आज १५ औं वर्षमा प्रवेशगरी रहँदा धेरै महानुभावहरू तथा व्यक्तित्वज्यूहरूको न्यानो माया प्राप्त भएको छ। यस सम्बन्धमा विशेषत : फन्सिकिमलाई अमूल्य जग्गा प्रदान गर्नु हुने निम्न महानुभावहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दै उहाँहरुको संक्षिप्त परिचयलाई जानकारीका निमित्त प्रस्तुत गरिएको छ।

१. चन्द्रछिरिङ राई, बाक्सिला

उहाँ बुबा राजमान दुमी हदी राई र माता नीरुमाया दुमीसत्म राईका माहिलो सुपुत्र हुनुहुन्छ। उहाँको जन्म २०१२ साल फाल्गुन ९ गते भएको हो। छछपा छेकुमा सामेबाट किरात सांस्कृतिक कर्म सम्पन्न हुन्छ। हाल बसोबास बाक्सिला -७ मा वसोवास गर्नुहुने उहाँ पेशाले शिक्षक हुनुहुन्छ। बोलाउने नाम 'छिरिङ सर', धरम पत्नी : रामशोभा राई नाछिरिङ, सप्तेश्वर खोप्पादेलका हुनुहुन्छ। उहाँका तीनभाई सुपुत्र, दुई बहिनी छोरीहरू, बुहारीहरू र नाती नातिनीहरूसमेत रहेका छन। मावली चप्लेटी सिङ्गलभक्त सत्म राईहरू हुनुहुन्छ।

उहाँले प्रदान गर्नुभएको जग्गा बाक्सिला बजारछेउमा साक्सिलातर्फ बस्नेतगाउँ र राईगाउँ जाने दोबाटोमा उहाँकै घर छेउमा पर्दछ। उक्त जग्गा २०६६ साल पौष २० गते दिक्तेल मालपोत कार्यालयमा फन्सिकिमको नाममा पास गरिएको हो। उक्त जग्गा जम्मा एक रोपनी रहेको छ । सो जग्गामा अहिले दुमी किरात राई फन्सिकिमको केन्द्रीय कार्यालय निर्माण भईसकेको छ। सो जगगामा साकेला नाच्ने मैदान र किरात संस्कृतिसँग सम्बद्ध एउटा पुरानो घर बनाई संस्कृतिजन्य वस्तुहरूको सङ्ग्रह गर्ने योजना रहेको जानकारी गराउँदछौं।

२. नक्शो अष्टबहादुर राई, सप्तेश्वर

उहाँ सप्तेश्वर गाविस वार्ड नं ६ पोक्लु निवासी हुनुहुन्छ। उहाँ २००५ साल जेठ १२ गते बुबा हर्कबहादुर हदी राई र धनशोभा राईको परिवारमा कान्छो सुपुत्रको रुपमा जन्मनु भएको हो। ७ वर्षको उमेरदेखि नै किरात राईको छिमोले छोएको हुनाले १३ वर्षदेखि बिरामीलाई झारफुक गर्न थाल्नु भएको हो। पछि पूर्णत धामीको रुपमा छिन्चिएपछि अझै प्रख्यात वन्दै जानुभयो। राखावासी केशरमाया नाछिरिङ राईसँग २०२५ सालमा शुभविवाह भई चार छोराहरू जन्मेकोमा कुनै छोराहरू पनि हात रहेनन् र दुईटा छोरी र नाती नातिनीहरूसँग रही आउनु भएको छ। श्रीमती पनि देहान्त भइसकेकाले एकपाखे जीवन अगाडि बढाईरहनु भएको छ। अहिले उहाँ किरात राई यायोक्खा केन्द्रीय कार्य

समितिको ठूलो धामीको रुपमा कार्यरत हुनु हुन्छ।

उहाँले दुमी किरात राई फन्सिकिमलाई निःशुल्क रुपमा प्रदान गर्नु भएको जग्गा ३ रोपनी १० आना ३ दाम हो। उक्त जग्गा सप्तेश्वर गाविस र बाक्सिला गाविसको शीरमा पर्ने लगभग दुइहजार मिटर अग्लो ठाउँमा रहेको केपिलासगढी नामको ऐतिहासिक जग्गा हो। उक्त जग्गा २०६७ साल पौष ११ गते दिक्तेल मालपोत कार्यालयमा दुमी किरात राई फन्सिकिमको नाममा निःशुल्क राजीनामा पास गरिएको हो। स्मरणीय छ कि पृथ्वीनारायण शाहको आक्रमण हुँदा उक्त गढीका अन्तिम राजा निगुहाङ र निकट सहयोगी रोकोवासी रहेका थिए। उक्त जग्गा अब फन्सिकिमको संरक्षणमा रहेकाले अब त्यसमा किरात प्राज्ञिक इतिहासलाई झल्काउने भौतिक वस्तुहरूको निर्माण गर्ने योजना रहेको छ। यसको साथै जग्गाादातासँग भएको सम्झौता अनुसार उहाँको एउटा चौतारो र सिलालेख पनि यसै परिसरमा शानदारकासाथ राखिने छ।

३. लप्टन, पर्जबहादुर राई, धरान

बाक्सिला गाविस चोखुम निवासी लप्टन पर्जबहादुर दिम्मचु राई हाल धरान भोटेपुलमा बस्तै आउनु भएको छ। धरान सुनसरीमा नै उहाँ प्रख्यात किरात समाजसेवी हुनु हुन्छ। उहाँको जन्म वि सं १९९८ मा पिता अमृत राई र माता रामलीशोभा रङ्कासु राईको कोखमा भएको हो। २०१६ सालमा १८ वर्षको उमेरमा ब्रिटिश सेनामा भर्ति भई २३ वर्षको लामो कार्यकाल समाप्त गरेर उहाँ लप्टन दर्जामा गाउँ फर्कनु भयो। उहाँका श्रीमती अतमसरी राई, दुई सुपुत्र, तीन सुपुत्रीहरू र नाती नातिनीहरू रहेका छन्। पेन्सन आएपछि केही समय चोखुममा वित्यो। त्यसपछि पुन : धरान जाने निश्चय भएपछि चोखुम छोड्नु भयो। धरान पुगेपछि व्यापार व्यवसाय, समाजसेवा सबैमा हात हाल्दै उहाँ एक सफल व्यवसायीको रुपमा पनि स्थापित हुनु हुन्छ।

दुमी किरात राईहरूको संस्कार संस्कृतिलाई संरक्षण गर्न उहाँले एक समय युवाहरूलाई जोश भर्दै धरानस्थित फन्सिकिम प्रारम्भिक कार्य समितिको अध्यक्षको कार्यभार सम्हालेर सुनसरी निवासी सम्पूर्ण दुमी राईहरूलाई एकठाउँमा ल्याउन सफल हुनु भएको छ। उहाँ अहिले फन्सिकिम केन्द्रीय कार्य समितिको सदस्यको रुपमा रहेर पूर्वमा नेतृत्व गरिराख्नु भएको छ। ७२ वर्षको उमेरमा पनि उहाँ युवा झैं खट्नु हुन्छ। उहाँ सबैको आदरणीय व्यक्तित्व हुनुहुन्छ।

यसै सिलसिलामा दुमीजनको हितको निमित्त, भाषा, धर्म, संस्कार संस्कृति, इतिहास र वंशावलीलाई संरक्षण गर्न उहाँले धरान १५ मा साढे सातधुर जग्गा निःशुल्क रुपमा दुमी किरात राई फन्सिकिमलाई उपलब्ध गराएर अर्को अविष्मरणीय र ऐतिहासिक कार्य विजारोपण गरिदिनु भएको छ। यो जग्गा २०६९ साल असार २५ गते सुनसरी इनरुवा माल कार्यालयमा राजीनामा पास गरिएको हो। उहाँको यो महानताको जति प्रशंसा गरेपनि थोरै हुन्छ।

उक्त जग्गालाई अहिले धरान दुमकिमका अध्यक्ष जगतबहादुर राईको पहलमा तारबार घेरा हाल्ने र पूर्वपट्टिको खोला साँधमा अड चिठ्ने कार्यमा लप्टन साहेवसमेत लागीरहनु भएको छ। भविष्यमा यस जग्गामा एक सुन्दर भवन बनाई दुमीको अनेकौं सांस्कृतिक कर्मको अलवा दुमी बृद्ध-बृद्धाहरूलाई आराम गर्ने गृहको रुपमा व्यवस्थित गरिनेछ।

४. चन्द्रप्रसाद दुमी राई, हङ्कङ

बाक्सिला बजार निवासी चन्द्रप्रसाद दुमी राई सिम्पानीवासी मौलिधन रङ्कासु राईका सुपुत्र हुनुहुन्छ। मौलिधन राई बाक्सिला क्षेत्रका पुराना शिक्षक तथा ठूला किरात सांस्कृतिककर्मी हुनुहुन्थ्यो। बाक्सिला बजारमा घर बनाउने पहिलो व्यक्ति पनि मौलिधन राई नै हुनुहुन्थ्यो। उक्त ऐतिहासिक घर २०६९

सालसम्म रह्यो र जीर्णभई बेस्याहारमा नै ढल्यो ।

चन्द्रप्रसाद राईको प्रारम्भिक शिक्षा बाक्सिला बजारमा शुरुभई दिक्तेल र काठमाडौमा सम्पन्न भएको हो । जीवनको लामो घुम्ती र कष्टसाध्य खुटकिलाहरू पारगर्दै उहाँ अहिले पत्रकारको रुपमा हङकङ्मा कार्यरत हुनुहुन्छ । टाढा बसेर पनि दुमी बंशको उत्थान तथा भाषा, धर्म, संस्कार संस्कृतिको संरक्षणमा लागीरहने एक सच्चा सन्तानको रुपमा उहाँको प्ररिचय झल्कन्छ ।

श्री

लिखितम धनीका नाम खोटाङ जिल्ला, बाक्सिला गा. वि. स. वडा नं ५ मानेडाँडा (बाक्सिला बजार) बस्ने जय बहादुर राईको नाति, मौधन राईको छोरा वर्ष ४९ को म चन्द्र प्रसाद दुमी राई (राईचन्द्र दुमी) ले मेरो बाउबाजेको पालादेखि भोगचलन गरिआएको रातोपानी खरबारी पाखा र त्यहाँस्थित खर बाहेकका अन्य विभिन्न प्राकृतिक सम्पदाहरु आजको मितिबाट दुमी किरात राई फन्सिकिम, नेपाललाई मेरो मनोमानी राजीखुसीसंग जुगजुगसम्म भोगचलन गर्न यो लिखत गरिदिएको छु । दुमी किरात राई फन्सिकिम, नेपाल सम्पूर्ण दुमी राईहरुको भलाईको काम गर्दै अघि बढिरहोस भन्ने शुभकामनाकासाथ मैले मेरो स्वर्गीय पिता मौधन राई र स्वर्गीय माता शुभलक्ष्मी राईको आत्मा शान्तिको लागि सुम्निमा–पारुहाङसंग प्रार्थना गर्दै मेरो हकवाला बहिनीद्वय रेणुका राई र सानु (कृष्णराधा) राई तथा उमेर पुगेका म पछिका हकवाला छोरी पूजा राई, जेठा छोरा पुकार राई र कान्छा छोरा पुष्प राई समेतसंग घरायसी सरसल्लाह गरी पूर्ण भोगचलन गर्न दिएको छु । मेरो स्व. पिता मौधन राईको नाममा रहेको उक्त जमिन म नेपाल आई आफ्नो नाममा दा. खा. (दाखिल खारिज) गरी सम्पूर्ण कानुनी प्रक्रिया पुरागरी राजीनामा पास गरिदिनेछु । यद्यपि दुकिराफ, नेपालले आजकै मितिबाट आफ्नो स्वामित्वमा लिई निम्न बमोजिमको ४ किल्लाभित्रको खरबन पाखा र त्यहाँ भएको प्राकृतिक सम्पदाको उपभोग गर्न अनुमति प्रदान गर्न यो लिखत गरिदिएको छु । अन्य कबोलबन्दबस्तको हकमा क्या. रविलाल राईको पाखाजग्गाबाट पूर्व, ठाडोबाटो ढरिढुंगादेखि पश्चिम, रातोपानीकुवा तेर्सोबाटोदेखि उत्तर, छिन्तांगे धामी कपुरथान तथा चौतारीदेखि दक्षिण यति चार किल्लाभित्र पर्ने रातोपानी खरबन नाम गरेको आफ्नै ता.मु. अन्तर्गत रहेको पाखा जग्गा आजको मितिबाट दुमी किरात राई फन्सिकिम, नेपाललाई (अन्य कानुनी प्रक्रिया भविष्यमा नेपाल..गई मिलाउने गरी) मेरो आत्मैदेखि (मनोमानी) राजीखुसीसाथ दुमी भाषाविद्, संस्कृतिविद तथा त्यागी मेरो पिता मौधन राई र आमा शुभलक्ष्मी राईमा श्रद्धाञ्जलीस्वरुप राजीनामा पास गरिदिएको छु । यस कुराको साक्षी निम्न तपसिलका सदर छन् । मुकाम दुमी किरात राई फन्सिकिम, हङकङ अध्यक्ष कमल प्रसाद राईको घर डेरा साइयाङ स्ट्रीट, जोर्डन (हङकङ) सही लेखकको स्वयं म चन्द्र प्रसाद राई (राई चन्द्र दुमी) शुभम् ।

साक्षीहरु

दुमी किरात राई फन्सिकिम, नेपाल संस्थापक अध्यक्ष तथा वर्तमान अध्यक्ष चतुर भक्त राई--१

खोटाङ, सप्तेश्वर गा. वि. स. वडा नं १, चप्लेटी बस्ने इन्द्र सिंह राई----------------१

ऐ ऐ बाक्सिला गा. वि. स. वडा नं ६ वैरीगाउँ बस्ने पृथ्विराज राई----------------१

ऐ. ऐ. बाक्सिला गा. वि. स. वडा नं ७ दस्कते बस्ने समला राई----------------१

ऐ. ऐ. बाक्सिला गा. वि. स. वडा नं ९ सिम्पानी बस्ने दुमी किरात राई फन्सिकिम, हङकङ अध्यक्ष कमल प्रसाद राई----------------१

हाल उहाँबाट दुमी किरात राई फन्सिकिमको नाममा हालैको केन्द्रीय कार्यालय भवन बाक्सिलाको सीमादेखि रातोपानी कुवासम्म लगभग ७ रोपनी पाखोजग्गा निःशुल्क रुपमा उपलब्ध गराउने लिखित संझौता १७ जनवरी २०१३ मा उहाँ र फन्सिकिमका अध्यक्षवीच हङ्कङ्को जोर्डनमा सम्पन्न भइसकेको छ । त्यसको एकप्रति प्रमाण पनि यसैसाथ राखिएको छ । उक्त जग्गा उहाँ नेपाल आउनु भएको समयमा राजीनामा पास गरिदिने लिखित बचन दिनु भएको छ । यस कार्यमा उहाँलगायत छोरीचेलीहरूकोसमेत साझा भावना प्रतिविम्बित भएको छ । उहाँहरू सपरिवारलाई फन्सिकिमको तर्फबाट हार्दिक धन्यवाद छ ।

५. मान्य नेपालतारा क्याप्टेन मानवहादुर राई

वि सं १९७८ मा जन्मनु भएका माक्पावासी मान्य नेपालतारा क्याप्टेन मानबहादुर राई हाल बृद्धावस्थामा काठमाडौंमा श्रीमती छोरा बुहारीहरू तथा नाती नातिनीहरूका साथ हुनुहुन्छ । वंशजको नाताले नाछिरिङ राई हुनु भएको भएता पनि लामो समयसम्म पहिचानको समस्याले खारुबु राईको रुपमा किरात संस्कार संस्कृति सम्पन्न गर्दै आउनु भएको थियो । तर पछि उहाँ लगायत पञ्चबहादुर राईको प्रयत्नले सोलुका विभिन्न नाछिरिङ्ग गाउँहरु पुगी नाछिरिङ राई हौं भन्ने विश्वासिलो पहिचान प्राप्त गर्न सफल हुनु भयो ।

जीवनमा अनौठो भूमिका निर्वाह गर्नु हुने क्याप्टेन साहेब २००७ सालमा प्रजातन्त्रका क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो । तर पछि नेपाली सेनामा जागीर गर्न थालेपछि नूनको सोझोका निमित्त उनै क्रान्तिकारीहरूको विरुद्धमा ऐसेलुखर्कमा अर्को लडाईमा होमिनु पऱ्यो । कर्तब्यलाई जिम्मेवारीपूर्वक निर्वाह गर्नु भएकाले उहाँ ऐसेलुखर्कको युद्धमा घाइते मात्र हुनु भएन सफलता पनि प्राप्त गर्नु भयो । त्यसपछि उहाँलाई मान्य नेपालताराको उपाधिले तात्कालीन सरकारले सम्मान पनि गरेको थियो । सेनाबाट अवकाश भएपछि खोटाङ्मा जिल्ला पञ्चायतको सदस्य, माक्पा गाविसमा प्रधानपञ्च तथा अध्यक्ष पदमासमेत निर्वाचित हुँदै रोदु नाछिरिङ साखामको अध्यक्षासमेत भएर एकसमय नाछिरिङ्हरूलाई नेतृत्व प्रदान गर्नुभयो ।

उहाँ दुमी किरात राई फन्सिकिम तथा दुमी समुदायप्रति पनि त्यत्तिकै समानभाव राख्नु हुन्छ । माक्पा उच्च माध्यमिक विद्यालयलाई सम्पूर्ण जग्गा

दिएर त्यहाँसम्म पुऱ्याउने उहाँको अग्रणी भूमिका रहेको छ । किरात धर्मी भएर पनि हिन्दू देवदेवीहरूप्रति पनि त्यत्तिकै सद्भाव राख्नु हुन्छ । त्यसैको प्रमाण हो- माक्पामा आफ्नै जग्गामा पान्चायण देवताको मन्दिर स्थापना गरेर गुठीस्वरुप जग्गा पनि प्रदान गर्नु भएको छ ।

अहिले पछिल्लो समयमा माक्पावासी किरात राईहरूका निमित्त आफ्नै घर आँगनको परिसरमा दुमी किरात राई फन्सिकिम दुमकिम (प्रारम्भिक कार्य समिति) का लागि जग्गा उपलब्ध गराउनु भएकाले त्यहाँ माक्पावासी राईरूले एउटा घरको निर्माण गरी कार्यालय भवनसमेत निर्माण गरिसकेका छन् । उहाँ यो क्षेत्रकै यस युगका महान् दानवीर हुनु हुन्छ । उहाँको यस्तो दानकर्मले भोलीका सन्ततिहरूलाई ठूलो मलजल र प्रेरणा प्राप्त हुने कुरामा दुईमत हुनै छैन । यस पूण्य कर्मलाई भावी सन्ततीहरूले एक सच्चा ऐतिहासिक पुरुषको रुपमा सम्मान गरिरहने छन् । उहाँ यत्तिखेर सबैको आदरणीय व्यक्तित्वको रुपमा स्थापित हुनुहुन्छ र त्यो भविष्यको लागि पनि त्यत्तिकै मात्रमा शिक्षाप्रद, आदर्श र प्रेरक व्यक्तित्वको रुपमा पूजिईरहनेमा कुनै शंका छैन् । उहाँको दीर्घायु र स्वास्थ्य लाभको निम्ती नायम पारुहाङसँग हामी दुमी किरात राई फन्सिकिमको तर्फबाट हार्दिक प्रार्थना गर्न चाहन्छौ ।

६. रङ्कासु, सत्म (रिङ्दु) रुसुकिम दाम्थला बखामचोक

अहिले सबैभन्दा पछिल्लो समयमा फन्सिकिमलाई जग्गा प्रदान गरेर संस्थालाई माथि उठाउन सहयोग गर्नेमा रङ्कासु, सत्म (रिङ्दु) रुसुकिम दाम्थला बाखमचोक रहेको छ ।

सिम्पानीबाट दाम्थला जाने रङ्कासु र रिङ्दुहरूको मूलघर दाम्थला जसमनी राईको घर र जहानसिंह राईको घर एकैगरामा थियो । यो आजभन्दा ६ पुस्ता अगाडिको इतिहास मात्र हो । वंश बृद्धि हुँदा रङ्कासुहरू दाम्थलामा नै रहे तर रिङ्दुहरू वाखमचोक (चिउरीखर्क) झरे । यी दुवै पाछाको ऐतिहासिक मूलघर र जग्गा पछिल्लो समयमा गैर किरातहरूको कब्जामा पुगी लोप हुने स्थितिमा थियो । तसर्थ त्यस ऐतिहासिक भूमिलाई जोगाउन, दुमी किरात राई फन्सिकिमको नाममा २ रोपनी १ आना जग्गा रु. ५८ हजारमा दित्तेल माल कार्यालयमा २०६९ साल चैत्रमा पासगरी फन्सिकिमलाई सम्पन्न बनाउन एउटा इटा थप्ने काम गरिएको छ । अब यस भूमिमा एक सुन्दर किरात पार्कको निर्माणसहित दुइटा पाछाको एक-एक सांस्कृतिक साझा घरको निर्माणगरी एक-एक चुल्हो र छिमोदिमोको पूजासहित साकेलाभूमेको स्थापना गरिनेछ साथै उक्त ठाउँमा दुमी भाषा पाठशाला खोल्ने उद्देश्य रहेको छ । अन्य जग्गा थपगर्ने प्रयत्न भइरहेको छ । यसको अगुवाईमा प्रमुख सल्लाहकार चतुरभक्त राई, अध्यक्षमा प्रेम, सचिवमा नृप र अन्य सहयोगीहरूमा मोहन, गणेश, पारस, नविन, टिकासेर, टिकाचन्द्र, प्रवीण राईहरूको प्रयासमा कार्य अगाडि बढिरहेको छ । धरानवासी रङ्कासु र रिङ्दुहरू लगायत निकट पाछासँग सम्बन्धित सबै महिला पुरुषहरूलाई यसमा समेटिनेछन् ।

सूचना

दुमी किरात राई फन्सिकिम केन्द्रीय भवन बाक्सिलाको निर्माण सहयोग दाताहरूको फोटो सहित नामावली विवरण इसीलीम अङ्क १५ मा समावेश गर्न नसकिएको कारणले क्षमाप्रार्थी छौं । साथै सोको विवरण आगामि इसीलीम अङ्क १६ मा सम्पूर्ण विवरण प्रस्तुत गरिनेछ ।

- दुकिराफ

किरात बंशवृक्षमा फुलेको सभ्यता

- बी.आर "म" खार्मीले माइला
सोरहँछा दुमीराई

विश्व ब्रम्हाण्डको शूल्य आकाशमा महान शक्तिको यान्त्रिक भट्टिमा 'वायूकण तेज' को शक्तिरुप परमात्मा 'पारु' र सोहीबेला अर्कोतर्फ 'जलवायू तेज' को शक्तिरुप नाहिमा (ज्योति) देखा पर्नुभयो। उनै परमात्मा 'पारु-नाहिमा' ले यो 'विश्व ब्रम्हाण्ड' को परिकल्पना गर्दा गर्दैमा खरबौं वर्षदेखि अरबौं वर्षसम्म जीवन विताउनु भयो। उहाँहरूमा खानु र मर्नुपर्छ भन्ने कुनै शर्त थिएन। ऐच्छिक खाना र ऐच्छिक पुनर्जन्म मात्र उहाँहरूमा हुन्थ्यो। अर्थात जन्मनु र मर्नु पर्दैन थियो।

पारु-नाहिमा (ज्योति) ले बिशाल सूर्य र राक्षस तारा (राहु-केतु) को परिकल्पना गर्नुभयो। त्यस विशाल पिण्डको आपसमा ठक्कर गराएर 'ग्याँस, पानी र आगो' पैदा गर्नुभयो। त्यसपछि त्यहाँबाट सूर्य, मंगल, वृहस्पती, पृथ्वी, चन्द्रमा, शुक्र, शनी आदि ग्रहसमेतको सौर्यमण्डल सृजना गर्नुभयो। पृथ्वीमा जिवात्माको 'जीवन' राखिदिनु भयो। रात र दिन (उज्यालो र अध्यारो) को परिकल्पना गर्नु भयो। विश्व जगतको चुम्वकिय आकर्षणको (प्रेमजालो) व्रम्हाण्ड गति दिनुभयो।

त्यसपछि उनै परमात्मा 'पारु-नायम (ज्योती) ले आफ्नै स्वरुपको अंशरुप पारुहाङ र जल, जमीन र प्रकृतिबाट सुम्निमा उत्पन्न गराउँनु भयो। पारुहाङ र सुम्निमाले दूतको रुप र जीवात्माको जन्मदाताको रुपमा काम गर्दै जानु भयो। किरातीहरूले पछि आफ्नो आराध्यदेव 'पारुहाङ र सुम्निमा' लाई चिन्यो र आरधना गर्दै आएको छ। यसको प्रमाण 'मुन्दुम दर्शन' र 'किरात बंशावली' साक्षी छ।

किरात संस्कार संस्कृतिको सुरुवात देवदूत 'पारुहाङ र सुम्निमासंग जोडिन पुग्दछ। जतिवेला पारुहाङ र सुम्निमाको विहे हुन लागेको थियो, त्यो वेला संसारको कुनै मानवको जन्म भएकै थिएन। त्यो वेला 'पारुहाङ-सुम्निमा' तथा तथा पशु-पक्षी, वोटविरुवा, जल, वायू, तेज समेतको एकै प्रकृतिको भाषा थियो। पारुहाङ र सम्निमाको विहे वायू, पशु, पंक्षी, र वोटविरुवाको मद्दतले मगनी रुपमा भएको हो।

पारुहाङ र सुम्निमा सवै जीवात्मा प्राणी र प्रकृतिको 'पिता-माता' हुन्। किरातको जन्म, कर्म र अत्येष्टिको कर्मकाण्ड पारुहाङ र सुम्निमाबाटै शुरु भएको हो। किरात चुल्हो नियम मान्ने जाति हुन्। किरातको तीन चुल्हो पवित्र मन्दिर र देवस्थल हो। किरातको सवै कर्मकाण्ड यहाँ नै शुरु र अन्त्य गरिन्छ। किरातको तीन चुल्होमा 'सत्य, धर्म र शक्ति' को वचन रहेको हुन्छ। दश भाइको दश भाषा, एक चेली तर एकै भान्सा यसै चुल्होमा वचनवद्ध छ। किरातले 'जल, जमिन, अग्नि र प्रकृतिलाई माता मान्दछन्। उसले उसैको अर्थात माताको सधैं पूजा गरेको हुन्छ। किरातले उत्पति कालदेखि वोटविरुवा, पशु-पक्षी, प्रकृतिसँग अनन्त युगसम्म जीवन (बंश) गुजार्दै आएको कारण प्रकृतिमय भएको छ। किरात भूमि र प्रकृतिपुत्र हुन्।

पारुहाङ र सुम्निमाको छोरा सालुपा र छोरी रिव्दिमा हुन्। उनीहरू अति मिल्ने दाजु र वहिनी थिए। उनीहरू पिता-माता जस्तै तन्त्र-मन्त्र र यन्त्र शक्तिले वायु-तेजसंगै जहाँ पनि उड्नु, घुम्नु, वोल्नु र

पुग्नु सक्दथे । उनीहरू माया प्रेमले छुटनै नसक्ने भए । त्यो वेला संसारमा मानव जन्म भएकै थिएन । पारुहाङ र सुम्निमाले छोराछोरीलाई सम्झाएर भने 'आफ्नो नजिकको बंश खुनमा यदि अनैतिक कार्य भएमा रोग (कोर, कुस्टि) हुन्छ ।' तसर्थ सालुपा र रिव्दिमाले अनेक रुप (वाघ, भालू, भैरव (कुकुर) मृग, थार, बनेल, हर्रो, वर्रो, अमला, दुवो, काँश, वाँस, वरपीपल, समी, चाँप, गुराँस, रिची, साम्ची, स्याउली, काहुलो, अमलिसो, फुर्के, धारा, कुण्ड, पोखरी, गुफा आदि यस्ता लाखौंको जन्म रुप (अवतार) लिए । यसरी लाखौं-करोडौं वर्ष पछि सालुपा र रिव्दिमाले पुनर्जन्म लिए र उनीहरूको विहे भएको थियो ।

सालुपा र रिव्दिमाको केही छोराहरूमध्ये एकमात्र शक्तिशाली मानव पुत्र हँछा थियो । हँछाको विहे नागराजा (राजुहँ) र नागरानी (राजीहँमा) को छोरी सिक्रिहँसंग भएको थियो । उसैको पालादेखि आजसम्म किरातहरू विहेमा विदाई गर्दा नाच्दै लिङ्गो गाडिएको सीमामा पुगिन्छ । बेहुलीतफकोले सबै दाईजो र कोशेली त्यसमा वोकेर ल्याउँछ र बेहुलातर्फकोले त्यहाँ ढाँड थाप्नुपर्छ । अर्थात पेवा, दाईजो, गर्दुवा जे छ त्यो वुझेर वोक्नुपर्दछ । लिङ्गो वेहुलातर्फकोले उखेली लानु पर्दछ । अर्थात राजुहँ र राजीहँमाले छोरी सिक्रिहँमालाई पेवा, दाईजो, मणी दिएको दृष्य छायाङ्कन संस्कार हो । त्यही मणीलाई हँछा र सिक्रिहँमाले पृथ्वीमा राखी उभौली र उधौलीमा पुज्ने परम्परा नै आजको किरातको साकेवा, साकेला, भूमे पूजा हुन् । उनै हँछा र सिक्रिहँमा अर्थात जल-थल, दुईजात र दुई पाछाको विवाह पछि जन्मेको छोरा नै सुरालिपा हुन् । उनी चोखो आत्मा भएको किरात गुरु (नोक्छो, होमे, खातहँ, कुवी) हुन् । सुरालिपाले सूर्यको दिदी निनाङवुङमासंग विहे गरेका थिए । निनाङवुङमा नै किरात बच्चाको छैठौंको रातमा भाग्य लेखिदिने 'भावी' माता हुन् भन्ने गरिन्छ । उक्त रात वच्चा जन्मेको कोठामा जलेको दियो, फूल, पानी, रूवा र माटो राखिन्छ । भावीले यी मध्ये जे चलाएको संकेत हुन्छ, त्यही अनुसार वच्चाको भाग्य बन्छ भन्ने किवदन्ती रहीआएको छ ।

सुरालिपा र निनाङबुङमाको छोरा पातेशु र उसको श्रीमती देलेदुम हुन् । जस्को वस्ने घर ओढार (आजको खोटाङ जिल्लामा रहेको चर्चित हलेसी गुफा हो । पातेशु र देलुदुमको दुई छोरी तायामा र खियामा हुन् । छोरा खोक्चिलिपु (हेछाकुप्पा) हुन् । प्रकृतिमै अन्न उत्पादनको सुरुवात गर्ने तथा कपडा बुन्ने सीपका धनी दुई किरात चेलीहरू तयामा र खियामा हुन् । उनीहरूले कपडा वुन्ने गरेको स्थान तुवाचुङ जायजुम नामले प्रशिद्ध छ । यो खोटाङको अर्खौले र सल्ले गा.वि.स.वीचको उच्च डाँडामा पर्दछ । खोक्चिलुपु (हेछाकुप्पा) ले उक्त क्षेत्रको ठूलो नदीमा जाल हान्दा अड्किएको ढुङ्गो जो जलकन्या (नाकिहँमा) संग विहे गरेका थिए । उनीहरूको पहिलो वच्चा घर वनाउँदा मूल खाँवोले किचिएर मृत्यु भएको कारण मानव समुदायमा नयाँ घरको मूलथाम (खाँवो) राख्दा केहीको भोग (खुन) दिनुपर्छ भन्ने चलन रहिआएको छ । उनै खोक्चिलुपु (हेछाकुप्पा) ले ठूलो कार्जे (चिन्ता) गर्दा स्थापना ढुङ्गोलाई आज कसैले सुत्केरीले उठाएको ढुङ्गो (सुत्केरी ढुङ्गो) र भीमसेनको डण्डीवियो ढुङ्गो पनि भन्ने गर्छन् । तर त्यसै क्षेत्रको वरीपरी खोक्चिलिपु (हेछाकुप्पा) को जन्म, कर्मस्थल भएको हुँदा उनैसंग सम्वन्धित कता इतिहास नै सत्य हो । यहाँ खोक्चिलिपु (हेछाकुप्पा) संग राक्षस-राक्षेसनी, झाँक्री, सोक्पा-सोक्पेनी जोडिएको थुप्रै कथाहरू छन् ।

खोक्चिलिपु (हेछाकुप्पा) नाकीहँमाको छोरा मकंवुङ, हर्कवुङ र रिप्लवुङ थिए । यहाँ हर्कवुङको बंशावली मात्र प्रस्तुत गर्न लागिरहेको छु । हर्कवुङको विहे वुङ्खामासंग भएको थियो । उनीहरूको छोरा शक्तिशाली किरातेश्वर हुन् । जसलाई वुढानीलकण्ठ समेत भनिन्थ्यो । उसले जलकन्या माया (नागपुत्री)

संग विहे गरेका थिए। उनी किरात इतिहास र वांशावलीमा निक्कै चर्चित र महत्वपूर्ण मानिन्छन्। जसले विशाल नागदह (काठमाडौ खाल्डो) को पानी चोभारमा काटेर विस्थापित गरेका थिए। उनीहरूको छोरा सिम्भुवौध हुन्। जसले चन्द्रमाको छोरी कादम्वनीसंग विहे गरेका थिए। उनीहरूको छोरा नै आकाशभैरव हुन्। उनी आकाश-पातालमा गर्जिन सक्दथे र सवैलाई त्रसित पार्न सक्दथे र आवश्यक पर्दा विश्वज्योती दिन पनि सक्दथे। उनले बादलको छोरी रिपरिमा (हुस्सुमा) संग विहे गरेका थिए। उनै आकाशभैरव र रिपरिमा (हुस्सुमा) को छोरा नै यलम्बर हुन् जो पछि नेपाल खाल्डोमा प्रथम हाङ (राजा) भएका थिए।

कलिगत सम्वत अहिले ५११३ वर्ष भयो। यो सम्वत महाभारत युद्धको मुख्य पात्र धनुर्धारी अर्जुनको छोरा अभिमन्यू र उसको छोरा परिक्षितको राज्यरोहणको सातौं दिनबाट शुरु भएको हो। महाभारतको युद्धकाल भन्दा १२-१३ पुस्ता अघिको यलम्बर राज्यकाल कति होला ? अवश्य पनि यलम्बर राज्यकाल कलिगत सम्वत भन्दा १-२ हजार वर्ष अघिको हुनुपर्छ। त्यसकारण यलम्बर विश्वकै पहिलो हाङ (राजा) हुन्। उसको सन्तानले नेपाल खाल्डोमा ३ पटकको शासनकालमा ३३ पुस्ताले शासन गरेको प्रमाण भेटिन्छ। ३३ पुस्ताको अन्तिम राजा पटुकहाङ हुन्। उसको राज्यको अवशेष लगनखेल पाटनको कृष्णमन्दिर र वंगलामुखी मन्दिरको वीचमा भग्नावशेषको रुपमा रहेको देखिन्छ। किरातहरूले शासन गरेको स्थल थानकोट, चोभार, पाटन, असन, हनुमानढोका, भोटाहिटी, बानेश्वर, वौद्ध, गोकर्ण र चाँगुनारायण मुख्य स्थल मानिन्छ। उक्त ठाउँको पूरातात्विक अनुसन्धान गरेमा थप प्रमाण पुग्न सक्दछ। किरातले निर्माण गरेको पशुपति आर्यघाटको विरुपाक्ष तथा वुढानीलकण्ठको मूर्ति अद्वितिय मूर्तिहरू मध्येको मान्न सकिन्छ।

'भाइ फुटे-गँवार लुटे भएपछि बाघको छालामा स्यालको रजाइ' भो।' यो उखान किरातबंशको यथार्थ कथा हो। किरात राज्यकालमा हिजो सवै थियो र आफ्नै ज्यासलमा सवै बन्दथ्यो। एक किरात कलाकार 'अरनिको' चीनमा लगियो र उसको प्रतिभाले नेपाल र चीनको सुमधुर सम्वन्ध बनेको इतिहास साक्षी छ। किरातकालमा नेपाल-भोट व्यापारलाई स्वर्णकाल मानिन्छ। बुद्ध किरातको एक पाछाको पूर्खा हुन्। वैज्ञानिक परीक्षण गरेमा फरक पर्दैन। वुद्धलाई त्यसलेला नै गणराज्यको चेतना थियो। उनी विश्व शान्तिदूत हुन्।

भोल्गाबाट सिन्धु, सिन्धुबाट गंगा, गंगाबाट ब्रम्हपुत्रवासी नै आजका हिन्दूहरू हुन्। हिन्दुको उदय र महाभारत युद्धमा कुरु (पुरु) र यदुबंशी ५६ कोटी समाप्त भयो। यस्ता युद्धपिपासु हिन्दुहरू समेतले चलाउन नसक्ने 'भारत वर्षे, जम्वु दिपे, उत्तराखण्डे, कैरात प्रदेशमा शक्तिशाली धर्मात्मा किरात हाङ (राजा) हरू राज गरी वसेको थिए। विशाल किरात राज्य र किरातीहरू भाइ फुट परस्त नीतिको कारण धेरै पल्टको जीत र तीन पटकको हारपछि नेपाल खाल्डोमा किरातले सदाका निम्ति राज्य हार्‍यो। किरातको 'म र मेरो' भन्ने केही बाँकी रहेन। सोच्नोस्, त्यहाँ कति अत्याचार र हत्या भयो होला ? उफ .... । कल्पनै गर्न सकिन्न त्यसवेलाको ९ लाख किरातीहरू आजसम्म कहाँ गयो होला ? यसको साँचो इतिहास कसले लेख्यो ? कल्पना गर्न सक्नुहुन्छ ?

अहिले हिजोका किरातहरू छुट्टाछुट्टै जात देखिन्छ। जस्तै राई, लिम्वु, सुनुवार, मगर, कोचे, मेचे, थारु, दनुवार, जिरेल, सुरेल, थामी, हायु, शेर्पा, गुरुङ, तामाङ, नागा, थकाली, शाक्य, लिच्छवी र मल्ल आदि सवै किरातबाट भाइ फुट भएर जात भएका हुन्। भाइ फुट भएको

सानो नजीर यहाँ राख्न चाहान्छु : ईसापूर्व १३० वर्षअघि फागुन १० ग्याल्वो (शेर्पा) भएका थिए । ई.पू. ५८६ वर्षअघि पुष १५ गते तमु (गुरुङ) भएका हुन् । त्यस्तै ई.पू. ८३८ वर्ष पहिले माघ १० गते सोनाम (तामाङ) भएका थिए । त्यसै दिनलाई नयाँवर्षको रुपमा ल्होसार (लोछार) मनाउँदै आएका छन् । तर यी सबैको हिजोको साझा जात 'किरात' नै हो ।

यसको मानव उत्पति दर्शन :

वर्तमान नेपालको मानचित्रमा जहाँ हिमाल रहेको छ, त्यहाँ आदिमकालमा विशाल पानीको सागर थिएछ । त्यस सागरको वरीपरी मानवको उत्पन्न हुन थालेछ । पृथ्वीको प्रलयकालमा जलमग्न हुन थालेछ । त्यहीवेला बिनाशकारी भूकम्प आएछ । त्यहाँ ज्वालामुखी फुट्न नसक्दा सागरको सतह ह्वात्तै माथि उठेर विशाल पहाडहरू वन्न पुगेछ । त्यसपछि विभिन्न हिमयुगमा प्रशस्त हिउँ पर्नाले त्यो ठाउँ आजको हिमश्रृङखला वन्न पुगेछ । हिमालको उत्तर-दक्षिण वगाई वचेको मानिसहरू नै मंगोल कदका यशिमन भोट वर्मेली, चीनी-वर्मेली र किरात मूलजातिहरू हुन् भनियो । बसाई-सराई, खानपीन र भाषा परिवर्तनले पनि धेरै जातिमा परिवर्तन आएको देखिन्छ । जस्तै : एउटै हिमालको नाम तिव्बतीहरूले झोमोलुङ्मा, किरातले चोमोलुङ्मा, हिन्दुले सुमेरु पर्वत, बृटिशहरूले एभरेष्ट, बाबुराम आचार्यले सगरमाथा आदि ।

मुन्दुम दर्शन किरात :

किरातको 'मुन्दुम दर्शन' हृदय जस्तै पवित्र, चोमोलुङमा जस्तै उच्च, मुटु जस्तै अमूल्य मानिन्छ । किरातले मुन्दुम दर्शन भुल्नु र जीवन प्राणीले सास फेर्न भुल्नु एकै हो । मुन्दुम दर्शनमा किरात बंशको जन्म, कर्म, अन्त्यष्टि सम्मको सबै कर्मकाण्ड उल्लेखित छ । मुन्दुम दर्शनमा भूमि र प्रकृतिलाई माता र वालीलाई आत्मा (जीवन) मानिएको छ । किरातको तीन चुल्हो धर्म, कर्म र अन्त्येष्टि र सवै कर्मकाण्डको शुरुवातदेखि अन्त्यसम्मको कार्य सम्पन्न गरिने पवित्रस्थल, मन्दिर र सवै स्थलको रुपमा मानिन्छ । किरातहरूको सत्य, शक्ति र वचन यसै तीन चुल्होमा रहेको हुन्छ । मुन्दुम दर्शनमा पदार्थबाट शक्ति र शक्तिबाट जीवात्मा र जीव उत्पन्न गराउँन सकिन्छ भन्ने जीवन दर्शन प्रस्तुत गरिएको छ । सडिएको र विग्रेको हर पदार्थलाई पनि यदि उचित व्यवस्था गर्न सके खाद्य पदार्थ अर्थात पिउन योग्य रस वनाउन सकिन्छ भन्ने किरात मुन्दुम वैज्ञानिक दर्शन रहेको छ । यसलाई विज्ञानसम्मत तरिकाले हजार वर्षसम्म राखेर प्रयोग गर्न सकिन्छ भन्ने दर्शन रहेको छ । यहाँ किरात वैज्ञानिक औषधी (मर्चा) को प्रभाव र शक्तिको पनि निक्कै चर्चा गरिएको छ । लेखिएको छ 'छ तत्व हुन्छ सवै कुरो, छैन तत्व हुँदै हुँदैन केही कुरो ।'

भौतिक पदार्थ जव एक अर्कोमा रगडिन्छ, तव त्यहाँ ग्याँस, आगो र करेन्ट उत्पन्न हुन्छ । $E = mc^2$ ले यस मुन्दुम दर्शनमा भौतिक, रसायनिक, जीवविज्ञान र ज्योतिषविज्ञान समेतको व्याख्या राम्रै गरेको देखिन्छ । यस मुन्दुम दर्शनबाट जीवन र जगत अझ कस्तो छ, त्यो राम्ररी वुझ्न सकिन्छ । मुन्दुम दर्शन आदिम किरातको बंशावली, कर्मकाण्ड र विज्ञानको ढोका मान्न सकिन्छ । जीवन र प्रकृतिको संगमको रुप मान्न सकिन्छ । त्यसैले यो मुन्दुम दर्शनले किरातलाई पृथ्वी र विरुवाको प्रकृति गुण सिकाएर नै दिनु, खानु, नम्र हुनु र ढोग्नु जस्तो उच्च मानवीय सीप सिकेको हुन् । त्यसैले किरातलाई प्रकृति तथा धर्तीपुत्र भन्ने गरिन्छ ।

ऊ त्यसरी नै बाँचेको छ ।

-गुणराज राई
(कोष तथा लेखा नियन्त्रण कार्यालय, काभ्रे)

"दाइ कति कमाउनुहुन्छ एकदिनमा ? "मैले यसै सोधिदिएँ ।"

सायद मेरो प्रश्नले झर्को लाग्दो हो उसलाई ।

"तिमीलाई के चासो भनिदिए भने...? "मलाइ ग्लानी भएर आउँछ ।"

"यस्तै एक सय । कहिले दुई सयसम्म हुन्छ । कहिले त हुँदै पनि हुँदैन भाइ "सहज तर विस्मित उत्तर दिन्छन् उनी । मैले सोचेभन्दा सरल र मिजासिला रहेछन् ।

अजिवको छ यो शहर । यो शहरले दुनियालाई सुविधा दिएको छ । अवसर दिएको छ, उन्नति, अवनती कति कति । कति विकृति विसंगतिलाई पालेको छ यसले । मेरा भान्दाइ चिल्लो कार चढेर सयर गर्छन् यहि शहरको बाटो । मेरी फूपूदिदी साँझ विहान छाक टार्न बालुवा गिटीसँग आफ्नो जिन्दगी साट्छिन्-हो यहि शहरमा । यहि शहरभित्रको एउटा जीवित प्राणी अर्थात् मंगलमान दर्जी ।

बाबुआमाले तेरो जीवनमा सदा मंगल होस् भनी न्वारानमा नाम राखिदिएका रे - मंगलमान ।

"घर सिन्धुलीतिर हो भाइ, ५ जना छन् भन्ट्याङभुन्टुङ ।"

"के गर्नु तिनीहरूको मुखमा माड हाल्नै धौधौ छ ।" उनी आफ्नो यथार्थ बताउँछन् । मानौ उ र म बीचको चिनजान वर्षौ देखिको हो ।

"अनि घरबुढीलाई पनि केहि काम गराए हुन्छ नि त । दुई जनाको कमाइ भए जिउन अलि सजिलो हुन्छ ।" म उसलाई उपाय सुझाउन खोज्छु ।

"गर्छे विचरा त्यसले पनि, चार पाँच जना ठूला साहेबहरूको घरमा लुगा धुने जागीर छ त्यसको पनि । त्यसलाई झन हैरान छ । मर्न लागीसकी, ख्याउटी दुब्ली छे ।"

उसलाई आफ्नी श्रीमतीको औधी माया छ । मनभरि उसका लागि सहानुभूति छ । मान्छेले जन्म लिएपछि बाँच्नुपर्छ, जसरी होस् अर्थात् जस्तो जीवनशैली होस् । मानव जीवनको सारतत्व नै बाँच्नु हो -मलाइ यस्तै लाग्छ मंगलमाननको जीवनशैली देख्दा ।

मंगलमानको जीवनशैली एकतमासको छ । उसले प्रत्येक दिन आफ्नो कामको लागि कुनै योजना बनाउनु पर्दैन । बिहान उठ्यो, दलानमा झुन्ड्याएको नाम्लो काँधमा हाल्यो, हिंड्यो बसपार्क, पसल कता पाइन्छ सम्भावित ग्राहकहरू । कता ठूला लगेज, दराज, टिभि वा यस्तै सामानहरू किनबेच हुँदैछन् वा बसबाट ओरालिदैछन् । त्यो पनि सानो बस वा टिपरले टपक्क टिपेर सुइकुच्चा ठोक्छन् कहिले त ।

"यी ठूला गाडी, बस नभएको भए पनि हुने । बन्द हड्ताल भैदिए नि हुने । "कहिले काम नपाउँदा यस्तै यस्तै सोच्ने गर्छ मंगलमान दिक्क मनलाई सान्त्वना दिन ।

दैनिकजसो भेटघाट हुन्छ मेरो उसँग -अफिसबाट आउँदा जाँदा । उसको क्रिडास्थल यहिं बसपार्क हो । यहिं बसपार्कको सेरोफेरोमा उसले आफ्नो जिन्दगीको चालिसौं बसन्त पार गरिसकेको छ । कैयौ हिंउद, वर्षा, झरी बादल, आरोह-अवरोह खेपेको छ उसले ।

विश्वमा के भैरहेको छ । विकासले कुन गतिमा फड्को मार्दैछ । देशको आर्थिक, सामाजिक, राजनीतिक अवस्था के छ वा कस्तो गति लिंदैछ । यी सब कुराहरू मंगलमानको सोचाइको परिधिभन्दा वाहिरका कुरा । पेटभरि खान पाउनु, आङ ढाक्नेगरी लगाउन पाउनु बस् ! उसको सम्पूर्ण ब्रम्हाण्ड यति नै हो । जीवन-जगत बीचको समागमलाई यहिं सानो वृत्तभित्र बुझेको छ उसले ।

"के छ दाइ हालखबर ?"

"ठीकै छ सर । "हिजोआज उसले मलाई एउटा सरकारी जागिरे (साहेब) को रुपमा चिन्छ । उसँग एकवचनै बोलिदिए पनि उ आफूलाई धन्य ठान्छ ।

"सर"- मेरो शीर उचो हुन्छ । प्राय भेटमा हाम्रो औपचारिकता यति नै हो । उ ज्याला मजदुरी गर्ने मान्छे । म सरकारी जागिरे । उसँगको कुराकानीलाई सक्दो छोट्याएर म उम्कने प्रयत्न गर्छु । "यो मुला पनि थर्ड क्लासै रैछ" दुनियाले यसो भन्दिए भने ? मलाइ हिनतावोध भएर आउँछ । समाजले मानिसलाई यसै वर्गिकरण गरिदिएको छ -सामान्य, कूलिन, घरानीया, गरीव, धनी...यस्तै यस्तै ।

आज सरकारी कर्मचारीहरूको हड्ताल छ । तलब तथा अन्य सुविधाहरू बढाइनुपर्ने, सेवामा रहने उमेरको हद बढाइनुपर्ने यस्तै यस्तै छन् मागहरू ।

एकदिनको बाटो हिंडेर आएका एकजना सेताम्मे दारी फुलेका बुढा आफ्नो तन्नेरी छोरालाई नागरिकता बनाउन आएका रहेछन् । जिल्ला प्रशासन कार्यालय छेवैको चिया पसलमा निराश देखिन्छन् उनी ।

"के भएर अड्डा नखुलेको हो बाबु ?"

"कर्मचारीहरूको हड्ताल हो बा" मैले सहज उत्तर दिएँ ।

"भोलि त खुल्ला नि ?"

"केहि भन्न सकिन्न बा । जबसम्म सरकारले हाम्रा मागहरू पुरा गर्न सरकारले तत्परता देखाउँदैन वा पूरा गर्दैन, तबसम्म हड्ताल हुन्छ ।"

"ए ? "मैले भनेको बुढाले बुझे बुझेनन्, थाहा छैन । तर काम चाँडो हुँदैन भन्ने चाहिं लख काट्न भ्याए सायद ।

कर्मचारीहरूका गुनासा वा पीरमर्का सरकार समक्ष राख्ने विभिन्न यूनियनहरू, संगठनहरू छन् । विभिन्न पेशागत संघ, संगठन, उद्योगी, व्यवसायीहरूका लागि आफ्ना हित प्रतिकूल भएका कार्यहरूको प्रतिवाद गर्ने मञ्चहरू छन् । जसले सरकारसँग प्रत्यक्ष रुपमा आफ्ना मागहरू राख्न सक्छ । तर सर्वसाधारण निमुखा जनताहरू?! जे छ, जस्तो छ, स्विकार्नुको विकल्प छैन । अझ समाजका पिछडिएका वर्गहरू न्यून चेतना, अशिक्षा, गरिबीका कारण आफ्नो आधारभूत हक अधिकारबाट समेत बन्चित छन् । फेरि भाको पेटले अनुनय गर्न सक्छ, अधिकार माग्न वा खोसर लिन पनि त सक्दैन ।

आज मेरो पनि पनि अलि फुर्सद थियो -उहिं बन्दका कारण । बसपार्कतिर यसो टहलिन निस्केको थिए । भेटिए उनै चिरपरिचित मंगलमान ।

"सर नमस्कार !" उनी मतिरै लम्किदै थिए ।

"के छ दाइ हालखबर ?" सदाझैं मेरो औपचारिकता थियो ।

"ठीकै छ हजुर । "

"चिया खाउँ है हजुर ?" दुईकप चिया मगाउन पनि भ्याइहाले ।

मैले अप्ठ्यारो मान्दै पिएँ, उनको मन राख्नै भएपनि । "यी नहुनेसँगै दिल हुन्छ, फराकिलो मन हुन्छ । फेरि त्यस्तालाई नै भगवानले पनि ठग्छन् । "मैले आमाले भनेको कुरा सम्झिएँ ।

साँच्चै यी मंगलमान कति खुला छन् -सरर पढ्न सकिने पद्य झैं । अभाबै अभावको जिन्दगीका वावजुद पनि कति फरासिला, हँसिला छन् सबै कुरा पुगेसरी ।

उनी आज अलि बढी खुशी देखिन्छन् । त्यो

उनको चेहराबाट पनि प्रष्टै हुन्छ ।

"आज त विहानै तीन टीप भ्याएँ हजुर ।"

"ए हो । त्यसो भए आजलाई वन्दोवस्त भइसक्यो हैन त । "उनलाई हौसला दिन नै भएपनि मैले यति भन्नु आवश्यक थियो ।

उनी भन्दै गए, "हो हजुर । के गर्नु कहिले त एकटिप पाउन पनि गाह्रो हुन्छ ।"

"फेरि यी लोकल साहुहरूको काम कहिले त त्यत्तिकै पनि गर्दिनुपर्छ"

"तिमेरुलाइ हामीले गर्दा काम पाइरहेका छौ । अटेर गऱ्यौ भने हाम्रो एरियामा काम गर्न पाउँदैनौं भन्दै थर्काउँछन् । अनि बाध्य भएर गर्दिनुपर्छ हजुर !"

"मन खुशी भए यसो दुईचार पैसा दिई पनि हाल्छन्, नत्र त्यतिकै आसै मार्नु परिहाल्छ ।" म मनमनै सोच्छु यी मंगलमानहरूका जीवन, जीवनशैली । आजको समस्याको हल गर्नु नै मुख्य उपलब्धी हो यस्ता वर्गहरूका लागि । भोलिको दिन फेरि उहिं आजको समस्या भएर ठिङ्ग उभिदिन्छ । आजलाई हल गर्दागर्दै भोलि त्यसै अन्धकार भइदिन्छ यी वर्गहरूका लागि ।

